नेपाली संस्कृति सङ्क्षिप्त झलक

कृष्णराज अर्याल

नेपाली संस्कृति : सङ्क्षिप्त झलक

नेपाली संस्कृति : सङ्क्षिप्त झलक

लेखक

प्रा. कृष्णराज अर्याल

रत्न पुस्तक भण्डार

काठमाडौं, नेपाल

पुनर्मुद्रण : २०६७

प्रथम संस्करण : वि.सं. २०६२

प्रकाशक : रत्न पुस्तक भण्डार, काठमाडौँ, नेपाल
सर्वाधिकार : लेखकमा
टाइपसेटिङ : कान्तिपुर श्री कम्प्युटर सेवा
मुद्रक : विजय अफसेट प्रेस, काठमाडौँ

Nepali Sanskriti : Sangkshipta Jhalak
By Krishnaraj Aryal

ISBN: 99933-0-491-3

समर्पण !



पूज्य माता मीनकुमारी तथा पिता द्विजराज अर्ज्याल,
जन्मभूमि नेपाल, नेपाली राजमुकुट र देशभक्त
नेपालीहरूमा सादर !

–लेखक

विषय-सूची

एक – पुस्तकबारे केही कुरा क

दुई – नेपाली संस्कृतिको पृष्ठभूमि, विकास र विस्तार १-३३

तीन – धार्मिक सहिष्णुता : नेपालको परम्परागत सांस्कृतिक वास्तविकता ३४-५७
धार्मिक दर्शन र परम्परा-३५, ऐतिहासिक पृष्ठभूमि र प्रचलित धर्म-४०, शैव धर्म-४२, वैष्णव धर्म-४६, शाक्त धर्म- ४९, सौर्य धर्म-५०, वौद्ध धर्म-५१, धार्मिक समन्वय-५३

चार – नेपाली कलाको विकास ५८-८८
नेपाली कलाको प्राचीनता-६०, पूर्वलिच्छविकालीन कला-६१, लिच्छविकालीन कला-६२, वास्तुकला-६५, चित्रकला-६७, साहित्य-६९, सङ्गीत-६९, पूर्वमल्लकालीन कला-७०, मूर्तिकला-७०, चित्रकला, वास्तुकला-७३, उत्तरमल्लकालीन कला-७३, मूर्तिकला-७५, वास्तुकला-७६, साहित्य-७८, सङ्गीत र नृत्य-७९, नेपाली कलाको विकासमा शाहवंशको योगदान-८०

पाँच – नेपाली समाजमा प्रचलित विवाहप्रथा र दाम्पत्य जीवन ८९-११०

छ – नेपाली संस्कृतिमा संस्कार १११-१७५
संस्कार गर्नुको उद्देश्य-११३, संस्कारमा प्रयोग गरिने वस्तुहरू-११६, सोह संस्कारहरूको परिचय-११७, श्राद्ध संस्कार-१५०, वौद्ध संस्कार परम्परा र समन्वय-१५५, मगर-१५६, लिम्बू/राई-१५७, गुरुङ/तमु, सेर्पा-१५८, चेपाङ-१५९, सतार, तामाङ, नेवार-१६०, थारू-१६२, मुसलमान-१६४, नेपाली समाजमा पारपाचुके-१६५, आधुनिक र अन्तर्जातीय सम्मिलन-१६८

सात – नेपाली जनजीवनमा ज्योतिषविद्याको महत्त्व १७६-१९०
ज्योतिषको उपयोगिता-१८१, नेपाली ज्योतिषी र तिनका कृतिहरू-१८४, ज्योतिषसम्वन्धी आवश्यक कार्य-१८६

• प्रमुख सन्दर्भ-सामग्री १९१

पुस्तकबारे केही कुरा

पूर्वजन्मको संस्कारले गर्दा हो वा वातावरणीय प्रभावले गर्दा हो अथवा दुवैको सम्मिश्रणले, मेरो मनमा केटाकेटीदेखि नै देशप्रेम, राजभक्ति तथा नेपाली मात्रको ऐक्यवद्धताप्रति सद्‌भाव र वैचारिक झुकाव रहेको थियो। त्यस्तै परम्परा, संस्कृति, शुद्ध-आचरण र सेवा-भावनाका पनि कोपिला पलाएका थिए। पूर्वसंस्कारको कुरा त प्रत्यक्ष जानिने नभई अनुमानित हुने तथ्य प्रस्टै छ, तर वातावरणको प्रभाव भने अहिले सम्झेर विचार गर्दा त्यस बाल्यावस्थादेखि नै प्रचुर मात्रामा परेको महसुस हुन्छ। आर्थिक दृष्टिकोणले पछि परे तापनि घरको सांस्कृतिक, धार्मिक तथा परम्परागत वातावरणले एकातिर सिञ्चनको काम गरिरहेको थियो भने अर्कातिर घरवरपरको सांस्कृतिक वातावरण पनि अत्यन्त प्रभावशाली थियो। पश्चिमपट्टिको ढिस्कोमा लिच्छविकालीन उत्कृष्ट कला त्रिविक्रमनारायण (वामन) को भव्य मूर्ति रहेको थियो भने त्यसका परिसरमा अन्य देवदेवीका मूर्तिहरू र पुराना ढुङ्गेधाराहरू रहेका थिए। घरको उत्तरपश्चिम कोणमा त्यही ताकाको नीलसरस्वतीको मूर्ति रहेको थियो र त्यो अझै प्रसिद्ध छ। माघ महिनामा यो मूर्तिको नजिकै रहेको इच्छुमती (टुकुचा) मा आई स्नान गरी सरस्वतीको आराधना गर्न हाम्रै नेपाली कवि राजा जयदेवको गीतगोविन्द लयबद्ध सुरमा गाउँदै बिहान सवेरै वरिपरिका टोलवासी धेरै मानिसहरू मिलेर आउँथे। त्यसबाट सरस्वतीभक्ति तथा विहान सवेरै उठ्न, स्नान गरी भगवान्‌लाई सम्झिन वरिपरिका सवैलाई प्रेरणा मिल्दथ्यो। दक्षिणपट्टि लिच्छविकालीन करिब ८-१० रोपनीको क्षेत्रफलमा फैलिएको नारायणचौरमा भत्केको मन्दिरको भग्नावशेषमाथि अत्यन्त कलापूर्ण हरिहरको मूर्ति मात्र खडा थियो। उक्त चौरभित्र कुमारी, महादेव, भैरव आदिका मूर्तिहरू रहेका थिए। तिनीहरूप्रति पनि मेरो श्रद्धाभक्ति उब्जिएको थियो। यसै गरी पूर्वमा त्यही लिच्छविकालीन नै पवित्र र कलापूर्ण गैह्रीधारा नामको ढुङ्गेधारा जसबाट वरिपरिका मानिसले खाने, नुहाउने र अन्य काम चलाउने गर्दथे। नजिकै एकातिर टङ्गाल गणेश र ढुङ्गेधारा, अर्कातिर श्रीगोमा-गणेशका मन्दिर रहेका थिए र अहिले पनि छँदै छन्।

केही मात्र पर नारायणहिटी भन्ने अति प्राचीन धारा र पोखरी थिए। त्यसैको माथि नारायणको मन्दिर, केही वर नागपोखरी, नन्दिकेश्वर महादेव, नटेश्वर मूर्ति र त्यसको अगाडि भव्य ढुङ्गेधारा थियो। श्री शङ्कराचार्य र अमरबाँडाको संस्मरणको थलो चारढुङ्गे, नक्साल भगवती, भाटभटेनी, टुँडालदेवी र गहनापोखरी सधैँजसो घुम्ने-खेल्ने ठाउँ नै थिए। योभन्दा पनि पर हेर्ने हो भने पश्चिममा बुद्धका तीन आँखा र

पूर्वपट्टि पवित्र वाग्मती, पशुपति, गुह्येश्वरी र वरिपरिका अनेक मठमन्दिरहरूले मानसपटलमा सधैँ प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेका रहेछन् भन्ने कुरा अहिले विचार गर्दा महसुस हुन्छ। साँखु-चाँगुदेखि हलचोक इचँगुनारायण र दक्षिणकालीदेखि उत्तरमा बूढानीलकण्ठ, शिवपुरी वागद्वारबीचको भूभाग क्षेत्र प्राचीन र मध्यकालसम्म उच्चतम सभ्यता र संस्कृतिको थलो रहेको प्रस्ट हुन्छ जसको प्रभावले मेरो मानसपटलमा देशप्रेम, आफ्नो संस्कृति र परम्पराप्रतिको अगाध सद्भावना तथा यस देश र समाजप्रतिको चेतना जागृत गरेको हो भन्नुमा अत्युक्ति नहोला। पछि जति-जति पढाइको स्तर अभिवृद्धि हुँदै गयो, उमेर बढ्दै गयो, छिमेकी देशसँगको सम्पर्क र आवत-जावत बढ्यो तथा विश्वका धेरैजसो देशका इतिहास, भूगोल र सभ्यताका अध्ययन हुँदै गए उति-उति मेरो मन र मस्तिष्कमा आफ्ना प्राचीन गौरव, सभ्यता र संस्कृतिका साथै यस क्षेत्रका र मानव जातिकै ऐतिहासिक तथा प्रागैतिहासिक तथ्यहरू जान्ने इच्छा प्रबल हुँदै गयो। जति-जति जानियो उति-उति आफ्नो देश, आफ्नो समाज, सभ्यता, संस्कृति तथा सम्पूर्ण देशवासीका अवस्थाप्रतिको मायामोह अगाध हुँदै गयो र आफ्नो देशभन्दा ठूलो आवश्यक र पोषक तत्त्व अन्य कुनै छैन भन्ने कुरामा म विश्वस्त हुँदै गएँ, अझ हुँदैछु। सायद, यसैले होला एक जना कविले लेख्नुभएको सम्झन्छु–

विदेश स्वर्गजस्तै होस् स्वप्न संसारतुल्य छ
यो देश जसमा हामी छौँ त्यही भारी अमूल्य छ।

मलाई 'जननी जन्मभूमिश्च स्वर्गाऽदपि गरीयसी !' भन्ने उक्ति पनि अति प्रिय लाग्छ।

आज विज्ञानका चामत्कारिक आविष्कारहरू, खास गरी सञ्चार क्षेत्रमा अत्यन्त द्रुतगतिले विकास भएको र यातायातको प्रचुर सुविधा प्राप्त भएकाले संसार नै साँगुरिँदै छ। आवत-जावत, रहन-सहन, पहिरन, खानपिन तथा विचारमा पनि संसारको प्रभाव एक-अर्कामाथि परिरहेको छ। सञ्चारमाध्यममा सुगमताको प्रचुरता र कम्प्युटरको आविष्कारले मानवसभ्यता र विचारमा हलचल पैदा गरेको छ। विकसित देशहरूका विचार, सभ्यता र सांस्कृतिक लहर विश्वभर सलबलाएका छन्। यस्ता प्राविधिक उन्नतिसँग हामीले आफूलाई समायोजन गर्दै लानुपर्छ। तर यस परिप्रेक्ष्यमा जुन-जुन देशका जे-जे सभ्यता, संस्कृति, रहनसहन, धर्म आदि छन् ती जाति र ती देशका निमित्त ठीकै होलान् तर अरू सबै देश र समाजका लागि उही रूपले लाभदायी हुन सक्दैनन् भन्ने कुरा हामीले विर्सनु हुँदैन। तसर्थ हामीले सर्वप्रथम हाम्रो उद्गम स्रोतको विचार गर्नुपर्दछ। हाम्रो सृष्टिको सुरुआतदेखि शरीर, मन, बुद्धि र विचारमा परेको छापलाई नयाँ वातावरण र परिस्थितिसँग मिलाउँदै, विज्ञानको नयाँ आविष्कारको आवश्यक र हितकारी पक्षवाट फाइदा उठाउँदै अहितकारी पक्षलाई पन्छ्याउँदै, हाम्रो आफ्नै वुद्धि-विवेकले पारख गरी उचित निर्णयमा

पुग्नुपर्दछ । विश्व रङ्गमञ्चमा अघि वढ्दा आफ्नो धर्म, संस्कार, संस्कृति र जे-जति आजसम्म समेटिएका असल कुराहरू छन् ती सवैलाई एकैचोटि तिलाञ्जलि दिई राम्ररी नवुझेको, अरूसरह आर्थिक र वैज्ञानिक विकासमा नपुगेको तर 'आकाशको फल आँखा तरी मर्' भनेजस्तै विनाविचार र विवेक, विनानियन्त्रण, विनाशोध-प्रयोग, त्यसै हाहामा आफ्नो वर्चस्व छाडी उन्नत शक्तिशाली र समृद्ध समाजको पछि शिर झुकाई, वुद्धि र विवेकको वलिदान गरी, हाँहाँ, जीजी, हजुर-हजुर ! भन्दै मगन्ते हुँदै जाने तरिका ठीक होइन । विदेशी वोलचाल, तालसुर, आशा र आकाङ्क्षामा भुली विदेशी अभिनयमै भर पर्ने तत्त्वले देश र जनहितलाई खाडलमा गाड्नुवाहेक केही गर्दै गर्दैन । त्यसर्थ हामी हरेक नेपालीले अत्यन्त गम्भीरताका साथ सोच्ने, विचार गर्ने तथा अग्निपरीक्षामा उत्तीर्ण हुने वेला आइसकेको छ । यसमा चुक्यौं कि सधैं-सधैंका लागि हामीले आफ्नो मात्र नभई हाम्रो सम्पूर्ण परम्पराको अस्तित्त्व पूर्ण रूपले गङ्गासागरमा डुवाइदिने छौं ।

त्यसैले हामी आजसम्म एक थियौं र एकै रहनुमा मात्र हाम्रो कल्याण छ भन्ने कुरा र एकै रहँदा मात्र हामीले पाएको यो शरीरको पाञ्चभौतिक तत्त्व हामीलाई प्राप्त गराइएकी आमाको दूधदेखि सम्पूर्ण रसतत्त्व, हाम्रो प्राणको अस्तित्व उव्जाउन र जोगाउन प्राप्त प्राणतत्त्वलगायत हाम्रा हड्डी, मासु, शरीर धान्न प्राप्त अन्न, वनस्पति, आवश्यक खाद्यपदार्थ, हाम्रो रक्तसञ्चार र स्नायु प्रणाली र अङ्ग-प्रत्यङ्ग सञ्चालनका निमित्त दिनरात प्रयत्नरत अग्नि र वायुतत्त्वजस्ता पाञ्चभौतिक पदार्थ र तन्मात्रा हामीलाई यस देशले नै दिएको हो । यो भौतिक पक्षमात्र नभई हाम्रा मन, वुद्धि, विचार, शिक्षा-दीक्षा एवं क्रमशः परमार्थसम्मको वीज र प्रेरणा हामीमा यो देशवाहेक कुन भूमिले वीजारोपण गर्‍यो ? यी कुराहरूका आधारमा देश र समाजप्रति आस्था राखी आफ्नो क्षमता, आफ्नै वुद्धि, आफ्नै हृदय र आफ्नै मन-मस्तिष्क, पाखुराकै सही मात्रामा सही तवरले प्रयोग गरी आफ्नै आवश्यकतानुसार गतिशील हुनु र हामी जे-जति नेपाली छौं– मनुष्य मात्र नभई नेपाली जीवजन्तु, वातावरण, नेपाली परिवेश, नेपाली संस्कृति, नेपाली विचार र संवेदना, नेपाली वनस्पति, वृक्षलता, जडीवुटी, खनिज, नदीनाला, विद्युत्शक्ति आदि सवैको अत्यन्त सही र प्रभावकारी उपयोग गर्दै अनुसन्धान गर्दै, अनुभवको प्रयोग गर्दै अगाडि वढ्नुमा नै हरेक पक्षका लागि लाभदायी हुन जानेछ । यदि हामी सवैसँग नेपाली आँखा, नेपाली मन, नेपाली दृष्टिकोण, वुद्धि र विवेक भएका खण्डमा हामीले यो देशको जुनसुकै भागमा जस्तोसुकै अवस्थामा, जुनसुकै धर्म, संस्कृति, रीतिस्थिति, पहिरन, खानपिन, मनोरञ्जन, चाडपर्व र पढाइलेखाइको स्तर जेजति भए पनि सम्पूर्ण नेपाली मात्रले कुनै प्रकारको भेदभाव नलिई एक हुन सक्छौं । अहिले माथि भनिएजस्तो सम्पूर्ण हाम्रा सम्पदाहरूको महत्त्व वुझी नेपाल र नेपालीका निमित्त अत्यन्त उपकारी र लाभदायी कर्म गर्न सक्षम हुनेछौं । हाम्रो सर्वस्व यिनैमा निहित छ भनी तिनलाई प्राणजस्तै

पूर्वपट्टि पवित्र वागमती, पशुपति, गुहचेश्वरी र वरिपरिका अनेक मठमन्दिरहरूले मानसपटलमा सधैँ प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेका रहेछन् भन्ने कुरा अहिले विचार गर्दा महसुस हुन्छ। साँखु-चाँगुदेखि हलचोक इचँगुनारायण र दक्षिणकालीदेखि उत्तरमा बूढानीलकण्ठ, शिवपुरी वागद्वारबीचको भूभाग क्षेत्र प्राचीन र मध्यकालसम्म उच्चतम सभ्यता र संस्कृतिको थलो रहेको प्रस्ट हुन्छ जसको प्रभावले मेरो मानसपटलमा देशप्रेम, आफ्नो संस्कृति र परम्पराप्रतिको अगाध सद्भावना तथा यस देश र समाजप्रतिको चेतना जागृत गरेको हो भन्नुमा अत्युक्ति नहोला। पछि जति-जति पढाइको स्तर अभिवृद्धि हुँदै गयो, उमेर बढ्दै गयो, छिमेकी देशसँगको सम्पर्क र आवत-जावत बढ्यो तथा विश्वका धेरैजसो देशका इतिहास, भूगोल र सभ्यताका अध्ययन हुँदै गए उति-उति मेरो मन र मस्तिष्कमा आफ्ना प्राचीन गौरव, सभ्यता र संस्कृतिका साथै यस क्षेत्रका र मानव जातिकै ऐतिहासिक तथा प्रागैतिहासिक तथ्यहरू जान्ने इच्छा प्रबल हुँदै गयो। जति-जति जानियो उति-उति आफ्नो देश, आफ्नो समाज, सभ्यता, संस्कृति तथा सम्पूर्ण देशवासीका अवस्थाप्रतिको मायामोह अगाध हुँदै गयो र आफ्नो देशभन्दा ठूलो आवश्यक र पोषक तत्त्व अन्य कुनै छैन भन्ने कुरामा म विश्वस्त हुँदै गएँ, अझ हुँदैछु। सायद, यसैले होला एक जना कविले लेख्नुभएको सम्झन्छु–

विदेश स्वर्गजस्तै होस् स्वप्न संसारतुल्य छ
यो देश जसमा हामी छौँ त्यही भारी अमूल्य छ।

मलाई 'जननी जन्मभूमिश्च स्वर्गाऽदपि गरीयसी !' भन्ने उक्ति पनि अति प्रिय लाग्छ।

आज विज्ञानका चामत्कारिक आविष्कारहरू, खास गरी सञ्चार क्षेत्रमा अत्यन्त द्रुतगतिले विकास भएको र यातायातको प्रचुर सुविधा प्राप्त भएकाले संसार नै साँगुरिँदै छ। आवत-जावत, रहन-सहन, पहिरन, खानपिन तथा विचारमा पनि संसारको प्रभाव एक-अर्कामाथि परिरहेको छ। सञ्चारमाध्यममा सुगमताको प्रचुरता र कम्प्युटरको आविष्कारले मानवसभ्यता र विचारमा हलचल पैदा गरेको छ। विकसित देशहरूका विचार, सभ्यता र सांस्कृतिक लहर विश्वभर सलबलाएका छन्। यस्ता प्राविधिक उन्नतिसँग हामीले आफूलाई समायोजन गर्दै लानुपर्छ। तर यस परिप्रेक्ष्यमा जुन-जुन देशका जे-जे सभ्यता, संस्कृति, रहनसहन, धर्म आदि छन् ती जाति र ती देशका निमित्त ठीकै होलान् तर अरू सबै देश र समाजका लागि उही रूपले लाभदायी हुन सक्दैनन् भन्ने कुरा हामीले बिर्सनु हुँदैन। तसर्थ हामीले सर्वप्रथम हाम्रो उद्गम स्रोतको विचार गर्नुपर्दछ। हाम्रो सृष्टिको सुरुआतदेखि शरीर, मन, बुद्धि र विचारमा परेको छापलाई नयाँ वातावरण र परिस्थितिसँग मिलाउँदै, विज्ञानको नयाँ आविष्कारको आवश्यक र हितकारी पक्षवाट फाइदा उठाउँदै अहितकारी पक्षलाई पन्छाउँदै, हाम्रो आफ्नै बुद्धि-विवेकले पारख गरी उचित निर्णयमा

पुग्नुपर्दछ । विश्व रङ्गमञ्चमा अघि वढ्दा आफ्नो धर्म, संस्कार, संस्कृति र जे-जति आजसम्म समेटिएका असल कुराहरू छन् ती सबैलाई एकैचोटि तिलाञ्जलि दिई राम्ररी नवुझेको, अरूसरह आर्थिक र वैज्ञानिक विकासमा नपुगेको तर 'आकाशको फल आँखा तरी मर्' भनेजस्तै विनाविचार र विवेक, विनानियन्त्रण, विनाशोध-प्रयोग, त्यसै हाहामा आफ्नो वर्चस्व छाडी उन्नत शक्तिशाली र समृद्ध समाजको पछि शिर झुकाई, वुद्धि र विवेकको वलिदान गरी, हाँहाँ, जीजी, हजुर-हजुर ! भन्दै मगन्ते हुँदै जाने तरिका ठीक होइन । विदेशी वोलचाल, तालसुर, आशा र आकाङ्क्षामा भुली विदेशी अभिनयमै भर पर्ने तत्त्वले देश र जनहितलाई खाडलमा गाड्नुवाहेक केही गर्दै गर्दैन । त्यसर्थ हामी हरेक नेपालीले अत्यन्त गम्भीरताका साथ सोच्ने, विचार गर्ने तथा अग्निपरीक्षामा उत्तीर्ण हुने वेला आइसकेको छ । यसमा चुक्यौं कि सधैं-सधैंका लागि हामीले आफ्नो मात्र नभई हाम्रो सम्पूर्ण परम्पराको अस्तित्व पूर्ण रूपले गङ्गासागरमा डुवाइदिने छौं ।

त्यसैले हामी आजसम्म एक थियौं र एकै रहनुमा मात्र हाम्रो कल्याण छ भन्ने कुरा र एकै रहँदा मात्र हामीले पाएको यो शरीरको पाञ्चभौतिक तत्त्व हामीलाई प्राप्त गराइएकी आमाको दूधदेखि सम्पूर्ण रसतत्त्व, हाम्रो प्राणको अस्तित्व उब्जाउन र जोगाउन प्राप्त प्राणतत्त्वलगायत हाम्रा हड्डी, मासु, शरीर धान्न प्राप्त अन्न, वनस्पति, आवश्यक खाद्यपदार्थ, हाम्रो रक्तसञ्चार र स्नायु प्रणाली र अङ्ग-प्रत्यङ्ग सञ्चालनका निमित्त दिनरात प्रयत्नरत अग्नि र वायुतत्त्वजस्ता पाञ्चभौतिक पदार्थ र तन्मात्रा हामीलाई यस देशले नै दिएको हो । यो भौतिक पक्षमात्र नभई हाम्रा मन, वुद्धि, विचार, शिक्षा-दीक्षा एवं क्रमशः परमार्थसम्मको वीज र प्रेरणा हामीमा यो देशवाहेक कुन भूमिले वीजारोपण गऱ्यो ? यी कुराहरूका आधारमा देश र समाजप्रति आस्था राखी आफ्नो क्षमता, आफ्नै वुद्धि, आफ्नै हृदय र आफ्नै मन-मस्तिष्क, पाखुराकै सही मात्रामा सही तवरले प्रयोग गरी आफ्नै आवश्यकतानुसार गतिशील हुनु र हामी जे-जति नेपाली छौं– मनुष्य मात्र नभई नेपाली जीवजन्तु, वातावरण, नेपाली परिवेश, नेपाली संस्कृति, नेपाली विचार र संवेदना, नेपाली वनस्पति, वृक्षलता, जडीवुटी, खनिज, नदीनाला, विद्युत्शक्ति आदि सवैको अत्यन्त सही र प्रभावकारी उपयोग गर्दै अनुसन्धान गर्दै, अनुभवको प्रयोग गर्दै अगाडि वढ्नुमा नै हरेक पक्षका लागि लाभदायी हुन जानेछ । यदि हामी सवैसँग नेपाली आँखा, नेपाली मन, नेपाली दृष्टिकोण, वुद्धि र विवेक भएका खण्डमा हामीले यो देशको जुनसुकै भागमा जस्तोसुकै अवस्थामा, जुनसुकै धर्म, संस्कृति, रीतिस्थिति, पहिरन, खानपिन, मनोरञ्जन, चाडपर्व र पढाइलेखाइको स्तर जेजति भए पनि सम्पूर्ण नेपाली मात्रले कुनै प्रकारको भेदभाव नलिई एक हुन सक्छौं । अहिले माथि भनिएजस्तो सम्पूर्ण हाम्रा सम्पदाहरूको महत्त्व वुझी नेपाल र नेपालीका निमित्त अत्यन्त उपकारी र लाभदायी कर्म गर्न सक्षम हुनेछौं । हाम्रो सर्वस्व यिनैमा निहित छ भनी तिनलाई प्राणजस्तै

प्यारो गर्नु अत्यन्त आवश्यक छ, नत्र हामी आफ्ना पुर्खाको गौरव-गाथा जोगाउन सक्ने छैनौँ । यही कुरालाई महसुस गरी आफूले जे-जति सुनेका, वुझेका र पढेका कुराहरूका आधारमा विशाल तथा पवित्रतम् हाम्रा हिमालका सर्वोच्च टाकुरादेखि तराईका सपाट मैदानसम्मका र यसको आविर्भाव प्रक्रियाको थालनीदेखि आजसम्मको विकासका महत्त्वपूर्ण खुड्किलासँगै हाम्रा छिमेकीका तथा मानव जनजीवनकै सभ्यता, संस्कृति तथा धर्म आदि विभिन्न पक्षमा पार्दै आएको प्रभाव र देनका साथै खासगरी प्राग्वैदिक कालदेखि नै विशाल हिमालका चुचुरा, पर्वत, लेक, वेँसी, भन्ज्याङ, नदीनालाका किनार र तिनका तट, गुफा, कन्दरा आदिमा वसी निरन्तर चिन्तन-मनन गर्दै नयाँ-नयाँ विचारहरू सिञ्चन गर्दै रहने महान् कार्य वैदिक वाङ्मयका ऋषिमुनि, मन्त्रद्रष्टा स्मृति र पुराण रचयिता सुधारक तथा यिनका विचार र देनका सम्वाहक आदि अनेकौँ पौरखी नेपालीहरूले स्वदेश, छिमेक र विश्वका लागि दिएका देनहरू छर्लङ्ग पारौँला भन्ने जिज्ञासा राखेको थिएँ, तर अव समयले पर्खँदैन कि भन्ने लागेकोले यो कार्य यस पुस्ताका र भावी पुस्ताका स्वदेशप्रेमी, मातृभूमिप्रेमी तथा आफ्नो सभ्यता, संस्कृति र पौरखको महत्त्व वुझी यसमा स्वाभिमान राख्ने, यस क्षेत्रमा परेका थिचोमिचोलाई उजागर गर्न नडराउने नेपाली सपूतहरूमा यो अभिभारा सविनय सुम्पेको छु । साथै यस ग्रन्थका वारेमा पनि आफ्नो वहुमूल्य सुझाव पठाई कमी-कमजोरीहरू औँल्याइदिनुहुनसमेत हार्दिक आग्रह गर्दछु ।

यो पुस्तक मेरो अभिरुचिको सानो अभिव्यक्ति मात्र हो । यस काममा मलाई कसै न कसैको सहयोग निरन्तर लिन परेको तथा प्राप्त पनि हुँदै आएको छ र आज यो पुस्तक यस स्वरूपमा आउनु पनि त्यसै सहयोगको प्रतिफल हो । मैले श्री रत्नराज्यलक्ष्मी गर्ल्स कलेज २०१८ सालमा स्थापना गरी संस्थापक प्रिन्सिपलको हैसियतले काम गर्दै गरेको वेलामा मेरो हृदयमा यो लेखनको स्फूरण भएको हो । एक व्यक्तिको प्रयासमा केही प्राध्यापक मित्रहरूको सहयोगले संस्कृत महाविद्यालय पुतलीसडकमा विहानको समयमा सो कलेज सञ्चालन गरी आएको, कतैबाट एकपैसा पनि सहयोग नआएको र कलेजका डस्टर, चक र रजिस्टर कापी मसलन्दसमेत आफैँले बेहोरेर सुरु गरेको अवस्था तथा आफ्नो आर्थिक कमजोरीले गर्दा अन्यत्र पनि काम गर्नुपर्ने, टयुसनसमेत गर्नुपर्ने वाध्यताले यतापट्टि त्यति ध्यान दिन सकिनँ । सो समयमा म यति कार्यरत हुन्थेँ कि १० वर्ष त्यत्तिकैमा बितिगए, फाटफुट कहिलेकाहीँ मात्र लेख्न समर्थ भएँ । पछि २०२८ साल वैशाख १ गते मलाई स्व. श्री ५ महेन्द्रवाट राष्ट्रिय पञ्चायतको सदस्यमा नियुक्त गरी शिक्षा सहायक मन्त्रीको पदमा वहाली गरिबक्सियो । सोही दिन राजदरवारमा भएको सपथग्रहणमा 'राष्ट्रिय शिक्षा योजना पारित भइसकेको छ र त्यसको कार्यान्वयन पक्ष पूर्ण रूपले कृष्णराजलाई दिएको छु' भनी श्री ५ महेन्द्रले पहिलो क्याविनेटमा नै हुकुम भयो ।

सोही अवसरमा सो जिम्मेवारीलाई पूर्ण रूपले पूरा गर्ने प्रण गरी अघि बढ्दा यसको लेखनक्रम फेरि पनि टुट्यो ।

पारित भइसकेको राष्ट्रिय शिक्षा पद्धतिको योजना (प्रचलित नयाँ शिक्षा योजना) यति कठिन र सङ्घर्षपूर्ण रहेछ कि सो दिनसम्म चलिआएको सम्पूर्ण शिक्षा पद्धतिमा पाँच वर्षभित्रमा क्रान्तिकारी परिवर्तन गरिसक्नुपर्ने रहेछ। मन्त्री त भइयो केही खुसी लाग्नु स्वाभाविकै हो, तर कार्यको हाँक अत्यन्त ठूलो भयङ्करै पाएँ। पाएको जिम्मेवारी काँधमा राखी समझदारीका साथ र जिम्मेवारीपूर्ण दिलोज्यानले काम गर्दछु, सफल असफल भगवान् पशुपतिनाथको इच्छामा सुम्पिएको छु भन्ने ठानी गोष्ठी, सभा, सम्मेलन, प्रश्नोत्तर, भाषण, जिल्ला-जिल्लाको भ्रमण गर्दै, योजनालाई नवुझेका, पुरानो कार्यशैलीमा पूर्ण ढालिएका विद्यार्थी, शिक्षक, अभिभावक र समाजका विभिन्न वर्गसँग छलफल गर्दै, आश्वासन दिँदै, फकाई-फुल्याई, आवश्यताअनुसार तर्क पनि दिँदै तलबवृद्धि र सुविधाको प्रलोभन देखाउँदै अघि वढें। सैद्धान्तिक पक्षका त्रुटि र कार्यान्वयन पक्षका अप्ठेराहरूसँग विचारको विभिन्नता राख्ने राष्ट्रिय शिक्षा समितिका अरू ७ सदस्यहरूसँग बौद्धिक सङ्घर्ष गर्दै रातभर विरोधी शिक्षक-विद्यार्थीलाई पनि सुरक्षाको विश्वास दिलाई, उनीहरूले भनेको ठाउँमा लिन पठाई २-३ वजेसम्म छलफल गरी फेरि सुरक्षित ठाउँमा पुऱ्याउने बन्दोवस्त गरी हडताल इत्यादि समन गराई काम गरेँ। त्यसो गर्दा म त लागूपदार्थ सेवन गरेको व्यक्तिजस्तै नयाँ शिक्षा योजनामा चुर्लुम्म डुवेको रहेछु। यो कुरा २०३२ साल वैशाख १ गते मलाई स्व. श्री ५ वीरेन्द्रले शिक्षावाट परराष्ट्रमन्त्रीमा सारिवक्सेको दिन वेलुका मात्र महसुस हुन गयो। त्यसैले त्यस समयमा लेखनपट्टि लाग्ने त कुरै रहेन।

परराष्ट्रमन्त्री भएपछि पनि मेरो मनमा यस लेखनप्रतिको मोह वाँकी नै रहेछ। त्यस बेला शिक्षाक्षेत्रको जस्तो चर्को व्यस्तता नभए तापनि नयाँ कार्य भएकाले धेरै चुनौतीपूर्ण अवस्था थियो। भर्खरै मात्र सिक्किम भारतमा गाभिएको बखत भएकाले भारत र नेपालका वीच ठूलो तनाव रहेको थियो। त्यसै कारण मलाई परराष्ट्रमा सारिएको रहेछ। विलकुल नयाँ विभाग भए पनि म भारतमा र समुद्रपारमा पनि उच्चतहको अध्ययन गरिसकेको र देशविदेश भ्रमण गरिसकेको एवं विदेशीहरूसँग कलेज अफ एजुकेसनमा काम गरिसकेको हुनाले परिस्थिति वुझ्न ज्यादा कठिनाइ परेन। श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्वमा निरन्तर लगाव रहेको विषय परराष्ट्र पनि भएको र यो देशको छवि संसारभर राम्रो तुल्याई नेपालको आफ्नोपनको परिचय विश्वमा फिँजाई शान्तिक्षेत्रको प्रस्तावमा सफलता दिलाएर देशलाई 'सुन्दर शान्त विशाल' बनाउने भावनाले एवं आफ्ना पिता-पुर्खाले राखेको आकाङ्क्षा पूर्ण गरौं भन्ने अत्यन्त उत्कृष्ट उत्कण्ठा मौसुफमा रहेको थियो। देशको सुशान्ति, सर्वाङ्गीण विकास तथा देशवासीको सुख-समृद्धिमा पूर्ण समर्पित मौसुफले विकासका

लागि सञ्चार, शिक्षा र क्षेत्रीय सन्तुलनजस्ता मार्गनिर्देशन बक्सँदै परराष्ट्र-नीतिलाई पनि देशको विकास र शान्तिसँग जोडिबक्स्यो। यसै क्रममा आएको शान्तिक्षेत्रको प्रस्तावको समर्थनका निम्ति मौसुफकै सदिच्छाबमोजिम धेरै मित्रराष्ट्रहरूसँग यथोचित प्रयत्न चलाएँ र धेरै देशको समर्थन जुट्न पुग्यो। परराष्ट्र-मन्त्रालयको जिम्मेवारी पूरा गर्नमा म मन्त्रीका हैसियतले निर्वाह गर्नुपर्ने भूमिका पनि अत्यन्तै हाँकपूर्ण महसुस गरी त्यसैमा होमिएको थिएँ। त्यस्तैमा एकदिन कलेज अफ एजुकेसनका मेरा विद्यार्थी र शिक्षा-मन्त्रालयका सहकर्मी संस्कृतिविद् श्री लीलाराज श्रेष्ठसँग यही विषयमा कुरा हुँदा निजले स्वेच्छाले म यस कार्यमा सहयोग गर्न तत्पर छु र सक्षम पनि छु भन्नुभएकाले मेरो निर्देशनअनुसार उहाँले मलाई लेखनकार्यमा राम्ररी सहयोग पुऱ्याउनुभएको हो। म सर्वप्रथम उहाँको सौहार्द्रपूर्ण सहयोगप्रति हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु। यसपछि श्री ५ वीरेन्द्रकै सदिच्छाले गर्दा श्री ५ को सरकारले मलाई फ्रान्सको राजदूतमा नियुक्त गरेकाले पेरिसमा ४ वर्ष ८ महिना रहनुपऱ्यो। त्यस समयमा मैले फेरि कितावहरू यहाँवाट मगाई तथा केही त्यहीँका पुस्तकालयमा पनि खोजी केही लेखनकार्य गरेँ। यहाँ आएपछि म फेरि ३ महिनाको चुनावी मन्त्रिपरिषद्‌मा मन्त्रीको पदमा नियुक्ति पाएर चुनावपछि राष्ट्रिय पञ्चायतमा नियुक्त भएँ र कामकाजमा नै व्यस्त रहेँ। केही समयपछि मेरो स्वास्थ्य विग्रिँदै गएकाले फेरि लेखनकार्यमा लाग्न पाइनँ र मित्र एवं सहयोगी डा. गोविन्द टण्डनसँग कुरा हुँदा निजले त्यसलाई पढी केही मिलाउनुपर्ने भए मिलाइदिन्छु भन्नु भएअनुसार सवै पाण्डुलिपि उहाँलाई सुम्पिएँ। फुर्सद कम भएको हुनाले उहाँले मैले आशा गरेजति चाँडो हेरिसक्नुभएको थिएन, त्यसैबीच २०५७ सालको सुरुमा म एकाएक नशाको समस्याले ग्रसित भई धेरै नै असक्त अवस्थामा पुगेँ तथा अहिलेसम्म औषधि उपचार गर्दा पनि म घरवाट बाहिर एक्लै निस्कन असमर्थ छु। म विरामी भएको कुरा सुनेर डा. गोविन्द टण्डनजीले सवै परिच्छेद हेरी केही परिच्छेद टाइपसमेत गराई ल्याइदिनुभयो। यस सहयोगका निमित्त म उहाँप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु।

त्यसपछि पनि सो पाण्डुलिपि त्यसै थन्किइरहेको थियो एक दिन करिब डेढ वर्ष अघि मेरो छोरा ई. प्रवीणराज अर्यालको साथी आफ्नो छोरासरह सद्भावना राख्ने र सहयोगी उप-प्राध्यापक श्री बटुराम भण्डारीले सो पाण्डुलिपि देखी सोधपुछ गर्नुभएकामा कुराकानी हुँदा यसमा म केही सहयोग गर्न सक्छु कि ? भनी सोध्नुभएकाले मैले उहाँलाई सो पाण्डुलिपि हेर्न हस्तान्तरण गरेँ। सो कार्य पूरा भइसकेको थिएन त्यसैवीच एक जना वहुतै क्रियाशील, उद्देश्यपूर्ण र सहयोगी दृष्टिकोण राख्ने भाइ विष्णु प्रभात, अर्ज्यालवंशीय विद्वत्परम्पराको अध्ययन-अनुसन्धान तथा लेखन प्रकाशनका सन्दर्भमा केही सोधपुछ र तथ्याङ्क वटुल्न मलाई खोज्दै आउनुभयो। उहाँ हास्यव्यङ्ग्य साहित्यमा विद्यावारिधिको तहमा अनुसन्धानरत

शोधार्थी र साहित्य, संस्कृति र हास्यव्यङ्ग्यसम्वन्धी अनेकौं पुस्तक एवं लेखका रचयिता पनि हुनुहुँदो रहेछ। भेटघाट र कुराकानीवाट उहाँसँग हिमचिम वढ्न गई आवत-जावत पनि वरावर हुन थालेपछि उहाँले मेरो पुस्तक शीघ्र प्रकाशन गर्नुपर्छ र म पनि यसमा सहयोग गर्न तयार छु भन्नुभयो । मैले उहाँका कुराकानी एवं व्यवहारवाट पत्यार प्राप्त गरेकाले श्री वटुराम भण्डारी र विद्वान् भाइ विष्णुप्रसाद अर्ज्याल (विष्णु प्रभात) दुवैलाई संयुक्त रूपमा सम्पादन गरी छपाउन स्वीकृति दिएँ। उहाँहरूकै सहयोगमा यो पुस्तक आजको अवस्थामा आउन सकेको हो। यसैवीच केही सन्दर्भ पुस्तक वटुल्न सहयोग गर्नुहुने सर्वश्री भानिज विनोद भण्डारी, ई. कृष्णमान अमात्य, डा. विशाल उप्रेती, श्री राजेन्द्र अर्याल, प्रा.डा. माधव शर्मा, श्री कमल अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु। कला विषयको लेख हेरी सुझाव दिनुहुने डा. साफल्य अमात्य र सम्पादन अगाडि नै पाण्डुलिपि हेरिदिएकामा विद्वान् छोरा प्रा.डा. मुकुन्दराज अर्याल र छपाइ शुद्धिमा संस्कृत श्लोकहरू हेरिदिनुहुने विद्वान् प्रा.डा. विष्णुराज आत्रेय तथा सहयोगी प्रा. ठाकुर शर्मा र श्री उपेन्द्र खनाल, लेखनको परिवेश मिलाउन सदैव हार्दिक सहयोग पुऱ्याउने श्रीमती शान्तालक्ष्मी अर्याल तथा छोरा ई. प्रवीण अर्याललाई पनि धन्यवाद दिन चाहन्छु। यस काममा थप हौसला दिनुहुने ज्वाइँ प्रा.डा. प्रयागराज शर्मा, भानिजद्वय डा. द्वारिकानाथ रेग्मी तथा रामप्रसाद रेग्मीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु। यस पुस्तकमा विचार, भावना, प्रेरणा र वीचवीचका सुझाववाहेक मेरो कुनै खास देन छैन। जे-जति देन छ सो भगवान् श्री पशुपतिनाथको प्रेरणा र अप्रत्यक्ष आशिर्वादस्वरूप मात्र हो भन्नेमा म विश्वस्त छु। त्यसैले विशेष गरी श्री लीलाराज श्रेष्ठ, साहित्यकार भाइ श्री विष्णु प्रभात र सहयोगी उपप्राध्यापक वटुराम भण्डारी एवं भानिज श्री विनोद भण्डारीलाई सहर्ष धन्यवाद एवं हृदयदेखि आभार व्यक्त गर्दछु र उहाँहरूको जीवन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि सफल, शुभकर र सहयोगात्मक हुँदै अविरल अघि वढ्दै जाओस् भन्ने कामना पनि व्यक्त गर्दछु। अन्त्यमा पुस्तक प्रकाशनको अभिभारा वहन गर्ने रत्न पुस्तक भण्डारका श्री गोविन्दप्रसाद श्रेष्ठ र आनन्दप्रकाश नेपालप्रति हार्दिक धन्यवाद छ।

जय पशुपतिनाथ, जय नेपाली राजमुकुट तथा जय सवै निर्दोष नेपाली जनता।

-लेखक

लागि सञ्चार, शिक्षा र क्षेत्रीय सन्तुलनजस्ता मार्गनिर्देशन बक्सँदै परराष्ट्र-नीतिलाई पनि देशको विकास र शान्तिसँग जोडिबक्स्यो। यसै क्रममा आएको शान्तिक्षेत्रको प्रस्तावको समर्थनका निम्ति मौसुफकै सदिच्छावमोजिम धेरै मित्रराष्ट्रहरूसँग यथोचित प्रयत्न चलाएँ र धेरै देशको समर्थन जुट्न पुग्यो। परराष्ट्र-मन्त्रालयको जिम्मेवारी पूरा गर्नमा म मन्त्रीका हैसियतले निर्वाह गर्नुपर्ने भूमिका पनि अत्यन्तै हाँकपूर्ण महसुस गरी त्यसैमा होमिएको थिएँ। त्यस्तैमा एकदिन कलेज अफ एजुकेसनका मेरा विद्यार्थी र शिक्षा-मन्त्रालयका सहकर्मी संस्कृतिविद् श्री लीलाराज श्रेष्ठसँग यही विषयमा कुरा हुँदा निजले स्वेच्छाले म यस कार्यमा सहयोग गर्न तत्पर छु र सक्षम पनि छु भन्नुभएकाले मेरो निर्देशनअनुसार उहाँले मलाई लेखनकार्यमा राम्ररी सहयोग पुऱ्याउनुभएको हो। म सर्वप्रथम उहाँको सौहार्द्रपूर्ण सहयोगप्रति हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु। यसपछि श्री ५ वीरेन्द्रकै सदिच्छाले गर्दा श्री ५ को सरकारले मलाई फ्रान्सको राजदूतमा नियुक्त गरेकाले पेरिसमा ४ वर्ष ८ महिना रहनुपऱ्यो। त्यस समयमा मैले फेरि कितावहरू यहाँवाट मगाई तथा केही त्यहींका पुस्तकालयमा पनि खोजी केही लेखनकार्य गरें। यहाँ आएपछि म फेरि ३ महिनाको चुनावी मन्त्रिपरिषदमा मन्त्रीको पदमा नियुक्ति पाएर चुनावपछि राष्ट्रिय पञ्चायतमा नियुक्त भएँ र कामकाजमा नै व्यस्त रहें। केही समयपछि मेरो स्वास्थ्य विग्रिँदै गएकाले फेरि लेखनकार्यमा लाग्न पाइनँ र मित्र एवं सहयोगी डा. गोविन्द टण्डनसँग कुरा हुँदा निजले त्यसलाई पढी केही मिलाउनुपर्ने भए मिलाइदिन्छु भन्नु भएअनुसार सवै पाण्डुलिपि उहाँलाई सुम्पिएँ। फुर्सद कम भएको हुनाले उहाँले मैले आशा गरेजति चाँडो हेरिसक्नुभएको थिएन, त्यसैबीच २०५७ सालको सुरुमा म एकाएक नशाको समस्याले ग्रसित भई धेरै नै असक्त अवस्थामा पुगें तथा अहिलेसम्म औषधि उपचार गर्दा पनि म घरवाट बाहिर एक्लै निस्कन असमर्थ छु। म विरामी भएको कुरा सुनेर डा. गोविन्द टण्डनजीले सवै परिच्छेद हेरी केही परिच्छेद टाइपसमेत गराई ल्याइदिनुभयो। यस सहयोगका निमित्त म उहाँप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु।

त्यसपछि पनि सो पाण्डुलिपि त्यसै थन्किइरहेको थियो एक दिन करिब डेढ वर्ष अघि मेरो छोरा ई. प्रवीणराज अर्यालको साथी आफ्नो छोरासरह सद्भावना राख्ने र सहयोगी उप-प्राध्यापक श्री वटुराम भण्डारीले सो पाण्डुलिपि देखी सोधपुछ गर्नुभएकामा कुराकानी हुँदा यसमा म केही सहयोग गर्न सक्छु कि ? भनी सोध्नुभएकाले मैले उहाँलाई सो पाण्डुलिपि हेर्न हस्तान्तरण गरेँ। सो कार्य पूरा भइसकेको थिएन त्यसैबीच एक जना वहुतै क्रियाशील, उद्देश्यपूर्ण र सहयोगी दृष्टिकोण राख्ने भाइ विष्णु प्रभात, **अर्ज्यालवंशीय विद्वत्परम्परा**को अध्ययन-अनुसन्धान तथा लेखन प्रकाशनका सन्दर्भमा केही सोधपुछ र तथ्याङ्क वटुल्न मलाई खोज्दै आउनुभयो। उहाँ हास्यव्यङ्ग्य साहित्यमा विद्यावारिधिको तहमा अनुसन्धानरत

शोधार्थी र साहित्य, संस्कृति र हास्यव्यङ्ग्यसम्वन्धी अनेकौं पुस्तक एवं लेखका रचयिता पनि हुनुहुँदो रहेछ। भेटघाट र कुराकानीवाट उहाँसँग हिमचिम वढ्न गई आवत-जावत पनि बराबर हुन थालेपछि उहाँले मेरो पुस्तक शीघ्र प्रकाशन गर्नुपर्छ र म पनि यसमा सहयोग गर्न तयार छु भन्नुभयो । मैले उहाँका कुराकानी एवं व्यवहारवाट पत्यार प्राप्त गरेकाले श्री वटुराम भण्डारी र विद्वान् भाइ विष्णुप्रसाद अर्ज्याल (विष्णु प्रभात) दुवैलाई संयुक्त रूपमा सम्पादन गरी छपाउन स्वीकृति दिएँ। उहाँहरूकै सहयोगमा यो पुस्तक आजको अवस्थामा आउन सकेको हो। यसैवीच केही सन्दर्भ पुस्तक वटुल्न सहयोग गर्नुहुने सर्वश्री भानिज विनोद भण्डारी, ई. कृष्णमान अमात्य, डा. विशाल उप्रेती, श्री राजेन्द्र अर्याल, प्रा.डा. माधव शर्मा, श्री कमल अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु। कला विषयको लेख हेरी सुझाव दिनुहुने डा. साफल्य अमात्य र सम्पादन अगाडि नै पाण्डुलिपि हेरिदिएकामा विद्वान् छोरा प्रा.डा. मुकुन्दराज अर्याल र छपाइ शुद्धिमा संस्कृत श्लोकहरू हेरिदिनुहुने विद्वान् प्रा.डा. विष्णुराज आत्रेय तथा सहयोगी प्रा. ठाकुर शर्मा र श्री उपेन्द्र खनाल, लेखनको परिवेश मिलाउन सदैव हार्दिक सहयोग पुऱ्याउने श्रीमती शान्तालक्ष्मी अर्याल तथा छोरा ई. प्रवीण अर्याललाई पनि धन्यवाद दिन चाहन्छु। यस काममा थप हौसला दिनुहुने ज्वाइँ प्रा.डा. प्रयागराज शर्मा, भानिजद्वय डा. द्वारिकानाथ रेग्मी तथा रामप्रसाद रेग्मीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु। यस पुस्तकमा विचार, भावना, प्रेरणा र वीचवीचका सुझाववाहेक मेरो कुनै खास देन छैन। जे-जति देन छ सो भगवान् श्री पशुपतिनाथको प्रेरणा र अप्रत्यक्ष आशिर्वादस्वरूप मात्र हो भन्नेमा म विश्वस्त छु। त्यसैले विशेष गरी श्री लीलाराज श्रेष्ठ, साहित्यकार भाइ श्री विष्णु प्रभात र सहयोगी उपप्राध्यापक वटुराम भण्डारी एवं भानिज श्री विनोद भण्डारीलाई सहर्ष धन्यवाद एवं हृदयदेखि आभार व्यक्त गर्दछु र उहाँहरूको जीवन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि सफल, शुभकर र सहयोगात्मक हुँदै अविरल अघि वढ्दै जाओस् भन्ने कामना पनि व्यक्त गर्दछु। अन्त्यमा पुस्तक प्रकाशनको अभिभारा वहन गर्ने रत्न पुस्तक भण्डारका श्री गोविन्दप्रसाद श्रेष्ठ र आनन्दप्रकाश नेपालप्रति हार्दिक धन्यवाद छ।

जय पशुपतिनाथ, जय नेपाली राजमुकुट तथा जय सबै निर्दोष नेपाली जनता !

–लेखक

नेपाली संस्कृतिको पृष्ठभूमि, विकास र विस्तार

नेपाली संस्कृति मूलतः हिमाली-संस्कृतिका रूपमा रहेको छ। हिमालय पर्वतमालाको काख हिमवत्खण्डमा यो संस्कृतिको सिर्जना र विकास भएको हो। त्यसैले हाम्रो संस्कृतिमा हिमालको अद्वितीय महत्त्व रहेको छ। हिमालयसँग यसको युगानुयुगदेखि अविच्छिन्न सम्बन्ध रहेको छ। हाम्रो संस्कृतिको अभिन्न अङ्ग यो हिमालको सिर्जना युगौंयुगको भूगर्भीय उथलपुथलको परिणाम हो भन्ने कुरामा धेरै भूगर्भवेत्ताहरू एकमत रहेका देखिन्छन्। आजभन्दा लगभग ७ करोड वर्षपूर्व वर्तमान हिमालय पर्वत-क्षेत्रमा टेथिस सागर तरङ्गित भइरहेको थियो भन्ने कुरामा भूगर्भवेत्ताहरू एकमत छन्। भूगर्भीय उथलपुथल कालको मध्यभागको अन्तिम चरण अर्थात् Mesogsic Period मा भएको प्रचण्ड भू-गर्भीय हलचलको फलस्वरूप टेथिस सागरको सतहमा एकत्रित पदार्थको लेदो-रास र भित्री प्रस्तर विस्तार-विस्तार उठ्दै गएर यो हिमालय पर्वतमाला खडा हुन पुगेको हो। हिमालयको यो उत्थान प्रक्रिया खास गरेर तीन अवस्थाहरूमा सम्पन्न भएको हो। सबैभन्दा पहिले टेथिस सागरको सतहमाथि उठेर मुख्य हिमाल खडा भएको हो। त्यसपछिको उथलपुथलमा मुख्य हिमालयको दक्षिणी घाँचको भू-सतह माथि उठेर मध्य अथवा लघु हिमाल–महाभारत पर्वतखण्ड खडा भएको हो। यो उत्थान सम्भवतः ३ करोड वर्ष पहिले भूगर्भीय उथलपुथलको टर्सरी काल (Tesrtiary Period) को अन्तिम भागको मध्य चरणमा भएको हो। त्यसपछि भूगर्भीय उथलपुथल कालको पछिल्लो भागको अन्तिम चरण (Pliocenc Period) मा मध्य (लघु) हिमालको दक्षिण-घाँचको सतह माथि उठेर वाह्च हिमालको रूपमा शिवालिक पर्वतमाला खडा भएको हो। यसरी, हिमालयका उथलपुथलहरू तीन अवस्थामा सम्पन्न भएका थिए। जापानी अनुसन्धानकर्ता कोशिरो किजाकीले गरेको पछिल्लो अन्वेषणमा पनि यही अभिमत व्यक्त भएको पाइन्छ।[1] भूगर्भीय उथलपुथलको टर्सरी कालसम्ममा भएका भूगर्भीय

---

१. Koshiro Kizaki, An Outline of the Himalayan Upheaval, (Publishor-JICA-1994)

हलचलको परिणामस्वरूप, हिमालय पर्वतमा (मुख्य हिमाल शृङ्खला), महाभारत पर्वतमाला (मध्य हिमाली शृङ्खला) र शिवालिक पर्वतमाला (बाह्य हिमाली शृङ्खला) को सिर्जना हुन गएको कुरा माथि उल्लेख गरिएका कुराहरूबाट स्पष्ट हुन्छ। त्यति बेलाको यो हिमालय उत्थानसँग मानव-विकासको सोझो सम्बन्ध रहेको छ भन्ने कुरा भूगर्भवेत्ता लल् र अन्य विद्वान्हरूले पनि व्यक्त गरेका छन्।

युगौंदेखि स्वतन्त्र, सार्वभौम सत्तासम्पन्न र मौलिक संस्कृतिले युक्त एक अधिराज्यको रूपमा रहने सौभाग्य प्राप्त यो देश नेपालको उज्ज्वल र धवल ललाट समानको हिमालय पर्वतमाला देशको उत्तरी खण्डमा पूर्व मेची नदीदेखि पश्चिम महाकाली नदीपारिसम्म पसारिएको छ। हुन त यो हिमालय पर्वतमाला यस सीमादेखि बाहिर पनि विस्तार भएको छ। त्यसो भए तापनि यस पर्वतमालाका धेरैजसो सर्वोच्च चुचुराहरू यसै सीमाभित्र, यसै देशमा सुशोभित रहेका छन्। यसै हिमालय पर्वतमालाको दक्षिणमा यसको समानान्तर रूपमा झैं रहेर महाभारत पर्वतमाला पसारिएको छ। यस महाभारत पर्वतमालाका काखमा नदीनालाहरूले सिञ्चित अनेकौं गैरीबेंसी तथा उपत्यकाहरू रहेका छन्। पर्वतमालाको दक्षिणमा झन्डै यसकै समानान्तर रूपमा शिवालिक पर्वतमालाको विस्तार भएको छ। यो शिवालिक पर्वतशृङ्खलाभित्र ठूलठूला दून (उपत्यका), घाँसे टापु र सघन जङ्गल आदि रहेका छन्। यो पर्वतमालाको दक्षिणी फेदीमा पनि चारकोसे झाडी नामको सघन जङ्गल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ। यही फेदीको दक्षिण भाग समथर मैदानको रूपमा रहेको छ। यो वस्तुस्थिति र माथि उल्लिखित हिमालको उत्थान स्थितिमा प्रचुर तादात्म्य छ। युगानुयुगको भूगर्भीय उथलपुथलस्वरूप हिमालय-पर्वतमाला, महाभारत-पर्वतमाला र शिवालिक-पर्वतमालाको सिर्जना हुँदा यो शिवालिक पर्वतदेखि दक्षिणको सपाट मैदान (गङ्गा-जमुना र सिन्धु मैदानसमेत) टेथिस सागरभित्रै रहेको बुझिन्छ। अग्लो भूभागको उष्णता चाँडो सेलाउने स्वाभाविक प्रक्रियानुरूप नै मुख्य हिमाल, मध्य हिमाल र बाह्य हिमाल क्षेत्रहरू चाँडो सेलाई ती क्षेत्रहरूमा तापक्रम घटेको र टेथिस सागरको सतहबाट धेरै पछि मात्र निस्केको शिवालिक पर्वतमालादेखि दक्षिणको सपाट मैदानमा उष्णता विद्यमान रही त्यहाँ सघन जङ्गलको विकास भएकाले आदिमानवको मस्तिष्क तथा शारीरिक डिलडौलको स्वाभाविक र स्वस्थ विकासका निमित्त सर्वथा योग्य भूखण्ड माथि उल्लेख गरिएको पर्वतीय क्षेत्र हुन गएको देखिन्छ। यस सम्बन्धमा स्वर्गीय विद्वान् **जोसेफ व्यारेल**को पनि यस्तै धारणा रहेको, पाइन्छ। नेपाली भूगर्भविद् डि.पी. अधिकारीको लेख गतिशीलता (Dynamism) मा व्यक्त विचारअनुसार पृथ्वीको गतिका कारण भूगर्भको चट्टानेपत्र एवं बाह्य सतह संरचनामा समेत समयान्तरसँगै विविध फेरबदलहरू देखा परेका हुन्। त्यही परिवर्तनको शृङ्खलामा नै टेथिस सागर लोप भएर हिमालय पर्वतहरू उठे। महाद्वीपीय तनोटमा परिवर्तन भएर दक्षिण

हिमालयसम्मकै उचाइ प्रतिवर्ष दुई मिलिमीटर बढिरहेको कुरा कोशिरो किजाकीले उल्लेख गरेका छन्।[२] हालै अमेरिकी सर्वेक्षण टोलीले सगरमाथाको उचाइ वढेको तथ्य प्रकाशमा ल्याएको कुरा पनि यस सन्दर्भमा स्मरणीय रहेको छ। मानव-विकासको आदिथलोका सन्दर्भमा शिवालिक पर्वतीयक्षेत्र विशेष उल्लेखनीय छ। यहाँ उपलब्ध प्रागैतिहासिक प्राणीका अवशेषले मानवका रूपमा विकसित हुन थालेको मानवाकार बाँदर (Anthropoids) को अस्तित्व देखाएको छ। अनेकौं मानवाकार बाँदरहरूको विकासको युग भएकोले मानव-विकासबारे अध्ययन गर्ने छात्रका लागि (Miocen Period) भूगर्भीय उथलपुथलको तेस्रो युगको अन्तिम चरणको मध्यभाग तथा (Pliocen Period) भूगर्भीय उथलपुथलको तेस्रो युगको अन्तिम चरणको पछिल्लो भागको समय अत्यन्त चाखपूर्ण भएको छ।

शिवालिक क्षेत्रमा पाइएका अवशेषहरूले त्यस क्षेत्रमा Miocene Period को अघिल्लो भाग र Pliocene Period को पछिल्लो भागको समयमा खास गरेर उच्च जीउडाल भएका मानवाकार बाँदरहरूको जीवन्-प्रवाह चलेको कुरा देखाएको छ। यी मानवाकार बाँदरहरूको अवशेषका अनेकौं सङ्ख्या र प्रकार-भिन्नतालाई ध्यानमा राख्दा त्यति बेला 'एसिया' महाद्वीप मानवजातीका पूर्वजहरूको पृथकीकरणको प्रक्रियाको विस्तार गरिन थालिएको एउटा कार्यशालाका रूपमा रहेको थियो भनी 'मानव जीवाश्म' (Human Fossils) भन्ने आफ्नो ग्रन्थमा मानवशास्त्रवेत्ता रिचेले व्यक्त गर्नुभएको पाइन्छ।

यहाँका कुनै मानवाकार बाँदरहरूमा मानवका रूपमा विकसित हुने झुकाव ल्याउन लगाउने प्रभावशाली वातावरण र अन्य तत्त्वहरूबारे अध्ययन गर्नु हाम्रो लागि विशेष चाखलाग्दो हुन्छ। यस शिवालिक क्षेत्रमा पाइएका रामापिथेकस, ड्रियोपिथेकस र शिवापिथेकस (मानवाकार बाँदरहरू)का अवशेषहरूले हाम्रो ध्यान विशेष रूपले आकर्षण गर्दछन्। माथिल्लो शिवालिक क्षेत्रमा पाइएका स्तनधारी प्राणीहरू (Primates) मा सिमिया, सेमनोपिथेकस र पापियो तथा मध्यशिवालिक क्षेत्रमा पाइएका Primates हरूमा एन्थ्रोपोथिकेकस, सेर्सोपिथेकस माय्काकस आदि मानवाकार बाँदरहरू छन्। यस प्रकार Pliocene काल र पछिल्लो Miocene कालमा यस्ता सवै र गोरिल्ला तथा ओराङ्गुटनसमेत हिमालय पर्वतक्षेत्रमा पाइन्थे। यी मध्ये शिवापिथेकसचाहिँ मानवजातिअन्तर्गतकै हो भन्ने कुरा डा. पिल्ग्रीमले मानेका छन्। शिवापिथेकसको बङ्गाराको प्रकृतिलाई ध्यानमा राख्दा यसले धेरै प्रकारले अरूसँगभन्दा मानिसको बङ्गारासँग समानता राखेको देखिएको छ। बुटवलको यो प्राचीन मानवावशेष रामापिथेकस बङ्गारा नेपालमा पाइनुले विशेष महत्त्व राख्दछ।

---

२. कोशिरो किजाकी–पूर्ववत्–पृ. ३०

यसको चर्चा गर्दा कोशिरो किजाकीले शिवापिथेकस भनेका छन् । प्रेम खत्रीका अनुसार रामापिथेकस या शिवापिथेकसबाट विकसित मानवशाखाहरू निम्नबमोजिम रहेका छन्[३] :



माथि चर्चा गरिएका सबै कुराहरूबाट यो हिमवत्क्षेत्र नेपाल आदिमानवको विकास थलो रहेको देखिन आउँछ । यही थलो हाम्रो सभ्यता र संस्कृतिको पनि मूल थलो रहेर आएको छ । यसै थलोमा विकसित भएको संस्कृति र सभ्यता भएकाले हाम्रो सभ्यता र संस्कृति हिमालअभिमुख रहेको छ । वैदिक सभ्यता पनि यसकै सेरोफेरोमा हुर्केको हुनाले वैदिक सभ्यतामा हिमाल र हिमाली क्षेत्रको ठूलो महत्त्व रहेको छ । आज हाम्रो हिमालय पर्वतबाट निसृत जलप्रवाहले निरन्तर सिञ्चन गरेर र मलिला माटाका कणराशि लगी भारतको जीवन सुगम र सार्थक तुल्याएझैँ यो हिमालजन्य सभ्यता र संस्कृतिले युगौँदेखि उत्तरी भारतको सभ्यता र संस्कृतिको विकासमा अमिट प्रभाव पार्दै आएको छ । आदिमानवको विकासकेन्द्रका रूपमा रहेको शिवालिक क्षेत्र हिमाली क्षेत्रको अभिन्न भाग हो । आदिमानव-विकासको थलोका सम्वन्धमा माथि उल्लिखित चर्चाहरूबाहेक अरू चर्चाहरू पनि पाइन्छन् । यसमा शिवालिक पर्वतक्षेत्रमा पाइएका अवशेषहरूमध्ये शिवापिथेकस मानवजातिको

---

३. प्रेम खत्री, **मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन** (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.) पृ. ५२

विकाससँग सम्बन्ध रहेको तथा पालियोसिमिया विकासको क्रममा ओराङ्गुटनको रूपमा देखापरेको हो भन्ने वर्णन पनि पाइन्छ।

यिनै वर्णनहरूलाई ध्यानमा राख्दा हिमाली क्षेत्र आदिमानवको थलो रही आएको र यस थलोमा विकसित प्राचीन सभ्यता र संस्कृतिको निधि वेदको रचनाकालमा तत्कालीन जनसमाजमा हिमालको प्रभाव र महत्ता सर्वोपरि र व्याप्त रहेको कुरा ऋग्वेदको यो सूत्रले पनि देखाएको छ :

यस्येमे हिमवन्तो महित्वा यस्य समुद्र रसया सहाहुः ।
यस्येमा प्रदिशो यस्य बाहुः कस्मै देवाय हविषा विधेम ॥१०॥

अर्थात्, आफ्नो महिमाका साथ यो हिउँले ढाकेको पर्वत हिमालय जुन रहेको छ, त्यसकै वाहुमा विश्व-विराट् खडा छ भन्ने यो उद्‌गारवाट निस्सन्देह हिमालयको महत्त्व रहेको स्पष्ट हुन्छ। वैदिक ऋषिहरूले यो हिमवन्तप्रति देखाएको ममता, श्रद्धा र भक्तिलाई अथर्ववेदको यस सूक्तले भन्दछ– *गिरियस्ते पर्वता, हिमवन्तो अरण्यते पृथ्विस्योनमस्तु वभुं कृष्णां रोहिणीं विश्वरूपाम् ध्रुवां भूमि पृथ्वीमिन्द्र गुप्ताम् ।*

यसमा भनिएको छ : हे पृथ्वी तिम्रा मेघाच्छादित पर्वतहरू हिमाच्छादित छन् ती पर्वत र तिम्रा सघन जङ्गलहरू सुखदायी होऊन्। खैरो, कालो र रोहिणी (खैरो कालो र रातो माटो भएको) वर्ण भएकी, विविध रूपमा निश्चल, विशाल र मेघद्वारा रक्षित पृथ्वीमा म वसूँ (अधिवासी बनूँ)। यो भूभागको वर्णनमा नेपालको रूप समाएको छ। किनभने यसमा ठूला र साना पर्वत अनि वादल धुम्मिने रङ्गविरङ्गका भूमिको वर्णन परेको छ। हिमालय पर्वतको वर्णन गरिएको छ। यही हिमालय पर्वतमालामा मुन्जवान पर्वत रहेको उल्लेख ऋग्वेदमा गरिएको छ–

गिरे हिमवतः पृष्ठे मुन्जवान् नाम पर्वतः
तप्यते यत्र भगवाँस्तपो नित्यमुमापतिः ।

यसै ठाउँमा उमापति भगवान् शिवले तपस्या गर्ने गरेको उल्लेख पनि यसमा गरिएको छ। हिमालय पर्वतमा पाइने सोम (एक पेय वस्तु) नामको वनस्पति उच्चकोटिको हुने र यो वनस्पति मुन्जवत् पर्वत क्षेत्रमा उम्रने गरेकाले यस वनस्पतिलाई मुन्जवाल नाम दिइएको पनि देखिन्छ।

वेदमा हिमाल र हिमाली क्षेत्रको महत्त्व र प्रभाव रहेको कुरालाई ध्यानमा राख्दा, वेद यसै हिमाली क्षेत्रमा विकसित भएको देखिन आउँछ। यस सन्दर्भमा कतिपय उल्लेखहरू वेदमा पाइन्छन्। ऋग्वेदका कुनै सूक्तमा भूगर्भीय उथलपुथल र ठूलाठूला वेगवान् भूकम्पको उल्लेख गरेको पाइन्छ। त्यस्तै इन्द्रले कुपित धरालाई स्थिर गरेको, ज्वालामुखीको प्रकोपलाई शान्त पारेको उल्लेख पनि पाइन्छ, जस्तो–

यः पृथिवीं व्यथमानामद्वन्हदयः पर्वतान् प्रकुपिता अरमणात् ।
यो अन्तरिक्षं विपमे वरीयो योदत्मामस्त भ्रात्स जनास इन्द्रः ॥

त्यस्तै इन्द्रले नै चलायमान पर्वतलाई स्थिर गराएको उल्लेख पनि ऋग्वेदमै भएको छ–

स प्राचीनान्यर्वतां दृहदोजसाधराचीनम् कृष्णोदपामयः ।
आधारयत् पृथ्विविश्वधाय समस्तमान्याय यादयामवस्त्र सः ॥

यस्तै इन्द्रले आफ्नै शक्तिले यो धरा र स्वर्गलाई स्थिर गराएको वर्णन पनि ऋग्वेदमा गरिएको छ–

त्वं महाइन्द्रयो असूक्ष्मैदर्चावाजज्ञानः पृथ्वी अमेधाः ।
यद्धते विश्वा गिरश्चिदम्बाभियाट्टलहासः किरणानैजन् ॥

अनि यो धरातललाई सम्याउने शक्तिका रूपमा इन्द्रलाई स्तुति गरिएको पनि ऋग्वेदमा पाइन्छ–

विभूम्या अप्रथय इन्द्रसानु दिवो राज उपरमस्तभाय ।

'वेगवान् भूकम्प, पर्वतको उत्थान तथा जमिनको धसाइसम्बन्धी ऋग्वेदका उपर्युक्त उल्लेखहरूले हामीलाई आदिकाल (Pliocene Period) को भूगर्भीय उथलपुथलको सम्झना गराउँछ। ऋग्वेदमा यी उल्लेखहरू र भूगर्भीय उथलपुथलको तेस्रो कालको प्रागैतिहासिक स्थितिमा ठूलो सामन्जस्यता रहेको देखिन्छ। त्यसैले ऋग्वेदका यी उल्लेखहरूले हिमवत्क्षेत्र, नेपालकै भूगर्भीय स्थितिको वर्णन गरेको कुरा सिद्ध हुन आउँछ। यसवाहेक वेदमा पर्वतीय वातावरणको वर्णन पनि पाइन्छ। ऋग्वेदमा पर्वतहरूको गुफामा र नदीहरूको सङ्गममा योगवुद्धिवाट मेधावी इन्द्र प्रकट हुन्छ, भन्ने वर्णन गरिएको छ–

उपह्वरे गिरीणां सँगमेव नदीनाम्धिया विप्रो अजायत ।

यही अर्थ राख्ने वर्णन यजुर्वेदमा पनि गरिएको पाइन्छ ।

उपह्वरे गिरीणां नदीनां सँगमेषुच धीया विप्रो अजायत ।

अथर्ववेदको एउटा शुभकामना सूक्तमा पनि पर्वतहरू अचल रहोस् भनी कामना गरिएको छ–

ध्रुवा द्यौर्ध्रुवा पृथ्वी ध्रुवं विश्वमिदं जगत्
ध्रुवासः पर्वता इमे ध्रुवो राजा विशामयम् ॥

उपर्युक्त पर्वत र गुफाका वातावरणमा यो हिमवत् क्षेत्रभन्दा 'नेपाल' मूर्तिन्छ। यो हिमवत् क्षेत्र नेपाल, पर्वतीय क्षेत्र हो। यो देश कृष्णासार तथा कस्तूरी

मृगको विचरण क्षेत्र हो। कृष्णासार र कस्तूरी मृगको कुन्ज रूपी देश भएकाले कस्तूरी मृग विचरण गर्ने यस क्षेत्रलाई यज्ञीय देश मानेर अरू क्षेत्रलाई म्लेच्छ मानेको वर्णन मनुस्मृतिमा परेको छ–

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः।
स ज्ञेयो याज्ञियो देशो म्लेच्छदेशस्ततः परः ॥२३॥

–(मनुस्मृतिः अध्याय २, श्लोक २३)

यस उल्लेखले कस्तूरी मृगको मूल थलो यो देश नेपाललाई यज्ञीय देशको रूपमा सम्मान गरेको देखिन्छ। कस्तूरी मृगको खास मूल थलो हिमवत् क्षेत्र नै हो। कस्तूरी प्राप्त गर्नका लागि यो मृगलाई मारिन्छ। आर्यहरूले पछिसम्म पनि कस्तूरी मृगलाई आर्यभूमिको प्रतीक र अझ राम्ररी भन्ने हो भने वैदिक यज्ञ सम्पन्न गरिने यज्ञीय देशको प्रतीक मानेका छन्। यस उल्लेखले यज्ञीय देशका रूपमा यो हिमवत् क्षेत्रले नेपाललाई नै देखाएको हो।

वेदमा सोम तारुण्य दायी वलशाली पर्जन्य-पेयको रूपमा देखाइएको छ। यो पेय वनाउने सोमको विरुवा पर्वतक्षेत्र (हिमाल) मा पाइने कुरा पनि यहाँ देखाइएको छ–

पर्जन्यः पिता महिपस्म पर्णिनीनाभा पृथ्वीव्यागिरिषु क्षयंदधे।
परि सुवानो गरिष्ठाः पवित्रे शोमः ॥

वैदिक यज्ञानुष्ठानको महत्त्वपूर्ण वस्तु सोम पाइने थलोको रूपमा यसै हिमवत् क्षेत्रलाई देखाएको, वेदका अनेकौं ठाउँमा हिमालय र हिमाली क्षेत्रको महत्त्व दर्साइएको, यो हिमाली क्षेत्रमा हुने गरेको भूगर्भीय हलचल र वातावरणको वर्णन गरिएको, हिमाली भूमिमा पाइने कस्तूरी मृगलाई आर्यभूमिको प्रतीक तथा वैदिक यज्ञीय देशको प्रतीक मानेको उपर्युक्त सवै उल्लेखहरूले हिमवत् क्षेत्रलाई नै देखाएकोवाट वेदको सिर्जना र विकास यसै क्षेत्रमा भएको देखाउँछ। सोमको यज्ञानुष्ठान कार्यहरूको प्राचीनतम अनुष्ठान हो र यो सोमको विशुद्ध विरुवा हिमालय र सप्तसिन्धु बाहेक अन्यत्र पाइन्न। ती सवै प्रमाणहरूले वेद अन्यत्र विकास भएको कुरा देखाउँदैन। वेदको सिर्जना गर्ने आर्यहरू यस थलोमा वाहिरवाट आएको भन्नेवारे त्यस्तो कुनै स्पष्ट उल्लेख र सङ्केत संस्कृत ग्रन्थहरूमा, प्राचीन ग्रन्थहरूसमेतमा भएको पाइँदैन।

ऋग्वेदका उपर्युक्त सूक्तहरूमा वर्णित भूगर्भीय हलचल प्रचण्ड भूकम्प आदिको वर्णनले आदिकालीन भूगर्भीय हलचल र हिमालय पर्वतमालाको सिर्जना अर्थात् हिमवत् क्षेत्रको प्रारम्भिक अवस्थाको स्मरण गराएको छ। यही वस्तुस्थितिको सम्झना पुराणकालमा पनि मूर्त्याइएको छ। जस्तो–

अहं पुनः शैलपतेः पादे हिमवतः शुभे ।
नेपालाख्ये समुत्पत्से स्वयंमेव महीतलात् ॥

यहाँ हिमालको काखमा रहेको पर्वतीय देश नेपाल स्वयं महीतल (पृथ्वीमुनि) वाट उठेको वर्णन गरिएको छ।[४] यो नेपाल 'ऋग्वेदकालीन' **हिमवन्त क्षेत्र** हो। फर्गुशनले पनि नेपाललाई नै वैदिक 'हिमवन्त' मानेका छन्।[५] यो हिमवन्तको उल्लेख अनेकौं अरू प्राचीन ग्रन्थहरूमा परेका छन्। यसमध्ये महावंश[६] धूपवंश[७] र महाबोधी वंश[८] जस्ता वौद्ध ग्रन्थहरूमा धेरै पटक यसको उल्लेख गरिएको छ। हिमवत् क्षेत्र भन्ने नै नेपाल हो र नेपाल नै हिमवत् क्षेत्र हो। त्यसो हुनाले नेपालका प्राचीन ग्रन्थहरूमा पनि यो हिमवन्तको उल्लेख भएको छ र यो उल्लेखले हिमवन्त भनेको नेपाल हो भनेर देखाएको छ। यसै देशका त्रिशप्त (एक्काइस) नदीहरू, पर्वतहरू, सोम पालेकहरू, गन्धर्वहरू, वाण चलाउनेहरू आदिलाई यज्ञमा आह्वान गरिएको सूक्त ऋग्वेदमा पाइन्छ। जस्तो :

त्रिशप्त सश्त्रा नदयो महीरपो, वनस्पतिन्पर्वतां अग्नि मूर्तये ।
कृशानुमस्तृन्तिष्यं सधस्थ आरुद्रं रुद्रेणु रुद्रियं हवामहे ॥

यो हिमवन्तको महिमा वैदक कालमै मात्र सीमित छैन। यसपछि पनि यसको महिमा त्यत्तिकै रही आएको छ। मगधका राजा विम्विसारले 'तपाईंको घर कहाँ हो ?' भनेर सोध्दा 'उजूँ जनपदो राजा हिमस्सत पस्सत्ता', अर्थात् 'मेरो देश हिमालयको काखमा छ' भनेर गौतम वुद्धले गौरवपूर्वक नेपाललाई नै देखाएका हुन्। भगवान् गौतम वुद्धमा हिमालय पर्वतको महत्ताको ठूलो प्रभाव परेको यसवाट देखिन्छ। त्यसैले उनले सत्पुरुषको व्याख्या गर्दा 'दूरे सन्तो पकासेन्ती हिमवन्तोव पव्वतो', अर्थात् 'सत्पुरुपहरू हिमालय पर्वतझैं टाढैबाट देखिन्छन्' भनेका छन्। हिमाली काखमा जन्मेका हुनाले नै वुद्धमा हिमालको प्रभाव परेको हो। यही 'हिमाली काख' नेपाल राष्ट्रको रूपमा रहेको कुरा मञ्जुश्री मूलकल्पमा यसरी उल्लेख गरिएको छ–

भविष्यति तदाकाले उत्तरां दिशमांश्रितः ।
नेपालमण्डले स्याते हिमाद्रेः कुक्षिमास्थिते ॥

यही हिमाली काख नै नेपाल हो भन्ने कुरा पशुपति पुराणमा उल्लेख गरिएको छ–

---

४. वराहपुराण अध्याय १, श्लोक ३९
५. ऋग्वेद, १०/१२९/४ तथा फर्गुशन, केभटेम्पल्स अफ इन्डिया, पृ १७
६. महावंश, १२/३
७. धूपवंश, ४३
८. महावोधीवंश, ११४-१५

वयं हि हिमवत्कुक्षौ ।
नेपाल इति चोच्यते ॥[10]

नेपालको प्राचीन वंशावली 'गोपालराज वंशावली' मा नेपालको परिचय दिँदै 'यो देश' हिमालय पर्वतको मध्यभागमा रहेको कुरा देखाएको छ–

हिवन्त शैल्य मध्यवर्त्तणी महारण्ये भूतमण्डले ॥[11]

यो देशलाई हिमालयको काखका रूपमा देखाउने परम्परा शताव्दी-शताव्दीदेखि चलेर आएको छ। त्यसैले प्रत्येक धार्मिक र शुभकार्य प्रारम्भ गर्दा गरिने सङ्कल्प वाक्यमा यहाँ कतै 'हिमवत् दक्षिण पादे नेपाल देशे' भन्ने र कतै 'हिमवत्पादे श्री नेपाल देशे' भन्ने वाक्यांश पनि उल्लेख गरिने चलन चलेर आएको छ। जस्तै–

जम्बुद्विपे भरतखण्डे हिमवत्पादे वासुकिक्षेत्रे श्री नेपालदेशे
पशुपतिसन्निधाने वाङ्मत्याः पश्चिमकूले विष्णुभीत्याः पूर्वकूले ।

नेपालको परिचय यस प्रकार दिइने परम्परा पछिसम्म पनि चलेको छ। त्यसैले नेपालको कुनै ठाउँको परिचय दिँदा पनि हिमवत्कै उल्लेख गरिएको पाइन्छ। भारतका गुप्तवंशी राजा बुध गुप्तको सन् ३७६ को दामोदरपुरस्थित एक ताम्रलेखमा हाम्रो पूर्वी नेपालस्थित वराहक्षेत्रको यस्तो परिचय दिइएको छ–

हिमवच्छिखरे कोकामुखस्वामिनः चत्वारः कुल्यवापाः श्वेतवराहः
स्वामिनोपि सप्त कुल्यवापाः

यसभन्दा अघि, सन् ४५३ को एक अर्को ताम्रलेखमा पनि यो वराहक्षेत्रको श्वेतवराहका नाममा परिचय पाइन्छ। तर यसमा पनि हिमालको उल्लेख भएको देखिन्छ–

मन्मातुः पुण्याभिवृद्धये अत्रारण्ये भगवतः श्वेतवराहः
स्वामिनो देवकूले खण्ड फुट्टप्रतिसंस्कारकरणाय

यसरी पूर्वी नेपाल कौशिकी क्षेत्रमा स्थित श्वेतवराह र कोकामुख वराहको ठाउँ देखाउँदा पनि हिमवत् शिखरको उल्लेख गरिएकोवाट हिमालसँगै नेपाल अवस्थित रहेको देखिन्छ।

आर्यहरू यस हिमवत्क्षेत्रमा वाहिरवाट आएका हुन् भन्ने कुराको उल्लेख

---

९. के.पी. जैसवाल एन इम्पेरियल हिस्टोरी अफ इन्डिया, पृ. ४९
१०. संस्कृत मन्देश, १६, पृ. १६
११. हिमवन् संस्कृति, १ अङ्क, पृ. ६

ऋग्वेदमा पनि छैन। यसमा ग्रीष्मको प्रचण्ड तापक्रमको उल्लेख पनि कतै पाइन्न। वरु हिउँ र बरफको उल्लेख भएको पाइन्छ।[१२]

'ताकेम् पश्यैम तनयम् शतं हिमः'[१३] अर्थात् हामी सय हिउँदसम्म पुत्रलाई हेर्न पाऔँ, भन्ने तथा 'पश्येम शरदः शतम् जीवेम शरदः शतम्'[१४] अर्थात् सय शरद हेर्न पाऔँ, सय शरदसम्म बाँच्न पाऔँ ! भन्ने उद्‌गारहरू ऋग्वेदमा उल्लेख गरिएका छन्। यी उद्‌गारहरूमा यो हिमवन्त क्षेत्रको हिउँदलाई महत्त्व दिइएको देखिन्छ। यसवाट हिमवन्त नेपाल वैदिक आर्यहरूको कर्मक्षेत्र देखिन आउँछ। यो हिमाली क्षेत्रको उपत्यका नै वैदिक आर्यहरूको आदि निवास स्थान भएको उल्लेख एल.डी. कल्लाले गर्नुभएको पाइन्छ।[१५]

आर्य शब्द 'ऋ' धातुबाट बनेको 'ऋ' धातुले प्रायः गतिकै अर्थ दिने हुनाले आर्य शब्दको एक अर्थ भ्रमणशील पनि हुन्छ। आर्यहरूको यो भ्रमणशीलता यिनीहरूले हिमवत्क्षेत्रलाई कर्मभूमि नवनाएसम्म कायम रहेको बुझिन्छ। वेद श्रुतिको रूपमा विकास हुन थाल्दा, आर्यहरू भ्रमणशील रहेका र यसै वेला आर्यहरू मध्यएसियावाट शप्तसिन्धु, काश्मीर र नेपालका हिमाली क्षेत्रमा फैलिएको हुनुपर्दछ भन्ने धारणा प्रचलित रहेको भए पनि कतै नेपाली भूमिबाट उनीहरू अन्यत्र फैलिएका त होइनन् ? भन्ने प्रश्न पनि उब्जिन्छ। किनभने रामापिथेकस मानवको थलो नेपाल हो। यदि त्यसो हो भने युरेसियाली मानवहरू नै नेपालभूमि (हिमाली क्षेत्र)बाट गएका पनि त हुन सक्छन्, जो पछि यायावरी भई पारसतिर झरे। तासकन्दमा रहेको प्राचीन 'देवी-मन्दीर' तथा अजरबैजानमा रहेको प्राचीन पञ्चलिङ्ग ज्वालामन्दिरले पनि यो सम्भावना दर्साउँछ। नेपाली आर्यले हिमवत्क्षेत्रमा वेदको विकास गर्दा इरानमा गएका आर्यले आवेस्ताको विकासपछि गरेको हुन सक्दछ। आवेस्ता र वेदमा अग्नि, मित्र र वरुण आदि देवताहरूको उही महत्ता र स्थान रहेको पाइन्छ। इरानमा पनि नौ दिन जमरा राख्ने नेपाली चलन जस्तै देवीपूजाको संस्कार छ। त्यहाँको परिवेश र समयअनुसार हाल केही बदलिन गएको भए पनि मुस्लिम धर्मस्थापना हुनु अघि त्यहाँ हाम्रोझैँ देवीको सम्झनास्वरूप जमरा राख्ने चलन थियो र त्यस चलनको अवशेष केही मात्रामा अझैसम्म देख्न पाइन्छ। यो सामन्जस्यता ऋग्वेदपछिको आवेस्ताको प्रारम्भिक विकास कालको स्थितिमा देखिन आउँछ। यता ऋग्वेदमा सम्पूर्ण वैदिक देवताहरूमा माथिल्लो स्थानमा राखी पुजिएका इन्द्र (जसको स्तुति ऋग्वेदमा व्याप्त छ) लाई पछि उतातिरको आवेस्तामा दुष्टको रूपमा वर्णन गरिएको छ।

---

१२. ऐजन, पृ. १५
१३. ऋग्वेद अध्याय-८, खण्ड ६६ पृ. ६६
१४. ऋग्वेद, अध्याय-१, खण्ड ६४ पृ. १४
१५. गमधारीदिनकर, संस्कृतिका चार अध्याय (उद्धृत) पृ. २९

वेदको भापा संस्कृत हो त्यसैले आर्यहरूले अन्यत्र संस्कृत भापामा वेद लेखेको तर्क उठ्न नै सक्तैन । संस्कृत हाम्रो भाषा हो, त्यसैले वेद हाम्रो भूमिमा नै विकास भएको हो ।

कालक्रममा आवेस्तानुयायी इरानी आर्यहरूले असुरलाई अहुरका नामले देवता मान्न थाले । असुर (अहुर) देववाचक भयो । तर यताका आर्यले त्यसलाई दानवको अर्थमा लिए । यसको वदलामा उताका आर्यले यताकाले पुजेको देवलाई दानवको रूपमा मान्न थाले । तर यज्ञानुष्ठानमा प्रयोग गरिने वैदिक सोम भने त्यही क्रियामा इरानी आर्यहरूले होमका रूपमा प्रयोग गरे । परस्परमा देखिएको यो विरोध यिनीहरूको सामाजिक विरोधको परिणाम हुन सक्तछ ।

हिमाली क्षेत्रमा रही वेदको विकास गर्न थालेका आर्यहरूले इन्द्रलाई देवताहरूमा सर्वोपरि स्थान दिएको र त्यहाँकै वातावरणको प्रभावस्वरूप स्वर्ग र मर्त्यको कल्पना गरेको देखिन्छ । ऋग्वेदको एक सूक्तमा इन्द्रको यस्तो स्तुति गरिएको छ–

योजातः एव प्रथमो मनस्वान् देवी देवान् क्रतुना पर्यभूषत ।
यस्य सूक्ष्माद दोदसीभ्यसेतां नृम्णेस्य मन्हास जनासः इन्द्र ॥॥

अर्थात् जो प्रकट हुँदा नै सवैभन्दा मुख्य हुन्छ, जो विशाल मन भएका देवले आफ्नो स्वाभाविक ज्ञानवलद्वारा सर्वदेवताहरूलाई उछिनेको छ । जसको वलवाट द्युलोक र पृथ्वीलोक काँप्दछन् र जो आफ्नो बलको महत्त्वले सदा युक्त छ । यी आर्यहरूले इन्द्रलाई अनेकौं रूपमा पनि पुजे । यिनलाई जगत्गुरु मानेर अनेक नाम दिए । त्यसैले वेदमा यी जगत्गुरुलाई इन्द्र, मित्र, वरुण, अग्नि, सुपर्ण, यम र मातरिश्वादि नामले अनेकौं ठाउँमा स्तुति गरिएका छन् । ऋग्वेदको एक सूक्तमा यस्तै अनेकौं रूपको स्तुति गरिएको छ :

इन्द्र मित्र वरुणमय अग्निम्, यकाहुः अथो दिव्यः सः सुपर्णो गुरुत्मान् ।
एकं सद् विप्राः बहुधा वदन्ति अग्निं यमं मातरिश्वानमाहुः ॥४९॥

त्यही एक सर्वशक्तिमान् सत्तालाई नै विद्वान्हरू अनेक नामले पुर्कादछन् भन्ने कुरा यसले देखाएको छ । यिनै सर्वशक्तिमान् सत्तालाई पर्वतवासी इन्द्रका रूपमा मानेर, शत्रुमाथि विजय पाउनका लागि यिनको आह्वान गरिएको छ र यस आह्वानमा यिनलाई वज्रधरको रूपमा देखाइएको छ :

युवं तमिद्रां पर्वता पुरोयुधायो नः पृतन्यादप तं तमिद्धतं वज्रेण त तमिद्धतं ।
द्रूरेचत्ता यच्छंत्सदगहनं यदि नक्षत् अस्माकंसूत्रनपरिशूर विश्वतोदेर्मादर्पीष्ट विश्वतः ॥

अर्थात् जो हामीमाथि चढाइ गर्दछन् तिनीहरूलाई गहन स्थानमा पनि जान सक्ने हे पर्वतवासी इन्द्र तिमीले वज्रद्वारा वध गर ! हाम्रा शत्रुहरूलाई चारैतिरबाट

घेरेर विदीर्ण गर ! भनेर इन्द्रको आह्वान गरिएको छ। यसवाट पर्वतक्षेत्रमा आर्यहरूले नै इन्द्रलाई पर्वतवासीका रूपमा मानेको देखिन आउँछ।

यिनै इन्द्रलाई सूर्यका रूपमा पुजिएको हुँदा पछि पौराणिक कालमा पनि यो दृष्टि कायम रही सूर्यलाई इन्द्र नाम दिई पुज्ने परम्परा यो हिमाली देशमा कायम नै छ। मानदेवकालीन काठमाडौं टेबहालस्थित सार्थवाह गुहमित्रको एक अभिलेखमा उनले भगवान् इन्द्र नामको सूर्य मूर्ति स्थापना गरेको कुरा उल्लेख भएको छ :

वणिजां सार्त्थवाहेन गुहमित्रेण भक्तितः ।
संस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकरः ॥

यिनै इन्द्रलाई दैवी प्रकोप, आपत्विपत्वाट जोगाउने, सर्वशक्तिमान् सत्ता, शत्रुको हमलावाट जोगाइदिने वज्रधारीका रूपमा मात्र होइन, अपितु वर्षाका देवताका रूपमा समेत वैदिक आर्यहरूले पुजेका छन्। इन्द्रलाई वर्षाका देवताको रूपमा पुज्ने वैदिक परम्परा हाम्रो हिमाली देश नेपालमा अद्यापि कायम छ। खडेरीरूपी शत्रुको विनासका लागि हाम्रा पर्वतका थुम्काहरूमा इन्द्रको पूजा गरी पानी मागिन्छ, वर्षाको कामना गरिन्छ। वर्षात्का अन्त्यमा प्रत्येक वर्ष काठमाडौंको प्राचीन दरवार हनुमान्ढोकामा इन्द्रध्वजोत्थान गरी इन्द्रपूजा र यात्रा गरिन्छ। इन्द्रजात्राका नामले यो यात्रा राष्ट्रिय पर्वस्वरूप यस हिमाली देशमा चलेर आएको छ। लिच्छविहरूले चौथो शताव्दी अघि नै काठमाडौंको वर्तमान यङ्गाल क्षेत्रमा इन्द्रगृह नामक दरवार स्थापना गरेका थिए। यही राजदरवारका नामवाट त्यो थलो यङ्गाल कहलाई पछि स्थानीय भापामा काठमाडौं सहर नै यँ कहलाएको र इन्द्रयात्रालाई पनि यँया नाम दिइएकोवाट इन्द्रयात्राको परम्परा धेरै लामो देखिन आएको छ। अद्रिव अर्थात् पर्वतवासी इन्द्रलाई यो हिमाली क्षेत्रमा वसेका आर्यहरूले कृषिकर्ममा परिचित भएपछि मूर्त्याएको अनुमान छ। वर्षाका देवताका रूपमा र युद्ध नायकका रूपमा पुज्ने गरिएको वैदिक प्रथाको वीजवाटै इन्द्रयात्राको विकास कालान्तरमा यस हिमाली क्षेत्रमा भएर अद्यापि कायम रहन आएको छ। इन्द्र वर्पाका देवतावाहेक यस हिमाली क्षेत्रका कर्मठ व्यवस्थापक पनि हुन्। त्यसैले वृत्रलाई मारेर वृत्रद्वारा अवरुद्ध जललाई इन्द्रले प्रवाहित गराएको कथा ऋग्वेदमा उल्लेख भएको छ–

अपामतिष्ठाद्धरुणहवर तमो अन्तर्वृत्रस्य जठरेपु पर्वतः
अभिभिन्द्रो नद्यो वव्रिणा हिता विश्वा अनुष्ठाः प्रवणेपु जिघ्नन्ते ।

अर्थात् 'पहिले वृष्टि रोकिएर अन्धकार फैलिएको र तमोमय वृत्रको पेटमा पर्वत रहेको थियो। त्यसै वृत्रले घेरिएको तलतिर वग्न चाहने सवै जललाई पर्वतरूपी अवरोध हटाएर इन्द्रले गतिमान वनाएको उक्त वर्णन यस हिमाली क्षेत्रका

उपत्यकाहरूको विकाससँग सम्वन्धित देखिन आउँछ। यसरी वेदमा वर्णित आर्य नामक इन्द्रको गतिविधि यो हिमाली क्षेत्रमा सम्पन्न भएको देखिएको छ। यी वज्रधारी इन्द्र नै सूर्य भएको र यिनलाई नारायणको नाम पनि दिइएको छ।' स्थूल, सूक्ष्म तथा कारणरूप यो जगत्लाई विष्णुले आफ्नो एक पाउले नापे र त्यो एक पाउलाई तीन भाग गरेर यो जगत्मा राखे। विष्णुको एक पाउमै यो सवै जगत् समायो र त्यो जगत् विष्णुको एक पाउ वरावर पनि भएन भन्ने ऋग्वेदको वर्णनमा सूर्यरूपी इन्द्र नै व्याप्त देखिन्छ–

इदं विष्णु:र्विचक्रमे त्रेघानिदधे पदम् समुमस्य पांसुरे।

ऋग्वेदको यसै उल्लेख नै पुराणकालको विष्णुको त्रिविक्रम अवतारको बीज रूप हो–

एतै देवा अवन्तु नौ यतां विष्णुर्विचक्रमे
पृथ्वीव्या तप्ता धामभि:
इदम् विष्णुर्विचक्रमे त्रेधा निद्धे पद्मं
समुढमस्य पांसुरे
त्रिनिपाद विचक्रमे विष्णुर्गोपा अदाम्य:
अतोधर्माणि धारयन्।

यो त्रिविक्रम नामधारी, विष्णुको वामन अवताररूपी एक ब्राह्मणले राजा वलिसँग तीन पाउ भूमी मागे, एक पाउले आकाश व्याप्त गरी एक पाउले पृथ्वी व्याप्त गरी तेस्रो पाउलाई स्थान नहुँदा राजावलिको शिरमा राखी बलिको दानको सेखी तोडेको कथामा मूर्तिएको यो रूप वेदको उक्त सूक्तमै प्रतिपादित भइसकेको देखिन्छ। यो त्रिविक्रमावतारको प्राचीनतम मूर्तिहरूमा नेपालको जतिको पुरानो त्रिविक्रम मूर्ति भारतलगायत कहीं पनि रहेको छैन। लिच्छवि राजा मानदेवले आफ्नो आमाको पुण्यवृद्धिका लागि लिच्छवि संवत् ३८९ मा टुकुचा किनार र तिलगङ्गामा त्रिविक्रमका दुई प्रस्तरका सुन्दर फलक भएका मूर्तिहरू स्थापना गरेको पाइन्छ। यिनै मूर्तिहरू यस प्रकारका मूर्तिहरूमा प्राचीनतम भएका छन्। त्रिविक्रमसम्वंन्धी वैदिक सूक्तमा स्वर्ग, मर्त्य र पाताल पनि मूर्तिएको देखिन्छ। यहाँका वैदिक आर्यहरूले 'हिमालय पर्वत' (पृथ्वीको उच्च भाग) लाई नै स्वर्गको कल्पना गरेका हुन्। यसैलाई ती आर्यहरूले कहिले इन्द्रालय, कहिले वैकुण्ठ र कहिले कैलाश गराएका हुन्। यहाँ वैदिक धर्मका सम्पादक विद्वान् श्रीपाद दामोदर सातवलेकरको यो भनाइ उल्लेखनीय छ।[१६] उनले, हिमाली क्षेत्रलाई सारा आर्यलोकका निमित्त दुवै

---

१६. पूर्वकालके भारतवासी वृद्धावस्थामैं प्रिविष्ट्य अर्थात् तिव्वनकें कैलाश मानसरोवरकें निकट वैकुण्ठ अर्थात् नेपालके हिमगिरीके शिखरोंपर जाकर वलं तपस्या करते हुए

लोकका रूपमा रहेको कुरा देखाएका छन्। सारा भारतका लागि नेपाल स्वर्ग, वैकुण्ठ र कैलाश मान्नु सार्थक पनि छ। यस क्षेत्रमा वस्तुतः सुन्दरता र शोभाका विविध सामग्री प्रचुरमात्रामा छन्। यस क्षेत्रको गिरीजाल, यसलाई चिरेर प्रवाहित भएका अनेकौं नदीहरू, प्रपातहरू, सरोवरहरू, पुष्प र लताद्रुमले शोभित वनजङ्गलका वर्णनहरू मत्स्यपुराण, वायुपुराण र महाभारत आदिमा पाइन्छन्। सप्तगण्डकी, सप्तकर्णाली र सप्तकोसी सम्मिलित जलद्रोणीहरूको नाउँ नै नेपाल हो र यही नेपाल हिमालयको विशिष्ट खण्ड हो। यसै खण्डमा यसका उच्चतम श्रृङ्गहरू रहेका छन्। यसै उच्च श्रृङ्गमध्ये गौरीशङ्कर हिमालय जसलाई महाभारतकालसम्म उच्चतम श्रृङ्ग सगरमाथा (एभरेस्ट) ठानियो। महाभारतमा महादेवी गौरीको शिखर त्रैलोक्य विश्रुतको नामबाट उल्लेख गरिएको छ :

शिखरं वै महादेव्या गौर्यास्त्रैलोक्यविश्रुतम्।
समारुहच नरः श्राद्धः स्तनकुण्डेषु संविशेत्॥

यसै प्रसङ्गमा उक्त ग्रन्थमा तमोर र अरुण कोसीहरूको सङ्गमको पनि उल्लेख गरेको छ। कन्चनजङ्घा हिमालवाट निसृत तमोर (वैदिक तामड) र गौरीसङ्कर हिमालवाट निसृत अरुण सुनकोसीमा मिल्दछन्। यही अरुण नदी आज विश्वको विलक्षण नदी वनेको छ। यसले वनाएका खोँच (द्रोणी) संसारका सबै नदीहरूको खोँचभन्दा गहिरो छ। सगरमाथाबाट अरुण नदीको फेदसम्मको गहिराइ अठारदेखि बीस हजार फीटसम्मको छ र यो भीमकाय पनि छ। प्रकृतिको विलक्षणताले युक्त यस हिमाली खण्डको उच्चताले स्वर्ग, वैकुण्ठ र कैलाशको स्थान प्राप्त गर्नु स्वाभाविकै छ। यसै हिमालय पर्वतश्रृङ्गको उच्चताले युक्त भएर स्वर्गको स्थान लिएको यो हिमाली खण्डको वास्तुकला र वस्तुविधानमा पनि यसको प्रभाव परेको छ। त्यसैले यहाँका देवमन्दिरहरू र प्राचीन भवनहरू पर्वतश्रृङ्गझैं चुच्चिएर गएका देखिन्छन्। यसै मौलिक छाँटलाई आज विदेशीहरूले पेगोडाको नाम दिएका छन्। यद्यपि हामीकहाँ तोरण र टुँडाल परम्पराहरू भिन्न छन्। घन्टा, वज्ररोधी हात्ती, सिंह, अष्टमङ्गल गणेश, हनुमान् आदि राख्ने पृथक चलन छ। यो अन्यत्र छैन। अनि यहाँका गृहस्थहरूले देवमन्दिर स्वरूपमा आफ्नो गृहनिर्माण गर्दा गृहनिर्माण सम्पन्न भएपछि गरिने अनुष्ठानको एक विधिमा स्थीरोभव वाक्यमा घरको छिँडीलाई पाताल, मध्यलाई मर्त्यमण्डल र यसभन्दा माथिको (उच्च) तला चोटालाई स्वर्ग मान्ने गरेको देखिन्छ। माथि उल्लेख गरिएको गौरीशङ्कर हिमालयका सम्वन्धमा झैं तमोरको स्रोत कन्चनजङ्घा हिमालको उल्लेख पनि पुराणहरूमा

अपना शेष जीवन व्यतीत करतेथे और योगसाधनाद्वारा वही देहत्याग करतेथे। इसी परिपाटीके कारण कैलाशवासी, वैकुण्ठवासी तथा स्वर्गवासीका तात्पर्य देहान्त हो गया और वादमें रूढ हुआ।

पाइन्छ। पद्मपुराण कार्तिक महात्म्यमा उल्लिखित सुवर्णादि र मिथिला महात्म्यमा उल्लिखित स्वर्णाद्रि वस्तुतः कन्चनजङ्घा हिमाल नै हो र योगिनी-तन्त्रमा यसलाई काँचाद्रिको रूपमा वर्णन गरी नेपालको अङ्ग मानेको छ–

नेपालस्य कान्चनापदं ब्रह्मपुत्रस्य सङ्गमम् ।
करतोयां समारभ्य यावद्दिकर वासिनाम् ।
कामरूप इतिख्यातः सर्वशास्त्रेषु निश्चितः ॥

संसारको सर्वोच्च शिखर सगरमाथा, कन्चनजङ्घा, गौरीशङ्कर र धौलागिरीजस्ता हिमालय पर्वतहरूले सुशोभित रहेको, आर्यहरूले आफ्नो लागि स्वर्ग, वैकुण्ठ र कैलाशरूपी देवलोक मानेको यो हिमाली देश नेपाल वैदिक आर्यहरूको कर्मभूमि र तपोभूमि पनि भएकाले यहाँका पवित्र नदी र गिरी कन्दराहरूमा वैदिक ऋषिहरूले वसोवास गरेका देखिन्छन्। यहाँको सप्तकर्णालीको र सप्तकोसीको प्रश्रवण क्षेत्रहरूमा वैदिक ऋषिमुनिहरूको क्रियाकलाप व्याप्त रहेको हुनाले नै वेदमा यो भूखण्डको चित्रण रहन पुगेको हुनुपर्दछ। सप्तकोसीको क्षेत्र कौशिकी ऋषिको तपोभूमि भएको परम्परागत आख्यान यहाँ प्रचलित छ। गण्डकी क्षेत्रमा कालीगण्डकीको तीर रुरुक्षेत्र आजको रिडीमा संस्कृतका व्याकरणकार पाणिनीले जीवन यापन गरेको, यसै क्षेत्रको कुनै गिरी गह्वरमा ऋषि दुर्वासाले तपस्या गरेको, रामायणका रचयिता वाल्मीकि ऋषिले गण्डकी किनारस्थित अहिलेको भैँसालोटनमा आश्रम लगाई तपस्या गरेका आख्यानहरू यस देशमा प्रचलित छन्। त्यस्तै वाणगङ्गा क्षेत्र (वर्तमान कपिलवस्तु जिल्लाको निग्लिहवा क्षेत्र) कनकमुनिको तपोभूमि थियो। यिनै कनकमुनिलाई बौद्धहरू कोनागमुनी भन्दछन्। पाली भाषाको यो नाम संस्कृतको विक्रित रूप हो। यिनै कोनागमुनिलाई बौद्धहरू आदि मानवबुद्धहरूमध्येका एक बुद्धको रूपमा मान्दछन्। त्यसैले उनको संस्मरणमा गौतम बुद्धको जीवनकालमै एउटा स्मारक चैत्य परम्परादेखि खडा रहेको र कालान्तरमा त्यो चैत्य जीर्ण हुँदा भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी र यस थलोमा समेत भारतीय मौर्य सम्राट् अशोकले तीर्थयात्रा गरेका वेलामा आफ्नो तीर्थयात्राको संस्मरणका निमित्त अशोकले लुम्बिनीमा प्रस्तरको स्तम्भाभिलेख राखेकै समयमा यी बुद्ध कोनागमुनिको जीर्ण चैत्यको जीर्णोद्धार सम्पन्न गराई त्यहाँ पनि स्तम्भाभिलेख राख्न लगाएको र त्यो स्तम्भ अभिलेख अझै खडा रहेको तथा त्यसमा जीर्णोद्धार कार्यको उल्लेख गरिएकोबाट कनकमुनिको उपयुक्त वर्णनको पुष्टि भएको छ–

देवानां पियेन पियदशिन लाजिन चोदस वसाभिसितने बुद्धस्स
कोनागमनस थुवे दुतिय बढिते साभिसितेन च अतन् आगाच महियिते पापिते ॥

कपिलवस्तु जिल्लाको तौलिहवाबाट डेढ कोस उत्तरस्थित यो अशोक-

स्तम्भाभिलेख कनकमुनि (कोनागमुनि) को चैत्यलाई दुई पटक जीर्णोद्धार गराएको उल्लेख पाइन्छ ।

महाभारतमा वेदव्यासको जन्म ऋषि पराशरलाई मत्स्यगन्धा नामकी माझी कन्याले नदी तार्न लाग्दा परासर ऋषिले कामवश कुहिरो उब्जा गरी सूर्यनारायणको प्रत्यक्षता रोकी माझिकी पुत्रीलाई गर्भधारण गराएको र तिनै माझी कन्याबाट व्यासको जन्म भएको कुरा उल्लेख भएको छ । हाले नेपालको गण्डकी अञ्चल तनहुँ जिल्लास्थित मादी नदीको दुई किनारमा पराशरगुफा र व्यासगुफा पत्ता लागेको र त्यो खोच परेको ठाउँको मादी नदीमा अकस्मात् कुहिरो उठ्ने प्रक्रिया आजसम्म पनि कायम छँदैछ । त्यो नदी निकै फराकिलो भएकाले आजसम्म बनेको नेपालको सबभन्दा फराकिला पुलहरूमध्येको फराकिलो पुल मादी नदीमै छ । त्यसै स्थानमा पराशरबाट वेदव्यासको जन्म भएको र त्यहाँ नदीको दुई किनारमा रहेका गुफामा वाबु-छोराको आश्रम रहेको भनाइ तनहुँका वासिन्दामा प्रचलित छ ।

पुराणमा यत्रतत्र वेदव्यासको आश्रम वद्रिकाश्रममा भएको पनि उल्लेख छ । नेपालको सुदूरपश्चिममा रहेको व्यास पर्वत वेदव्यासको नाममा रहेको र व्यास पर्वत वद्रिकाश्रम तिर र त्यसको नजिकै भएकाले पराशर ऋषि र वेदव्यासको पौराणिक रचना उनीहरू नेपालमै रहँदा भएको हुनुपर्दछ भन्ने विचार पनि पाइन्छ । स्मरणीय छ : सुगौली सन्धिअघि वद्रिकेदार नेपालमै थियो ।

हिमवत्पुराणका सबैजसो कुरा र भागवतमा उल्लिखित मनुभरत र कालीगण्डकीको वर्णन यहीँ रहेर नै वेदव्यासले गर्न सम्भव भएको हुनुपर्दछ ।

गणेश हिमालस्थित नीलकण्ठ दह (गोसाँइकुण्ड) बाट प्रवाहित त्रिशूली, गण्डकी, लोर्के हिमालवाट निसृत वूढीगण्डकी, वार्पाक हिमालस्थित नारदकुण्डबाट प्रवाहित दरौँदी गण्डकी, अपुन हिमालस्थित दूधपोखरीबाट बगेकी चेपे गण्डकी, मनाङ हिमालवाट झरेकी मर्स्याङ्दी गण्डकी, अन्नपूर्णा हिमालस्थित हंसकुण्डबाट प्रकट भएकी मादी (माद्री) गण्डकी, माछापुछ्रे हिमालवाट निस्केकी सेतीगण्डकी र मुक्तिक्षेत्रस्थित दामोदर कुण्ड (शालिग्रामको स्रोत) वाट प्रादुर्भाव भएकी कालीगण्डकी तथा अनेकौँ सहायक नदीनाला, कुण्ड, पोखरी, ताल र छहराहरूका पवित्र जल बोकेर गण्डकी नदी मालिकाको फेदी त्रिवेणीरूपी स्थल देवघाटमा आई मिलेका छन् । यिनै मनुभरतले म्याग्दी जिल्लाको कालीगण्डकी किनारको गलेश्वरमा तपस्या गरेको आख्यान यहाँ प्रचलित छ । जडभरत भनिने मनुभरतले उत्तर हिमालदेखि दक्षिण कन्याकुमारीसम्म नेपाललाई केन्द्र बनाएर राज्य गरेको र यिनैको नामवाट यो भूगागको नाम भारतवर्ष रहन गएको आख्यान मननीय छ । यिनै मनुभरतले गलेश्वरमा तपस्या गरिरहँदा त्यहाँ मृगशावकलाई पानीवाट वचाएपछि उनी त्यहीं मृगशावकप्रति आशक्त हुन गई जडभरतका रूपमा उनको पुनर्जन्म भएको र यिनै

जडभरतलाई कुनै पाखण्डीले समातेर टुकुचेकाली पीठमा वलि दिन लागेको आख्यान यहाँ अद्यापि प्रचलित छ। जडभरतले मनुभरतका रूपमा तपस्या गरेको ठाउँ र जडभरतको रूपमां छँदा यिनलाई बलि दिन लागेको पीठ यस देशमा अद्यापि कायमै छन्।

गण्डकीहरूको सङ्गमस्थल देवघाट क्षेत्रमा ब्रह्मर्षि वशिष्ठले तपस्या गरेको कपिलमुनिले यहाँ कपिलेश्वर महादेवको स्थापना गरेको आख्यान पनि यहाँ चलेको छ।

यही सप्तगण्डकी क्षेत्रको कालीगण्डकी (जसलाई कृष्णगण्डकी र सदानीरा भन्ने नाम पनि दिइएको छ) जुन गण्डकी दामोदर कुण्डबाट प्रवाहित भएको छ, त्यसैको गर्भमा अन्यत्र कतै नपाइने ३३ कोटी देवताका प्रतीक सम्पूर्ण आर्य-जगत्का श्रद्धा र भक्तिका पुञ्ज, पवित्र शालिग्राम रहेको छ। वेदमा उल्लिखित सदानीरा र स्वेत्या भन्ने वाक्यले प्रस्ट रूपमा काली र सेती गण्डकीलाई जनाउँछ। यसैले पनि वेदको विकासमा यी नदीहरूको प्रभाव रहेको पाइन्छ। यो शालिग्राम दायिनी कृष्ण (काली) गण्डकी र शालिग्रामको महात्म्य पुराणहरूमा भरिएका छन्। यसमा वराहपुराणको यो उक्ति उल्लेखनीय छ। भगवान् वराह-पृथ्वीलाई भन्नुहुन्छ–

कथयिष्यामि ते गुहयं शालग्राममिति स्मृतम्।
तस्मिन्क्षेत्रै हरो देवो मत्स्वरूपेण संयुतः॥
शालग्रामे गिरौ तस्मिच्छिलारूपेण तिष्ठति।
अहं तिष्ठामि तत्रैव गिरिरूपेण नित्यशः॥
तस्मिन्छिलाः समग्रास्तु मत्स्वरूपा नसंशयः॥

यस्तै अर्को ठाउँमा भनिएको छ–

शालग्रामे महाक्षेत्रे पुण्ये हिमवत्ोन्तिके।
शालग्रामे महाक्षेत्रे गण्डक्यादिक मण्डिते॥
एतन्मुख्यानि तीर्थानि निर्मितानि मया पुरा॥
मम तद्रोचते स्थानं गिरिकूट-शिल्लोच्चये।
शालग्राम इतिख्यातं भक्त संसार मोक्षणम्॥

अर्थात् शालिग्राम भन्ने वस्तुको गुहच वताउँछु।...त्यसै क्षेत्रमा मेरै स्वरूपले युक्त भएर भगवान् शङ्करले शालग्राम पर्वतमा शिला रूपले निवास गर्नुभएको छ। म त्यसै ठाउँमा पर्वतको रूपमा सधैं रहन्छु। त्यस ठाउँका सवै शिलाहरू मेरै स्वरूप हुन्, यसमा सन्देह छैन।

हिमाल फेंदीको महापुण्यदायी शालग्राम क्षेत्रमा, गण्डकी प्रभृति श्रेष्ठ नदीहरूले मण्डित शालिग्राम नामको महान् क्षेत्रमा मैले नै मुख्य दामोदर आदि तीर्थहरूको निर्माण गरेको हुँ। पर्वत र पर्वत शिखरहरूको यो ठाउँ मलाई निकै राम्रो

लाग्दछ। यो ठाउँ भक्तजनको सांसारिक जन्म-मरण छुटाउने शालग्राम क्षेत्र नामले प्रसिद्ध छ। यसै शालिग्राम स्रोतरूपी पर्वतखण्डस्थित मुक्तिक्षेत्र पनि आर्यहरूको परम पावन तीर्थ भएर आएको छ र यसले अझ व्यापक महत्त्व पाएको छ।

यो शालिग्राम-पूजन आर्यहरूको आदिप्रतीक पूजन हो र सम्पूर्ण हिन्दू जगत्‌लाई नेपालले दिएको प्राचीनतम देन हो। जगन्नाथपुरीको मन्दिरभित्र रहेको कृष्ण, सुभद्रा र बलरामको मूर्ति स्थापना गर्दा कालीगण्डकीबाट एक लाख शालिग्राम लगेर जगमा राखेपछि मात्र त्यहाँ मूर्ति स्थापना गर्न सकिएको कुरा त्यहीँका एक पुजारीले बताएका थिए। यो शालिग्रामले पूर्ण कृष्ण (काली) गण्डकीलाई वैदिक आर्यले हिरण्यवती भन्ने नाम दिएका छन्। हिरण्यको शब्दार्थ कनक (सुन) हुन्छ। यो कालीगण्डकीको प्रस्तर खण्डमा सुन पाइने हुनाले यो गण्डकीको नाम हिरण्यवती रहनु स्वाभाविक देखिन्छ। यो गण्डकीको प्रश्रवण क्षेत्रको तल्लो फेदी तराईफाँट वर्तमान कपिलवस्तुको हाता निग्लिहवामा प्राप्त मानुषी बुद्धहरूमा पहिलो भएका बुद्ध कोनागमुनि (कनकमुनि) को चैत्य जीर्णोद्धारको उल्लेख युक्त अशोक स्तम्भले यो क्षेत्र कनकमुनिको आदिथलो रहेको देखाउँछ। यही हिरण्यवती– कालीगण्डकी क्षेत्रका एक पुत्रको रूपमा रहेका हुनाले उक्त आदि बुद्धको नाम कनक (कोनाग) मुनि रहन पुगेको बुझिन्छ। आदि मानुषी बुद्ध ककुच्छन्द, कपिल, काश्यप, विपस्वी र कनकमुनिहरूमध्ये, ककुच्छन्द, कोनागमुनि (कनकमुनि) र काश्यपलाई आफूभन्दा अघिका मानुषी बुद्धहरूका रूपमा स्वयं गौतम बुद्धले स्वीकारेका छन्। साथै प्राचीन कपिलवस्तु नगर कपिलमुनिका संस्मरणमा बनेको तथा कनकमुनिको चैत्य यसै क्षेत्रमा निर्माण भएको कुराहरूलाई ध्यानमा राख्दा यो क्षेत्र आदिबुद्धहरूको उद्‌गम थलो रहेको देखिन आउँछ। आर्यहरूलाई साङ्ख्य दर्शन प्रदान गर्ने कपिलमुनिलाई गीतामा कृष्णले आफ्नै रूप मानेर सिद्धहरूमा म कपिल हुँ भन्नुभएको छ।

आश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः॥

–(गीता, अध्याय १०, श्लोक २६)

यिनै कपिलमुनिलाई बौद्ध-जगत्‌मा एक आदिबुद्धका रूपमा मानिएको कुरा रहस्यमय छ। यसबाट यिनको दर्शनले व्यापक क्षेत्र अँगालेको बुझिन्छ। अन्ततः यिनै सम्पूर्ण कारणहरूले गर्दा स्वर्गभूमि हिमवत्खण्डको यो गण्डकी प्रश्रवण क्षेत्रको महत्त्व वैदिक कालमा कायम रहेको बुझिन्छ। गण्डकी क्षेत्रको मुक्तिक्षेत्र र रुरुक्षेत्रको जतिकै प्रभाव र महत्त्व वराहक्षेत्रले पनि वैदिक कालमा प्राप्त गरेको बुझिन्छ।

पूर्वी नेपालको 'सप्तकोसी'को मुहान, सप्तकोसी र कोकामुख नदीको दोभानलाई आज हामी 'वराहक्षेत्र'को रूपमा चिन्दछौं। यहाँ अद्यापि वराहको मन्दिर रहेको छ। यही वराहक्षेत्रलाई महाभारतको तीर्थयात्रा प्रकरणमा 'कोकामुख'का नामले

उल्लेख गरिएको पाइन्छ। महाभारतकै महिषमर्दिनी दुर्गास्तुतिमा दुर्गालाई 'कोकामुख' भन्ने नाम दिइएको छ। महाभारतमा 'कोकामुख' नाम दिइएको यो ठाउँको श्वेतवराहलाई 'कोकामुख स्वामी' भन्ने नाम दिइएको उल्लेख सन् ४७९ तिरका गुप्त राजा वुद्धगुप्तको दामोदरपुर अभिलेखमा पनि पाइन्छ। यसैलाई श्वेतवराह भनिएको उल्लेख दामोदरपुरकै सन् ४५३ को एक अभिलेखमा देखिन्छ। उपर्युक्त ताम्राभिलेखहरूको उल्लेखले वर्तमान 'वराहक्षेत्र'को ऐतिहासिक परिचय दिएको छ। कोकामुख वराह भने पनि श्वेतवराह भने पनि यसै वराहक्षेत्रको वराहलाई भनिएको हो भन्ने कुरामा यस उल्लेखले राम्रो प्रकाश पारेको छ–

अस्ति मत्स्य शिला नाम गुह्यं कौकामुखे वरम् ।
धाराः पतन्ति तिस्रो वै कौशिकीमाश्रिता नदीम् ॥

बराह पुराणको यस उक्तिले प्राचीन वराहक्षेत्र यही हो भनेर ठम्याइदिएको छ। जल प्रलयकालमा भगवान् वराहले पृथ्वीलाई उठाएको आख्यान यसै थलोमा मूर्तिएको छ। यस हिमवत्खण्डको जलायमान भूमि यही वराहक्षेत्रको घाँचवाट जलनिष्कासित भएपछि प्रकाशवान् भएको हुनुपर्दछ भन्ने कुरा यहाँको भौगर्भिक स्थितिले देखाउँछ। तसर्थ यस क्षेत्रमा भगवान् वराहलाई मूर्त्याएर, हाम्रा वैदिक ऋषिमुनिहरूले सूत्रपात गरेको कल्पनामा पौराणिक कालका ऋषिमुनिहरूले ठडयाएको वराह अवतारको आख्यानलाई सार्थक गराएको छ। माथि चर्चा गरिएका सम्पूर्ण कुराहरूबाट वैदिक कालमा यो हिमवत्खण्ड नेपालको महत्त्वपूर्ण स्थान रहेको, यही नै वैदिक आर्यको कर्मभूमि र स्वर्गभूमि भएको विशेषता र कारण देखा पर्दछ।

उत्तरी भारतको सपाट मैदान र हिमवत्खण्ड नेपालको वाहय हिमाल शिवालिक फेदीको सपाट मैदान पूर्णतया पानीबाट मुक्त नहुन्जेल यस हिमवत्खण्डमै वैदिक आर्य तथा मङ्गोल मात्र हैन मानव मूलका तीन-चार हाँगाका मानिसहरू जीवनयापन गरिरहेका थिए। यसै क्षेत्रमा वैदिक ऋषिमुनिहरूका अनेकौं आश्रमहरू रहेका थिए। कालान्तरमा भएका भूगर्भीय हलचलको फलस्वरूप शिवालिक हिमवत्खण्डवाट वगेको जलप्रवाहले जसरी उत्तरभारतको जीवन सञ्चार गराएर आएको छ त्यसरी नै युगौंदेखि पामिरको पठारतर्फवाट वग्ने नदीहरूले पनि हिमालपारिको सभ्यता हुर्काएको छ। यसरी एसियाली सभ्यता र संस्कृतिको विकासमा हिमवत्खण्ड नेपालको सभ्यता र संस्कृतिका विचार-प्रवाहले युगौंदेखि प्रभाव पार्दै आएको हुनाले आज पनि त्यस क्षेत्रका लागि हिमवत्खण्ड, कैलाश, वैकुण्ठ र स्वर्गभन्दा पनि महत्त्वपूर्ण रहेको छ। हिमाल कैलाश भएको छ। अनि यो हिमालको गौरीशङ्कर चुचुरो गौरीशङ्कर अर्थात् शिव र पार्वतीको रूपमा मूर्तिसकेको छ। त्यसैले आजसम्म पनि शिवको जटामा–गङ्गा नदी मूर्त्याइन्छ। यथार्थमा देवाधिदेव–शिवलाई वैदिक आर्यहरूले अनार्यसँगको वन्धुत्व र सहजीवनका

द्योतकरूपमा नै मूर्त्याएका हुनाले यो हिमवत्खण्डको प्रभाव शिवत्वमा अत्यधिक मात्रामा रहेको पाइन्छ। हिमालय र कैलाश निकटस्थ छन्। शिवको आदि थलो कैलाश र ससुराली हिमालय पर्वतबाहेक अर्को कुनैको उल्लेख पाइँदैन। शिवशक्ति पार्वती पर्वतराजकी पुत्री आर्य यसै हिमवत्खण्ड नेपालकी सुपुत्री रहेको कुरा यिनको नामले पुष्टि गरिरहेछ। शिवको आदि रूप 'पशुपति'को आराधना गरिएको देश पनि यही हो। पशुपति क्षेत्र भनेर देखाइने थलो नेपालबाहेक अरू कुनै छैन। यही आदि रूपलाई सिन्धुसभ्यताको क्षेत्रमा पनि प्रतीकात्मक रूपमा पुजिएको हो। हिमवत्खण्डको शिवरूपसँग अपरिचित रही ऋग्वेदिक रुद्र पूजनमा सीमित रहेका भारतीय क्षेत्रका कतिपय आर्यहरूले निकै पछि मात्र शिवलाई अपनाएका हुन्। शिवमा निहित पर्वतीय प्रभाव र शिवको अद्भुत रूपले गर्दा उनीहरूले यस्तो प्रतिक्रिया देखाएको हुनु स्वाभाविक छ। आज पनि उत्तर भारतका कतिपय आर्यहरूमा शिवको प्रसाद ग्रहण नगर्ने प्रथा पाइनुलाई यसको द्योतक मान्न सकिन्छ। ऋग्वैदिक कालमै यस हिमवत्खण्डका आर्यहरूले यहाँको आदिवासी (किराँत) संस्कृतिलाई आत्मसात् गरिसकेका हुनाले आर्य-अनार्य भेद यहाँ थिएन। शिव मन्दिरमा शिव, शालिग्राम समावेश गरेर वैष्णवहरूले समेत धार्मिक समन्वयलाई वढाएका छन्। आर्य-अनार्य एउटै देवताका रूपमा शिवको मात्रै पूजा हुन्छ र शिवको गोत्र र वंशको उल्लेख पाइँदैन। त्यसैले शिव सबैका देवता महादेव हुन पुगे।

वैदिक कालदेखि नै हाम्रो तराईफाँटमा सघन वनको विकास भइरहेको थियो। त्यति बेला सम्पूर्ण तराईफाँट र उत्तरी भारतको भू-भाग अरण्यमयी थियो। यो अरण्यमयी वातावरणले युक्त फाँटमा वैदिक ऋषिमुनिहरू विचरण गर्न थाले। धौलागिरी र अन्नपूर्णा हिमाल फेदीको तराई कपिलमुनि र कनकमुनि आदिको कर्मभूमि बन्यो। यिनै कपिलमुनि र कनकमुनिहरूले आफ्नो दर्शन प्रतिपादन गरी राखेकै समयमा हिमवत्खण्डका आदिवासीहरू पनि यी क्षेत्रमा पुगेर, जङ्गल फाँडी पशुपालन र खेती व्यवसाय अपनाई आफ्नो धर्म र कर्ममा सक्रिय भए। यसकै फलस्वरूप त्यस क्षेत्रमा कपिलवस्तुजस्तो नगर र रामग्राम, देवदह आदि वस्तीको विकास भएको हो। यो वस्तीको भग्नावशेष आजको तिलौराकोटले देखाउँदै छ। कनकमुनिले त्यस क्षेत्रलाई निर्माणमा सक्रिय हुने हाम्रो आदिवासी प्राचीन शाक्यवंशी, कोलीय आदि जातिको रूपरेखा वर्तमान कपिलवस्तु जिल्ला र त्यस वरपरका थारु समुदायले देखाउँदै छन्। यी थारूहरूले भाषा र धर्मका क्षेत्रमा आर्यत्वलाई आत्मसात् गरिसके पनि यिनीहरूको रङ्ग, रोगन, नस्ल तथा मुखाकृतिले आदिवासीपनको प्रतिनिधित्व गर्दैछ। अझ यिनीहरूमा ब्राह्मण, क्षत्री, वैश्यादिको वर्गीय विभेद नरहेको कुराले यसको पुष्टि गरिरहेको छ। यो क्षेत्रको सभ्यता अनार्य र आर्यहरूको मिश्रित प्रयासको फल हो। यस सभ्यतामा मानुषी आदिबुद्धको प्रादुर्भाव भएको हुँदा यिनीहरूकै विचार प्रवाहको पृष्ठभूमिमा पछि विश्वविभूति हुन पुगेका-

हिमाली देश नेपालका सुपुत्र गौतमवुद्धको प्रादुर्भाव र वुद्धधर्मको प्रतिपादन हुन पुगेको हो। इसापूर्व छ सयमा धर्म, कर्म र अन्य भौतिक वैभवले सम्पन्न भएको यो क्षेत्रको केन्द्र कपिलवस्तु–इसाको चौथो शताव्दी, अर्थात् चिनियाँ यात्री फाहियानको यात्राकाल पछि फेरि जङ्गलले ढाकिइसकेको वर्णनबाट यहाँ जङ्गल विकासको प्रक्रिया कति सवल र सक्रिय रहेछ र यहाँ जङ्गलको प्रचुरता कति रहेछ भन्ने कुरा देखिन आउँछ।

हिमालय फेदीको यही अरण्य क्षेत्रमा वैदिक धर्मको नवीन आख्यान उपनिषद्को परिष्कृति सम्पन्न भएको छ। वैदिक धर्मको पुरानो आख्यान वेद हो। वेदजस्तै यो नवीन आख्यान पनि प्रारम्भमा श्रुतिका रूपमा रह्यो तथा यसै हिमवत्खण्डमा यसको विकास भयो। वेद मूलमा ३ ओटै (ऋग्, यजु र साम) मात्र रहेकोमा पछि मारण, मोहन, वशीकरण र उच्चाटन विद्यायुक्त चौथो वेद (अथर्व) पनि बनेको हो। ऋग्वेदमा गेय मन्त्रहरू पनि पाइन्छन्। सामवेदमा, ऋग्वेदकै गेय मन्त्रहरू प्रायः रहेका छन्। 'यजुष' भन्ने गदयमा छ। वैदिक यज्ञानुष्ठानमा गेय मन्त्रहरू गाइन्थे अनि यजुष पाठ गरिन्थ्यो। वेद यज्ञमयी र यज्ञोन्मुख छ। यज्ञका विधिहरूलाई बुझाउन तथा यज्ञानुष्ठान सम्पादन गराउनका निमित्त व्राह्मण ग्रन्थहरू बने। यस ग्रन्थको प्रतिपादनले वैदिक आर्यहरूमा यज्ञयागादिको कर्मकाण्ड व्याप्त भयो। तर धेरै पछि वैदिक ऋषिहरूले यी सवै कर्मकाण्डहरूमा स्थूलतामात्र पाउन थालेका हुनाले–सूक्ष्म धर्मको प्राप्ति गर्न चिन्तन-मनन गरेर वृहदारण्यक उपनिषद् र अन्य केही उपनिषद्हरू नयाँ वाङ्मयको रूपमा नेपालकै गौरीशङ्कर हिमालको काखमा सिर्जना भए। वैदिक ग्रन्थको पठन-पाठनका लागि, शिक्षा छन्द, निरुक्त, व्याकरण, ज्योतिष र कल्पसूत्रादि वेदाङ्गहरू प्रतिपादित गरिए। यी वेदाङ्गहरू आआफ्ना स्थानमा महत्त्व राख्दछन्। यिनमा रचनात्मक प्रयोगका दृष्टिकोणले कल्पसूत्रको विशेष महत्त्व छ। यसै कल्पसूत्रमा वैदिक आर्यहरूको सामाजिक चित्रण रहेको छ। यो कल्पसूत्रको २ अङ्ग स्रोतसूत्र र स्मार्तसूत्रमा, स्रोतसूत्रले यज्ञ वर्णन सँगालेको छ भने स्मार्तसूत्र, गुहयसूत्र र धर्मसूत्र नामक दुई उप-अङ्गहरूमा वाँडिए। गुहयसूत्रमा षोडश संस्कार तथा धर्मसूत्रमा धर्म, नियम र वर्णाश्रम विधानको वर्णन गरियो।

यी वेदाङ्गहरूको प्रतिपादनपछि उपनिषद्हरूको प्रतिपादन गरियो। प्राचीन उपनिषद्हरू पनि श्रुतिकै स्थितिमा पहिले प्रचलित रहेको आचारसंहिता र अन्य ग्रन्थहरूमा पाइन्छ। इस, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, तैत्तरीय, ऐत्तरीय, छान्दोग्य र वृहदारण्यक आदि उपनिषद्हरूमा इस उपनिषद् यजुर्वेदको अन्तिम अध्यायको रूपमा रहन पुगेको छ। त्यस्तै छान्दोग्य उपनिषद् सामवेदअन्तर्गत रहेको छ। वृहदारण्यक उपनिषद् शतपथ व्राह्मणको एक अध्याय भएर रहेको छ। यीमध्ये धेरैजसो नेपाली उपनिषद्हरू नेपाली हिमालका फेदीमा अरण्यमयी फाँट एवं नदी तटका आश्रमहरूमा रचिए।

वेदमा बीजका रूपमा रहेका विचारको विस्तार उपनिषद्हरूमा गरिएको हो। वेद बीजको सम्यक् विकास र वेदको विकीर्ण ज्ञानको प्रस्फुटन उपनिषद्मा गरिएको हो। ऋग्वेदमा प्रयुक्त रुद्र 'सवैमा प्रशंसनीय, सबै कामनालाई पूर्ण गराउने, अनादि प्रपितामह र सवैको हृदयमा विराजमान परमात्मा'का रूपमा देखिन्छन्–

कद्रुद्राय प्रचेतसे भीदुष्टमाय तव्यसे। वोचेम शन्तमं हृदे॥

अथर्व वेदमा यिनै रुद्र सवैलाई उत्पन्न गर्ने, सवैको पालन गर्ने, कर्मफलका दाता, दुष्टहरूलाई रुवाउने र सवै देवहरूमा ठूला देवका रूपमा देखाइएको छ–

स धाता स विधर्ता स वायुर्नमउच्छ्रतम्।
स अर्यमा स वरुण: स रुद्र: स महादेव:॥

यिनै वैदिक रुद्रलाई उपनिषद्मा ल्याएर आफ्नो शक्तिले लोकलाई वशमा राख्ने, विश्वसर्जक, भुवनरक्षक, प्रत्येक रूपले स्थित र अन्तकालमा सवैलाई आफूमा लय गराउने भनी सृष्टि र संहारको एउटै रूपमा मूर्त्याएको देखिन्छ–

एको हि रुद्रो न द्वितीयाम् तस्पुर्य इमांल्लोकानीशत इशनीभि:।
प्रत्यङ् जनास्तिष्ठति संचुकोचान्तकाले संस्तृज्य विश्वा भुवनानी गोपा:॥

वैदिक धर्म-कर्म यज्ञमा केन्द्रित थियो। तसर्थ तत्कालीन आर्यहरूको जीवन नै यज्ञमय रह्यो। वर्षाको प्राप्तिका लागि, महामारी रोगादिवाट मुक्ति पाउन, शत्रुमाथि विजय पाउन र शत्रुवाट जोगिन, सम्पदा वढाउन र परलोक सुधार्न पनि यिनीहरू यज्ञानुष्ठान नै गर्दथे। पछि यस यज्ञकर्मवाट थाकेर वैदिक आर्यहरूले मुक्ति प्राप्तिको सोपानस्वरूप उपनिषद्को प्रतिपादन गरेका हुन्। उपनिपद् मुक्ति उन्मुख रहेको पाइन्छ। उपनिषद् युगमा आएर ज्ञानले वैदिक यज्ञको स्थान लिएको थियो। अव कर्म यज्ञमा सीमित नभएर यसको अर्थ– विस्तार भएको छ। कर्मफलवादको स्थापना भएको छ। मोक्ष-जीवनको समाधान भएको छ र मोक्षको मार्ग ज्ञान हुन आएको छ। उपनिपद् कालमै ज्ञानका क्षेत्रमा क्रान्ति भएको पाइन्छ। ऋषि जावाल पुत्र सत्यकाम उपनिपद् कालमा यस क्षेत्रका अग्रज देखिन्छन्। यिनैलाई व्रह्मविद्याको अधिकारी मानेर तत्कालीन ऋपिहरूले व्राह्मणऽअव्राह्मणको भेद व्यर्थ भएको कुरा घोषणा गरेका हुन्। मनुष्य जन्मले होइन क्षमता र शीलले महान् हुन्छ भन्ने ज्ञानको प्रतिपादन गर्न पुगेका हुन्। यसरी वेदमा सर्वाधिक महत्त्व दिइएको यज्ञकर्म उपनिषद् कालमा गौण राखिई आत्मविद्या र तपस्यालाई महत्त्व दिइयो। त्यसैले मुण्डकोपनिपद्मा यज्ञकर्मका सम्वन्धमा यस्तो विचार व्यक्त गरिएको पाइन्छ–

प्लवा ह्चेते अदृढा यज्ञरूपा अष्टादशोक्तमवरं येपु कर्म।
एतच्छ्रयो ए अभिनन्दति मूढा जरा मृत्यु ते पुनरेवापियन्ति॥

अर्थात् अठार प्रकारका मानिएका यज्ञहरू वास्तवमा ससाना र निर्वलिया डुङ्गाका समान छन्। यी डुङ्गाहरूवाट समुद्रपार गर्न असम्भव छ। जसले यी यज्ञहरूलाई कल्याणकारी सम्झेर अनुष्ठान गर्दछन् ती मूर्ख हुन् र तिनीहरूले फेरिफेरि पनि बृद्धत्व र मरण प्राप्त गर्दछन्।[१७] मुण्डकोपनिषद्को उपर्युक्त उल्लेखले उपनिषद्कालमा सहज ज्ञान र सम्वुद्धि तथा बौद्धिक चिन्तनको विकास भएको कुरा देखाउँछ।

उपनिषद्को विकासक्षेत्रभित्र हाम्रो यो हिमवत्खण्ड नेपालको पूर्वी तराई र पश्चिमी तराईका फाँटहरू पर्दछन्। तापनि उपनिषद्को मुख्य र महत्त्वपूर्ण क्षेत्रका रूपमा गौरीशङ्कर हिमालको फेदी स्वरूपको तराई खण्ड रहेको देखिन्छ। यो खण्ड उपनिषद्कालीन विदेह हो। वैदिक संहिताहरूमा यो विदेहको धेरै उल्लेख भएको देखिन्छ। तैतरीय संहिताका व्याख्याकारले विदेहको अर्थ विशिष्ट देह सम्वन्धिनी भन्ने देखाएको छ।[१८] व्राह्मण ग्रन्थले विदेहलाई सुसंस्कृत र सभ्यरूपमा देखाएकाले विदेहमा गोपालनको विशेष व्यवस्था र विकास भएको कुरा विदेहको गाई उत्तरी भारतमा समेत विशेष रूपमा प्रसिद्ध रहेको भनी यजुर्वेद संहितामा भएको उल्लेखले दर्साउँछ। यही विदेहमा शतपथ व्राह्मणको सङ्कलन र सम्पादन महर्षि याज्ञवल्क्यले गरेको तथा यिनी राजर्षि जनकका विद्वद्सभाका अग्रगण्य विभूति रहेको कुरा परम्परा सिद्ध छ। विदेह राजा जनक स्वयं नै उपनिषद्कालीन वैदिक सभ्यता र संस्कृतिको महान् संरक्षक भएको तथा यिनको विद्वद्सभामा उत्तर भारतका विभिन्न ठाउँहरूवाट ऋषिमुनिहरू आउने गरेको कुरामा बृहदारण्यक उपनिषद्ले प्रकाश पारेको छ।[१९] यसबाट वैदिक संस्कृतिको विकास र संवर्द्धनमा तत्कालीन आर्य-जगत्मै नेतृत्व विदेहले नै लिएको देखिन्छ। विदेह र मिथिलाको उल्लेख पुराण, रामायण र महाभारतमा पनि परेको देखिन्छ। विदेहको सूत्रपातवारे–भविष्यपुराणले एक आख्यान प्रस्तुत गरेको छ। महर्षि वशिष्ठ मिथिलाका राजा निमिको यज्ञानुष्ठानका लागि आएकाले यज्ञानुष्ठान ऋषि गौतमले सम्पादन गराइरहँदा राजा निमि निदाइरहेको देखेर राजा निमि शरीरहीन हुने छन् भनी वशिष्ठले श्राप दिएको कुरा सो आख्यानले दर्साएको छ। विदेह शब्दको 'वि'ले विघट जनाउने हुनाले यसको मूल विघट-देह भएर विदेह हुन आएको सन्दर्भ उक्त आख्यानले देखाएको छ। राजा निमिको मृतदेहलाई ऋषिहरूले मथेर एक वालक जन्माएको, यही वालक मिथिका नामवाट प्रसिद्ध भएको र यिनैले विदेहको मिथिला नगर वसाएको आख्यान विष्णुपुराण र भविष्यपुराणले दर्साएको छ :

---

१७. मुण्डकोपनिषद्, (सं.) अ. ४ पृ. ९४
१८. वैदिक इन्डेक्स (भोलुम दुई) (अं) पृ. २९८
१९. वृहदारण्यक उपनिषद् (सं) ३– १-९

निमः पुत्रस्तु तत्रैव पुरि जननसामर्थ्यंत जनक साच कीर्तितः ॥

यसबाट राजा जनक नै विदेहका राजा भएको देखिन आउँछ। त्यसो त विदेहका राजाहरूमा धेरै जनकहरू भएर गएको हुँदा यो राजवंश नै जनक नामले प्रसिद्ध भएको बुझिन्छ। यसमध्येका प्रसिद्ध वैदिक सभ्यता र उपनिषद् जगत्को सर्वोत्कृष्ट स्थान प्राप्त गरेका जनक महर्षि 'उद्धालक' अरुणी र याज्ञवल्क्यका संरक्षकका रूपमा वृहदारण्यक उपनिषद्मा देखाइएका राजर्षि जनकलाई मानिन्छ। यिनै जनकलाई ठूला त्यागी भनिएको छ। यिनैलाई अशवलायन स्रौत सूत्रले सम्राट्को उपाधि अङ्कित गरेको छ।[२०] यिनैको विद्वद्सभामा महर्षि याज्ञवल्क्य र अरू प्रसिद्ध ऋषिमुनि तथा विदुषीहरूका बीचमा भएको दार्शनिक छलफलको प्रतियोगितावारे वृहदारण्यक उपनिषद्ले प्रकाश पारेको छ।[२१] यो प्रतियोगिता उपनिषद् जगत्को अविस्मरणीय घटनाका रूपमा र महर्षि याज्ञवल्क्य तथा उद्धालक अरुणी उपनिषद्रूपी व्योमका-चम्किला ताराहरूको रूपमा रहेका छन्। उपनिषद्कालका प्रणेता र उपनिषद् युगका अधिष्ठाता स्वरूप रहेका जनक राजाहरूको लामो वंशक्रम देखाइएको छ। यो वंशको कृति नामक जनक नै महर्षि याज्ञवल्क्यका समकालीन भएको देखिन्छ।

महर्षि याज्ञवल्क्य, महर्षि हिरण्यनाभको शिष्य भएको र यिनै हिरण्यनाभले कृतिजनकलाई २४ ओटा संहिताहरूको पठन-पाठन गराएको उल्लेख विष्णुपुराणमा पाइन्छ :

हिरण्यनाभशिष्यश्च चतुर्विंशतिसंहिताः ।
प्रोवाच कृतिनामाऽसौ शिष्येभ्यः स महामतिः ॥

वायुपुराणमा यिनै हिरण्य नामका शिष्य याज्ञवल्क्यलाई ५४ ओटा संहिता लेखेर दिएको उल्लेख पाइन्छ। महर्षि याज्ञवल्क्य र कृति जनकका बीचमा ठूलो मित्रता रहेको र दुवैले परस्परज्ञानार्जन गरेको उल्लेख वृहदारण्यक उपनिषद्मा पाइन्छ। यिनै जनकको दार्शनिक गोष्ठीमा याज्ञवल्क्य ठूला दार्शनिकका रूपमा देखा परेको, यसै गोष्ठीमा पाञ्चालका विद्वान् उद्धालकले पनि भागलिएको तथा उद्धालक अरुण र हिरण्यनाभ समकालीन भएकाले याज्ञवल्क्य महर्षि हिरण्यनाभका शिष्य र सहपाठी भएकाले वाहुदक्षिण समारोहमा कृतिले याज्ञवल्क्यलाई निम्त्याएको कुरामा वृहदारण्यक उपनिषद्ले प्रकाश पारेको छ। त्यसैले उपनिषद् जगत्का प्रकाशपुञ्ज राजर्षि जनक कृतिजनक हुन्। ऋषि कुशितकका पुत्र र आफ्ना शिष्य कोहदालाई उद्धालकले आफ्नी छोरी सुजाताको विवाह गरिदिएको र यही कोखवाट अष्टावक्र जन्मेको, अष्टावक्र जन्मनुभन्दा पहिले ऋषि कुशितकका पुत्र यी कोहदा अर्थार्जनका

---

२०. अशवलायन स्रौत सूत्र– १०-३-१४
२१. वृहदारण्यक उपनिषद्– २-४

लागि विदेहराज कृतिजनकका सभामा पुग्दा त्यहाँ उनले दार्शनिक वाद-विवादमा भाग लिनपरेको र सर्तअनुसार यो विद्वद्सभाका पण्डित वन्दिनले हराइदिँदा कोहदाले थुनामा वस्न परेको, त्यसको वाह्र वर्षपछि यिनका पुत्र अष्टावक्रले कृति जनकका वंशज अर्के जनकको विद्वद्सभामा वन्दिनलाई वाद-विवादमा हराएर आफ्ना वावु कोहदालाई थुनावाट छुटाएका कुराहरू महाभारतमा प्रकाश पारिएको छ।

यिनै विदेहराज कृतिजनककालीन औपनिषदीय विकास महत्त्वपूर्ण देखिन्छ। मोक्षोन्मुख तुल्याएको औपनिषदीय विचारधाराले वैराग्य र सन्न्यासससम्वन्धी परम्पराको सूत्रपात गरिदिएको हुँदा यो परम्परा पछि बौद्ध दर्शनमा आएर प्रचण्ड रूपमा देखा परेको छ। यसअघि संहिता र व्राह्मण ग्रन्थहरूमा सन्न्यास र वैराग्यका विचारधारा रहेको पाइँदैन। यज्ञकार्यवाट अलगिगएर वैदिक ऋषिहरूले जीवनका गहन तत्त्वमा विचार गरेको फल नै उपनिषद् हो। यही वैराग्यप्रधान विचारधारा हुर्केर उपनिषद्कालीन क्लिष्ट पुरोहितवादसँग यहाँको विचारधारा पन्छिँदै गएको हुनाले पछि गएर कुरुपाञ्चालका आर्यहरूले विदेहका आर्यहरूसँग घृणा गर्न थालेका हुन्। काशी, कोशल, विदेह र मगधका व्राह्मणहरूले वैदिक धर्म यज्ञलाई छेडेर यज्ञ र पशुहिंसा निषेध गरिएको एक नयाँ धर्मको प्रचार गरिरहेका हुनाले कुरुपाञ्चालका आर्यहरूले ती ठाउँहरूमा जानु हुँदैन, पूर्वीदेशमा समाज पतित भइसक्यो, त्यहाँ व्राह्मणको स्थान क्षत्रियले लिइसक्यो, त्यहाँका मानिसहरू संस्कृत शव्दको ठीक-ठीक उच्चारण गर्न सक्तैनन् तथा तिनीहरू र लाई ल या ड भन्दछन् भन्ने सिकायत गरेका कुराहरू शतपथ व्राह्मणले प्रकाश पारेका छन्।

यस्तो स्थिति भए पनि उपनिषद्को परम उत्कर्ष महर्षि याज्ञवल्क्यबाट यसै विदेहमा भई उनैले यस क्षेत्रको नेतृत्व पनि प्राप्त गरेको हुँदा पछि कुरुपाञ्चालका आर्यहरू पनि आफ्नो जिज्ञासा मेटाउन यहाँ आउन थालेका थिए। हिंसापूर्ण यज्ञ र वैराग्ययुक्त आत्म-विद्याका वीच पश्चिमी भारतमा सुरु भएको सङ्घर्षको फैसला राजर्षि कृतिजनक र याज्ञवल्क्यले यसै विदेहमा गरिदिएका हुनाले आत्मविद्याका क्षेत्रमा यी दुवैलाई सारा भारतमा नै दक्ष मानिन्थ्यो।

यसरी वैदिक आर्य-जगत्मा विशेष प्रतिष्ठा पाएको विदेह राष्ट्रको सम्मान पछिसम्म नै भइरह्यो। यहाँका शिरध्वज जनक पुत्री सीताको विवाह अयोध्याका राजकुमार रामचन्द्रसँग भएको र सीताले नारीरत्न भई आदर्श नारीको चरित्रले आर्य-जगत्मा ठूलो प्रभाव पारेको कुरा रामायणमा उल्लेख छ। यिनै चरित्र वलको पृष्ठभूमिमा रामायण एक प्रभावकारी साहित्यिक ग्रन्थ भएर अद्यापि रहन सकेको छ। विदेहको प्रतिष्ठा धेरै भएको हुनाले पछि पनि राजाहरूले गर्वपूर्वक यस थलोको उल्लेख गर्न पुगेका छन्। प्राचीन मगधका राजा उदयनलाई वैदेही पुत्र भनिएको छ। प्रसिद्ध नाटककार भासको नाटकमा पनि उदयनको यही नाम परेको छ। मगधराज अजातशत्रुको जन्म विदेह पुत्री राजकुमारी वासवीवाट भएको उल्लेख वौद्ध साहित्यमा

पाइन्छ। जैन धर्मका प्रतिपादक बर्धमान महावीर यसै विदेहका सुपुत्र भएको कुरा पनि जैन साहित्यबाट थाहा हुन्छ।

विदेह राष्ट्र पछिसम्म पनि सम्बृद्ध रहेको कुराको वर्णन जातकमा पाइन्छ। यो राष्ट्रमा १६ हजार गाउँहरू भएको र यसको मिथिला नगरको परिधि ७ ली तथा विदेहको परिधि ३०० ली भएको कुरा जातकले वर्णन गरेको छ।[२२] यसरी वेद सम्पूर्ण हिन्दू-जगत्का लागि नेपालको देन हो। हिमवन्त नेपालको शिखर र फेदीको देन हो। त्यस्तै उपनिषद् पनि सम्पूर्ण हिन्दू-जगत् र विश्वका लागि नेपालको अरण्यभूमि भूभाग तराई प्रदेश खास गरेर यो विदेह (जनकपुर) को देन हो।

विदेहबाट परिमार्जित वैराग्ययुक्त आत्मविद्याले उपनिषद्कालमै धौलागिरी, अन्नपूर्णा हिमालफेदीको तराईभूमिमा पनि प्रभाव पारेको बुझिन्छ। यस क्षेत्रको कपिलवस्तुलाई केन्द्र बनाएर मानुषी आदिवुद्धहरूले यस विचारधारामा अरू विस्तार गरिदिएको देखिन्छ। वैराग्य र तपश्चर्यामा उपनिषद्ले जोर दिएको हुँदा यही विचारधारामा परेर गौतम बुद्धले आफ्नो महाभिनिष्क्रमणपछि कठिन तपस्या गरेका थिए। साङ्ख्य तत्त्वज्ञानबाट निसृत उपनिषदीय मोक्षको सिद्धान्तसँग बौद्ध धर्मको कुनै मतभेद देखिन्न। मोक्षका लागि उपनिषद्मा निर्धारित साधनाका समान नै वौद्ध धर्मको निर्वाणमा व्यवस्था गरिएका छन्। वास्तवमा वौद्ध धर्मको उत्थान कुनै आकस्मिक घटना होइन। कर्मकाण्ड, हिंसायुक्त यज्ञाडम्वर र पुरोहितवादको क्लिष्टता र निरर्थकताका विरुद्ध उठिरहेको लौकिक विचारधारामाथि नै वुद्धधर्म चुलिएको हो। सीमित वर्गले अपनाएको धर्मका ठाउँमा सरलीकरणको माध्यम (मध्यममार्ग) अपनाएर जातिभेदलाई पन्छ्याई सर्वसुलभ गराएको धर्म बुद्धधर्म हो। बुद्धधर्मले जन्मान्तरवाद र कर्मफलवादलाई परम्परावाट जस्ताको तस्तै स्वीकार गर्छ। त्यसैले उनले आफ्ना उपदेशहरूमा तथागतरूपी बौद्ध अवतारलाई देखाउन पुगेका छन्। जीवन दुःखी छ र यो दुःख भोग्न मानिसले बारम्वार जन्म लिनु पर्ने हुन्छ। मानिस नाना कर्ममा प्रवृत्त हुन्छ र आफ्नो कर्मानुसार नै मृत्युपछि उत्तम या अधम योनीमा जन्म लिन्छ र यो जन्ममा पनि त्यसले जस्तो काम गर्दछ, जस्तो संस्कार आर्जित गर्दछ त्यही संस्कारले त्यसलाई नयाँ जन्म दिलाउँछ। निरन्तरको यो जन्मजालवाट मुक्त हुनका लागि चार आर्यसत्य र अष्टाङ्ग मार्ग अपनाइएको देखिन्छ। उपनिषद्को वेदान्तीधारालाई उनले आफ्नै किसिमले विश्लेषण गरी नवीन परिस्कार गरेका छन्। योग, साङ्ख्य र न्यायका कतिपय कुरालाई उनले स्वीकारेका पनि छन्।

स्वयं वुद्धले निर्वाणपछिको स्थितिवारे यस्ता कुरा व्यक्त गरेका छन्। वलि रहेको आगो निभेपछि जसरी हामी हाम्रो सामने वलिरहेको आगो निभेर कहाँ पुग्यो

---

२२. फोसवल, जानक (भोलुम तीन) पृ. ३६५।

भन्ने कुरा जान्न सक्तैनौं त्यस्तै कर्मसंस्कार समाप्त भएपछि जीवन कुन अवस्थामा कहाँ जान्छ भन्ने कुरा जान्न सकिन्न ।

दीपो यथा निर्वृतिमभ्युपेति नैवावनिं गच्छति नान्तरिक्षम् ।
दिशं न कांचिद् विदिशं न कांचित् स्नेह-क्षयात केवलमेति शान्तिम् ।
एवं कृति नृर्वृतिमम्युपेति नैवावनिं गच्छति नान्तरिक्षम् ।
दिशं न कांचिद् विदिशं न कांचिद् क्लेशक्षयात् केवलेमति शान्तिम् ॥

उपनिषद्को मोक्षको तात्पर्य जन्म र मरणको सम्भावना नै नरहने शाश्वत व्यक्तित्वको उपलब्धि हो र यही उपलब्धि बुद्धको निर्वाणको हेतु हो । निर्वाण यसरी वासना मुक्तिको नाम हो । निर्वाण कहिल्यै भङ्ग नहुने शान्ति हो ।

कतै कपिलपुर, कतै कपिलहवापुर र कतै कपिलवस्ति मानिएको यो कपिलवस्तु नगर सातपत्रे पर्खालले घेरिएको वर्णन महावस्तुमा पाइन्छ । यो नगर कपिलमुनिसँग सम्वन्धित रहेको कुरा दिव्यावद्वान्ले दर्साएको छ ।

यसै कपिलवस्तुका शाक्यराजा शुद्धोधन पुत्र गौतम वुद्धले प्रतिपादन गरेको वौद्ध धर्म रूपी व्यावहारिक मानवधर्ममा औपनिषदीय विचारधारा निहित रहेकोवाट वौद्ध धर्ममा परम्परागत विचारधाराको छाप रहेको देखाउँछ । तर उपनिषदीय परम्परा क्लिष्ट रहेर, वौद्धिक सङ्कट आई जनसाधारण अन्योलमा परेको स्थितिमा सुगम, सुवोध, अहिंसामुखी आडम्वरहीन, कठोर तपस्या र अतिभोगदेखि टाढाको व्यावहारिक धर्मको आवश्यकता भइरहेकोमा त्यस्तो आवश्यकताको मूर्तिस्वरूप बौद्ध धर्म प्रदान गरेर गौतम वुद्धले भारत, पूर्वीय देशहरू र अन्ततोगत्वा सारा विश्वलाई नै महान् देन दिएर विश्वमै आलोकित भएर नेपालको गौरव बढाएका छन् ।

उनले जनभाषामा मनुष्य दुःखी छ, दुःखको कारण छ, यसको निरोध सम्भव छ र यो निरोधको मार्ग पनि छ भनेर चार आर्यसत्यहरू दुःखनिरोध मार्गका रूपमा प्रस्तुत गरेका छन् :

१. जन्म, मरण, जरा र व्याधि, अप्रियजनसँगको मिलन, प्रियजनसँगको विछोड र इच्छित वस्तुको अप्राप्ति आदि सवै दुःख हुन् । दुःख आर्यसत्य हो ।

२. यो दुःख कारणमय छ, यो तृष्णामय छ, जन्म लिने तृष्णा, खुसी हुने तृष्णा, सुख भोग्ने तृष्णा । वास्तवमा तृष्णा र दुःख कार्य र कारण रूपमा छन् । दुःख समुदाय आर्यसत्य हो ।

३. दुःखनिरोध गर्ने भन्नु नै दुःखको कारण हटाउने हो । तृष्णाको त्याग र वासनावाट निर्लिप्त नहुनु दुःखमय कारणवाट मुक्त हुनु नै दुःखनिरोध हो । आर्यसत्य हो ।

४. यो दु:खनिरोधको मार्ग दु:खनिरोध गामिनी प्रतिपाद आर्यसत्य नै दु:ख छुटाउने मार्ग हो। यसमा आठ प्रकारका आचरणहरूको व्यवस्था गरिएका छन्। यसैले यसको नाम अष्टाङ्ग-मार्ग भनिएको छ।

(क) सम्यक् दृष्टि, त्यसमध्येको एक मार्ग हो। उपर्युक्त चार आर्यसत्यमा अटल विश्वास राख्नाले यो सम्यक् दृष्टि पाउन सकिन्छ।

(ख) सम्यक् सङ्कल्प, निष्कर्मता, अद्रोह र अहिंसाको सङ्कल्प नै सम्यक् सङ्कल्प हो।

(ग) सम्यक् वचन, झूटो नवोल्नु, चुक्ली नगर्नु, कडा वचन नवोल्नु र बकवास गर्नुबाट बच्नु नै सम्यक् वचन हो।

(घ) सम्यक् कर्मान्त, प्राणीको हिंसा नगर्ने, कुनै वस्तु दिनेले नदिई नलिने, दुराचारबाट बच्ने आदि सम्यक् कर्मान्त हुन्।

(ङ) सम्यक आजीविका, रोजगार चलेकै भए पनि धर्म नबिगार्ने अर्को रोजगार अपनाउनु हो।

(च) सम्यक् व्यायाम, मानसिक दोषहरूलाई पराजित गरेर व्यक्तित्वलाई निर्मल र पूर्ण वनाउन प्रयास गर्ने।

(छ) सम्यक् स्मृति, शारीरिक वुढ्याइँ, रोग र पापको बीज सम्झेर वासनाको दलन र ज्ञानको विकास गर्ने।

(ज) सम्यक् समाधि, शान्ति र एकाग्रद्वारा आफूले आफैंलाई चिन्न कोसिस गर्ने। यो आत्मज्ञानबाट सुखदु:ख दुवैबाट अलिप्त रहने भावनाको विकास गर्ने।

यसरी बौद्ध धर्मले आचारपक्षमा वढी महत्त्व दिएको हुनाले यो धर्म आचार-धर्म हुन गएको छ।

माथि उल्लेख गरिएका हिमवत्खण्डका सम्पूर्ण सांस्कृतिक गतिविधिमा किराँतीहरूको पनि देन रहेको छ। किराँत भन्ने नाम वाहिरवाट प्राप्त भएको होइन। किराँत हिमवत्खण्डकै अभिन्न अङ्ग हो। किराँतेश्वर शिवको रूपमा आर्यहरूमा पुजिएको प्रथा नै यसको उदाहरण छ। हिमवत्खण्डका एक बासिन्दा यी किराँतीहरूको यस देशमा विशेष स्थान छ। यहाँ झन्डै ३२ जना किराँती राजाहरूले प्रागैतिहासिक कालमा राज्य चलाएको र पछि यिनीहरूमाथि लिच्छविहरूले विजय गरी यहाँ लिच्छवि राज्य वसाएको वर्णन गोपाल वंशावलीमा पाइन्छ।[२३]

अथ सूर्यवंशप्रभवात् नेपाल किरातान् निर्जित्य लिच्छवि वंश प्रवर्तते।

नेपालका ऐतिहासिक प्राचीन दरवारहरूमध्ये एक दरबार किराँतीहरूको

२३. कर्क पेट्रिक, पिपुल अफ नेपाल

दरवार रहेको र त्यो पुरानो भइसकेको उल्लेख परेको लिच्छवि कालको एक अभिलेखमा पाइन्छ। यो अभिलेख लिपिका दृष्टिले अंशुवर्माकालीन भएको वुझिन्छ।

विविधशकुन्त पशु...ड...कृतयुद्धरुह...तक किराँत वर्ष घर कर...य...चिरन्तन लिच्छविराज कारित पुरातनवृत्ति भेटैं। रूपेक्षितं (लिच्छविकालीन अभिलेख)

यी उपर्युक्त उल्लेखसहित काठमाडौं उपत्यका र यसका वरपरका बस्ती, पर्वत, नदीनाला, सरकारी अड्डाहरू, वनजङ्गल आदिका यथेष्ट नामहरू किराँत ध्वनिमा पाइएका र ती नामहरू किराँत परम्पराबाट प्राप्त गरेर लिच्छवि अभिलेखहरूमा उल्लेख गरिएका हुनाले यहाँ किराँती सभ्यता र संस्कृतिले हिमवत्संस्कृतिमा विशेष स्थान पाएको देखाउँछ। हिमवत्खण्डका रूपमा रहेको किंपुरुषसमेत भनिएको किराँतकालीन यो हिमाली खण्डको नाम पछिल्लो चरणमा आएर नेपालको रूपमा देखा परेको हो। **अथर्व परिशिष्ट** सम्भवतः किराँत कालमा रचिएको हो। यसलाई कौटिल्यको अर्थशास्त्रभन्दा अगाडिको ग्रन्थ मानिन्छ। यसैमा सर्वप्रथम नेपाल नामको उल्लेख परेको छ।

नेपाल कामरूपं विदेही उदुम्वर तथा, तथावन्त्य कैक्यश्च उत्तर पूर्वेहते हन्यात्।[२४]

वर्तमान पृथ्वीको मानचित्रमा हिमालयपर्वतमालाको दक्षिणी काखमा रहेको भित्री प्रदेश (भावर) र तराईको सपाट मैदानसमेत सम्मिलित रहेको पूर्व मेचीदेखि पश्चिम महाकाली नदीका वीचको भूभाग आज नेपाल अधिराज्यको रूपमा विश्व प्रसिद्ध भएको छ। पहिले यसको क्षेत्र निकै फराक थियो। यो नेपाल अधिराज्य जनसंरक्षणमा रहेर परापूर्वकालदेखि नै स्वतन्त्र देशको रूपमा रहेको हुनाले प्राचीन कालदेखि अहिलेसम्म प्रायः देशवाची भएरै 'नेपाल' शब्दको प्रयोग भएको छ।

प्राचीन ग्रन्थहरूमा हाम्रो देश नेपालको अरू नामहरू पनि रहेको पाइन्छ। सत्ययुगमा नेपालको नाम सत्यवती रहेको, त्रेतायुगमा तपोवन रहेको, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल नाम रहेको उल्लेख भृगुतन्त्रमा देखिन्छ।[२५] यो नेपालको अर्को नाम कींपुरुष देश रहेको उल्लेख पनि श्रीमदभागवतमा पाइन्छ। यसो भए तापनि धेरै मात्रामा, अनेकौं प्राचीन ग्रन्थहरूमा यो देशको नाम नेपाल नै दिइएको पाइन्छ। पशुपति पुराण[२६] गण्डकी महात्म्य[२७] मञ्जुश्री मूलकल्प[२८] वराह

---

२४. अथर्व परिशिष्ट (कर्म विभाग) वेवर (भाग–१) पृ. ९३

२५. सत्ये सत्यवती यत्र त्रैतायांतु तपोवनम्।
द्वापरेमुक्तिसोपानं कलौ नेपालिका पुरी॥ मृ.तं.

२६. अयं सह हि हिमवत्कुक्षौ। नेपाल इतिचोच्यते॥

२७. पांग्स्त्र विजयी नेपः शिवभक्तो महामतिः।
समाराध्य शिवं तत्र नेपालस्तेन निर्मितः॥ गम.

२८. भविष्यति तदा काले उत्तरांदिशिमाश्रितः।
नेपाल मण्डले ख्यात हिमाद्रे कुक्षमास्थिते॥ श्लोक ५४९

पुराण[२९] अथर्व परिशिष्ट[३०] र कौटिलीय अर्थशास्त्रका[३१] उल्लेखहरू यसका केही उदाहरण हुन्। देशवाची प्रयोगको स्पष्ट रूप कौटिलीय अर्थशास्त्रमा उल्लेख छ। जस्तो :

अष्टप्लोति सङ्घात्या कृष्णा मिंगिंसी वर्षवारणमयसारक इति नेपालिकम।

'नेपाल' नामको यो देशवाची प्रयोगले नेपाल अधिराज्यको प्राचीनतम अस्तित्वलाई देखाउँछ र अविच्छिन्न रूपमा नै 'नेपाल' रहेको देखिन आउँछ। साथै यो देशको प्राचीन इतिहास, वंशावली र यससम्वन्धी अन्य सन्दर्भहरूले नेपाल सदा नै एक अधिराज्यका रूपमा कायम रहेर आएको कुरा स्पष्टै देखाउँछ र काठमाडौं उपत्यकालाई मात्र दर्साउँदैन।

यो प्राचीनतम अधिराज्यको परापूर्व कालदेखिको नाम नेपालको व्युत्पत्तिका सन्दर्भमा केही उल्लेखहरू पाइन्छन्। जस्तै :

ने नाम्ना मुनिनां पूर्व पालनात्पुण्यकर्मणा।
इदं हि हिमवत्कुक्षौ नेपाल इति चोच्यते॥[३२]

यहाँ 'ने' नामका मुनिले पालन गरेको देश हुनाले यो देशको नाम नेपाल रहेको हो भनिएको छ। यस्तै गरी, 'नेमी' नामका मुनिले पालन गरेको यो हिमालीकाखको नाम 'नेपाल' रहेको कुरा पनि नेपाल महात्म्यमा यसरी दर्साइएको छ–

नेमिना मुनिना यस्मात् पालितम् पुण्यकर्मणा।
क्षेत्रं हिमवत: कुक्षवती नेपाल संक्षकम्॥[३३]

नेपाल नामको व्युत्पत्तिका वारेमा अन्वेषक प्राज्ञ ज्ञानमणि नेपालले 'निप' जातिको आदिथलो नेपाल भएको तथ्य अघि सार्नुभएको छ। उहाँले आफ्नो ग्रन्थ **नेपाल निरुक्त**मा यस प्रकारको चर्चा गर्दै पानी कम हुने उचा पाखोलाई स्थलवस्तीको अर्थमा 'निप' प्रयोग भएको, नेप नामक ग्वालाको गाईले दूधधाराद्वारा सिञ्चन गर्ने ठाउँमा पशुपतिको ज्योतिर्लिङ्ग प्रकट भएको आख्यान, पारकोटे राजाका छोरा निपले शासन गरेको हुँदा नेपाल भनिएको, मणिकवर्धनले गोपालवंशलाई आभीर र नेप उल्लेख गरेको जस्ता तथ्यहरू अघि सार्दै वैदिक साहित्यमा समेत निप शब्द पाइने र

२९. अहं पुन: शैलवत: पादे हिमवत: शुभे।
नेपालाख्ये समुत्पत्स्से स्वयमेव महीतलात्॥ अं ११५ श्लोक ३९

३०. नेपाल काम-रूपं विदेशोदुम्वर तथा...। कूर्म विभाग

३१. कौटिलीय अर्थशास्त्र अघि २ अ. ११ प्र. २९ पृ. १२६

३२. पशुपति पुराण– नेपाल महात्म्य, अ. ११, श्लोक ४१

३३. पशुपनि पुराण– नेपाल महात्म्य अं ११ श्लोक ६१

त्यसको अर्थ पहाडको तल्लोभाग हुन्छ भनी यजुर्वेदका भाष्यकार महिधरले लेखेको कुरा उल्लेख गर्नुभएको छ। महिधरले भनेको पहाड उच्च हिमाली शृङ्खलालाई नै हुनुपर्छ। पतञ्जली भाष्यले पनि 'निप' शब्दको अर्थ अभिजन, देश र वासिन्दालाई समेत बुझाएको, कालिदासको महाकाव्य हरिवंशमा निपजातिको वर्णन भएको र निपजाति गणप्रथामा आवद्ध रहेका तथ्यहरू अघि सार्दै निपहरूले आवाद गरेको अथवा वसोवास गरेको देश नेपाल भनिन थालेको हो।[३४]

नेपाल राष्ट्रको नामकरणका सन्दर्भमा प्रचलित अन्य कतिपय किम्वदन्ती इतिहासकार तथा विवेचकहरूका कथनहरूको पुनरावृत्ति जरुरी नहोला, किनभने मानव-विकासको दृष्टिमा पनि निपजातिद्वारा आवाद गरिएको र पालन गरिएको सामाजिक भूमि नेपाल हुनु स्वाभाविक र तथ्यको निकट देखापर्दछ। यो देश नेपालको पालनकर्ता शासकहरूका सन्दर्भमा गोपाल वंशावलीले सर्वप्रथम गोपालवंशी निपजातिका राजाहरूको नाम उल्लेख गरेको पाइन्छ।[३५] यस उल्लेखमा उनीहरूलाई गुप्त थर भएका भनी उल्लेख गरेको पाइन्छ। तर ती गुप्त थिएनन् निपहरू थिए। दक्षिणका पशुपालक आभीरहरू मात्र गुप्तवंशका थिए। प्रथम राजाका रूपमा भुक्तमान र अन्तिम राजाका रूपमा विष्णुगुप्तलाई देखाइएको छ। आभीर-गुप्त राजाहरूमा तीन जनाको नामोल्लेख गरिएको पाइन्छ। यसरी नेपाल अधिराज्यका पालनकर्ता शासकहरूको त्यस्तो क्रममा ३२ जना किराँती राजाहरूको नामावली उक्त वंशावलीले प्रस्तुत गरेको छ।[३६] भगवान् गौतम वुद्धका जीवनकालमै उनका चेलाहरू तत्कालीन व्यापारी सार्थवाहहरूका साथ नेपालमा पसेको घटना 'मूलसर्वास्तिवादविनयसङ्ग्रह'मा उल्लेख गरिएको छ। यसले ती वुद्ध शिष्यहरू श्रावस्तीबाट नेपाल आएको सङ्केत पनि दिएको छ।

मौर्यकालीन उत्तर भारतको नगर पाटली पुत्रमा निर्यात गरिने आठपाटे कालो घुमराडी र पानी नछिर्ने अपसारक नामको राडी नेपाली वस्तुको रूपमा देखाइएकोवाट त्यस क्षेत्रमा यी वस्तुहरू किराँतकालदेखि नै निर्यात हुँदै गरेको वुझिन्छ। यी किराँतहरूले वाग्मती नदीका सिरानको उपत्यका वर्तमान काठमाडौँ उपत्यकालाई केन्द्र वनाएर आफ्नो सभ्यता र संस्कृतिको विकास गरिरहेका थिए। किराँतकालमै वुद्धको निर्वाणपछि कपिलवस्तुको विध्वंश गरिँदा भागेर आएका शरणार्थीहरूलाई र सम्भवतः रामग्रामका कोली र कपिलवस्तुका शाक्यहरूलाई भेट्न

---

३४. ज्ञानमणि नेपाल, नेपाल निरुक्त (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०४०) पृ. १७-१८

३५. हिमवत्संस्कृति वर्ष १ अङ्क १ पृ. ९

३६. हिमवत्संस्कृति वर्ष १ अङ्क १ पृ. ९

गौतम बुद्धका मुख्य शिष्य आनन्द भिक्षु यहाँ आएको उल्लेख पनि पाइन्छ।[३७] त्यस्तै चन्द्रगुप्त मौर्यका समयमा अनिकालले सताइँदा जैन महात्मा भद्रबाहु यो उपत्यकामा आएर बसेको उल्लेख पनि पाइन्छ। यसरी यो उपत्यकालाई केन्द्र बनाएर खडा भएको यो देश नेपालमा किराँतीहरूले राज्य गरिरहेका थिए र यो हिमवत्खण्डको प्रभावक्षेत्रबाहिर रचिएका ग्रन्थहरूमा किराँतलाई अन्य विदेशीसरह नै यज्ञोपवीत क्रियाहीन भई क्षत्रियबाट शुद्र हुन पुगेको रूपमा प्रस्तुत गरेको पाइन्छ। तर तागाधारीसरह जनै लगाउने किराँतहरूमा स्वामी प्रपन्नाचार्य सुप्रसिद्ध ब्राह्मण बन्न पुग्नुभएको र सर्वस्वीकार्य हुनुभएको तथ्य हाम्रै सामुन्नेमा. छ।

हिमाली काखको यो देश नेपाल आज विश्वको एउटा स्वतन्त्र सार्वभौम सत्तासम्पन्न देशका रूपमा रहेको छ। यस देशका वासिन्दाहरूमा शरीरको बनोट र रूपका हिसाबले आर्य नस्लका मानिसहरू एक-अर्कोबाट प्रभावित भएर रहेका छन्। प्राचीन किराँतहरू र आर्यहरू एकै थलोको बसाइ, एकै ठाउँको खेती, एउटा धारापानीको व्यवहार र निकटतम सम्बन्धले गर्दा समयको फेरमा यी दुई नस्लहरूमा स्वभावत: रक्तमिश्रणसमेत भएर आएको हुँदा यी दुवैलाई कतिपय सन्दर्भमा छुटचाउन गाह्रो भइसकेको छ भन्नुमा अत्युक्ति होओइन। एकै गाउँको जीवनयापन एउटै जन्मभूमि र एउटै कर्मभूमि भएकाले समयको क्रममा दुई नस्लको सम्मिश्रणवाट एकै रूप हुन पुगेकाले यी सवै 'नेपाल'का नेपाली भएका हुन्। देशीय उत्पत्तिका दृष्टिले नेपाल रहेको हिमाली भूखण्ड नै आदिमानव उत्पत्तिको थलो भएको कुरा पहिले उल्लेख भइसकेको छ। यस सन्दर्भमा आर्य, मङ्गोल र अन्य जातिहरूको सम्मिश्रणको देश यही हो भन्न सकिन्छ।

यथार्थमा हाम्रा पुर्खाले आआफ्ना जीवनकालमा यो नेपालको निर्माण गरी हामीलाई 'नेपाली' बनाउन महान् परिश्रम र वुद्धि खर्चेका छन्। यसको लेखाजोखाको विस्तृत वर्णन यहाँ गरी साध्य छैन। तैपनि हाम्रा पुर्खाले भीर-पहरा, पहाड र जङ्गलले भरिपूर्ण यो थलोलाई देश वनाउनका लागि आफ्नो महान् परिश्रमद्वारा जङ्गल फाँडेर, डाँडा सम्याएर, ठाउँठाउँमा गाउँवस्ती वसाएर, खोरिया फाँडेर, खेत पाखो वगैँचा वनाएर, खेती गरेर, दुर्गम पहाडमा समेत सहज आवागमन गर्न सकिने गरी वाटो वनाएर, उद्योग तथा वन्द व्यापार खुलाए। खेतीको विकासका निमित्त भीर पहरो काटेर कुलो वनाए। दुर्गम पहाडमा विचरण गरेर पहरो फोरेर धातुका खानी खने, फलाम तामा आदि धातु निकाली त्यसको परिमार्जन गरी घर-व्यवहार, कृषि, उद्योग र अन्य हतियार तथा औजारहरूसमेत वनाए। विभिन्न भू-भागमा विचरण गरेर थरी-थरीका नयाँनयाँ वीज-वीजन आदि, रूख-विरुवा ल्याएर अनाज फलफूल र

---

३७. मूलसर्वास्तिवादविनयसङ्ग्रह– अ. २१, पृ. १००

कपास आदिको खेतीसमेत गरी यो थलोलाई धनधान्यपूर्ण गरेर गुल्जार पारी यहाँका गाउँ बस्तीहरूको सुधार गरी नगरहरूको विकास गरे। समय-समयमा परिआएका प्राकृतिक प्रकोपवाट यस थलोको उद्धार गरे। वाह्य आक्रमणहरूको मुकाविला गरे। एक-एक पाइला भूमिका निमित्त आफ्नो जीवनको वाजी लगाएर आफ्नो देशको रक्षा गरी जीवन सार्थक पारे। आफ्नो रगत पसिना वगाएर निर्माण गरेको यो देशमा हाम्रा पुर्खाले आफ्नो भाषा, साहित्य, कलाकौशल, वन्द-व्यापार, उद्योग, धर्म-कर्म, संस्कार, रहन-सहन, चालचलन, व्यवहार आदि सवैको विकास गरी आफ्नै रूपको संस्कृतिले यस देशलाई अलङ्कृत एवं सुसज्जित पारे र नेपाली संस्कृतिको विकास र विस्तारलाई आजको अवस्थासम्म ल्याइपुऱ्याए।

□



नेपाली वाजा- इष्टका तरङ्ग

धार्मिक सहिष्णुता : नेपालको परम्परागत सांस्कृतिक वास्तविकता

नेपाली संस्कृतिको हिमाली भूखण्डका विविध जातीय परम्परासँग गहिरो सम्बन्ध रहेको छ। नेपाली जनजीवन, नेपाली मान्यताहरू र नेपाली संस्कार विभिन्न विश्वासद्वारा प्रभावित भएका पाइन्छन्। यस विशिष्टतालाई अलग्याएर हाम्रो संस्कृतिको सही रूप के हो भन्ने जान्नलाई पनि कठिन पर्दछ। संस्कृतिको एउटा अङ्ग धर्म हो। यहाँ धर्म भन्नाले सम्पूर्ण नेपालीले मानिआएको परम्परादेखिको विभिन्न विश्वासलाई र त्यस विश्वासद्वारा सञ्चालित धार्मिक परम्परालाई उल्लेख गर्न खोजिएको छ। सङ्कुचित र सीमित धर्म वा धर्म मान्ने समुदायलाई होइन। यहाँ हिन्दू होस् वा वौद्ध होस् अथवा इस्लाम र अन्य कुनै धर्मावलम्वी पनि किन नहोस् आफ्नोआफ्नो धर्मस्थल र धार्मिक कार्यकलापहरू स्वतन्त्ररूपले गर्न पाउनाको कारण हाम्रो राजसंस्थाको सवै धर्मावलम्वीहरूप्रतिको सद्भावना र संरक्षकत्व रहेकाले नै सम्भव हुन सकेको हो। यही कुरालाई इतिहास र आजको व्यवहारले पनि पुष्टि गर्दछ। 'राजा सवैको साझा' भन्ने जनधारणा र सम्पूर्ण देश **चार जाति छत्तीस प्रजातिको फूलबारी** हो भन्ने राजाको उद्‌गार र धारणाले गर्दा जुनसुकै जाति, जुनसुकै नस्ल, वर्ण र धर्मको व्यक्ति किन नहोस्, ऊ राजाको आँखामा समान प्रजा हो र उसको हित, परम्परा र धर्मको संरक्षण गर्नु राजाले आफ्नो परम कर्तव्य ठानेको नेपालमा मात्र पाइन्छ। त्यसैले राजमुकुटवाट सधैँ आफ्नो धर्म स्वतन्त्ररूपले मान्न पाउने तर कसैले पनि अर्को धर्ममा हस्तक्षेप गरी धर्म परिवर्तन गराउन नपाउने व्यवस्था हाम्रो देशमा छ। यो नेपालको सांस्कृतिक परम्पराको मौलिक धार्मिक स्वरूप मान्न सकिन्छ।

नेपालमा विभिन्न धर्म र धर्मावलम्वीहरू युगौँदेखि रहिआए तापनि धर्मको नाममा नेपालीहरू लडभीड गर्दैनन् भन्ने कुरा इतिहासले प्रमाणित गर्दछ। हाम्रो देशमा प्रचलित धर्महरूमध्ये हिन्दूधर्मलाई मात्र हेर्ने हो भने पनि धर्मका विभिन्न सम्प्रदाय र मार्गहरू भएको हामी पाउँछौँ– वैष्णव, शैव, शाक्त, गणपत्य आदि। यी

सबै मार्गहरू विभिन्न भए पनि मूल लक्ष्य सबैको एउटै हो। हिन्दूधर्ममा भएका जातीपातिसम्वन्धी व्यवस्थाहरू जुन आज समसामयिक हुन सक्ने ठहरेनन् तिनीहरूलाई श्री ५ महेन्द्रवाट वक्सेको मुलुकी ऐनले समाप्त गरी कानुनी रूपमा नेपाली-नेपाली एक हौं भन्ने कुरा पुष्टि गरेको हामी पाउँदछौं। यदि परम्परातर्फ नै हेर्‍यौं भने पनि जातीय भेदभाव हिन्दूधर्ममा अन्यत्रभन्दा नेपालमा ज्यादै कम पाइन्छ। यहाँ ब्राह्मण मात्र पुजारी हुँदैनन्, मगर, गुरुङ, थारूहरूका साथै सबैभन्दा तल्लो जात गनिएको पोडे पनि केही मन्दिरका पुजारी भएको हामी पाउँदछौं। वौद्ध धर्मावलम्वी लामालाई हिन्दूहरूले समेत धर्मगुरुका रूपमा आदरको दृष्टिकोणले हेर्दछन्।

हिन्दूहरू बुद्धलाई विष्णुको नवौं अवतार मानेर पूजाआजा गर्दछन् भने वौद्ध धर्मावलम्वीहरूले पनि हिन्दू देवदेवी तथा ताराको उपासना गर्दछन्। हरेक वौद्ध धर्मावलम्वीले वर्षेनी श्रीपशुपतिनाथको दर्शन गर्ने चलन पनि कायम भएको पाइन्छ। वौद्ध र हिन्दूहरूले कुनै पनि देवकार्य वा पितृकार्यमा राजालाई मान-मनितो गर्दछन् किन कि राजालाई देवता मानिएको छ। बौद्धहरूले सम्पूर्ण पर्वहरूमा ईश्वरीय अंश सम्झी श्री ५ महाराजाधिराजको पूजा र आदर गर्छन्। जुनसुकै धर्मावलम्वी भए पनि सम्पूर्ण नेपालीहरू विजयादशमीको पर्वमा श्री ५ महाराजाधिराजका वाहुलीवाट टीका-ग्रहण गर्दछन्। मौसुफ सरकारबाट वक्सने विजयाको प्रसादस्वरूपको टीका थाप्न नेपालीहरू सवै नै उत्सुक र इच्छुक हुने र टीका वक्सने परम्परा पनि धार्मिक एकताको अनुपम उदाहरणका रूपमा हामी पाउँछौं। यहाँ विभिन्न धर्महरूले समान आश्रय पाएको र संरक्षण भएको तथा धार्मिक कलह कहिल्यै नभएको र आपसमा आदर गर्ने जनभावनाले गर्दा राष्ट्रिय एकता र 'हामी सबै नेपाली हौं' भन्ने भावना हुर्किएको हो। कहिलेकाहीँ क्षुद्र स्वार्थमा लागेर परस्पर जातीय वैमनस्यका कुरा गर्नेहरूले साम्प्रदायिक सद्भाव विथोल्ने चेष्टा गरे पनि त्यस प्रकारका विकृति सफल नभएको कुरा नेपालीहरूका लागि गर्वको विषय हुन आउँछ।

धार्मिक दर्शन र परम्परा

सनातन धर्मको प्राचीनतम र पवित्र ग्रन्थ वेद हो। यसैवाट नेपालीहरूका आचारहरू, संस्कारहरू तथा जीवनचर्याको निर्धारण भएको कुराको पुष्टि हुन्छ। यसर्थ हाम्रो धर्मको मूल वेद हो। वेदलाई अपौरुषेय अर्थात् कसैले वनाएको होइन व्रह्माले सम्झेर भनेका हुन् भन्ने मत छ भने कसैले यो वेद विभिन्न ऋपिमुनिहरूका अनुभव, आराधना, चिन्तन र मननका उद्‌गारस्वरूप विभिन्न सूक्तमा अभिव्यक्त भएका मन्त्रहरू हुन् भन्ने तर्क दिएका छन्। यस कारण ऋपिमुनिहरू जसले वेदको अध्ययन-अध्यापनमा जीवन विताए 'उनीहरूलाई मन्त्रद्रष्टा' भनेर हिन्दूहरूले स्वीकार

गरेको पाइन्छ। नेपालका धर्महरूमध्ये **सनातन धर्म** प्रमुख रूपमा रहेको छ। यसअनुसार हाम्रो धर्मले वर्णाश्रम व्यवस्था स्वीकार गरेको छ। वर्णाश्रम व्यवस्थामा वर्णअन्तर्गत ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्ण हुन्छन् र आश्रमअन्तर्गत ब्रह्मचर्य, गृहस्थ्य, वानप्रस्थ र सन्न्यास गरी जम्मा चार आश्रम हुन्छन्। यिनै वर्ण र आश्रमको अधिकार र कर्तव्यव्यवस्थालाई वर्णाश्रम व्यवस्थाको रूपमा निर्धारित गरिदिएको हामी पाउँछौं। ऋषिमुनि ब्राह्मणजाति नै हुनुपर्छ भन्ने होइन, कर्मले ब्राह्मण हुने प्रचलन पौराणिक कालमा पनि थियो र जुनसुकै जातिका भए पनि ब्रह्मज्ञानी विद्वान्लाई ब्राह्मण मानिन्थ्यो। धर्म धारण गर्नुमा अडिएको थियो। यी कुराहरूको वेदमा व्याख्या भएको छ। यस कुरालाई मनुले यसरी पुष्टि गर्दछन्– सबै वेद, वेद जान्ने मनु आदिहरूले भनेका स्मृति, तेह्र प्रकारका शील, साधुजनका आचार र आफ्नो मतले धर्मशास्त्रको जुन पक्ष लिन्छ त्यो नै धर्मको प्रमाण हो।[३८] यही कुरालाई स्पष्ट गरेर यिनी पछिका अर्का महर्षि याज्ञवल्क्यले धर्मको यसरी प्रतिपादन गर्दछन्– श्रुति, स्मृति, सदाचार, शास्त्रको पक्ष बाझेमा आफ्नो अनुकूल पक्ष र विवेकपूर्ण सङ्कल्पबाट हुने भावाचार धर्मका मूल हुन्।[३९] यस प्रकार धर्मका यी मूल कारणहरूमा वेदलाई नै प्रमुख स्थान दिइएको कुरा प्रमाणित हुन आउँछ।

हाम्रा पूर्वजहरूले सबैभन्दा ठूलो कुरा धर्ममा विचारस्वतन्त्रता दिएकाले यहाँ एउटै व्यक्ति धर्मप्रवर्तक नभई विद्वान् ऋषिमहर्षिहरूले मानव कल्याणका निम्ति भने गरेका कुरा नै सनातन धर्मका रूपमा स्वीकृत भएका छन्। वेदमा रहेका वाक्यलाई पनि मीमांसा गरेर नै स्वीकार गरी अर्थ गर्ने व्यवस्था छ। वेदका कर्मकाण्ड र ज्ञानकाण्ड दुवै भागको पूर्वमीमांसा र उत्तरमीमांसाले अर्थ गरेको छ। पूर्वमीमांसाका सूत्रकार महर्षि जैमिनिले वाह्र अध्यायमा हजार अधिकरण बनाई त्यसबाट वेदको र धर्मशास्त्रको व्याख्यान गर्न ठूलो सघाउ पुऱ्याएका छन्। उनले वेदविहित यागादि क्रियाकलाप नै धर्म भनेर व्याख्या गरेका छन्।[४०] यस्तै परमाणुवादी दार्शनिक कणादले जसवाट अभ्युदय र निःश्रेयस हुन्छ त्यही धर्म हो भनेका छन्।[४१] भौतिक परमाणुवादलाई सर्वप्रथम प्रतिपादन गर्ने आचार्य कणादको धर्मको स्वरूपनिर्धारणबाट धर्म अव्यवहार्य कुरो होइन र जीवनमूलक नै हो भन्ने देखाउँछ। उनका अनुसार यस

३८. वेदोखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।
आचारश्चैव साधूनामात्मसतुष्टिरेव च॥ मनु., २

३९ श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
सम्यक्सकल्पजः कामो धर्ममूलमिदं स्मृतम्॥ याज्ञ., १।७

४०. चोदनालक्षणोऽर्थो धर्मः। जैमिनिसूत्र, १।१।१

४१. यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः। वैशेषिकसूत्र, १।१।२

लोकमा अभ्युदय र परलोकमा मुक्ति जसले सिद्ध गर्छ त्यही धर्म हो। द्वैपायन व्यासले त परोपकारलाई नै धर्म भनेको पाइन्छ।

नेपाललाई उपनिषद्‌को पनि उद्‌गमस्थल मानिएको छ। उपनिषद्‌ले धर्मको तीन स्कन्ध मानेर आफ्नो विचार प्रकट गरेको पाइन्छ।[४२] धर्मका तीन स्कन्ध हुन्– यज्ञ, अध्ययन र दान। पहिलो स्कन्ध तप हो, दोस्रो वह्मचर्यका निमित्त आचार्यकुलमा बस्नु र तेस्रो जिन्दगी नै गुरुकुलमा विताउनु हो। सन्न्यासीले चाहिँ व्रह्ममा रहेको अमृत-तत्त्व प्राप्त गर्छ। यसरी धर्मका वारेमा हामीले विभिन्न पक्षलाई हेर्‍यौँ। तर हाम्रो धर्मले हामीलाई सनातन अर्थात् अविनाशी भनेको छ। यो कुरा किन सम्भव हुन सक्तछ भने हामीले धर्मलाई एक व्यक्तिको विचारकै आधारमा सीमित नगरी युगधर्मलाई पनि मान्यता दिएका छौँ र कति कुराहरू समय बितेकाले अब त्यसो गरे पाप लाग्छ भनेर अघि धर्म मानिएकालाई पछि रोक पनि लगाएका छौँ। जस्तो कि नरबलि र सतीप्रथा नै भनौँ न ! यस्तो प्रगतिशीलताले गर्दा यसलाई सनातन भन्न सकिन्छ। समसामयिक रूपमा परिवर्तन हुनु हाम्रो धर्मको गुण हुनाले यो सनातन धर्म हुन सकेको हो।

हाम्रो धर्मको प्रमुख स्रोत वेद हो भन्ने कुरा त उल्लेख भएकै छ। सोअनुसार यदि वेदविरोधी कुराहरू स्मृति र सदाचारमा छन् भने ती प्रामाणिक हुँदैनन् भनी आचार्यहरूले निर्णय गरेका छन्। अब वेदविहित धर्मलाई हेर्दा वर्णव्यवस्थालाई वेदले मान्यता दिएको पाइन्छ।[४३] जस्तै परमपुरुषको व्राह्मण मुख भए, क्षत्रियलाई वाहु वनाए, वैश्य चाहिँ उरु भए र पाउवाट शूद्र जन्मे। यसले दुई कुरालाई सङ्केत गर्छ। एक त ज्ञानको सर्वोच्चता दर्साउँदै चार वर्ण मानेको वैदिककालदेखि नै हो भन्ने र अर्को समाजको तात्कालिक व्यवस्थामा चार वर्णको एक अङ्ग तयार भई देहका विभिन्न अवयवले झैँ तिनीहरूले समाजका विभिन्न कार्य चलाउने भए। व्राह्मण देहको मुखझैँ भयो। सवै ज्ञान र गुण हासिल गर्न र अरूलाई ज्ञान विद्या र विवेकको पाठ पढाएर समाजलाई कर्तव्यपूर्ण मार्गनिर्देशन गर्नुपर्ने भयो। देहलाई सवैतिरवाट वचाएर जोगाउने हातझैँ क्षत्रियले वाहिरको आक्रमणवाट समाजलाई वचाउने जिम्मा लिनुपर्ने भयो। तिघ्राले हिँडडुल गरी देहको सञ्चार गराएझैँ व्यापारवाट वैश्यले समाजको भरण गर्ने भयो। देहको सवै वोझ थामेर शूद्र या श्रमिकहरू हिँड्ने भए।

---

४२. त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति प्रथमस्तप एव, द्वितीयो व्रह्मचार्याचार्यकुलवासी तृतीयोऽत्यन्तमानमाचार्य-ऽवसादयन् सर्व एते पुण्यलोका भवन्ति व्रह्मसंस्थोऽमृतत्व-मेति। छान्दोग्योपनिषद, २।२३।१

४३. व्राह्ममणोऽस्य मुखमासीद्‌वाहु राजन्यः कृतः उरु तदस्य यद्‌वैश्यः पद्‌भ्यां शूद्रोऽजायन। यजु., ३१।११

नेतृत्व लिन ब्राह्मणलाई धनोपार्जनमा प्रतिबन्ध लगाइएको छ र विद्या बचाउने काम सुम्पिइएको छ। क्षत्रियलाई भोगविलासमा समयोचित छुट दिई परिआएमा युद्धमा होमिनुपर्ने व्यवस्था दिइएको छ। वैश्यले व्यापारबाट न्यायपूर्वक धनोपार्जन गरी समाजको आवश्यकता पूर्ति गर्नुपर्ने र शूद्रले श्रम र सीपबाट धन कमाउने र बढी सेवाभावना राख्नुपर्ने कुरामा जोड दिइएको छ। यति मात्र होइनन् यीभन्दा अरू अवान्तर जातिपाती वेदकालमै जन्मिसकेका हामी पाउँछौँ। सुत, रथकार, कर्मा, मणिकार, इषुकार, धनुष्कार, निषय, सुराकार आदिका नामहरू शुक्लयजुर्वेदको तीसौँ अध्यायमा सर्वमेघप्रकरणमा पाइन्छ।[४४] यही अनुरूप नेपालीले पनि चित्रकार, कास्यकार, तण्डुकार, मानन्धर, तुलाधर आदि जातिलाई कार्यले विभक्त गरेका छन्। हाम्रा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यसो हुँदा **चार वर्ण छत्तीस जातको फूलबारी** भनेर उल्लेख गर्नुभएको छ।[४५] नेपाली प्रजाको परिगणन गर्दा चार वर्ण छत्तीस जात भनेको जाति-प्रजातिलाई लिएर नै हुनुपर्छ। यसो हुँदा हाम्रो धर्म वर्णाश्रममूलक छ भन्ने कुरा प्रमाणित हुन आउँछ।

वर्णसम्वन्धमा चर्चा भइसक्यो। अब आश्रमको विषयमा केही चर्चा गरिन्छ। आश्रमका वारेमा जीवनको सय वर्षको उमेरको हद बाँधी २५ वर्षको हिसाबले चार फ्याक पारिएको छ। ८ वर्षदेखि २४ वर्षसम्म वेद पढ्न ब्रह्मचर्यमा रही गुरुकुलमा बस्ने आश्रमको नाम ब्रह्मचर्याश्रम हो। वेद पढिसकेर घरजम गर्न गृहकृत्य गर्ने आश्रमलाई गृहस्थाश्रम भनिन्छ। त्यसपछि छोरालाई घरखेत जिम्मा दिएर वनमा बसी तपस्यामा लाग्ने आश्रमलाई वानप्रस्थ आश्रम भनिन्छ र सबै कर्म त्यागेर आफ्नो विचारमा मात्र अड्ने त्यागमय जीवनलाई सन्न्यासाश्रम भनिन्छ।

हिन्दूधर्ममा जातिवाद सबै दार्शनिकले मानेका पनि छैनन्। वेदान्त, न्याय योगभक्ति, वुद्धधर्महरूमा जात छैन र सबै महत्त्वपूर्ण धर्म छन्। यिनले कर्ममा बढी जोड दिन्छन् र विश्वास गर्दछन्। यसको मुख्य समर्थक न्यायवैशेषिक दर्शन हो। यसलाई नमान्ने वेदान्तदर्शन छ। वेदान्तमतमा जब जगत् सिद्ध गर्नुपर्छ तब जातिवाद चाहिन्छ। जब जगत् नै कल्पित भनिन्छ त्यस पक्षमा जातिवाद चाहिँदैन। हाम्रो धर्मले सवैभन्दा ठूलो आत्मज्ञानलाई मानेको छ। मानवको अन्तिम लक्ष्य हो स्वस्वरूपमा रहनु। जप, तप, पाठ-पूजा, तीर्थ, व्रत, भक्तिभाव आदि सबै धार्मिक क्रियाकलाप आत्मज्ञानमूलक नै हुन्छन्। यही कुरालाई लिएर याज्ञवल्क्यले यज्ञ

---

४४. नृन्ताय सुत गीताय शैलुपं...। मेघायै रचकारधैयार्य तक्षाणम्। यजु., ३०।६

४५. मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सबै जातको फूलवारी हो। सबैलाई चेतना भया। यो फूलवारीको छोटो बडा चारै वर्ण छत्तीस जातले रक्षा गर्नू यो असली हिन्दूस्थान हो। –दिव्यउपदेश

आचार, शमदम, अहिंसा, दान, स्वाध्याय आदि कर्म नै परमधर्म हो जसद्वारा योगले आत्मदर्शन हुन सकोस्[४६] भनेका छन्। हाम्रो धर्मलाई व्यक्तिविशेषले पनि निर्धारण गर्न सक्दछ र परिषद्ले पनि निर्धारण गर्न सक्दछ तर त्यो व्यक्तिविशेष अध्यात्मज्ञानी हुनुपर्छ। यही कुरा याज्ञवल्क्यले भनेका छन्–वेद-धर्म जान्ने चार जनाको पार्षद् वा तीन विद्यामा निपुण भएका त्रैविध (ट्रिवुनल) ले जो भन्दछन् त्यो धर्म हुन्छ अथवा अध्यात्मविद् एकै जनाले भनेको भए पनि त्यो धर्म ठहरिन्छ।[४७]

धर्मको केही व्याख्या त भयो तर उपर्युक्त व्याख्याले मात्र धर्मको सार्वभौम स्वरूप स्पष्टिन सक्तैन। यसका कति कुलधर्म, कति जातिधर्म, कति राष्ट्र-धर्म र कति सार्वभौम धर्म हुन्छन् यसलाई मीमांसा गर्नु आवश्यक देखिन्छ। वस्तुतः धर्म समाजलाई धारण गर्नकै लागि सिर्जिएको हुनुपर्छ। हिन्दूहरूको दृष्टि वर्णाश्रममा केन्द्रित छ भन्ने कसैको धारणा छ भने यसो भन्नु राम्ररी सार्वभौम धर्मको व्यवस्थालाई नसम्झनु वा परिभाषा दृष्टिगोचर नगर्नु नै हो।[४८] मनुले जुन धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, ज्ञान, विद्या, सत्य र अक्रोध यी दसलाई धर्मको लक्षण भने, ती सबैका निमित्त साझा हो, यसमा शूद्रले या म्लेच्छले गर्न नहुने कुनै रोकतोक छैन। यो धर्म सार्वभौम धर्म वन्छ। यही हामी अर्को शव्दमा याज्ञवल्क्यस्मृतिमा पनि पाउँछौं अहिंसा, सत्य, अस्तेय, शौच, इन्द्रियनिग्रह, दान, धर्म, दया र शान्ति सबैका धार्मिक साधन हुन्।[४९] यसै किसिमका कुराको निर्देशन वृहस्पतिस्मृतिमा पनि छ। वृहस्पतिले यसलाई आफ्नो स्मृतिमा यसरी दिए– दया, क्षमा, अनसुया, शौच, अनायास-मङ्गल, अकार्पण्य र अस्पृहत्व यी सर्वसाधारणका निम्तिका कुरा हुन्।[५०] यसरी साम्प्रदायिक परम्पराभन्दा माथि सार्वभौम सिद्धान्तको पनि हाम्रो धर्ममा स्थान सुरक्षित पाइन्छ।

धर्मको अध्ययन गर्दा साधारणतया दुई विचार-प्रवृत्तिहरू सक्रिय रहेका पाइन्छन्। एउटा ईश्वरवाट मनुष्यतिर उन्मुख भएको र अर्को मनुष्यवाट

---

४६. इज्याचारमाहिंसादानस्वाध्यायकर्मणाम्।
अयं तु परमो धर्मो यद्योगेनात्मदर्शनम्। याज्ञ., १।८

४७. चत्वारो वेदधर्मज्ञाः पर्षतस्त्रैविद्यमेव वा।
स वूते यं स धर्मः स्यादेको बाध्यात्मवित्तमः॥ याज्ञ., १।९

४८. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्। मनु., ६।९२

४९. अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः।
दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्। याज्ञ., १।१२२

५०. दया क्षमानसूया च शौचानायासमङ्गलम्।
अकार्पण्यमस्पृहत्वं सर्वसाधारणानि तु॥ वृहस्पतिस्मृतिः, संस्कारकाण्ड ४८९

ईश्वरोन्मुख। पहिलोमा आत्माको कुनै मूल्य छैन र ईश्वरसम्बन्धी अन्यन्त आश्चर्यजनक धारणाको विकास गरिएको पाइन्छ। यस विधिअनुसार मनुष्य मन र भौतिक पदार्थको संयोगवाट बनेको छ। मृत्युपछि सवै थोक अन्त्य हुन्छ। दोस्रो विधि जसलाई खास गरी आर्यले विकसित गरे र यसमा धर्म आत्ममूलक विचारवाट प्रेरित भई त्यसको पूर्णतापछि ईश्वरको ज्ञान मानवात्माको ज्ञानको माध्यमबाटै हुन्छ भन्ने स्वीकार गरे। त्यसैले सम्पूर्ण पूर्वीय दर्शनमा ईश्वरसम्बन्धी अन्तर्मुखी जिज्ञासा पाइन्छ। आर्यले सदा आत्मामा नै ब्रह्मको खोजी गरे र आत्मालाई नै ईश्वर मानेर म नै ब्रह्म हुँ भन्ने सिद्धान्त वनाए। यदि यसरी आत्माबाट ईश्वरतर्फ गएका विचारप्रवृत्तिका प्रमाणहरू प्रस्तुत गर्दै जाँदा ब्रह्मसूत्र, उपनिषद् र गीतालाई समावेश गर्न सकिन्छ। त्यसैले हाम्रा साधकहरू ईश्वरको चिन्तन गर्दा अन्तर्मुखी प्रवृत्तिबाट नै ईश्वर खोज्दछन्।

जगत्का सवै पदार्थहरू ईश्वरबाट व्याप्त छन् र ईश्वर भन्नु आत्मा नै हो।[५१] त्यसैले सबैमा आफू र आफूमा नै सबै छन् भन्ने कुरा प्रमाणित हुन्छ। यसैको प्रभावले गर्दा हाम्रो धर्ममा मनुष्य, पशु, पक्षी, कीरा, फटेङ्ग्रा, पतङ्ग, वृक्ष, लता, गुल्म, तृण सवैमा देवत्वको भावना रहन गएको हो। मूर्तिमा आफैँले देवत्वको प्रतिष्ठा गरी यसवाट फेरि आफू अनुगृहीत हुने भावनात्मक ऐक्य स्थापित गरिन्छ। यस धर्मको समन्वय-मार्गलाई बृहत् दार्शनिक पृष्ठभूमिले समर्थन गरेको छ।

ब्रह्मसूत्र प्रथम अध्यायको चारौं सूत्र 'तन्तु समन्वयात्'को सिद्धान्तले सबै दर्शन र धर्मलाई आत्मवादद्वारा समन्वय गरेको र परमधर्म चाहिँ योगले आत्मदर्शनलाई मानेको हाम्रो धर्ममा विभिन्न धर्मको सार– मानव कल्याण सहिष्णुताको परम्परा, उदारता र ऐक्यभाव रहन गएको छ। यसमा कसैको दुई मत हुन सक्तैन।

ऐतिहासिक पृष्ठभूमि र प्रचलित धर्म

नेपालका वहुसङ्ख्यक व्यक्तिहरूले परम्परादेखि अपनाइआएको हाम्रो धर्मको उद्गमस्थल र यसका स्वरूपसम्बन्धमा प्राचीन पूर्वीय विद्वान्हरूको विचार र अभ प्राचीनतम वेदविहित व्यवस्थावारे केही चर्चा गरियो। यो परम्परा वैदिककाल उपनिषद्काल, स्मृतिकाल, सूत्रकाल, पुराणकाल, तन्त्रकाल र बौद्धकालमा पनि कायम रहेको थियो।

नेपालको धार्मिक परम्परावारे अत्यन्त सूक्ष्मरूपमा वर्णन गर्न धेरै कठिन पर्दछ। नेपाल आर्यधर्मको, वेदको र उपनिषद्को उद्गमस्थल रहेको र मुख्यत

५१. ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्। ईशा., १

नेपालमा सभ्यता र सृष्टिको विकास हुँदै गएको कुरा यस पुस्तकको अर्को परिच्छेदमा वर्णन गरिएको छ। नेपालको भू-भाग आर्यधर्मको उद्‌गमस्थल हो र यो भूमि आर्य र मङ्गोलजातिको मिश्रणस्थल पनि हो। धेरै शताब्दीअघिदेखि तिव्वत, चीन, कोरिया, मङ्गोलिया आदि स्थानसँग नेपालको सम्पर्क भएका प्रागैतिहासिक र ऐतिहासिक तथ्यहरू छन्। नेपालवाट गएर भृकुटीले तिव्वतमा प्रचार गरेको बौद्ध धर्म पछि तिव्वतको शिन्तो धर्मसँग मिश्रित भई त्यसको असर फेरि नेपालकै उत्तरी भेगका हिमवर्ती प्रदेशका जनतामा प्रचार भएको पाइन्छ। यसैले नेपालमा धर्मको एक अनौठो स्थिति र अनेक विभिन्नता पाइन्छ र धार्मिक समन्वय र सहिष्णुताको अनौठो सङ्गमस्थलका रूपमा रहन पुगेको छ।

एउटै ईश्वरलाई अनेकौं नामले उपासना गर्ने सशक्त वैदिक दर्शन 'एकं सद् विप्रा वहुधा वदन्ति' अनुरूप हिन्दूधर्मका विभिन्न रूपहरू भएको कुरा उल्लेख भइसकेकै छ। अव यस धर्मअन्तर्गतका शैव, वैष्णव, वौद्ध आदि विभिन्न धर्म-सम्प्रदायहरू कुनकुन बेलामा वढी सशक्त थिए भन्ने विषयमा र हिन्दूधर्मवाहेक अन्य धर्मको प्रभाव कुन समयमा नेपालमा वढेको थियो भन्नेवारेमा आजसम्म प्राप्त ऐतिहासिक सामाग्रीको आधारमा केही तथ्यहरू प्रस्तुत गरिन्छ।

नेपालको इतिहासमा निपजातिका गोपालवंशी (आर्य ?) राजाहरूलाई नेपालका शासकहरूको क्रममा पहिलो स्थान दिइएको छ। यी शासकहरूमध्ये गोपालवंशी र किराँतवंशी राजाहरूको शासनकालमा नेपालमा कुनकुन धर्म-सम्प्रदायहरूको प्राधान्य थियो भन्ने कुरा यथार्थ रूपमा यथेष्ट प्रामाणिक आधारमा अझै पनि भन्न सकिएको छैन। यिनीहरूको शासनकाल अति प्राचीन भएकाले इतिहास भन्न सघाउने विषयवस्तुहरू प्रामाणिक रूपमा प्राप्य छैनन्। इस्वी संवत्‌को पहिलो शताब्दीअघिका गोपालवंशी राजाहरू वैदिक परम्पराअनुसार शिवभक्त रहेको अनुमान गर्न सकिने आधार पाइन्छ। वर्तमान काठमाडौं उपत्यकामा वसाइएको राज्यको पहिलो राजा नै गोपालवंशी राजा भएको तथा उनी भगवान् पशुपतिनाथको भक्त भएको कुरा पशुपतिनाथको ज्योतिर्लिङ्गको प्रादुर्भावको प्राचीन कथावाट झल्कन्छ र यो प्राचीन कथालाई गोपालराज वंशावलीले प्रस्तुत गरेको छ। किराँती राजाहरू पनि शिवभक्त नै रहेको कुरा वर्तमान किराँतेश्वरलाई आफ्नो अधिष्ठात्री देवताका रूपमा मान्ने गरेको र महाभारतमा वर्णित किराँतेश्वर महादेव र अर्जुनको युद्धको प्रसङ्ग आदिवाट झल्कन्छ। यिनै कुराहरूका आधारमा प्राचीन गोपालवंशी राजाहरू र किराँती राजाहरूको राज्यकालमा नेपालमा शैव धर्म प्रचलनमा रहेको अनुमान गरिन्छ।

इस्वी संवत्‌को पहिलो शताव्दीपछिको नेपालमा प्रचलित धर्मसम्प्रदायहरूको यथार्थ रूप प्रस्तुत गर्न सकिने आधार लिच्छविकालका अभिलेखहरूले तयार पारेका

छन् । इस्वी संवत्को पाँचौं शताव्दीको अन्त्यदेखिका लिच्छवि राजाहरूको शासनकालका अभिलेखहरूवाट तत्कालीन नेपालमा शैव, शाक्त, सौर, वैष्णव र बौद्ध धर्म निकै विकसित रूपमा चलेको देखिन्छ। यसको विकास निस्सन्देह परम्परागत रूपमा भएको हो। त्यसैले लिच्छविकालमा विकसित रूपमा प्रचलित उक्त धर्मसम्प्रदायहरूको विकास लिच्छविकालभन्दा अघि गोपाल र किराँतकालमा नै प्रारम्भ भइसकेको हुनुपर्दछ। मानदेवको चाँगु अभिलेखमा नारायणको मूर्ति स्थापनाको कुरा उल्लेख नभएवाट मानदेवभन्दा शताव्दीयौं पहिले नै यो विष्णुको मूर्ति स्थापना भइसकेको हुन सक्दछ ।

शैव धर्म

नेपाल विश्वको सवैभन्दा अग्लो भू-भाग हो। यो भू-भाग वैदिक गतिविधिको प्राङ्गण पनि हो। वेदको क्रमिक विकासमा यो भू-भागको वस्तुस्थितिले धेरै सघाएको छ। यहाँका आदिवासीहरूले आदिदेव देवाधिदेव महादेव श्रीपशुपतिनाथलाई आफ्नो इष्टदेवको रूपमा आराधना गरी शैव धर्मको सम्प्रदाय प्रतिपादित गरेका हुन्। यिनै आदिवासीले वैदिक समाजलाई स्वर्गको कल्पना गर्न सघाएका हुन्। आज पनि यिनै आदिवासीका वंशज किराँतीहरू आफ्नो मृत्युसंस्कार स्वर्ग अर्थात् पर्वतको चुचुरामाथि गर्दछन्। स्वर्गको कल्पनाको आधार कसै-कसैले यसलाई मानेका छन्। यो स्वर्गको प्रतीक कैलाश भएकाले कैलाशमा वस्नेहरूलाई जनभाषामा कैलाती भन्दाभन्दै अन्त्यमा किराँती भनिएको हुन सक्दछ। भौगोलिक विभाजनमा सिन्ध नदीको सिरानदेखि व्रह्मपुत्र नदीको सिरानसम्मको हिमाली पर्वतमालालाई कैलाश भनिएकोमा शिवको विहारभूमि कैलाश प्रतिविम्वित भएको छ। कैलाश शब्द कैलातवाट बनेको हुनु धेरै सम्भव छ। कैलात र कैलाश नामप्राप्त यो क्षेत्र हिमाली क्षेत्र हो र यही हिमाली क्षेत्रमा शिवोपासना आदिकालदेखि चलिआएको छ। यही क्षेत्रमा व्यापकरूपमा वैदिक दर्शनले विकसित हुने मौका पाएको हो ।

भगवान् शिवद्वारा पालित यो देशमा शैव धर्मको व्याप्ति छ। गोपाल र किराँतकालदेखि आजसम्म शैव धर्मको परिपालन वृहत्रूपमा हुँदै आएको छ। आज नेपाल एकमात्र हिन्दूअधिराज्यको रूपमा विश्वमा परिचित छ। यस अधिराज्यको इष्टदेव उनै देवाधिदेव महादेव हुन् ।

शैव धर्म लिच्छविकालका विशेप रूपमा विकसित भएको कुरा तत्कालीन अभिलेखहरूवाट पुष्ट हुन्छ। लिच्छविकालमा अनेकौं शिवलिङ्गहरू काठमाडौं उपत्यका र यस उपत्यकावाहिरका क्षेत्रहरूमा पाइन्छन्। तीमध्ये अभिलेखयुक्त लिच्छविकालीन १५ वटा शिवलिङ्गहरू अझै विद्यमान छन्। यसवाहेक झन्डै २४ वटा त्यति वेलाका प्रसिद्ध शैव मन्दिरहरूमध्ये पशुपतिको मन्दिर, देवपाटनको दक्षिणेश्वर, पर्वतेश्वर

आदिको मन्दिर, फस्कुको नाथेश्वर (आदेश्वर) मन्दिर, सुनागुठीको मृगारेश्वर मन्दिर, ठेचोको ढल्केश्वर महादेवको मन्दिर र त्यसको व्यवस्थाका निमित्तमा राखिएका अनकौं (झन्डै ५०) तत्कालीन अभिलेखहरू हाल पाइन्छन्। काठमाडौं उपत्यका र यसबाहिरका प्राचीन बस्तीहरूसमेतमा गरी हजारौं शिवपरिवारका सुन्दर प्रस्तरमूर्तिहरू छरिएका छन्।

लिच्छवि राजाहरूमा प्रतापी र प्रथम ऐतिहासिक राजा मानदेव प्रथमको शासनकालका प्रमुख १३ वटा अभिलेखहरूमा ६ वटा अभिलेख शिवलिङ्गसम्वन्धी छन्। जस्तो, शक संवत् ३९० को लाजिम्पाटको शिवलिङ्गाभिलेख, बूढानीलकण्ठको शिवलिङ्गाभिलेख, देवपाटनको शिवलिङ्गाभिलेख, पशुपतिको शिवलिङ्गाभिलेख, टुकुचाको शिवलिङ्गाभिलेख, सूर्यघाटको शिवलिङ्गाभिलेख आदि। राजा मानदेवको नाममा नै मानेश्वर धारामानेश्वर शिवलिङ्गको स्थापना गरिएको उल्लेख पनि पाइन्छ। लिच्छविकालमा शैव मन्दिर र शिवलिङ्गको यो स्थापनाकार्य प्रचुरमात्रामा भएको कुरा उक्त चर्चाबाट स्पष्ट हुन्छ। यसबाट शैव सम्प्रदायले त्यति वेला विशेष प्रभावकारी रूप लिन थालेको पनि बुझिन्छ। यसरी विशेष प्रभावकारी रूपमा रहेको यो सम्प्रदाय भएकाले यस सम्प्रदायलाई तत्कालीन राज्याश्रय प्राप्त भएको थियो। यसै समयदेखि यो सम्प्रदायमा नयाँ-नयाँ सम्प्रदायहरू सङ्गठित हुन थालेका थिए।

लिच्छविकालमा भएको शैव सम्प्रदायको विकासको चरम सीमा राजा अंशुवर्माको शासनकाललाई मान्न सकिन्छ। राजा अंशुवर्माले शैव धर्मको पाशुपत सम्प्रदायलाई राजकीय सम्मान र आश्रय प्रदान गर्नुका साथै उनले आफूलाई 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत'[५२] अर्थात् भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएको भन्ने उपाधि राख्न लगाएका थिए। उनका प्रायः सवै अभिलेखहरूमा शैव धर्मसम्बन्धी चित्रहरू कुँदिएको पाइन्छ। यिनीपछिका राजाहरूमा जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव शिवदेव द्वितीय आदि सवै राजाहरूले पनि शैव सम्प्रदायलाई पूर्ववत् राज्याश्रय प्रदान गरी आफूले 'भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएको' भन्ने उपाधि वरण गरेका थिए। राज्याश्रय प्राप्त गरेका शैव मन्दिरहरूमा श्रीपशुपति, श्रीरामेश्वर, श्रीमानेश्वर, श्रीधारामानेश्वर, श्रीपर्वतेश्वर र श्रीकैलाशेश्वर आदि मन्दिरहरू थिए। राजा विष्णुगुप्तका पालामा शैव पाशुपत सम्प्रदायको उप-सम्प्रदाय मुण्डशृङ्खलिक सम्प्रदाय प्रचलित रहेको थियो।[५३] राजा नरेन्द्रदेवकालीन समाजमा पनि दानपाशुपत र दानशृङ्खलिक पाशुपत सम्प्रदायहरू प्रचलित रहेका

---

५२. कान्तिपुर-शिलालेख-सूची, पृ. १९ (पशुपति गणेशस्थानको अभिलेख)
५३. पूर्णिमा १४, पृ. १२४-१२५, पशुपति छत्रचण्डेश्वरको अभिलेख

थिए।[५४] राजा नरेन्द्रदेवले पनि आफूलाई भगवान् पशुपतिनाथका पादको अनुग्रह पाएका व्यक्ति मानेकाले 'भगवत्पशुपतिभट्टारक-पादानुगृहीत' भन्ने उपाधि वरण गर्नुका साथै आफूलाई उनले 'परम माहेश्वर'[५५] पनि मानेका थिए। यसरी पूर्वजद्वारा गरिएको शिवोपासना राजा शिवदेव द्वितीयले तथा उनका छोरा राजा जयदेव द्वितीयले पनि अझ सक्रिय वनी शैव सम्प्रदायको संवर्धन र विकास गरेका थिए। यस प्रकार लिच्छविकालमा पशुपतिलाई चाँदीको अष्टपुष्टिका (कमलपुष्प) चढाएको उल्लेख राजा जयदेवको अभिलेखमा पाइन्छ।[५६] भगवान् पशुपतिलाई एउटै भएर पनि आठ शरीर भएको ईश्वरका रूपमा स्तुति गरिएको छ।[५७] पाशुपत सम्प्रदायमा शिवका आठ स्वरूपको उपासना गर्ने चलनको पुष्टि शास्त्रीय ग्रन्थमा भएको उल्लेखबाट पनि प्रस्ट हुन्छ।[५८] शर्व, भव, ईशान, इन्द्र, भीम, उग्र, पशुपति र महादेव नै शिवका आठ स्वरूपका नाम हुन्।

पाशुपत सम्प्रदायमा शिवलाई अनेकौं रूपमा मानिन्छ। राजा मानदेवको अभिलेखमा[५९] शिवलाई सृष्टिकर्ता एवं सर्वशक्तिमान् ईश्वर मानिएको छ। राजा जयदेवको अभिलेखमा[६०] शिवलाई ब्रह्माण्डव्यापी शक्तियुक्त ईश्वर मानिएको छ। लकुलीश वा छत्रचण्डेश्वरका मूर्तिहरू काठमाडौं उपत्यकाका प्रख्यात शैव मन्दिरका वरिपरि स्थापना गरिएका देखिन्छन्। यस्ता मूर्तिहरू विशेषतः पशुपतिमन्दिरको हातामा अनगिन्ती रूपमा रहेका छन्। यी मूर्तिहरूको अस्तित्व र खास गरी पशुपतिमन्दिरको विष्णुगुप्तकालीन छत्रचण्डेश्वरको प्रस्तरमूर्तिको अस्तित्वले पनि पाशुपत सम्प्रदायको तत्कालीन लोकप्रियतालाई दर्साएको छ।

लिच्छविकालीन नेपालमा मुण्डशृङ्खलिक पाशुपतसम्प्रदायका आचार्यहरूको एउटा परिषद् नै रहेको कुरा पशुपतिमन्दिरको जिष्णुगुप्तकालीन छत्रचण्डेश्वर अभिलेखले प्रकाश पारेको छ। यस सम्प्रदायका अनुयायीहरू खप्परका माला लगाउँदथे। यिनीहरू भगवान् शिवलाई पनि मुण्डमालाधारीका रूपमा उपासना गर्दथे। यिनीहरू जटा पाल्दथे, खरानी घस्दथे र हाडको आभूषण लगाउँदथे। यी एक प्रकारले अतिमार्गी अघोरी देखिन्थे। काठमाडौं उपत्यकामा मुण्डमालाधारी भैरवका

---

५४. नोली, पृ. २७, पशुपति कैलाशस्थित अभिलेख

५५. नोली, पृ. ९९-१०१

५६. नोली, पृ. ११५, पशुपतिमन्दिरको अभिलेख

५७. ऐजन

५८. वायुसंहिता, अध्याय ३

५९. अभिलेख, सङ्ग्रह, भाग १, पृ. १३, सूर्यघाटको अभिलेख

६०. नोली, पृ. ११५, पशुपतिमन्दिरको अभिलेख

मूर्तिहरू प्रशस्त पाइन्छन्। माथि उल्लेख गरिएको परिषद्ले यस सम्प्रदायको सङ्गठन भएको कुरा दर्साउँछ।

शृङ्खलिक पाशुपत सम्प्रदायका अनुयायहीरू सिक्री धारण गर्दथे। यिनीहरूले शैव दर्शनको पशु, पाश र पति सिद्धान्तका आधारमा पाशका रूपमा सिक्री धारण गरेका हुन्। काठमाडौँ उपत्यकामा पाइने भैरवका मूर्तिहरूमा सिक्री लगाइएको धेरैमा पाइन्छ। भैरववाहेक शैव सम्प्रदायी अन्य देवमूर्तिहरूमा पनि सिक्री लगाइदिएको देखिन्छ। नेपालमा यो सम्प्रदायको प्रचलन मुण्डशृङ्खलिक सम्प्रदाय जस्तै रूपमा प्रचलित थियो।

पाशुपत सम्प्रदायको अर्को उपसम्प्रदाय दानपाशुपत सम्प्रदाय पनि नेपालमा चलेको थियो। लिच्छवि राजा नरेन्द्रदेवकालीन शिलालेखमा 'दानपाशुपताचार्य-दक्षिणतिलदुकस्य' भन्ने वाक्यांशको उल्लेख[६१] पाइन्छ। यस उल्लेखले त्यस उपसम्प्रदायमा पनि मुण्डशृङ्खलिक पाशुपत उपसम्प्रदायमा जस्तै आचार्य (गुरु)को परम्परालाई देखाउँछ। दानपाशुपताचार्य दक्षिणतिलदुक यो नामको आज कुनै अर्थ लाग्दैन। यो संस्कृत भाषाको शब्द होइन। यो नाम नेपालको आदिवासी खलकको भएकाले यो उपसम्प्रदायको बृहत् प्रभावक्षेत्र रहेको बुझिन्छ।

पाशुपत उपसम्प्रदायमा एक उपसम्प्रदाय वंशपाशुपत सम्प्रदाय पनि हो। यो सम्प्रदाय वंशानुगत रूपमा यहाँ प्रचलित थियो। यस सम्प्रदायमा पनि आचार्यको परम्परा[६२] रहेकोबाट यो सम्प्रदाय पनि प्रभावशाली रहेको बुझिन्छ। काठमाडौँ उपत्यकामा पाइने मूर्तिहरूमा शैवमूर्तिहरू धेरै हुनुको कारण पनि यही हो। यो पाशुपत सम्प्रदायले नेपालको मूर्तिकलाको क्षेत्रमै धेरै प्रभाव पारेको छ। यस सम्प्रदायमा सोमसिद्धान्त सम्प्रदाय पनि प्रचलित रहेको बुझिन्छ। शिवलाई चन्द्रशेखरस्वरूपमा आराधना गर्ने यो सम्प्रदायको प्रभावस्वरूप काठमाडौँ उपत्यकामा पाइने शिवमूर्तिहरूमा चन्द्राकारले भूषित गरिएको हुनुपर्छ। शिवदेव प्रथमको अभिलेखमा उल्लिखित 'पश्चिम चन्द्रेश्वरमन्दिर'[६३] तत्कालीन सोमसिद्धान्त सम्प्रदायहीरूद्वारा स्थापना गरिएको मन्दिर हुनुपर्दछ।

यसै पाशुपत सम्प्रदायका उपसम्प्रदायहरू पनि नेपालमा प्रचलित थिए। यसमा मुण्डशृङ्खलिक पाशुपत सम्प्रदाय, शृङ्खलिक पाशुपत सम्प्रदाय, दानपाशुपत सम्प्रदाय, वंशपाशुपत सम्प्रदाय र सोमसिद्धान्त सम्प्रदायहरू उल्लेखनीय छन्। यी

६१. नोली, पृ. २७, पशुपति कैलाशस्थित अभिलेख
६२. पूर्णिमा, अङ्क १४, पृ. १२२, शिवदेव द्वितीयको काठमाडौँ लगनटोलको अभिलेख
६३. नोली, पृ. ४४, वनेपास्थित अभिलेख

सम्प्रदायहरूको विस्तृत वर्णन गर्नु यस परिच्छेदको उद्देश्यका निमित्त ज्यादै वृहत् हुनजाने हुनाले केवल यी सम्प्रदायको नाम मात्र उल्लेख भएको हो ।

वैष्णव धर्म

नेपालमा प्रचलित धर्म-सम्प्रदायहरूमा वैष्णव सम्प्रदायको परम्परागत प्रभाव पनि कम छैन। वैष्णव सम्प्रदायको लिखित इतिहास शैव सम्प्रदायको इतिहासकै हाराहारीमा देखिन आउँछ। लिच्छविकालमा १६ वटा वैष्णव मन्दिरहरू सुविख्यात रूपमा स्थापित रहेका थिए। यी मन्दिरहरूमा विशेषत: दोलागिरि अर्थात् चागुँनारायणको त्रिविक्रम विष्णु (वामनावतार), पशुपति तिलगङ्गा, लाजिम्पाट, हाँडीगाउँ, पाटन, बूढानीलकण्ठ, नक्साल, साँखु र पाटनका मूर्तिहरू उल्लेखनीय छन् ।

उपर्युक्त उल्लेखवाहेकका वैष्णव सम्प्रदायी अभिलेखहरू पनि जम्मा १६ वटा पाइएका छन्। उपर्युक्त वैष्णव मन्दिर र वैष्णव अभिलेखहरूको सङ्ख्या शैव सम्प्रदायी मन्दिर र अभिलेखको तुलनामा अत्यन्त कम देखिन्छ, तापनि वैष्णव सम्प्रदायको प्रभाव यो देशमा कम देखिन्न । शैव सम्प्रदायको सम्मान र आराधना गर्ने लिच्छवि राजाहरूमा कतिपय राजाहरू वैष्णव सम्प्रदायी देखिएका छन्। शैव सम्प्रदायी लिच्छवि राजाहरू कतिले वैष्णव सम्प्रदायी देवताहरूको सम्मान गरेका छन्।

चाँगुनारायणको मूर्ति- भक्तपुर

वैष्णव सम्प्रदायको प्राचीनतम मन्दिर काठमाडौं उपत्यकाको पूर्वतिरको एउटा शिखर दोलागिरिमा रहेको छ। यसलाई दोलाचल पर्वत पनि भनिन्छ। यसै दोलागिरि अर्थात् दोलाद्रि पर्वतमाथि स्थापित मन्दिर भएकाले यसलाई 'दोलाद्रिहरिको मन्दिर' भनिन्छ। हाल यसको सुपरिचित नाम चाँगुनारायण रहेको छ। यो नामको पनि पौराणिक पृष्ठभूमि रहेको छ। चाँपको रूखवाट निसृत नारायणमूर्ति भएकाले यसलाई चाँगुनारायण भनिएको हो भनिन्छ। यो वैष्णव मन्दिर पशुपतिमन्दिर जत्तिकै प्राचीन मानिन्छ। शक संवत ३८६ मा प्रथम ऐतिहासिक लिच्छवि राजा मानदेव प्रथमको अभिलेखमा चाँगुनारायणलाई दोलाद्रिहरिको नाममा स्तुति गरिएको छ।

परम्परागत रूपमा सुप्रसिद्ध रहेको दोलाद्रिहरिको स्तुति गरी तत्कालीन नेपालको पश्चिमी प्रदेशमा भएको विद्रोहको दमन गरेको संस्मरणमा चाँगुका स्तम्भाभिलेख राजा मानदेवले राखेका थिए। भगवान् विष्णुलाई स्थितिकर्ता ईश्वरका रूपमा मानिन्छ। राजा मानदेव पनि नेपालका मुख्य स्थितिकर्तामध्ये एक थिए। यिनले भगवान् विष्णुको विशेष उपासना गर्नु स्वाभाविक हुन्छ। यसैले यिनले तिलगङ्गा र लाजिम्पाटमा पनि वामनावतार त्रिविक्रमविष्णुका[६४] भव्य मूर्तिहरूको स्थापना गरेका थिए। विष्णुको एक अवतार स्वरूप वेदव्यासलाई उपासना गर्ने प्रचलनको उल्लेख लिच्छवि राजा मानदेवकालीन सत्यनारायणमन्दिर, हाँडीगाउँको अनुपरमको स्तम्भाभिलेख र यिनैको शासनका अर्को पाटन खपिन्छेको अभिलेखमा पाइन्छ।[६५] विष्णुको एक अवतार वामनावतार हो। त्यही अवतारको नाम धारण गरेका लिच्छवि राजा वामनदेवले आफ्नो नामवाट 'वामनावतार विष्णुमूर्ति'को स्थापना गरेका थिए।[६६] लिच्छवि राजा शिवदेवको लेलेको अभिलेखमा भएको 'गुरुवासुदेव' को उल्लेखले पनि उनीहरू वैष्णव सम्प्रदायी देखिन्छन्।[६७] अंशुवर्माको[६८] हाँडीगाउँ अभिलेखमा[६९] दोलाशिखर स्वामी (चाँगुनारायण)को उल्लेखका साथै नृ-सिंहदेव बूढानीलकण्ठको उल्लेख पनि भएको छ। लिच्छवि राजा ध्रुवदेव र उनीसँगैका शासक विष्णुगुप्तकालीन एक अभिलेखको मङ्गलाचरणमा विष्णु र लक्ष्मीको स्तुति गरिएको छ। यिनकै अर्को अभिलेखमा नारायणस्वामीको पनि उल्लेख भएको छ।[७०] लिच्छवि राजा भीमार्जुनदेव विष्णुगुप्तको एक अभिलेखमा पुनः विष्णु र लक्ष्मीको स्तुति गरिएको पाइन्छ।[७१] यी सवै उल्लेखहरूवाट यी लिच्छवि राजाहरू वैष्णव सम्प्रदायका अनुयायी देखिन आउँछन्।[७२] यसबाहेक उल्लेखनीय रूपमा लिच्छवि राजा भीमार्जुनदेव र उनैका संयुक्त शासक गुप्तवंशी विष्णुगुप्तका संयुक्त शासनकालको ललितपुर सुनागुठी गाउँको भृगारेश्वरस्थित शिलालेख तथा काठमाडौं भगालटोलस्थित प्राचीन ढुङ्गेधारामा रहेका शिलालेखहरूमा भगवान् विष्णुको जलशायी मूर्तिको चर्चा परेको देखिन्छ। यसमध्ये भृगारेश्वरको उपर्युक्त अभिलेखमा

६४. नोली–३
६५. पूर्णिमा १४, पृ. १२७-३०
६६. अभिलेखसङ्ग्रह, भाग १, पृ. २५
६७. अभिलेखसङ्ग्रह, भाग १
६८. नोली, पृ. ६१
६९. पूर्णिमा १४, पृ. १२३
७०. नोली, पृ. ६८-६९
७१. इतिहास-प्रकाश, अङ्क १, पृ. ५८
७२. पूर्णिमा, अङ्क ८, पृ १३

विष्णुको जलशायी रूपको स्तुति पनि गरिएको छ। यी दुवै शिलालेखहरूमा दक्षिणकाली ग्रामका जनता र क्रमरीग्रामका जनताले जलशायी विष्णुको मूर्ति वनाउन ढुङ्गा तान्न सघाएको कुराको उल्लेख परेको छ। यी उल्लिखित वैष्णव मूर्तिहरू त्यति बेलाका प्रसिद्ध वैष्णवमूर्तिहरू भएकाले तत्कालीन अभिलेखहरूमा चर्चा गरिएका हुन्। यी वैष्णव सम्प्रदायका प्रमुख मन्दिरहरूमा रहेका मूर्तिहरू हुन्। यी मन्दिरहरूमा कतिपय मन्दिरहरूलाई राज्याश्रय प्राप्त थियो र कतिपय मन्दिरहरू तत्कालीन राजाहरूद्वारा व्यवस्था गरिएका थिए। यसमा राजा मानदेवले आफ्नी आमाका लागि त्रिविक्रमका दुई प्रस्तरमूर्तिहरू स्थापना गराएको कुरा उपर्युक्त मूर्तिहरूकै पादपीठको अभिलेखहरूबाट र राजा वामनदेवले वामनस्वामी भगवान्को मूर्ति स्थापना गरेको कुरा त्यहींको अभिलेखबाट स्पष्ट भएको छ। यी सबै उल्लेखहरूले तत्कालीन समाजमा वैष्णव सम्प्रदायको प्रशस्त प्रभाव रहेको कुरा स्पष्ट भएको छ। त्यस्तै लिच्छवि राजा वसन्तदेवदेखि नरेन्द्रदेवका शासनकालमा झन्डै ३१ वटा अभिलेखहरूमा वैष्णव सम्प्रदायका धर्मप्रतीक (शङ्खचक्र, पूर्णकलश, शङ्ख, चक्र र माछा आदि)को चित्र कुँद्ने गरिएको देखिएको छ। यसबाट वैष्णव सम्प्रदायको तत्कालीन व्याप्ति र लोकप्रियताको सहजै अनुमान गर्न सकिन्छ। हाल जगन्नाथका पुजारी स्व. लोकनाथका छोराले बताएअनुसार जगन्नाथजीको मूर्ति स्थापना गर्नका लागि करिव ४००० वर्षअघि उडिसाका राजा इन्द्रद्युम्न स्वयं नेपालसम्म घोडामा चढेर आई तत्कालीन नेपाली राजाको स्वीकृति र सहयोगले गण्डकीवाट एक लाख शालिग्राम लगी जगन्नाथ मन्दिरभित्रको श्रीकृष्ण, सुभद्रा र वलरामको मूर्ति स्थापना गरिएको सबैभन्दा भित्री कोठाको मुन्तिर सबै ठाउँमा ओछ्याइएको र यसैबाट कोठा र डबलीको मुन्तिर राखी बनाएको र ती शालिग्रामबाट ती तीन मूर्तिहरूमा प्रचुर शक्ति उब्जन गएको भन्ने कुरा बताएका हुन्। त्यसै कारणले यो कुरा वुझ्ने विद्वान् साधु-सन्त र अरू पनि जगन्नाथ मन्दिरसम्म पुगी त्यहाँको गरुडको स्तम्भबाट नै नमस्कार गरी फर्कन्छन् भन्ने कुरा र जो भक्तजन त्यो गर्भगृहमा नै गई परिक्रमा गर्दछन्, तिनीहरूलाई पण्डाले शालिग्रामप्रति क्षमा प्रार्थना हुने श्लोक घुमुन्जेल उच्चारण गराइरहन्छन्। यसले नेपालका शालिग्रामको शक्तिबारे प्रशस्त चर्चा पाएको र वैष्णव धर्मको स्रोत नै कृष्णगण्डकीको शालिग्राम भएको स्पष्ट हुन्छ।

शाक्त धर्म

शाक्त सम्प्रदाय परम्परागत र प्राचीन धर्मसम्प्रदाय हो। यसको मूल गतिविधि वैदक व्यवस्थाभन्दा अघिदेखि प्रारम्भ भएको अनुमान गरिन्छ। आदिवासीजनले ग्रामदेवीका रूपमा सर्वप्रथम शक्तिको उपासना गरेको र त्यही शक्तिरूपी ग्रामदेवीको

उपासना वैदिक व्यवस्थामा पनि भित्र्याइएको देखिन्छ। शक्तिविनाको ईश्वरको कल्पना शैव र वैष्णव सम्प्रदायमा गरिएको पाइन्न। शक्तियुक्त भएर नै शिव शिव हुनसकेको छ। शक्तिको अभावमा शिव शवसमान हुन्छ भनिन्छ। शक्तिउपासना अन्ततोगत्वा बौद्ध सम्प्रदायमा पनि अपनाइएको देखिन्छ। लिच्छविकालका प्रमुख वस्तीहरू वर्तमान विशालनगर (हाँडीगाउँ) र मालीगाउँ (तत्कालीन मानगृह राजदरबारको हातामा विकसित वस्ती)मा भिन्दाभिन्दै ग्रामदेवीहरू रहेको कुरा ती गाउँहरूमा अद्यापि चलेको उक्ति–'नरमामा तोरंद भागः मिया मैतीर्ध' (विशालनगरवासीको इष्टदेवी टुँडालदेवी र मालीगाउँवासीको इष्टदेवीको मैतीदेवी) बाट स्पष्ट हुन्छ। यी दुवै प्राचीन शक्तिदेवीहरूको पीठ तत्तत् ग्रामक्षेत्रका हातामा अझै विद्यमान छन्।

शाक्त धर्मको उत्पतिस्रोत भएको वेदमा शक्तिदेवीको भनाइ छ– म नै एकादश रुद्र, वसु, चन्द्रसूर्य, विश्वतेज आदि हुँ, देवताहरूलाई म नै धारण गर्छु, म नै स्वर्ग, पृथ्वी र अन्तरिक्षलाई धारण गर्छु। केनोपनिषद्मा गौरीको उल्लेख भएको देखिन्छ। पुराणमा हेर्ने हो भने देवीपुराणले देवीको महात्म्य प्रकाश पारेको पाइन्छ, यस्तै सप्तशतीमा दुर्गाको आराधना, उपासना गरिएको पाइन्छ। बौद्ध धर्ममा पनि शक्तिलाई काली, तारा, षोडशी र भैरवीको रूपमा उपासना गरिएको पाइन्छ। हाम्रो देशमा जैनधर्मीहरू बिरलै पाइए तापनि जैन धर्ममा पनि शक्तिको महत्त्व निकै ठूलो मानिएको पाइन्छ। उनीहरूले सरस्वतीलाई विश्वरूपिणी आद्यशक्ति भारती, शारदा, वागीश्वरी, ब्रह्मायणीको रूपमा स्तुति गरेको पाइन्छ। जैनग्रन्थ रत्नसागरमा शक्तिको महिमा उल्लेख भएको छ। त्यसमा हिन्दूधर्मकै प्रभाव परेको देखिन्छ।

के पहाड, के उपत्यका, के मधेस सम्पूर्ण नेपाली भू-भागमा दसैंको पवित्र पर्वमा नवदुर्गाको आराधना र उपासना गर्ने परम्परा नेपालको धार्मिक-परम्परामा प्राचीनकालदेखि निरन्तर चल्दै आएको छ।

प्राचीन नेपालमा भएको शक्तिपरम्परालाई ऐतिहसिक अन्वेषणका आधारमा हेर्ने हो भने लिच्छविकालका अभिलेखहरू हेर्दा शैव र वैष्णव सम्प्रदायका सम्वन्धमा झैं शक्ति सम्प्रदायसम्वन्धी अभिलेख यहाँ प्रचुर मात्रामा रहेका देखिन्नन्। यहां प्राचीन-कालदेखिका कैयौं शक्तिपीठहरू यत्रतत्र रहेका छन्। ती शक्तिपीठहरूमा गुह्येश्वरी, दक्षिणकाली, शोभाभगवती, नक्सालभगवती, नालाभगवती, साँखु वज्रयोगिनी आदि हुन्। तर यी भगवतीका मूर्तिहरूसम्वन्धी प्राचीन उल्लेखहरू कतै पाइएका छैनन्। अपवादका रूपमा पलाञ्चोकस्थित विजयश्री भगवतीका सम्वन्धमा लिच्छवि राजा मानदेव प्रथमको अभिलेख[७३] पाइएको छ। यिनी गृहपतिकी पत्नी

---

७३. हिमवत् संस्कृति, अङ्क १, पृ. ४

(मानदेवकी छोरी) विजयस्वामिनीका नामबाट यो मूर्तिको स्थापना गरिएकाले यसको नाम नै विजयश्री भगवती रहेको छ। यस्तै मूर्तिहरू शोभाभगवती र नक्साल-भगवतीमा पनि रहेका छन्। राजा अंशुवर्माको एक अभिलेखहरूमा षष्ठीदेवीको उल्लेख भएको पाइन्छ।[७४] लिच्छविकालका[७५] अभिलेखमा शिवजीको स्तुति गर्दा देवी भगवतीको स्तुति गरिएको तथा शिवपरिवारको मूर्तिमा शिवसँग देवी पार्वतीको मूर्ति वनाउने परम्परा देखिएकाले शैव सम्प्रदायसँग सम्वद्ध रूपमै यसको व्याप्ति भएको वुझिन्छ। पशुपतिमन्दिर जत्तिकै प्राचीनस्थलका रूपमा देवी गुह्येश्वरीको पीठ देवपाटनमा अवस्थित छ। शाक्त सम्प्रदायको प्राचीनता शैव सम्प्रदाय समान छ। शैव सम्प्रदायसँग सम्वद्ध रूपमा यस सम्प्रदायको व्यवहार गरिने भएकाले यसको छुट्टै अस्तित्वको व्यापकता ऐतिहासिक सामग्रीको रूपमा अथवा शिलालेखको रूपमा नलेखिएको हुन सक्छ।

सौर्य धर्म

नेपालमा प्रचलित धार्मिक सम्प्रदायहरूमध्ये एउटा सम्प्रदाय सौर्य सम्प्रदाय पनि हो। यो सम्प्रदायको प्रचलन प्राचीनकालदेखि नै भएको छ। सम्प्रदायको लामो इतिहास भएको कुरा यहाँ प्राप्त युग-युगका अनेकौं प्राचीन सूर्यमूर्तिहरूले देखाउँछन्। काठमाडौं उपत्यका र त्यसवाहिरका प्राचीन जनवस्तीहरूमा धेरै सूर्यमूर्तिहरू देखिन्छन्। यस्ता सूर्यमूर्तिहरू प्रायः प्राचीनकालकै पाइन्छन्। यसबाट सौर्य सम्प्रदायले तत्कालीन समाजमा पाएको मान्यता र लोकप्रियता स्पष्ट हुन्छ। सूर्यमूर्तिको यो वहुलताले नेपालको मूर्तिकलामा नै ठूलो प्रभाव पारेको छ। हिजोआज पनि घरघरमा सूर्यको पूजा गर्ने प्रथा छ। सूर्यलाई कतै नारायणका रूपमा र कतै इन्द्रका रूपमा मान्ने गरेका प्राचीन उल्लेखहरू पाइन्छन्। कतै यसको प्रतीकात्मक उपासना गरिएको पनि देखिन्छ। लिच्छवि राजा मानदेवका शासनकालमा गुहमित्र नाम गरेका व्यापारीले इन्द्रको रूपमा सूर्यको मूर्ति स्थापना गरेको उल्लेख एउटा अभिलेखमा[७६] पाइन्छ। सौर्य सम्प्रदायमा सूर्यको उपासना सर्वप्रथम सूर्यविम्वोपासनावाट सुरु भएको प्रमाण आर्यघाटस्थित प्रस्तरको सूर्यबिम्वाभिलेखवाट थाहा हुन्छ। सौर्य सम्प्रदायका रूपमा परिचित यस शाखालाई **सौर धर्मका** नामले पनि जानिन्छ।

---

७४. नोली, पृ. ४९
७५. अभिलेख-सङ्ग्रह, अङ्क ५, पृ. ९
७६. नोली, पृ. ११६

बौद्ध धर्म

नेपालमा प्राचीनकालदेखि प्रचलित रहेको अर्को धर्मसम्प्रदाय वौद्ध धर्म हो। यहाँ हजारौं प्रख्यात केन्द्र रहिआएको कुरा स्पष्ट हुन्छ। नेपाल गौतम वुद्धको प्रार्दुभाव हुनुभन्दा अघिका आदिवुद्धहरूको क्रियाकलापको केन्द्र पनि हो। नेपालको पश्चिमी तराईमा आदिवुद्ध कनकमुनिको प्राचीन चैत्यको भग्नावशेष रहेको छ। भारतका सम्राट् अशोकले लुम्विनीको यात्रा गर्दा त्यो ठाउँको पनि यात्रा गरेका थिए। त्यहाँ रहेको प्राचीन तथा जीर्ण स्वरूपको कनकमुनि आदिबौद्धको चैत्यको जीर्णोद्धार गरी त्यसको संस्मरणमा उनले आफ्नो स्तम्भाभिलेख पनि राखेका थिए। यसै समयमा लुम्विनी उपवनमा पनि अशोकले राखेको स्तम्भाभिलेख हाल विद्यमान छ। यी कुराहरूवाट नेपाल बौद्ध धर्मको मूल थलो भएको कुरा थाहा हुन्छ। काठमाडौं उपत्यकामा शैव सम्प्रदायको प्रमुख तथा प्राचीनतम मन्दिर पशुपतिमन्दिर, वैष्णव सम्प्रदायको दोलाद्रिहरिको मन्दिर, शाक्त सम्प्रदायको गुह्‌येश्वरीमन्दिर आदि रहेझैं, स्वयम्भू चैत्य र बौद्धनाथको खास्तीचैत्य वौद्ध-सम्प्रदायका प्राचीनतम स्मारकका रूपमा रहिआएका छन्। यी थलाको महत्त्व काठमाडौं उपत्यकाको निर्माणसँगै प्रारम्भ भएको वुझिन्छ।



(लुम्विनी बौद्धभूमि– स्तम्भ)

भगवान् गौतम वुद्धद्वारा प्रतिपादित धर्म-सम्प्रदायको इतिहास पनि नेपालमा प्राप्त छ। लिच्छविकालमा यहाँ बौद्ध धर्मका महायान, हीनयान जस्ता उपसम्प्रदायहरू प्रचलित रहेको कुरा तत्कालीन अभिलेखवाट थाहा हुन्छ। लिच्छविकालमा शैव, वैष्णव र अरू सम्प्रदायको व्यापक प्रभाव रहेको देखिए पनि वौद्ध सम्प्रदायको प्रभाव पनि त्यत्तिकै सशक्त रूपमा रहेको वुझिन्छ। लिच्छवि अभिलेखहरूमा उल्लेख भएअनुसार यो सम्प्रदायले लिच्छवि राजा मानदेवका तीन पुस्ता अघिका राजा विष्णुदेववाट ठूलो मान्यता पाएकाले यिनलाई 'सुगतशासनपक्षपाती' भन्ने उपाधि दिइएको थियो।

लिच्छविकालका वौद्ध सम्प्रदायहीरूको उल्लेखमा कुनै कमी छैन। तत्कालीन वौद्ध धर्मको अवस्था दर्साउने जम्मा १८ वटा अभिलेखहरू प्राप्त छन्। शक संवत्

४२७ देखि ६८१ सम्म झन्डै अढाई सय वर्षभित्रका यससम्बन्धी अभिलेखहरू पाइएका छन्। यी अभिलेखहरूवाट त्यति बेलाको बौद्ध सम्प्रदायको स्थिति स्पष्ट हुन्छ। लिच्छविकालमा बौद्ध धर्ममा दीक्षित भएका भिक्षु र भिक्षुणीहरूका लागि आवास-विहारहरू धेरै वनेका थिए। बौद्धहरूको आर्यसङ्घले शिवदेव विहार (लिच्छवि राजा शिवदेवका नाममा) वनाएको उल्लेख लिच्छवि राजा नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेखवाट थाहा हुन्छ। यसरी निर्माण गरिएका २० वटा जति[७७] बौद्ध विहारहरूको नाम तत्कालीन अभिलेखहरूवाट थाहा हुन्छ। तत्कालीन अभिलेखमा उल्लिखित उपर्युक्त विहारहरूवाहेक अरू विहारहरू पनि त्यस बेला रहेको हुन धेरै सम्भव छ। लिच्छविकालका बौद्ध विहारहरूमा गुम विहार, श्रीमान् विहार, श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार, अजिका विहार, सुजातप्रभु विहार, जीववर्म विहार र चतुर्मालटसन विहार आदि उल्लेखनीय छन्। यस प्रकार अनेकौं बौद्ध विहारहरू व्यवस्थित रहन सक्नुको कारण तत्कालीन बौद्ध सम्प्रदायमा रहेको सङ्घ व्यवस्था र सङ्गठन नै हुन्। वौद्ध धर्म वस्तुतः सङ्घ-सङ्गठनवाटै व्यवस्थित र विकसित भएको हो। यसैवाट संवर्द्धन पनि भएको हो। वौद्ध धर्ममा सङ्घको ठूलो महत्त्व छ। यो धर्मको एक अङ्ग हो। वौद्ध शिक्षामा यसैले 'सङ्घं शरणं गच्छामि'को वाचा गराइन्छ। लिच्छविकालका अभिलेखहरूमा वौद्ध सम्प्रदायी सङ्घहरूको उल्लेख भएको पाइन्छ। पाटनको एक अभिलेखमा सङ्घको चर्चा रहेको छ। वन्डाहिटीको अभिलेखमा आर्यसङ्घको उल्लेख भएको छ। लिच्छवि राजा नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख र उनैको पाटन युङ्गवहालको अभिलेखमा आर्यसङ्घको विशेष चर्चा भएको छ। यस कारण[७८] लिच्छवि राजा नरेन्द्रदेवले आर्यसङ्घलाई आर्थिक आधारका लागि गाउँ दान दिएका तथा त्यस गाउँका पञ्चापराधीहरूलाई दण्ड दिँदा अपराधीको जीउमा मात्र सरकारको अधिकार लाग्ने र उसको चलअचल सम्पत्ति आर्य सङ्घकै हुने व्यवस्था गरिदिएका थिए। यस्ता आर्यसङ्घ पनि भिक्षु र भिक्षुणीका लागि भिन्दाभिन्दै सङ्गठन गरिन्थे। काठमाडौं भुसुमवहालको एउटा अभिलेखमा भिक्षुणी सङ्घको उल्लेख भएवाट यो स्पष्ट हुन्छ।[७९] यस्तै आर्य भिक्षुणी सङ्घको उल्लेख पाटन चपटोलको अभिलेखमा पनि परेको छ। काठमाडौं चावहिल स्तूपको अभिलेखमा एक बौद्ध धर्मानुयायी आइमाईले पुनर्जन्म लिन नपरोस्, जन्म लिनै परेमा स्त्रीको जन्म लिन नपरोस् भन्ने कामनाका साथ गरेको वौद्ध पूजामा वौद्ध सङ्घका लागि जग्गा दान दिएको उल्लेख भएको छ। यसरी वौद्ध सम्प्रदायका सङ्गठनहरू

---

७७. पूर्णिमा १४, पृ. ११७-११९

७८. अभिलेख सङ्ग्रह, भाग ९, पृ. २२

७९. अभिलेख सङ्ग्रह, भाग ५, पृ. ८

त्यति बेलामा दानशील वौद्ध धर्मानुयायी भक्तहरूवाट पनि आर्थिक अनुदान र राज्याश्रय प्राप्त हुने गरेको थियो। राजा अंशुवर्माले आफू वैष्णव सम्प्रदायका अनुयायी भएरै पनि त्यति बेलाका गुम विहार, श्रीमान् विहार, श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार तथा अरू सामान्य विहारहरू जस्ता प्रमुख वौद्ध विहारहरूलाई केही पण (तत्कालीन मुद्रा)को अनुदान दिएको उल्लेख हाँडीगाउँको अभिलेखमा परेको छ। उपर्युक्त विहारहरूमा श्रीमान् विहारको नामले यो विहार लिच्छवि राजा मानदेवले निर्माण गरेको र श्रीराज विहारको नामले त्यति बेलाका राजा सम्भवत: शिवदेवले निर्माण गरेको कुरा दर्साउँछ।

धार्मिक समन्वय

बौद्ध, शैव, वैष्णव, शाक्त र सौर्य सम्प्रदायका माथि उल्लेख गरिएका चर्चाहरूवाट परम्परागत रूपमा नेपालमा चलिआएका धर्महरूको एउटा खाका हाम्रा सामु स्पष्ट भएको छ। यसरी नेपालमा प्राचीनकालदेखि विभिन्न धर्म-सम्प्रदायहरू चलेर आएको, ती धर्मसम्प्रदायहरूले त्यति बेलाको समाजमा महत्त्व पाएको, ती धर्मसम्प्रदायहरूलाई त्यति बेला राज्याश्रय प्राप्त भएको, तिनीहरूलाई तत्कालीन राजाहरूले आर्थिक अनुदान दिएको, तत्कालीन राजाहरू कुनै खास धर्मसम्प्रदायका अनुयायी भएर पनि त्यति बेलाको समाजमा प्रचलित अन्य धर्मसम्प्रदायको सम्मान र संवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कुराहरू पनि उपर्युक्त चर्चाले प्रकाश पारेको छ। यस सम्बन्धमा अझ स्पष्ट र ज्वलन्त उदाहरणका रूपमा वैष्णव धर्मानुयायी राजा मानदेवले शैव सम्प्रदायको मानेश्वर शैवमन्दिर स्थापना गरेको, उनका रानीहरू शैव सम्प्रदायका अनुयायी भएको अनि मानदेवले आफू वैष्णव सम्प्रदायी भएर पनि बौद्ध सम्प्रदायको सम्मानस्वरूप आफ्ना नाममा मानविहार नामक बौद्ध विहार स्थापना गरेको कुरा प्रस्तुत गर्न सकिन्छ। राजा अंशुवर्मा पाशुपत सम्प्रदायका अनुयायी भए पनि यिनले त्यति बेलाका वौद्ध संस्थाहरू र विहारहरूलाई आर्थिक सहायता दिएको कुरा पनि यस सन्दर्भमा उल्लेखनीय छ। यसले नेपाली संस्कृति परम्परागत रूपमै धार्मिक सहिष्णुता र समदर्शी रहेको तथ्यलाई नै दर्साउँछ।

नेपालमा परम्परागत रूपमा विभिन्न धर्मसम्प्रदायहरू र तिनका उप-सम्प्रदायहरू प्रचलित रहेका छन्। वर्तमान नेपालमा शैव, वौद्ध, शाक्त, वैष्णव र सौर्य सवै धर्मसम्प्रदायहरूमा कुनै भेद नमानी सवैले सवै धर्मको उपासना गर्दछन्। अति प्राचीन धर्म र लामा सम्प्रदायको वौद्ध धर्म नेपालमा प्रशस्त पाइन्छ। किराँतीहरू अझै प्राचीन परम्परा मान्दछन्। कैयौं शताब्दी अघिदेखि नेपालमा वसोवास गरेका मुसलमानहरूले आफ्नो धर्म स्वतन्त्र रूपले मनाउन पाएका छन्। धर्मसम्प्रदायहरूका वीच नेपालले विकास गरेको यो उदारता अथवा यो धार्मिक

सहिष्णुता नै नेपालको आफ्नो मौलिक धर्म हो। श्रीपशुपतिनाथलाई बौद्ध सम्प्रदायका अनुयायहीरूले बुद्धभगवान्का रूपमा मान्ने गरेको र बुद्ध सम्प्रदायका एक प्रमुख बुद्ध मन्जुश्री (काठमाडौँ उपत्यकाका निर्माणकर्ता मानिएका) लाई शैव, शाक्त, वैष्णव र सौर्य सम्प्रदायका अनुयायीहरूले देवी सरस्वतीको रूपमा उपासना गरेको कुरा बाहय दृष्टिले हेर्दा अनौठो लाग्दछ। त्यस्तै शैव, वैष्णव, शाक्त र सौर्य सम्प्रदायका अनुयायीहरूमा कसैले देवेन्द्रका रूपमा र कसैले नाथ सम्प्रदायका एक प्रमुख नाथका रूपमा उपासना गर्ने मत्स्येन्द्रनाथलाई बौद्ध सम्प्रदायका अनुयायहीरूले करुणामय लोकेश्वरका रूपमा उपासना गर्ने गरेको र उपासनाको विधिविधान कर्मकाण्ड आदि सबैमा समन्वयात्मक रूप रहेको पनि अनौठो लाग्छ। काठमाडौँ उपत्यकाका आदिवासीका वंश वर्तमान कृषक ज्यापू-समुदायले अद्यापि भावनात्मक रूपले मत्स्येन्द्रनाथलाई वर्षाका देवता इन्द्रको स्वरूपमा मान्ने गरेको देखिन्छ। एकं सद् विप्रा बहुधा वदन्ति, भन्ने ऋग्वेदको मन्त्रमा सैद्धान्तिक रूपमा धार्मिक समन्वयवाद प्रतिपादित भए तापनि यसलाई व्यावहारिक रूप दिनमा सर्वप्रथम सक्षम हुने देश नेपाल नै हो। धार्मिक समन्वयको उपर्युक्त दर्शनलाई नेपालमा प्राचीनकालदेखि नै व्यवहारमा ल्याइएको कुराको चर्चा पनि यहाँ गर्न सकिन्छ।


पशुपतिमा रहेको बुद्धमूर्ति

पशुपति देवपाटनस्थित लिच्छविकालको शक संवत् ४८७ को एउटा अभिलेखमा स्वामिवार्तनामक व्यक्तिले हरिहर (विष्णु र शिवको संयुक्तरूप)को मूर्ति स्थापना गरेको उल्लेख गरिएको छ र भ्रान्त भक्तहरूको भ्रान्ति हटाउन उक्त मूर्तिको स्थापना गरिएको उल्लेख छ।[८०] यो स्वयं नै साम्प्रदायिक समन्वयका लागि गरिएको कर्म थियो र भिन्न जाति एवं धार्मिक विश्वासबीच एकता र सामञ्जस्य ल्याउने अभिप्रायमा गरिएको थियो। यसरी वैष्णव र शैव धर्मको व्यावहारिक समन्वयात्मक रूप दिन सिर्जना गरिएको हरिहरको मूर्ति सर्वप्रथम शक संवत् ४८७ मा नै स्थापना

८०. भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे
पक्षग्राहभ्रमितमनसा पक्षविच्छित्तिहेतोः।
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्यां
एकं रूपं शरदिवघनश्यामगौरं तदव्यात्॥

गरिएको उल्लेख पाइएको छ । भारतमा यसभन्दा अघि हरिहरको मूर्ति स्थापना भएको देखिँदैन । नेपालमा यो सम्प्रदायको गतिविधि देखिएको केही शताब्दीपछि मात्र भारतमा हरिहरको मूर्ति स्थापना भएको उल्लेख शक संवत्को सातौँ शताब्दीको अन्तिम दशकको कृष्णराजको मण्डकस्थित अभिलेखमा उल्लेख गरिएको पाइन्छ । शक संवत् ४८७ मा स्थापित हरिहरको मूर्तिपछिको लिच्छविकालको यो सम्प्रदायमा स्थापित अर्को मूर्ति राजा अंशुवर्माकालीन 'करमिलि शङ्करनारायण' (हात मिलाएका शङ्करनारायण)को मूर्ति हो । यसै परम्परामा त्यति वेलादेखि अनेकौँ हरिहरमूर्तिको स्थापना यस अधिराज्यमा गरिएको छ र यसबाट नेपालको मूल धर्म (सबै धर्ममा समन्वय ल्याउने धर्म)को प्रतिपादनमा ठूलो सहयोग प्राप्त भएको छ ।

शैव र वैष्णव धर्ममा यस प्रकार हरिहरको मूर्ति खडा गरी भगवान् विष्णु र शिवको एक रूप मानिएझैँ शैव र वैष्णव सम्प्रदायका अनेकौँ देवताहरूलाई शाक्त सम्प्रदायले आफ्नो सम्प्रदायमा भित्र्याएर ती देवदेवीहरूको उपासना गरी धार्मिक समन्वयको शृङ्खलालाई सुदृढ पारेका छन् ।

बौद्ध सम्प्रदायको तान्त्रिक परम्परामा उपर्युक्त सबै सम्प्रदायद्वारा उपासित देवदेवीहरूलाई भित्र्याई ती देवदेवीहरूको उपासना गरिएको बृहत् रूपरेखा तन्त्राचारको निस्पन्न योगावली र धर्मधातुवायीश्वर मण्डल आदि बौद्ध ग्रन्थहरूमा पाइन्छ । देवदेवीहरूका विभिन्न स्वरूपहरू बौद्ध सम्प्रदायमा मिलाइका छन् । यी देवदेवीहरूमा पहिलो देवताको स्वरूप महाकालको स्वरूप हो । महाकालको विभिन्न स्वरूपका मूर्तिहरू नेपालका बौद्ध विहार, चैत्य र जनवस्तीहरूमा स्थापना गरिएको पाइन्छ । महाकालका यी मूर्तिहरूमा २, ४, ६ वा ८ हात र कुनै १६ हात भएका छन् । दुई हात भएको महाकालको रूप नीलो हुन्छ । यसले कर्वी र कपाल धारण गरेको हुन्छ । त्यस्तै चार हातको महाकालको वर्ण पनि नीलो हुन्छ । यसले पनि एक हातमा बर्छी, एक हातमा कपाल, एक हातमा खड्ग र एक हातमा खटमङ्ग धारण गरेको हुन्छ । १६ हातको महाकालको मूर्ति पनि अन्य मूर्तिझैँ नीलो वर्णको र आठ मुखे, चौवीसवटा आँखाले युक्त र चार खुट्टाले युक्त हुन्छ । यसको दायाँपट्टिका सात वटा हातहरूमा क्रमशः कर्वी, वज्र, गजचर्म, मुद्गर, त्रिशूल, खड्ग र पास हुन्छ भने वायाँतिरका सात हातहरूमा क्रमशः रक्तप्लावित कपाल, गजचर्म, घन्ट, सुइरो, सेता कौडी, नरमुण्ड धारण गरिएका हुन्छन् र यसका अरू दुई हातले शक्तिरूपा प्रज्ञादेवीलाई आलिङ्गन गरिएको हुन्छ । यसको कद पुड्को हुन्छ र यसको रूप अट्टहासले हाँसेको र डरलाग्दो हुन्छ । यसले पञ्चध्यानी बुद्धको आकृतियुक्त मुकुट लगाएको हुन्छ र यो मूर्ति सात शक्ति देवीहरूद्वारा घेरिएको हुन्छ । यी देवीहरूका

पनि भिन्दाभिन्दै स्वरूप हुन्छन्। यसरी पूर्णरूपले महाकालको यस स्वरूपमा शिवशक्तिको स्वरूप सम्मिलित मान्न सकिन्छ। महाकालको स्वरूपगत विभिन्नता भएझैँ बज्रयान सम्प्रदायमा पुजिने सरस्वतीका पनि अनेकौँ स्वरूपहरू देखिन्छन्। यसलाई कतै महासरस्वती, कतै बज्रसरस्वती, बज्रशारदा र आर्यासरस्वती आदि नाम दिइएको पाइन्छ। यी देवदेवीहरूको उपासनाबाहेक बौद्ध सम्प्रदायमा वैदिक देवदेवीहरूको उपासना पनि गर्ने गरेको कुरा धर्मधातु वागीश्वर मण्डल र निस्पन्न योगावली आदि प्राचीन बौद्ध तान्त्रिक ग्रन्थहरूबाट थाहा हुन्छ। यसरी मानिने वैदिक देवताहरूमा इन्द्र, यम, वरुण, कुवेर, ईशान, अग्नि, नैरित र वायु आदि दिकपालहरू छन्। यी सबै दिकपालहरूलाई झन्डै वैदिक स्वरूपमा नै उपासना गरिएको देखिन्छ। यस्तै वैदिक परम्पराका प्रमुख देवताहरू ब्रह्मा, विष्णु, महेश्वर, कार्त्तिकेय, गणपति, महाकाल, नन्दिकेश्वर, वाराही, चामुण्डा आदिको उपासना पनि पौराणिक र शैव तान्त्रिकहरूले गरेकै स्वरूपमा बौद्ध धर्मको वज्रयान सम्प्रदायमा गरिन्छ।

यस प्रकार देवदेवीहरूको उपासनामा ती देवदेवीहरूको स्वरूप र मान्यताको आदान-प्रदान नेपालमा प्रचलित विभिन्न धर्मसम्प्रदायहरूमा भइरहेको कुरा उपर्युक्त चर्चाहरूबाट स्पष्ट हुन आउँछ। नेपालमा परम्परागत रूपमा अनेकौँ धर्महरूको व्यवहार गरिएको र नेपालका मानिसहरू विभिन्न धर्मसम्प्रदायहरूमा बाँडिएको देखिए पनि कुनै धर्मसम्प्रदायमा यस देशका कट्टरपन्थी विचारधारले आफ्नो प्रभाव जमाउन सकेको छैन भन्ने कुरा उपर्युक्त चर्चाहरूबाट स्पष्ट हुन्छ।

हाम्रो देशमा प्रचलित सबै धर्मसम्प्रदायहरूमा शाक्त सम्प्रदायको व्यापक प्रभाव परेको कुरा पनि यहाँ उल्लेखनीय छ। चाहे शैव होस्, चाहे वैष्णव, चाहे बौद्ध सम्प्रदाय होस् सबै धर्मसम्प्रदायमा शक्तिदेवीको महत्त्व रहिआएको छ। शक्तिदेवी सहितको स्वरूपमा ती सम्प्रदायका देवताहरूको आराधना यहाँ गरिन्छ। शिव र पार्वती, लक्ष्मीनारायण, बुद्ध बज्रघर, प्रज्ञाहेरक र हेरुकी यसका उदाहरण हुन्। शैव, शाक्त र वैष्णव सम्प्रदायका शक्तिदेवीहरूकै अनेकौँ स्वरूपको उपासना गरिएझैँ बौद्ध तान्त्रिक सम्प्रदायमा प्रज्ञास्वरूपको शक्तिलाई अनेकौँ रूपमा उपासना गरिन्छ। यी रूपहरू स्वेततारा, हरिततारा, नीलतारा र रत्नतारा आदि हुन्। यी वर्णनहरूबाट एउटा धर्मसम्प्रदायको प्रभाव अर्को धर्मसम्प्रदायले अर्को धर्मसम्प्रदायको विधिविधान, दर्शन, स्वरूप आदिको अनुकरण उदारतापूर्वक गरी आफ्नो मौलिकताको सिर्जना गरी सहिष्णुताको फाँटलाई अझ विस्तार गरेको छ।

यो परम्परागत धार्मिक सहिष्णुताको वातावरणमा हुर्केर आएका हुनाले आज नेपालीहरू कसैले पनि आफूलाई एउटै मात्र धर्मसम्प्रदायको उपासनामा सीमित

राख्दैनन् । न त हिन्दूत्वको दम्भ छ न बुद्धत्वको, न इस्लामको न इसाईको, न जैनको न शिखको । परस्परका धार्मिक चाडपर्वमा मिलेर रमाउनु, परस्परका धार्मिक पूजास्थलमा दर्शन गर्न जानु र जातीयतालाई भन्दा नेपालीत्व र मानवतालाई अँगाल्नु नेपालीको विशिष्ट पहिचान बन्न पुगेको छ। जुन व्यवहार अत्यन्तै सकारात्मक छ र नेपालको राष्ट्रिय एकताका लागि महत्त्वपूर्ण पनि छ। धार्मिक सहिष्णुताको यस वातावरणले नेपालका धार्मिक सम्प्रदायहरूमा कतै पनि कट्टरतावादी विचार र तद्जन्य द्वेष र कलहले ठाउँ पाएको छैन र धार्मिक सहिष्णुता नेपाल र नेपालीको परम्परागत सांस्कृतिक पहिचान बन्न पुगेको छ।

□

नेपाली कलाको विकास

मानव भावनाको अभिव्यक्ति नै कला हो । मानिस आफ्ना सबै भावनाहरूलाई कुनै न कुनै प्रकारले व्यक्त गर्न चाहन्छ। मानिसले आफ्ना भावनाहरू व्यक्त गर्न केही साधनहरूको उपयोग गरेको हुन्छ। ती उपयोग गरेका साधनहरू नै वास्तवमा कलाका विभिन्न पक्षहरू हुन्। अर्को शब्दमा भन्दा कला मानिसले आफ्ना भावना व्यक्त गर्ने उपकरणहरू– भाषा, साहित्य, चित्र, नृत्य, शिल्प, सङ्गीत आदिका माध्यमबाट प्रकट गर्ने एउटा विधिमात्र हो । कलाका पाँच मुख्य अङ्गहरू छन्– वास्तु वा स्थापत्य, मूर्ति, चित्र, सङ्गीत, नृत्य र साहित्य । नेपाली कलामा पनि यिनै पाँच तत्त्वहरूको राम्रो सम्मिश्रण छ र नेपाली कलाले यिनै पाँच तत्त्वहरूको उचित प्रतिनिधित्व गरेको छ ।

प्राचीनकालदेखि नै नेपाल एक पुण्यभूमि एवं धर्मसापेक्ष राष्ट्रका रूपमा रहिआएको छ। शिवजीको वासस्थान र देवी पार्वतीको माइतीस्थान हिमालय यसै पुण्यभूमिको शिरोभागमा विद्यमान छ। यस तपोभूमिमा आई सयकडौं ऋषिमुनिहरूले तपस्या गरेर मोक्ष प्राप्त गरे । यसै पवित्र भूमिमा देवी सीता र भगवान् बुद्धले जन्म लिएथे । यसरी हजारौं वर्षअघिदेखि नै धार्मिक प्रेरणा पाई यस पवित्र भूमिमा मोक्ष प्राप्तिका निम्ति धर्मप्राण नेपाली जातिले निर्जीव पदार्थमा देवत्वको प्राणप्रतिष्ठा गरे। धर्मभीरु नेपालीहरूले कलाको उपयोग मनोरञ्जन र आफ्नो प्रतिष्ठाका लागि नभई धार्मिक चेतना र मोक्षप्राप्तिका लागि गरे। वास्तवमा नेपाली कलाको जन्म नै धार्मिक आवश्यकता र आदर्शको परिपूर्तिका निम्ति भयो । हिन्दू र वौद्ध धर्मले एउटै विरुवाका दुई फूलहरूले झैं यस पुण्यभूमिमा फुली यस पृथ्वीरूपी बगैंचालाई नै सुवासले मोहित पारिराखेका छन्। वास्तवमा भन्ने हो भने नेपाली कलाले हिन्दू र वौद्ध दुवै धर्मको निष्पक्षतापूर्वक प्रतिनिधित्व गरेको छ। नेपाली कला भन्नु नै हिन्दू र वौद्ध धर्मवाट प्रेरित कलाको समन्वयको फल हो। यस देशमा सधैं नै सवै धर्मलाई समानरूपले आदर गरिएको छ। तर पनि जुन समयमा जुन धर्मले वढी राजप्रश्रय

पाउँछ त्यस धर्मको नेपाली कलामा ठूलो प्रभाव पर्नु स्वाभाविकै हो। नेपालीहरूको धार्मिक सहिष्णुताको परम्परालाई नेपाली कलाले एउटा जीवित उदाहरणका रूपमा रहेर आजको संसारलाई देखाइदिएको छ।

कला प्रत्येक देशको संस्कृतिको ऐना हो। यसैको माध्यमद्वारा त्यस देश र समाजको चरित्र मूल्याङ्कन गर्न सकिन्छ। धर्मले प्रभावित नेपाली कला हाम्रा शिल्पशास्त्रहरूमा आधारित छ। राष्ट्रिय अभिलेखालयमा यस्ता धेरै हस्तलिखित ग्रन्थहरू छन् जसले कलाको निर्माण-विधि बताउँदछन्। ती ग्रन्थहरूमध्ये केही हुन्– साधनमालाहरू, मञ्जुश्री मूलकल्प, वैपुत्यसूत्र, धर्मपुण्डरीका लङ्कावतार, प्रज्ञापारमिता, ललितविस्तर, सुवर्ण प्रभास, संमाधिराज दशमीश्वर आदि।

नेपाली कलामा सांसारिक प्रपञ्च र आध्यात्मिकतालाई पृथक् वस्तु नठानी यी दुवैलाई एकै रूप दिइएको छ। यसैले नै होला नेपाली कलाकारहरूले जीवन र कला अनि शैव, वैष्णव, शाक्त र सौर्य धर्मावलम्बीहरूलाई बेग्लाबेग्लै दृष्टिले कहिल्यै पनि हेरेनन्।

नेपाली कलाको मौलिकतामाथि शङ्का गर्नेहरूको पनि कमी छैन। कोहीकोही त यसलाई भारतीय कलाकै एउटा अभिन्न अङ्ग र त्यसवाट प्रभावित भएको एउटा हाँगो पनि भन्दछन्। नेपाली कला विभिन्न समयमा भारतीय कलाहरूवाट प्रभावित नभएको होइन। यसरी नै भारतीय कला पनि नेपाली कलाबाट विभिन्न समयमा प्रभावित नभएको होइन। तर नेपाली कलाले सुरुदेखि नै आफ्नै मौलिकता र आफ्नै कला-शैलीलाई कायम गरेको छ मौलिक ढङ्गले मात्र होइन विकसितसमेत गर्दैआएको छ।

धेरै शताब्दीसम्म वाहिरी संसारलाई नेपाली कलाबारे कुनै ज्ञान नै थिएन। यसका धेरै कारणहरू थिए। एक त काठमाडौँ उपत्यकाभित्र पस्ने बाटोघाटोको कुनै सुविधा थिएन, अर्को सन् १९५० सम्म विदेशीहरूका लागि नेपाल एउटा अनौठो र आगमननिषेध गरिएको देश थियो। केही चिनियाँ यात्रुहरू, क्रिश्चियन पादरीहरू र अङ्ग्रेज अफिसरवाहेक अरू कसैले पनि नेपालबारे केही थाहा पाउने मौका पाएका थिएनन्। यसरी शताब्दीयौँसम्म लुकिवसेको र कसैका आँखामा नपरेको नेपाली कलालाई वाहिर प्रकाशमा ल्याइदिएको श्रेय पनि विदेशी पर्यटक तथा व्रिटिस कर्मचारीहरूलाई छ। जसमध्ये रेजिडेन्ट हडसन, पर्सिवल, ल्यान्डन, शिल्वाँ लेवी, कुमारस्वामी आदि मुख्य हुन्।

धार्मिक संस्कार, पौराणिक कथाहरू, प्राचीन परम्पराहरू आदि सवैले नेपाली कलालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट प्रभावित पारेका छन्। धर्म र दर्शनकै आडमा

नेपाली कला हुर्कियो र नेपाली माटोमा जन्मेर नेपाली जनजीवनसँगसँगै हुर्किबढी आज़ आफ्नै मौलिक रूप लिएको छ। विश्वका सबै कलापारखीहरूको प्रशंसाको वस्तु भइरहेको छ। त्यसैले पनि प्रसिद्ध कलाविद्, सुश्री स्टेला क्रामारिश भन्नुहुन्छ– 'यो कला नेपाली जनताको आफ्नै सृष्टि थियो। यसले आफूले मात्र प्रसिद्धि पाएको होइन किं तिब्बत र चीनको कलामा समेत ठूलो भूमिका ओगटेको छ।'

नेपाली कलाको प्राचीनता

नेपाली कलाको प्राचीनतालाई विचार गरी हेरेको खण्डमा हामीलाई झ्वाट्ट कुनै ठोस निर्णय दिने अवस्थामा पुग्न गाह्रो पर्छ। नेपाल अधिराज्यका विभिन्न ठाउँहरूमा भइरहेका उत्खनन तथा अन्वेषणका आधारमा र खास गरी तिलौराकोट र लुम्बिनीक्षेत्रमा भइरहेका उत्खननहरूबाट यो सिद्ध भइसकेको छ कि नेपाली कलाको इतिहासले इसापूर्व छैटौं शताब्दीसम्म छुन पुगेको छ। तर उत्खनन कार्य अझै बाँकी नै छ र यसको विस्तृत प्रतिवेदन प्राप्त नभएसम्म यसै हो भनी किटान गर्न गाह्रै छ।

हालसम्म प्राप्त ऐतिहासिक प्रमाणद्वारा नेपाल अधिराज्यभरि पत्ता लागेका प्राचीन स्थलहरूमा लुम्बिनी र कपिलवस्तु तथा ती क्षेत्रवरपरका ठाउँहरू नै सबैभन्दा प्राचीन सिद्ध हुन्छन् भन्ने विचार पुरातत्त्वविद्हरूले व्यक्त गरेको पाइन्छ। तसर्थ ती क्षेत्रहरूमा प्राप्त हुने र भइसकेका कलात्मक पुरातात्त्विक सामग्रीहरू पनि प्राचीन हुनु स्वाभाविकै हो। तर हाम्रो देशका गुफाहरूको राम्रो अध्ययन भएको छैन र अरुण सभ्यताको पनि खोजबिन भएको छैन। गण्डकी क्षेत्रकै पनि गहिरो अनुसन्धान नभएको हुँदा पछि थप तथ्यहरू प्राप्त हुँदै जाने अपेक्षा गर्न सकिन्छ। यस सन्दर्भमा जनकपुरको मैथिलसभ्यता र काठमाडौंको वाग्मती-सभ्यताको प्राचीनता र महत्त्वलाई पनि देख्नुपर्छ। यिनै तीन सभ्यताको मिश्रित योगफल नेपाली सभ्यता र संस्कृति वन्न पुगेको हुँदा नेपाली कलाको बान्की जातीय एवं सांस्कृतिक सम्मिलनको विशिष्टतामा व्यक्त हुन पुगेको हो।

नेपाली कलाका विभिन्न अङ्गहरूमध्ये मूर्तिकला पनि एक हो। मूर्तिकला विभिन्न माध्यमहरूद्वारा प्रस्तुत भएको छ। जस्तै– प्रस्तर, काष्ठ, माटो आदिमा। यी माध्यमहरूमा पनि प्राचीन समयमा धेरै उपयोग माटोको गरेको देखिन्छ। हालसम्म भइसकेका उत्खननहरूबाट प्राप्त माटाका मूर्ति तथा कलात्मक वस्तुहरू इसापूर्व तेस्रोदेखि छैटौं शताब्दीसम्म पुगिसकेका छन्। लुम्बिनी र तिलौराकोट क्षेत्रहरूमा भएका उत्खननहरूबाट प्राप्त माटाका नारीमूर्ति, मानिसका शरीरहरू, जनावरहरू र अरू खेलौनाहरू मौर्य, सुङ्ग, कुशान र गुप्तकालीन कलाहरूसँग मिल्दाजुल्दा छन्। धेरै खर्च नलाग्ने र सजिलैसँग वनाउन सकिने हुनाले माटाका मूर्ति बनाउने कला

जनजीवनसँग मिसिएको हुन्छ। यसैले पनि मृत्तिका कला तत्कालीन समाजको प्रत्यक्ष ऐना हुन्छ, जसको मदतद्वारा तत्कालीन इतिहासको निर्माणमा ठूलो बल पुग्दछ। माटाको मूर्ति बनाउने चलन लिच्छवि र मल्लकालमा पनि निकै प्रचलित र लोकप्रिय थियो।

पूर्वलिच्छविकालीन कला

(एक मुखे लिङ्ग- पशुपति)

इसापूर्व छैटौं शताब्दीमा कपिलवस्तुमा शाक्यहरूको पतन भएपछि नेपालको भू-भागभित्र काठमाडौं उपत्यकाबाहेक अरू कुनै पनि भागमा नेपाली कलाको विकास र उन्नति भएको ऐतिहासिक प्रमाण भेटिएको छैन। कपिलवस्तूपछि काठमाडौं उपत्यका नै नेपाली कला र संस्कृतिको केन्द्र रहन गयो। जनकपुर र यसको वरिपरि राम्रो उत्खनन गर्न सकेमा हामीलाई सीता, राजा जनक र याज्ञवल्क्यका समयको अत्यन्त विकसित कला र इतिहासका प्रमाणहरू प्राप्त हुने धेरै सम्भावनाहरू छन्। तर अफसोचको कुरा छ, शक्ति र साधनको कमीले हामीले आफ्ना अति प्राचीन वस्तुहरूलाई माटोमुनि नै रहिरहन दिन बाध्य हुनुपरेको छ। लुम्बिनी र काठमाडौं बाहेकका विभिन्न क्षेत्रमा भएका सामग्रीहरूको ऐतिहासिक र पुरातात्त्विक अन्वेषण र उत्खनन गर्न अझै सम्भव भएको छैन। फलस्वरूप नेपालको इतिहास नै यसै उपत्यकाभित्र सीमित हुन पुग्यो। नेपालको इतिहासमा किराँतवंशका राजाहरूको पनि उल्लेख गरिएको छ। तर किराँतकालको विस्तृत इतिहासको निर्माण अझै भइसकेको छैन। काठमाडौं उपत्यकाभित्र किराँतकालीन भनेर भन्न नसके पनि नेपाली मूर्तिकलाको प्राथमिक अवस्था किराँतकालमै बनिसकेको अड्कल गर्न सकिन्छ। आर्यघाटको विरूपाक्षको मूर्ति, सोही स्थानको यलम्वरको मूर्ति, हाल राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित किराँतेश्वर महादेवको मूर्ति, पशुपतिको पश्चिम ढोकाअगाडि रहेको मुखलिङ्ग पशुपतिको मूर्ति आदि मूर्तिहरू पूर्वलिच्छविकालीन अथवा किराँतकालीन हुन् भनी धेरै विद्वान्हरू भन्दछन्। प्रसिद्ध इतिहासकार श्री वालचन्द्र शर्माले पशुपति आर्यघाटमा रहेको विरूपाक्षको मूर्तिलाई मौर्य कलाबाट प्रभावित मूर्ति र किराँतकालको नमुना मान्नुभएको छ। श्री जगदीशचन्द्र रेग्मीले पनि यस मूर्तिलाई लिच्छविकालीन मूर्तिहरूभन्दा भिन्दै मान्नुभएको छ।

किराँतकालीन मूर्तिहरू प्रायः अरू मूर्तिभन्दा कठोर शिलामा कुँदिएका हुन्छन्। साथै शिलाको वर्ण धमिलो सेतो वा पाण्डु र कतैकतै खैरो पनि हुन्छ। शरीरमा यज्ञोपवीतको अभाव, पुड्को शरीर, बाक्लो ओठ, साना आँखा, चेप्टो नाक, छोटो गर्धन, केही गुजुल्टिएको कपाल, विशाल भाल, साना आँखा, चेप्टो नाक, छोटा हातपाखुरा, चौडा छाती, ग्राम्य भेषभूषा आदि। यी मूर्तिका बनोटलाई नै विचार गरी हेरेमा हामी त्यस मूर्तिलाई किराँतकालीन विशेषताहरूले परिपूर्ण देख्नेछौँ।

लिच्छविकालीन कला

१. मूर्तिकला

किराँतकालपछि इसाको पाँचौँ शताब्दीमा नेपालको इतिहासमा एउटा नयाँ युग सुरु हुन्छ। नेपालको इतिहासमा स्वर्णयुग कहलाएको त्यस युगमा नेपाली कला र संस्कृतिको जति विकास भयो त्यति कहिल्यै पनि हुन सकेको छैन। फलस्वरूप नेपाली कलाले उत्तर र दक्षिणतिरका मानवसभ्यतालाई प्रभावित गर्दै गयो। नेपालबाट पर्दै गएका ती प्रभावलाई नेपाली कलाको उद्भव, विकास र विश्लेषण एवं ठोस राष्ट्रिय चिन्तन राखी तथ्यपरक अन्वेषण गर्नुभन्दा सजिलो अनुकरणमा लागेर विवेचना गर्ने प्रवृत्तिले ठाउँ लियो। भारतीय विवेचनाको सिरानी हालेर गरिने यस्तो विश्लेषणले तथ्यलाई अघि सार्दैन। यद्यपि लिच्छविकालका नेपाली कला कृतिहरू कुशान र गुप्तकालका कलाहरूबाट पटक्कै प्रभावित थिएन भन्ने कुरा भने होइन।

यस कालका प्रस्तरमूर्तिहरूलाई तीन भागमा बाँड्न सकिन्छ। ती हुन्- वैष्णव, शैव र बौद्ध मूर्तिहरू। वैष्णव मूर्तिहरूमा चाँगु, लाजिम्पाट र तिलगङ्गा पशुपतिमा रहेका त्रिविक्रमका मूर्तिहरू मुख्य छन्। यी मूर्तिहरूका निर्माता लिच्छवि राजा मानदेव प्रथम हुन्। अभिलेखका आधारमा भन्ने हो भने नेपालका सबैभन्दा प्राचीन मूर्ति पशुपति तिलगङ्गा तथा लाजिम्पाटका त्रिविक्रमका मूर्तिहरू हुन्। तिनीहरू शक संवत् ३८९ तद्अनुसार इस्वी ४६७ मा प्रतिस्थापन गरिएका थिए। शैव मूर्तिहरूमा उमामहेश्वरका मूर्तिहरू र भगवतीका मूर्तिहरू कलात्मक एवं आकर्षक छन्। भगवतीका मूर्तिहरूमा शोभाभगवती, पलाञ्चोकभगवती र नक्सालभगवती प्रशंसनीय छन्। यी तीनै भगवतीका मूर्तिहरू एकै खालका भएको हुनाले ती तीनै मूर्ति एकै कलाकारले बनाएको र समकालीन भनी मानिएको छ।

लिच्छविकालीन बौद्ध मूर्तिहरूमा राजा रामदेवको अन्दाजी इस्वी ५४७ को अभिलेखसहितको लगनटोलस्थित अवलोकितेश्वरको मूर्ति, पाटन चपलटोलको बुद्धको

मूर्ति, साँखुस्थित धातुको बुद्धप्रतिमा आदि उल्लेखनीय छन्। हालसम्म प्राप्त धातुमूर्तिहरूमध्ये सवैभन्दा प्राचीन धातुमूर्ति यसैलाई मानिएको छ। साँच्चै भन्ने हो भने लिच्छविकालमा मूर्तिशिल्पीहरूले वौद्ध मूर्ति वनाउनमा धेरै नै कुशलता र तत्परता देखाएका छन्। भस्मेश्वरभन्दा दक्षिणमा रहेको वुद्धको मूर्तिमा असाधारण व्यक्तिमा हुने वत्तीस लक्षण अङ्कित गर्ने प्रयास गरिएको छ। वुद्धको देवीरूप वनाउनुका साथै वोधिसत्त्व वुद्धका पूर्वजन्मका कथा आदिमा आधारित मूर्ति पनि यस कालमा प्रशस्त बने। हाँडीगाउँको वोधिसत्त्वको मूर्ति, जुन आजकाल पुरातत्त्व विभागको सङ्ग्रहमा छ, पनि लिच्छविकालीन बौद्ध मूर्तिहरूमध्ये एक प्राचीन उदाहरण हो। पुरातत्त्व विभागका तत्कालीन निर्देशक श्री रमेशजङ्ग थापाको भनाइअनुसार उक्त वोधिसत्त्वको मूर्ति काठमाडौं उपत्यकामा पाँचौंदेखि सातौं शताव्दीसम्म निकै लोकप्रिय रहेको, वोधिसत्त्वको मूर्ति परम्पराको सबैभन्दा जेठो मूर्ति हो। नेपालका प्राचीनतम लिच्छविकालीन शिलापत्रहरूमा वौद्ध धर्मसँग सम्वन्धित विभिन्न विषयको उल्लेख भएकाले इसाको प्रारम्भिक शताव्दीहरूमा बौद्ध मूर्तिकलाका निम्ति पृष्ठभूमि र वातावरणको अनुकूलता वनिसकेको स्पष्ट हुन्छ। वौद्ध मूर्तिहरूको अर्को प्राचीन नमुना लुम्बिनीको उत्खननमा फेला परेको प्रस्तरको वुद्धको टाउको हो। यो करिव दोस्रो शताव्दीतिरको हुन धेरै सम्भव छ। किन कि मथुरा शैलीका वुद्धका मूर्तिहरूसँग यो धेरै मिल्दोजुल्दो छ।

नेपालको प्रारम्भिक र केही पछिसम्मका लिच्छविकालीन मूर्तिकलामा कल्पनावादी अस्वाभाविक लालित्यभन्दा वढी पारुष्य र यथार्थता छ। मूर्तिहरूमा हात-पाखुराको सन्तुलन, मुखाकृति र वस्त्राभूषणमा वस्तुवादिता, पर्यवेक्षण र तालमान आदिमा अभिव्यक्ति-चातुरीको साह्रै राम्रो सन्तुलन भएको छ। अंशुवर्माको समयभन्दा पछिका मूर्तिहरूमा अस्वाभाविक कल्पनावादको प्रधानता छ तापनि लावण्यको कल्पनावादी अभिव्यक्तिले गर्दा यसमा शैलीको ओजपूर्ण नयाँ परम्परा छ र यसले कलामा कुनै हीनता ल्याएको छैन।

नेपाली कलामा लिच्छविकालको यशस्वी महत्त्व छ। यस युगको कलामा समसामयिक धर्महरूको प्रभाव मात्र होइन समसामयिक जनजीवनको प्रतिविम्व पनि देखिन्छ। अनेक खालका प्रतीकहरूको सफल संयोजनाका साथै जीवन र जगत्का अनेक मूर्त भावनाहरूको कलात्मक मूर्तिमत्ता लिच्छविकालको सवैभन्दा ठूलो विशेषता हो। लिच्छविकलामा पनि भारतको गुप्तकलामा जस्तै मानव आकृतिको माध्यमवाट देवत्वको आभास गराइएको छ। दुवैको मूर्तिकारिताका साथसाथै मूर्तिकारहरूलाई देवता र मानिसवीच कति अन्तर छ त्यो पनि थाहा थियो। यसैले लिच्छवियुगका कलाकारहरूले वोधिसत्त्व वुद्ध र विष्णुका साथै राजाको रूपमा पनि

मानिसका रूप भिन्दाभिन्दै तवरबाट अङ्कित गरेका छन्। तत्कालीन कलाकारहरूको यो अर्को ठूलो सफलता हो। यसैले मृगस्थलीको नृपप्रतिमा, बूढानीलकण्ठको जलशायी विष्णु, चाँगुनारायणको गरुड, काठमाडौं लाजिम्पाटको त्रिविक्रम अथवा काली दमनरत कृष्ण र साँखुका बुद्ध सबैको निर्माणमा विविधता देखिन्छ। तर विविधता भए पनि सबैमा एकै खालको रूपसंयोजना र तद्नुरूप आवयविक निर्माण र प्रसङ्गानुकूल भावाभिव्यक्ति लिच्छवि कलामा पाइन्छ। इसाको छैटौं तथा सातौं शताब्दीतिरका धातुमूर्तिहरू साँखु तथा बनेपास्थित चण्डेश्वरीमन्दिरभित्र पाइएका छन्। साँखुका दुईवटा बुद्धमूर्तिहरूको उल्लेख भारतीय पुरातत्त्वविद् प्रोफेसर बलराम श्रीवास्तवले सर्वप्रथम गरेका थिए। साँखुको बुद्धमूर्ति लिच्छविकालको आदर्श बुद्धमूर्ति हो। नेपाली धातुमूर्तिहरूमा यो सबैभन्दा प्राचीन हो। लिच्छविकालमा पनि धातुमूर्तिहरू बन्दथे भन्ने कुराको पुष्टि भृकुटीको विवाहले पनि गरेको छ। भनिन्छ उनले आफ्नो दाइजोका रूपमा एउटा राम्रो धातुको बुद्धप्रतिमा पनि साथै तिब्वत लगेकी थिइन्। धेरैजसो धातुका मूर्तिहरू इसाको सातौं शताब्दीपछि नै वनेको हुनुपर्छ। कुमारस्वामी, जसले नेपाली धातुकलालाई विश्वभर प्रचार गरे, उनको भनाइअनुसार नेपालमा धातुकलाको विकास नवौं अथवा दसौं शताब्दीदेखि भएको हो। जसको प्रमाण वोस्टन फाइन आर्ट म्युजियममा रहेको धातुको नेपाली प्राचीन वौद्धमूर्ति हो। तर प्रसिद्ध कलाविद् खण्डलवाला र डगलस वोरट भने कुमारस्वामीको कथनसँग सहमत छैनन्। यिनीहरूको भनाइअनुसार नेपालमा धातुकलाको विकास वङ्गालका पालहरूको प्रभाववाट भएको हो अर्थात् तेह्रौं-चौधौं



पलाञ्चोक भगवतीको मूर्ति

(कालीयदमन-हनुमान्‌ढोका दरवार)

शताब्दीपछि मात्र भएको हो। तर यो कथन त्यति तर्कसङ्गत देखिँदैन। त्रिभुवन विश्वविद्यालयका प्राध्यापक रामनिवास पाण्डेको भनाइअनुसार सुश्री स्टेला क्रामारीश र डा. नीलरतन बनर्जीले नेपाली कलासम्वन्धी आ-आफ्ना पुस्तकहरूमा उल्लेख गर्नुभएको तारा, गौरी, बज्रपाणि मैत्रयी बुद्ध, उमामहेश्वर आदिका धातुमूर्तिहरू सातौँदेखि नवौं शताब्दीतिर अर्थात् पालहरू पूर्वी भारतमा आउनुभन्दा अगाडि नै बनेका हुन्। लिच्छविकालमा बनेका उल्लेखनीय धातुमूर्तिहरू लस एन्जेलस काउन्टी म्युज़ियममा रहेको सातौं शताब्दीको वोधिसत्त्व, ब्रिटिस म्युजियममा रहेको आठौं तथा नवौं शताब्दीको अवलोकितेश्वर आदि हुन्।

वास्तुकला

मूर्तिकलामा मात्र नभएर वास्तुकलामा पनि लिच्छविकालीन नेपालको ठूलो देन छ। लिच्छविकालीन भवनहरू, राजप्रासादहरू, मन्दिर तथा विहारहरू आज हाम्रा सामु छैनन् तापनि तत्कालीन शिलालेखहरूमा उल्लिखित मानगृह, कैलाशकूटभवन, भद्राधिवास आदिको अस्तित्वलाई हामीले बिर्सनु हुँदैन। मानगृहको उल्लेख मानदेव प्रथमका उत्तराधिकारीहरूका शिलालेखहरूमा पनि हुँदैआएको छ। पछि कैलाशकूट भवन र भद्राधिवासभवनको निर्माण नभएसम्म यो गृह नेपालका लिच्छविहरूको शासन केन्द्र थियो। चाँगुको मन्दिर एवं पछिका राजकीय भवनहरूमा पनि परम्पराअनुसार मूलतः मानगृहकै कलाशैली चल्दै आएको अनुमान गर्न सकिन्छ। चाँगुनारायणको वर्तमान मन्दिरलाई नै लिच्छविकालको स्थापत्यकलाको नमुना मान्नुमा कुनै आपत्ति छैन।

इस्वीको छैटौं शताब्दीमा नेपालको बाटो गरी चीन र भारतका बीच ओहरदोहर गर्ने चिनियाँ यात्रीले पनि नेपालको राजदरबारको उच्च प्रशंसा गर्दै वर्णन गरेका छन्। चिनियाँ यात्रीहरूका लेखाइअनुसार नेपाली राजदरवारमा तामाको झिँगटी हालेको साततले बुर्जा थियो। त्यसको बार्दली, अगेनो, खम्वा, दलिन एवं अन्य प्रत्येक वस्तुहरू उच्चकोटीका बहुमूल्य रत्नजडित थिए। वुर्जाका चारै कुनामा मकराकृति टुटी भएका तामाका सुनको मोलम्वा लगाइएका धाराहरू थिए। वुर्जामाथिवाट अनेक घुमाउरा नालिकावाट झर्ने पानी ती टुटीबाट खस्दा पहाडी छहराको दृश्य देखिन्थ्यो। चिनियाँ यात्रीहरूले यस प्रकारको श्रेष्ठ स्थापत्यकला अन्यत्र कतै नदेखेको स्पष्ट उल्लेख गरेका छन्। नेपालको भव्य र मनोहर प्रासाद देख्दा उनीहरू दङ्ग परे। उनीहरूकै भनाइअनुसार नेपाली स्थापत्यकलाको दाँजोमा कुनै चिनियाँ कलाकृति आउन सक्दैनथ्यो। वाङ् युन चेले नेपालको राजप्रासादको वर्णन गर्दै लेखेका छन्–त्यो दरवार २०० चाउ (चिनियाँ नाप) र ८० पो (४००

फिट) को लम्बाइ भएको थियो । त्यसका माथिल्ला खण्डमा दस हजार मानिस बस्ने ठाउँ थियो । त्यस भवनका तीन भागमध्ये प्रत्येक साततले थियो । प्रासादका बैठकमा अनेक आश्चर्यलाग्दा मूर्तिहरू सजाएर राखिएका थिए । भवनका प्रत्येक अंशमा मूल्यवान् रत्नहरू र सक्कली मोतीहरू जडिएका थिए आदि ।

अंशुवर्माले आफ्नो दरवारलाई 'क्षितितलतिलक' र 'कौतुहलेन जनताविशेष-नयनावलोक्यमान' भनेर प्रशंसा गरेका छन् । चिनियाँ यात्रीहरूले नेपालको जुनसुकै दरबार देखेका होऊन्, तिनका वर्णनबाट नेपालमा त्यस समय मौलिक किसिमको वास्तुकला पूर्णरूपले विकसित थियो भनी अवश्य पनि भन्न सकिन्छ । चिनियाँ यात्रीहरूले चीन र भारतका भव्य प्रासादहरू पनि देखेका थिए । उनीहरूले आफ्नो स्वदेशको कला नेपाली कलाका समक्ष टिक्न सक्दैन भनेर लेख्नु विशेष विचारणीय छ । चिनियाँ यात्रीहरूका लेखाइमा भावुकताभन्दा वास्तविकताकै अंश बढी छ । स्वदेशका तुलनामा नेपाललाई कुनै कुरामा पनि श्रेष्ठ छ भनेर लेख्दा उनीहरू अवश्य पनि भावुकतामा बगेका नहोलान् ।

तिलौराकोटको वरपर भइरहेका उत्खननहरूबाट यो सिद्ध भइसकेको छ कि नेपालको भू-भागभित्र पनि चैत्य, स्तूप, विहार, मन्दिर तथा ठूला-ठूला प्रासाद तथा घरहरू थिए । तर यी वास्तुकलाका नमुनाहरूको शैली, आकार-प्रकार आदिबारे अझै अध्ययन हुन बाँकी नै छ । भाषावंशावलीहरूमा किराँत राजाहरूले गोकर्णमा दरवार बनाएको चर्चा छ । तर ती कुनै पनि अझसम्म भेटिएका छैनन् । यसरी नै लिच्छविकालीन वास्तुकलावारे पनि यसो नै हो भनी किटान गर्न अझ धेरै खोजी गर्नु आवश्यक छ । तर चाँगुनारायणको मन्दिर, पशुपतिनाथको मन्दिर एवं मल्लकालीन काठमाडौँ उपत्यकाका दरबारहरूको योजनामा लिच्छविकालीन वास्तुशैलीको प्रभाव परेको छ भनी भन्न सकिन्छ । लिच्छवि राजाहरू वास्तुकलालाई महत्त्वपूर्ण स्थान दिन्थे भन्ने कुरा प्राचीन अभिलेखहरूका आधारमा पनि खुलस्त रूपमा देखाउन सकिन्छ । मानदेवको लाजिम्पाट र तिलगङ्गाको अभिलेखमा राजाले राम्रो मन्दिर बनाएर मूर्ति स्थापना गरेको चर्चा छ । अंशुवर्माका अनेकौँ शिलापत्रहरूमा कैलाशकूट-भवनको उल्लेख छ । विशेष गरेर वि.सं. ६६८ को साँगाको अंशुवर्माको शिलापत्रमा कैलाशकूटभवनको तारिफ गरिएको छ । शिलापत्रको शव्दअनुसार उक्त राजदरवार पृथ्वीको टीका हो । त्यस नयाँ बनेको भव्य प्रासादलाई हेरेर मानिसहरू छक्क पर्दथे । आँखा नै झिम्म नगरिकन कैयौँ दर्शकहरू त्यस कैलाशकूटभवनलाई हेरिरहन्थे । कैलाशकूटभवनका अलावा लिच्छविकालमा धेरै राजप्रासादहरू बने तीमध्ये मानगृह, भद्राधिवास, इन्द्रगृह आदि प्रख्यात थिए ।

प्राचीन वास्तुकलाका उदाहरणस्वरूप केही लिच्छविकालीन चैत्य (स्तूप) र विहारहरू पनि कुनै न कुनै रूपमा हाम्रो सामु अझै छँदैछन्। चैत्यशैलीको उदय र विस्तार बुद्धकै समयमा भइसकेको थियो। भगवान् गौतम बुद्धभन्दा अघिका बुद्धहरूको स्मृतिमा निर्माण गरिएका तराई क्षेत्रमा प्राप्त विभिन्न चैत्यहरूले यो कुरा प्रमाणित गरेका छन्। सम्राट् अशोकले आफ्ना धर्म प्रचारको अभियानमा भगवान् कनकमुनि बुद्धको स्तूपको जीर्णोद्धार गरेका थिए। भनिन्छ बुद्धदेव स्वयम्भूले भगवान् कश्यप बुद्धको स्तूपनिर्माण गराएका थिए। तसर्थ स्तूप तथा चैत्यनिर्माणको इतिहास नेपालमा अति प्राचीन छ।

लिच्छविकालीन चैत्यहरू उपत्यकाभित्र अझै जताततै देखिन्छन्। यस्ता चैत्यहरूमा चावहिलको चैत्य, विक्रमशील महाविहार (पाटन)को चैत्य, नागबहालको चैत्य, गणबहालको चैत्य, घबहालको चैत्य र ढोकाबहालको चैत्य तत्कालीन कलाका प्रतीकस्वरूप बनेका छन्। यी आकारमा मझौला र राम्रोसँग अलङ्कृत छन्। तत्कालीन प्रत्येक चैत्यमा कलाको मौलिक स्वरूप देखिन्छ।

लिच्छविकालीन स्तूपहरू पनि प्राचीन वास्तुकलाको राम्रो उदाहरणका रूपमा हाम्रा सामु छन्। स्वयम्भू र वौद्धनाथका स्तूपहरू र पाटनका चार दिशाका चार स्तूपहरू लुम्बिनी र तिलौराकोटको वरपर पाइएका छन्। पाटनका चार स्तूपलाई इसापूर्व तेस्रो शताब्दीतिरको मानिएको छ भने स्वयम्भू र वौद्धनाथलाई लिच्छविकालीन भनी सप्रमाण मान्न सकिन्छ।

विहारहरू पनि लिच्छविकालको वास्तुकलाका ज्वलन्त नमुना हुन्। महासामन्त अंशुवर्माको हाँडीगाउँको अभिलेखमा अद्यावधि विद्यमान रहेका मानविहार, राजविहार गुंविहार आदिको उल्लेख चिनियाँ यात्री ह्वेन साङ्गद्वारा (ताङवृत्तान्तमा) गरिएको पाइन्छ। तीमध्ये चारुमतिविहार, विक्रमशील महाविहार, मानविहार आदि मुख्य हुन्।

२. चित्रकला

चित्रकलाको क्षेत्रमा पनि नेपालमा प्राचीन नमुनाहरू निकै पाइन्छन्। इसाको आठौं शताब्दीतिरको नक्साल नारायणचौरको अभिलेखमा चित्रकलाको वर्णन गरेको आभास पाइन्छ। यसरी नै अनेकौं प्राचीन ग्रन्थ र शिलालेखहरूमा चित्रकलाको वर्णन गरिएको पाइन्छ। यो देशमा चित्रकलाको विकास अरू देशहरूमा झैं नै मूर्तिकलासँगसँगै भएको हुनुपर्दछ। किनभने मूर्तिकला र चित्रकलाको जन्म एकैसाथ भएको हो भन्ने विद्वान्हरूको भनाइ छ। इसापूर्वका मूर्तिहरू (खास गरी माटाका

मूर्ति) नेपाल अधिराज्यभित्र पाइन्छन् भन्ने हुन सक्छ त्यसै समयदेखि नेपालले चित्रकलाको पनि विकास गरेको थियो। तर दुर्भाग्य आजसम्म हामीले ती प्राचीन सम्पदाहरू वा तिनका अवशेषहरूसम्म पनि फेला पार्न सकेका छैनौं। नेपालका प्राचीन शाक्यहरूका राजप्रासादहरू, जस्तै– कैलाशकूटभवन, मानगृहआदि सवैजसो राजप्रासादहरू भित्तेचित्रले सजिएको हुनुपर्छ। तर ती सबैको अवशेषसम्म पनि हाम्रो सामु छैन।



(बौद्धमूर्ति- स्वयम्भू)

प्राचीनकालदेखि नै चित्रकलालाई नेपाली कलाकारहरूले हस्तलिखित ग्रन्थ तथा पौवाहरूमा अङ्कित गरेको हामी पाउँछौं। हालसम्म नेपालमा प्राप्त सबैभन्दा पुरानो चित्र प्रस्तरमा कोरिएको बोधिसत्त्वको रेखाचित्रलाई मानिन्छ। तर यो रेखाचित्र कति वर्ष पुरानो हो भनी कसैले पनि भन्न सकेको छैन। गाताचित्रहरूमा हजार वर्ष पुरानो चित्र **प्रज्ञापारमिता** नामक ग्रन्थमा छ। यो ग्रन्थ पाटनको महावौद्धमण्डलका अधिकारीहरूको सङ्ग्रहमा छ। उक्त हस्तलिखित ग्रन्थ वि.सं. ९७७ लिच्छवि राजा शङ्करदेवको पालामा लेखिएको हुनाले सो गाताचित्र पनि त्यसै समयको हो भन्न सकिन्छ। पुस्तकका दुवै गाताहरूमा अठारवटा देवदेवीका रङ्गीन चित्रहरू लेखिएका छन्। ती देवताहरूमध्ये पहिलो फल्याकमा पञ्चबुद्ध र चतुष्ताराका बसेका चित्रहरू छन्। वुद्ध र ताराहरूका ध्यानमुद्रा र वर्णमा देखिएका छन्। तल्लो फल्याकमा प्रज्ञापारमिता, बोधिसत्त्व, वस्तिफुल, शङ्ख आदि पूजा गरिने देवीहरू चित्रित भएका छन्। प्रसिद्ध नेपाली कलाविद् श्रीलैनसिंह बाङ्देलको भनाइअनुसार हल्यान्डको स्टेनको सङ्ग्रहमा रहेको अवलोकितेश्वर, बज्रपाणि र बोधिसत्त्वका चित्रहरू इसाको दसौं शताव्दीतिरका हुन्। उनको भनाइअनुसार अहिलेसम्म प्राप्त भएका नेपाली पौवा चित्रकलामा प्राचीन यिनै हुन्। नेपालमा प्राचीनकालदेखि नै भित्तेचित्र वनाइन्थ्यो भन्ने कुरा मानदेव प्रथमकालीन चावहिलको शिलाभिलेखमा किन्नरी जातककथामा आधारित भित्तेचित्रहरू चित्रित गरिएको भवन निर्माण भनी लेखिएवाट स्पष्ट हुन्छ। यसरी गुप्तकालमा अजन्ता भित्तेचित्रको निर्माण गरिएअनुसार इसाको पाँचौं शताव्दीदेखि नै नेपालमा पनि भित्तेचित्रहरू चित्रित गर्ने परम्परा देखिन आएको कुरा उक्त शिलालेखवाट राम्रोसँग स्पष्टिन्छ। चिनियाँ ताङवृत्तान्तमा नेपालका घरहरूमा भित्तेचित्रहरू पनि चित्रित गरिएका हुन्थे भन्ने वर्णन भएवाट पनि उक्त तथ्यको पुष्टचाइँ हुन्छ।

३. साहित्य

साहित्यलाई पनि कलाको एक अभिन्न अङ्ग मानिन्छ , लिच्छविकालपूर्वको नेपालमा साहित्यको रूपरेखा कस्तो थियो भनी आवश्यक अनुसन्धान नभइसकेको हुँदा त्यस बेलाका वेदान्ती रचनाहरू विशेषतः उपनिषद् र त्यसद्वारा प्रभावित अन्य मतसम्प्रदायका साहित्यिक रचनाहरूलाई नै त्यसको आधार मान्नुपरेको छ। कतिपय उपनिषद्हरू नेपालमै लेखिएको र तिनीहरूले हाम्रो चिन्तनलाई युग प्रवाहतिर डोहोऱ्याएको हुँदा विशेष महत्त्व पनि राख्दछन्। यद्यपि ती रचनाहरूका स्रष्टाको जीवनी र कृतिहरूका मूल प्रतिहरूबारेमा हामीसँग कुनै ठोस प्रमाण भने फेलापर्न सकेको छैन र ती अनुसन्धानकै गर्भमा रहेका छन्। लिच्छविकालीन नेपालमा साहित्यको ठूलो उन्नति भएको थियो भन्ने कुरा तत्कालीन शिलापत्रहरू र हस्तलिखित ग्रन्थहरूबाट वोध भइसकेको छ। लिच्छवि राजाहरूको शासनकालमा संस्कृत भाषा राजभाषा थियो र साधारण जनता प्राकृत भाषाको उपयोग गर्दथे र यी प्राकृत भाषाबाट आजको नेपाली भाषा जन्मेको हो। लिच्छवि राजाहरूले संस्कृतलाई राजभाषाको रूपमा सम्मान गरी त्यसको विकासमा सहयोग गरेका थिए भन्ने कुराको प्रमाण त्यस कालका शिलालेखहरूले दिन्छन्। लिच्छविकालीन कविहरूमा सर्वप्रथम अनुपरम देखिन्छन्। यिनले भगवान् वेदव्यासको स्तुतिमा लेखेका ३४ श्लोक हाँडीगाउँको सत्यनारायणस्थान अगाडि रहेको गरुडस्तम्भमा कुँदिएका छन्। उक्त शिलालेखका श्लोकहरूबाट अनुपरम एक दार्शनिक परिपक्वता भएका विद्वान् कवि थिए भन्ने ज्ञान हुन्छ। सोही कालका अर्का कवि शिवदेव द्वितीयका पुत्र जयदेव द्वितीय थिए। यस कालका प्रबुद्ध कवि बुद्धकीर्ति थिए। पशुपतिस्तुतिको अधिकांश भाग यिनले लेखेका हुन् भनिन्छ। राजा मानदेव प्रथम पनि एक प्रख्यात विद्वान् तथा कवि थिए। राजा मानदेव रचित एक सुन्दर कविता शक संवत् ३९६, तद्नुसार ४७४ इ. को बूढानीलकण्ठको शिलालेखमा छ उनको एउटा श्लोक यस प्रकार रहेको छ : 'देवी राज्यवतिं ....।' त्यस्तै अंशुवर्मा पनि एक विद्वान् राजा थिए। उनले शव्दविद्यासम्बन्धी एउटा ग्रन्थ पनि रचेका थिए। सो कुरा चिनियाँ यात्री युआन च्वाङको यात्रावर्णन र चौथो शताब्दीमा रचित गोपाल वंशावलीवाट थाहा पाइएको छ।

४. सङ्गीत

ललितविस्तरमा कपिलवस्तुको राजप्रासाद अनेक प्रकारका वाद्ययन्त्रले परिपूर्ण थियो भन्ने उल्लेख भएको छ। त्यसै गरी लिच्छविकालीन नेपालमा पनि सङ्गीतको


(उमामहेश्वर– पुरातत्त्व बगैँचा)

क्षेत्रमा निकै उन्नति भएको थियो। शक संवत् ५४३, तद्नुसार ६२१ इ.को ललितपुर भण्डारखालमा रहेको अभिलेखमा गीतवाजाको वर्णन आउनुका साथै पछिका अभिलेखहरूमा मण्डपी यात्रा, कैलाशकूट यात्रा आदिको उल्लेखले त्यस समय सङ्गीतको राम्रो उन्नति थियो भन्ने ज्ञान हुन्छ। त्यस्तै सङ्गीत र नृत्यकलामा लिच्छविकालीन समाजले अति नै रुचि राख्दथ्यो भन्ने कुरा तत्कालीन उमामहेश्वरका मूर्तिहरू नाचिरहेको मुद्रामा हुनु र पादपीठमा गाजाबाजाका विभिन्न सामग्री हुनुले प्रस्ट पार्दछ।

पूर्वमल्लकालीन कला

१. मूर्तिकला

नेपालको इतिहासमा नरेन्द्रदेव (इसाको सातौं शताब्दी) पछि लिच्छविहरू शक्तिहीन हुँदै गएको देखिन्छ र यसै वंशसँग सम्बन्धित कोही अरूले नै करिब पाँच सय वर्ष राज्य गरेको देखिन्छ। छैटौं शताब्दीवाट नेपालमा तन्त्रको प्रभुत्व बढ्न थाल्यो र यसको साथै शैव र बौद्ध तान्त्रिक परम्परामा देवदेवीका मूर्तिहरू बन्न थाले। धर्मको प्रवाहमा कलाको सृष्टि हुने परम्परा भएको देशमा यसो हुनु स्वाभाविकै हो।

नेपालमा तन्त्रयानको विकासको इतिहासलाई दुई भागमा बाँड्न सकिन्छ। प्रारम्भदेखि दसौं शताब्दीसम्म र एघारौं शताब्दीदेखि चौधौं शताब्दीसम्म। तर सातौं शताब्दीको आधा-आधीदेखि नेपाली कलाको ह्रास हुँदैगएको अनुभव हुन्छ। नेपाली मूर्तिकलाको ह्रास भएको कुरा पशुपतिवरपर छरिएर रहेका ताराका मूर्तिहरूबाट स्पष्ट वोध हुन्छ। जुन मूर्तिहरू सातौं र आठौं शताब्दीतिर बनेका थिए। यसरी दसौं शताब्दीसम्म नेपाली मूर्तिकलाले एउटा नराम्रो अवस्थाबाट गुज्रनुपर्‍यो। तर त्यस समयभित्र वनेका कुनैकुनै मूर्तिहरू भने पहिलेका जस्तै सुन्दर र आर्कषक छन्। जस्तै– जयवागेश्वरी र टङ्गालस्थित मायादेवीका मूर्तिहरू। एघारौं शताब्दीदेखि चौधौं शताब्दीसम्म पुन:निर्माणको युग सुरु भयो। तेह्रौं शताब्दीतिर भारतमा मुसलमानहरूको विध्वंसकारी आक्रमण हुनाले त्यहाँका राजपूत राजाहरू भागी

हिमालतर्फ आउन थाले। हुन त यो क्रम नवौँ शताब्दीदेखि नै चलिसकेको देखिन्छ तापनि तेह्रौँ शताब्दीमा आएका कर्नाटकका राजाहरू नेपाल तराईको सिमरौनगढमा आई राज्य गर्न थाले। कर्नाटकका राजाहरूले आफू सँगसँगै पाल र राजपूत कलाशैली पनि नेपालभित्र ल्याए। काला प्रस्तरमा बनेका त्यस समयका वैष्णव मूर्तिहरू विशेष तारिफयोग्य छन्। यी राजाहरूले आफ्नो राज्यकालको छोटो अवधिमा नै त्यस गढलाई एक कलापूर्ण गढ बनाए जुन कुरालाई त्यहाँ यत्रतत्र छरिएर रहेका प्रस्तरमूर्ति र अरू भग्नावशेषहरूले स्पष्ट गर्दछन्। त्यस वेला नेपाल तराईको सिमरौनगढमा अनेकौँ हिन्दू देवदेवीका प्रशस्त मूर्तिहरू बने– जसमा ब्रह्मा, विष्णु र सरस्वती प्रमुख छन्। ती मूर्तिहरू साह्रै राम्रा छन् र पुरानो परम्पराअनुसार बनेका छन्। तर चौधौँ शताब्दीमा गएर यो सिमरौनगढको परम्परा पनि टुट्यो। मुसलमानहरूले धमाधम विहार र बङ्गालमा मूर्तिहरूको नाश गर्न थाले। चौधौँ शताब्दीमा नेपालमा भएको मुसलमानहरूका हमलाले नेपाली कलामा केही असर पारे पनि त्यसको स्तर र परम्परा भने कायम नै रहेको देखिन्छ। चौधौँ शताब्दीमा बनेका केही उल्लेखनीय मूर्तिहरू जस्तै– म्युजियममा रहेको दीपङ्कर बुद्धको मूर्ति, पशुपतिको नाटेश्वरको मूर्ति, देवपाटन र फर्पिङका गणेशहरू, नक्सालको नाटचश्वरमन्दिर तथा गोकर्णको मन्दिरलगायत विभिन्न स्थानका सरस्वतीका मूर्तिहरू आदिले यस कुरालाई प्रमाणित गर्दछन्।

विहार र बङ्गालझैँ नेपाल पनि मुसलमानहरूको आक्रमणबाट बाँच्न सकेन। चौधौँ शताब्दीको आधाआधीतिर बङ्गालका शाह समसुद्दीनले नेपालमाथि आक्रमण गरेर असङ्ख्य मूर्तिहरू नष्ट गरी धनमाल लुटे। खास गरी एघारौँ शताब्दीदेखि नेपाली कलामा पाल कलाको प्रचुरमात्रामा प्रभाव पर्न थाल्यो। पाल राजाहरूको समय (इ.सं. ७५०-११५०) मा उत्तर बङ्गाल र विहारका अनेक प्रान्तमा तान्त्रिक मतको बाहुल्य थियो। यिनको राज्यकालमा विशेष गरी नालन्दा र विक्रमशीलजस्ता ठाउँहरू तान्त्रिक समुदायका ठूला केन्द्र थिए। तन्त्रशास्त्रको अध्ययन गर्न नेपालबाट पण्डितहरू त्यहाँ जान्थे। गङ्गाको तटमा रहेका विक्रमशीलमा गई विद्याध्ययन गरी त्यहीँ शिक्षणकार्य गरी ख्याति प्राप्त गर्ने रामकीर्ति, विरोचन र कनकश्री यी तीनजना नेपाली पण्डितहरूको उल्लेख पाइन्छ। यसै वेला नेपालमा पनि तान्त्रिक मतको प्रचार बढ्दै गएको अनुमान हुन्छ। तान्त्रिक मतको बाहुल्यले गर्दा वज्रयान, तन्त्रयान, कालचक्रयान, सहजयान आदि अनेक यानको प्रचार बढ्दै गयो र नेपाली कलामा पनि अलङ्कारपूर्ण तथा रहस्यपूर्ण भावमुद्राहरू देखिन थाले। जस्तै– प्रचुरमात्रामा गहना र श्रृङ्गारको उपयोग, मूर्तिको एकापट्टि टाउको ढाल्ने, कमलको फूलमाथि मूर्ति उभ्याउने पालकलाका विशेषताहरू नेपाली कलामा देखिन थाले। पाल कलाबाट

प्रभावित प्रस्तरका मूर्तिहरूमा विशेष गरी कालो पत्थरमा बनेका मूर्तिहरू नेपालमा प्रशस्त पाइन्छन्। तिनमा गुप्तकालीन पौरुष र लावण्य नभए तापनि आलङ्कारिकताको राम्रो रूप फष्टाएको छ। धातुका मूर्तिहरू पनि यस समयमा धेरै बने। तिनमा पनि आलङ्कारिकताको चमत्कार देखिन्छ। परन्तु यस समयमा पुरुषमूर्तिभन्दा स्त्रीमूर्ति नै विशेषताका साथ बनेका देखिन्छन्। बोधिसत्त्व बुद्ध तथा अन्य देवताहरूको मूर्ति-निर्माणमा भन्दा सरस्वती, हरगौरी, तारा आदिका मूर्तिमा देखिने यस कालको शिल्प विशिष्टतायुक्त छ। पूर्वमल्लकालको अर्को एक विशेषता हो– धातुका मूर्तिहरूको धेरै मात्रामा निर्माण हुनु। वंशावलीहरूअनुसार नेपालबाट तिब्बतमा नेपाली धातुमूर्तिहरूको विशेष प्रचार भने इस्वीको नवौं र दसौं शताब्दीमा भएको देखिन्छ। त्यस बेला तिब्बतमा बौद्ध धर्मको पर्याप्त उन्नति भइरहेको थियो। यसै बेला तिब्बतमा बौद्ध मूर्तिको माग धमाधम बढ्न थाल्यो र यो बढिरहेको मागको पूर्ति गरेर नेपालले ठूलो लाभ प्राप्त गर्‍यो। यस अवस्थामा चित्राङ्कन र धातुमूर्तिशिल्पको नेपालमा विकास हुन जानु स्वाभाविकै हो।

पूर्वमल्लकालमा बनेका केही उल्लेखनीय प्रस्तरमूर्तिहरू–

- वि.सं. १०४३ मा गुणकामदेवको समयमा स्थापित कुम्भेश्वरमा रहेको शिवपार्वतीको मूर्ति।
- वि.सं. १०६९ मा रुद्रदेव र भोजदेवको समयमा स्थापित शिवपार्वतीको मूर्ति।
- वि.सं. ११२२ मा प्रद्युम्न कामदेवको समयमा स्थापित पाटन तापाहिटीको सूर्यमूर्ति।
- वि.सं. ११६३ मा गुणकामदेव द्वितीयको समयमा स्थापित देवपाटनस्थित गौरीको मूर्ति।
- वि.सं. १३०४ मा अभय मल्लको समयमा स्थापित अक्षोभ्य बुद्धको मूर्ति आदि।

पूर्वमल्लकालीन मूर्तिहरूको अध्ययन गरी हेर्दा यो कुरा प्रमाणित हुन्छ कि त्यस समयमा जति उमामहेश्वरका मूर्तिहरू कुनै समयमा पनि नेपाल अधिराज्यभित्र बनेनन्। वास्तवमा भन्ने हो भने नेपाली मूर्तिकलाको इतिहासमा शिवपार्वतीको मूर्तिको जुन स्थान छ त्यो अरू कुनै मूर्तिको पनि छैन। यसै समयमा निर्मित देवपाटनस्थित गौरीको मूर्तिमा नन्दपाल नामक एक नेपाली शिल्पकारको नाम पादपीठमा उल्लेख गरिएको पाइन्छ। पूर्वमल्लकालमा तान्त्रिक भावनाले नेपालीहरूको हृदयलाई प्रभावित बनाइसके तापनि लिच्छविकालको संस्कार रहिरहेको हुनाले यस

बेला बनेका उपर्युक्त मूर्तिहरू प्रायः वैदिक र तान्त्रिक द्वैधकलात्मक शैलीमा कुदिँएको हामी पाउँछौँ । यस बेला बनेका मूर्तिहरू न त्यति जटिल छन् न त्यति सरल नै । पूर्वमल्लकालीन मूर्तिका यी अर्का विशेषता हुन् ।

माथि पनि भनिसकिएको छ, पूर्वमल्लकालमा धातुका मूर्तिहरू प्रशस्त मात्रामा बने । यी धातुका मूर्तिहरूलाई देखेर **प्रसिद्ध कलाविद् इ.ए. पोवेलले भन्नुभएको छ– धातुकलामा नेपाललाई उछिन्ने सामर्थ्य एसियाको अरू कुनै पनि देशको छैन ।** लिच्छविकालीन मूर्तिहरूमा जुन शैली देखिन्छ त्यही शैली दसौँ र बाह्रौँ शताब्दीसम्म पनि कुनै न कुनै रूपमा कायमै भएको देखिन्छ ।

२. चित्रकला

लिच्छविकालको अन्त्यपछि वैदिक धर्ममा मानिसहरूको आस्था क्रमशः घट्दै गएको अनुमान गर्न सकिन्छ । तान्त्रिक धर्मको प्राबल्य क्रमैले बढ्न लागेको देखिन्छ । तान्त्रिक धर्ममा पनि शैव र बौद्ध दुवै तान्त्रिक परम्परा एकैसाथ विकसित हुनलागेको कुरा त्यस बेला बनेका मूर्तिहरूको अवलोकनबाट थाहा हुन्छ । तान्त्रिक धर्म प्रायः गुह्य रहने हुनाले तान्त्रिक देवदेवीहरू मूर्तिकलामा भन्दा बढी चित्रकलामा अङ्कित भए ।

हल्यान्डको स्टेनको सङ्ग्रहमा रहेका पौवाचित्रहरू– अवलोकितेश्वर, वज्रपाणि, बोधिसत्त्व आदिमा नेपाली चित्रकलाको छाप स्पष्ट देखिन्छ । यी चित्रहरूले दसौँ शताब्दीमा नेपाली कला कति विकसित थियो भन्ने कुरा प्रमाणित गरेका छन् ।

३. वास्तुकला

वास्तुकला पनि यस कालमा जसोतसो गरी लिच्छविकालीन परम्परालाई सँगाली अघि बढिरहेको देखिन्छ । प्राचीन मल्लकालका वास्तुकलाका नमुनाहरू आज हाम्रा सामु छैनन् तर हामी यो ठोकेर भन्न सक्छौँ कि काठमाडौँ उपत्यकाका प्राचीन घर र मन्दिरहरू आदि प्रायः सबै मल्लकाल र शाहकालको पूर्वार्धतिर बनेका हुन् ।

उत्तरमल्लकालीन कला

उत्तरमल्लकाल जयस्थिति मल्लको अभ्युदयदेखि सुरु हुन्छ । मध्यमल्लकाल-भन्दा अघि तेह्रौँ शताब्दीसम्म नेपाली कलाको उन्नति येनकेन प्रकारेण भई नै रहेको थियो । तेह्रौँ शताब्दीमा सुप्रसिद्ध नेपाली कलाकार अरनिकोको नेतृत्वमा तिब्बत र चीनमा गई नेपाली कलाकारहरूले आआफ्ना कलाशिल्प प्रदर्शन गरी नाम कमाएको कुरा चीन र नेपाल दुवै देशका इतिहासहरूमा स्वर्णाक्षरले लेखिएको छ । तर दुर्भाग्य,

चौधौँ शताब्दीको अन्त्यतिर बङ्गालका शाहले नेपाल उपत्यका र बाटामा पर्ने अरू क्षेत्रहरूमाथि हमला गरे। जसको फलस्वरूप धनमाल र ज्यानको नोक्सानीका साथसाथै नेपाली कलाले पनि ठूलो घात सहनुपर्‍यो। मूर्तिनाशक शाहले भेटिएजति मूर्तिहरू नष्ट गरिदिए। चौधौँ शताब्दीको अन्त्यदेखि नेपाली कलाको पुनर्निर्माणको युग प्रारम्भ भयो। चौधौँ शताब्दीपछि बनेका केही उल्लेखनीय मूर्तिहरूले यस कुरालाई प्रमाणित गरेका छन्। ती मूर्तिहरू हुन्– नेपाल म्युजियममा रहेको दीपङ्करको मूर्ति, पशुपतिको नटेश्वरको मूर्ति, देवपाटन र फर्पिङका गणेशका मूर्तिहरू, विभिन्न स्थानमा रहेका सरस्वतीका मूर्तिहरू आदि। मल्लकालमा नेपाली कलाको निर्माणमा बढी सक्रियता र चाख देखिन्छ। कान्तिपुरका प्रताप मल्ल, पाटनका सिद्धिनरसिंह मल्ल र योगनरेन्द्र मल्ल, भक्तपुरका जितामित्र मल्ल, भूपतीन्द्र मल्ल आदि राजाहरूले यथेष्ट मात्रामा कलात्मक वस्तुहरूको निर्माण गरी नेपाली कलाको प्राचीन परम्परालाई बलियो टेवा दिए।

प्रताप मल्लको समयमा जति कान्तिपुरभित्र अरू कुनै पनि राजाको समयमा ऐतिहासिक घर, दरवार, मन्दिर र देवदेवीका मूर्तिहरू बनेनन्। त्यस समयमा काठमाडौँ उपत्यकाका तीनै राज्यहरूमा कलाको ठूलो विकास भयो। त्यस बेलाका यी मल्ल राजाहरू आर्थिक दृष्टिकोणले सम्पन्न थिए र यिनीहरूमा भाइ-भाइमा प्रतिस्पर्धाको भावना थियो। प्रताप मल्लले हनुमान्ढोकालाई सजाउनासाथ सिद्धिनरसिंह मल्लले आफ्नो पाटन दरबारलाई कलात्मक ढङ्गबाट सजाउन थाले र यसरी नै जितामित्र र भूपतीन्द्र मल्लले पनि भाद्गगाउँको आफ्नो दरबार सजाए। भक्तपुरभरि छरिएर रहेका कलाका धेरैजसो नमुनाहरू यिनै राजाहरूको समयमा बनेका हुन्। भूपतीन्द्र मल्लकै पालामा भक्तपुर-दरबार क्षेत्रभित्र रहेका प्रस्तरका भगवती र भैरवका मूर्तिहरू (हाल भक्तपुर हाइस्कुलको द्वार वरपर छन्) को निर्माण भएको हो।

(भक्तपुरको चित्रकला)

१. मूर्तिकला

पन्ध्रौं शताब्दीसम्म पनि नेपाली धातुमूर्तिहरूमा प्राचीन परम्पराको छाप पाइन्छ। तर त्यसपछि बनेका मूर्तिहरूमा भने बिस्तारै प्राचीन परम्परा लोप हुँदै गएको देखिन्छ। तापनि मल्लकालको अन्त्यसम्म नेपालमा धातुकलाको परम्परा चली नै रहेको कुरा काठमाडौं, पाटन र भक्तपुर दरबारक्षेत्रका ढलौटका मूर्तिहरूबाट थाहा हुन्छ। पूर्वमल्लकालमा विकसित भइसकेको धातुकला मल्लकालमा पनि विकसित हुँदै थियो भन्ने कुराको प्रमाण त्यस समय बनेका विहारहरूमा बनाइएका अनेकौं बौद्ध देवदेवीका मूर्तिहरू तथा विहार सुशोभित गर्न बनाइएका कलात्मक वस्तुहरूबाट थाहा पाइन्छ। सोह्रौं शताब्दीभन्दा पूर्व धातुमा बनेका हिन्दू परम्पराका मूर्तिहरू कमै पाइन्छन्। सोह्रौं शताब्दीभन्दा पछि मात्र धातुमा हिन्दू परम्पराका विष्णु, गरुडनारायण, सूर्य, कृष्ण, विश्वरूप भैरव, महिषर्मदिनी, गङ्गा, यमुना आदि देवदेवीका मूर्तिहरू बन्न थालेको देखिन्छ।

उत्तरमल्लकालमा बनेका केही उल्लेखनीय प्रस्तर तथा धातुमूर्तिहरू

- बनेपाका शासक मदनसिंहको समयमा बनेको वि.सं. १४५० को सूर्यमूर्ति, यसै मूर्तिदेखि नेपाली मूर्तिकलामा एउटा नयाँ अध्याय सुरु भएको देखिन्छ। जसको प्रभाव मल्लकालको अन्त्यसम्म रहिरहेको देखिन्छ। यस सूर्यमूर्तिले सुरु गरेको परम्पराअनुसार उक्त समयमा बनेका अनेक किसिमका बौद्ध तथा वैष्णवमूर्तिहरू कलाको दृष्टिले अत्यन्त उत्कृष्ट हुनाका साथै तिनीहरूमा शारीरिक हृष्टपुष्टतालाई प्रधान स्थान दिइएको देखिन्छ। साथै कलात्मक बुट्टाहरू र गहनाहरूको प्रयोग तथा मूर्तिहरूको आयोजनामा पनि बिस्तार-बिस्तार जटिलता थपिँदै आएको देखिन्छ।
- ज्योति मल्लको समय वि.सं. १४७९ को भक्तपुर क्यातनौटोलको सूर्यमूर्ति र गछैँटोलको गौरीमूर्ति।
- यक्ष मल्लको समयको कान्तिपुरको वि.सं. १५०० को विष्णुमूर्ति।
- वि.सं. १५१६ को भक्तपुरको सिद्धिपोखरीस्थित सूर्यमूर्ति।
- पाटन चाकुवहाल अगाडिको ढुङ्गेधाराको भित्ताको खोपामा टाँसिएको चतुर्भुज विष्णुको वि.सं. १४८६ को मूर्ति आदि हुन्।

यस कालमा पनि लिच्छवि र पूर्वमल्लकालमा जस्तै निकै सङ्ख्यामा उमामहेश्वरका मूर्तिहरू बने र कलाको दृष्टिकोणबाट ती मूर्तिहरू राम्रै देखिन्छन्। पाटनका राजा योगनरेन्द्र मल्लको समयमा यस्ता मूर्तिहरू धेरै बनेको देखिन्छ।

त्यसमा पनि खास उल्लेखनीय चाहिँ पाटन सुनधारास्थित मूर्ति र नघलटोलस्थित वि.सं. १७५९ मा स्थापित उमामहेश्वरका मूर्ति हुन् ।

२. वास्तुकला

उत्तरमल्लकालको वास्तुकला हाम्रो अगाडि सधैँ घुमी नै रहेको छ। हामीले काठमाडौँ उपत्यकाभित्र देखिरहेका असङ्ख्य मन्दिर, विहार, स्तूप र हनुमान्ढोका दरवार, पाटनको दरबार र भक्तपुरको दरवार यसै कालका वास्तुकलाका ज्वलन्त उदाहरणहरू हुन्। यस कालमा बनेका प्रसिद्ध मन्दिरहरूमा कान्तिपुरको हनुमान्ढोकास्थित तलेजु मन्दिर, कुमारीघर अगाडिको शिव र विष्णुको मन्दिर, काष्ठमण्डपको विशाल मन्दिर, पाटनको सुप्रसिद्ध कृष्णमन्दिर, कुम्भेश्वरको मन्दिर, मच्छिन्द्र र मीननाथका मन्दिरहरू, महाबौद्धको मन्दिर, भक्तपुरको भगवतीको मन्दिर, दत्तात्रेयको विशाल मन्दिर आदि हुन्। मन्दिर मात्र नभएर यस कालमा अनेक विहारहरू पनि बने, जसमा कान्तिपुरमा बनेका छुस्यावाहा, मुस्यावाहा, इतंवाहा आदि विशेष दर्शनीय कृतिको रूपमा रहेका छन्। यी विहारहरू अद्यावधि हाम्रो समक्ष उत्कृष्ट मल्लकालीन विहारशैलीको वास्तुकलाका नमुनास्वरूप रहेका छन्। पाटनमा मात्र अति प्रख्यात र कलाकृतिले परिपूर्ण भएका १८ वटा विहारहरू छन्। जसमध्ये धेरैजसो लिच्छवि र पूर्वमल्लकालमा बनेका भए तापनि यी विहारहरूको उत्तरमल्लकालमा पुनर्निर्माण भएको देखिन्छ।



(तलेजुको मन्दिर– वसन्तपुर दरवार)

नेपालमा काष्ठकलाका कृतिहरू पनि प्रशस्त मात्रामा छन्। तर चौधौं शताव्दीभन्दा पुराना काष्ठकलाकृतिहरू भने सुरक्षित अवस्थामा भेटिएका छैनन्। यसको कारण काठ चाँडै नै नासिने वस्तु भएकाले हो। तर काष्ठकलाको परम्परा अरू कलापरम्पराजस्तै प्राचीन हो भन्न सकिन्छ। काष्ठकलाका विशिष्ट नमुनाहरूमा चौधौं शताव्दीतिरका पनौती भैरवमन्दिरभित्रको शालाभान्जिको मूर्ति र त्यस्तै वकुवही पाटनस्थित अर्को मूर्ति हो। नेपालमा कुनै पनि त्यस्ता प्राचीन मन्दिर तथा दरवारहरू छैनन् जसमा काष्ठकलाका कृतिहरू सजिएका नहोऊन्। काष्ठकलाको परम्परा अझै जसोतसो चली नै रहेको देखिन्छ।

३. चित्रकला

चित्रकलाको क्षेत्रमा खास गरी पौभाचित्र तथा भित्तेचित्र निर्माणमा यस कालको ठूलो देन छ। यस समयमा बनेका पौभाहरू संसारका सबै ठूलाठूला म्युजियम तथा कलाभवनहरूमा सजिएका छन्। राष्ट्रिय चित्र सङ्ग्रहालय भक्तपुरमा केही त्यस्ता चित्रहरू सुरक्षित छन्। समयसमयमा हुने जात्राहरूमा समेत यी पौभाचित्रहरू ठाउँठाउँमा प्रदर्शित गर्ने गरिन्छ। पौभाचित्रहरूमा खास गरी तान्त्रिक परम्पराको बाहुल्य देखिन्छ। यस कालमा भक्तपुर र कान्तिपुरमा भित्तेचित्रहरूको निर्माण बडो जोडतोडले भएको देखिन्छ। भक्तपुरको तलेजुभवानीको मन्दिरभित्र, काठमाडौँ कुमारीघर र हनुमान्ढोका दरवारभित्र रहेका भित्तेचित्रहरू उलेखनीय छन्। तलेजुभित्रका भित्तेचित्रहरू विभिन्न मल्ल राजाहरूका पालामा बनेका हुन्। तीमध्ये धेरैजसो जयस्थिति मल्ल, यक्ष मल्ल र ज्योति मल्लको समयमा बनेका हुन्। पन्ध्रौँ शताब्दीतिर बनेको यस तलेजु मन्दिरभित्र पन्ध्रौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म भित्तेचित्रहरू अङ्कित भइरहे। जसमध्ये पन्ध्रौँ शताब्दीमा बनेको सतीको चित्र, सत्रौँ शताब्दीमा बनेको शुम्भ र निशुम्भको चित्र, भैरवको चित्र, नाचिरहेका विष्णुको चित्र र यस्तै अरू ससाना चित्रहरूमा कर्कट नाग र नागिनीका चित्र, लोकपाल हात्तीको चित्र, नाचिरहेका गणेशको चित्र र अरू पौराणिक जीवजन्तुहरूको चित्र आकर्षक एवं उल्लेखनीय छन्। सो स्थानमा रहेका अठारौँ शताब्दीका भित्तेचित्रहरूमा ध्यान मुद्रामा रहेका राजा भूपतीन्द्र मल्लको चित्र पनि विशेष उल्लेखनीय छ। भक्तपुरको दरबारभित्र रहेका भित्तेचित्रहरूलाई बढी प्रोत्साहित गर्ने राजाहरूमा राय मल्ल, जगत्प्रकाश मल्ल, जितामित्र मल्ल र भूपतीन्द्र मल्ल हुन्। भक्तपुरमा महत्त्वपूर्ण भित्तेचित्रहरू प्रख्यात पचपन्नभ्याले प्राचीन दरबारको बैठककोठामा पनि छ। भूपतीन्द्र मल्लको समयको यस भित्तेचित्रमा महाभारतका विभिन्न दृश्यहरू अङ्कित छन्। काठमाडौँका वसन्तपुर दरबार, कुमारीघर र स्वयम्भूको शान्तिपुरभित्रका भित्तेचित्रहरू पनि विशेष तारिफ योग्य छन्। वसन्तपुरको मोहनकाली चोकमा विद्यमान भित्तेचित्रहरू राजा प्रताप मल्लका समयको हुनु धेरै सम्भव छ। किनभने हनुमान्ढोका दरवार उनैको समयमा वनेको हो। काठमाडौँ कुमारीघरका भित्तेचित्रहरू नेपाली चित्रकलाजगत्मा महत्त्वपूर्ण छन्। यी भित्तेचित्रहरू अठारौँ

(कुमारीघर)

शताब्दीमा मात्र निर्माण गरिएका भए पनि कलात्मक दृष्टिकोणबाट यी चित्रहरू नेपालभित्र रहेका अन्य प्राचीन भित्तेचित्रहरूको तुलनामा पुग्न सक्छन्। अन्तिम मल्ल राजा जयप्रकाश मल्लको समयमा बनेका यी चित्रहरूमा सजिएको कुमारीघर एउटा जीवित सङ्ग्रहालय जस्तो देखिन्छ। यी भित्तेचित्रहरूमा मुख्यतः देवदेवीका चित्रहरू छन् र करिब ६ फुटजति उचाइ भएको राजा जयप्रकाश मल्लको चित्र पनि छ।

उपत्यकाबाहिर जिल्लाहरूमा पनि गुम्बाहरूभित्र भित्तेचित्रहरू पाइएका छन्। यस्ता भित्तेचित्रहरू मुस्ताङ, डोलपा, ओलाङचुङ्गोला आदि ठाउँमा छन्। खास गरी वोन पो धर्मसँग सम्बन्धित यी गुम्बाहरूमा भित्तेचित्रहरूले महत्त्वपूर्ण स्थान ओगटेका छन्। डोल्पा जिल्लामा रहेका भित्तेचित्रहरूको अध्ययन गर्दा यी चित्रहरू अठारौँ शताब्दीभन्दा अगाडिका होइनन् भन्ने सिद्ध हुन्छ। तर अठारौँ शताब्दीपछि भने नेपाली चित्रकलाको प्राचीन परम्पराको अन्त्य भएको देखिन्छ।


(जाङ्गा– मुस्ताङ)

४. साहित्य

उत्तरमल्लकालमा साहित्यको पनि उन्नति भएको देखिन्छ। प्रताप मल्ल, जगज्योति मल्ल, जगत्प्रकाश मल्ल आदि राजाहरूले संस्कृतमा पनि कविता रच्ने गर्दथे। काठमाडौँका राजा प्रताप मल्लले संस्कृतमा अनेक स्तुति लेखी तिनलाई शिलामा अङ्कित गराई काठमाडौँका अनेक देवस्थानहरूमा राखेको कुरा विदितै छ। यसै कारण उनले 'कवीन्द्र'को उपाधिसमेत धारण गरी आफ्नो टकमा समेत गर्वका साथ यस उपाधिलाई अङ्कित गराएका थिए। यसरी नै कान्तिपुरका अर्का राजा भूपालेन्द्र मल्लले पनि 'कवीन्द्र चूडामणि'को उपाधि आफ्नो मोहरमा अङ्कित गराएका थिए। उल्लिखित मल्ल राजाहरू र अरू समकालीन कविहरू मैथिली, भोजपुरी, अवधि, बङ्गाली र नेवारी भाषामा प्रायः भक्तिरसका कविताहरू रच्ने गर्दथे। मैथिली भाषामा भक्तिप्रधान कविता लेख्ने राजाहरूमध्ये पाटनका सिद्धिनरसिंह मल्लको निकै ख्याति छ। यिनले लेखेका गीतहरूको एउटा सङ्ग्रह पाइएको छ। भादगाउँका राजा भूपतीन्द्र मल्ल पनि कवि थिए। उनले लेखेका मैथिली भाषाका एक सयवटा गीतहरूको सङ्ग्रह हाल राष्ट्रिय अभिलेखालयको सङ्ग्रहमा राखिएको छ। यस्तै राजा

जगत्प्रकाश मल्लको पनि दस अवतार, विष्णु तथा शिवको आराधना गरी लेखिएका गीतहरू पाइएका छन् । जितामित्र मल्ल र रणजित् मल्लले लेखेका अनेकौं गीतहरू पाइएका छन् । यस समयमा धेरैजसो नाटकहरू संस्कृत भाषामा लेखिएका हुनाले तिनीहरू जनउपयोगी हुन सकेनन् तापनि राजाश्रय पाएका विद्वान्हरूद्वारा साहित्यका विभिन्न क्षेत्रहरूले ठूलो प्रेरणा पाए र महत्त्वपूर्ण रचनाहरू लेख्ने काम भयो ।

५. सङ्गीत र नृत्य

उत्तरमल्लकालमा साहित्यका साथसाथै सङ्गीतको पनि ठूलो विकास भयो । कान्तिपुरका कलाप्रवर्धक राजा प्रताप मल्लले आफूलाई 'सङ्गीतार्णवपारङ्ग' भनेका छन् । यिनै राजा थिए जसले नृत्यनाथको स्थापनाको अवसरमा जनतासमक्ष नृत्य गरेका थिए । एउटा हातमा वीणा लिएर बजाइरहेको आफ्नो सालिक बनाई यिनले हनुमान्ढोकामा पनि राखे । वंशावलीअनुसार जयस्थिति मल्लले दीपक-राग गाउने चलन चलाएका थिए । पाटनका राजा योगनरेन्द्र मल्लले आफ्नो मोहरमा 'सङ्गीतार्णवपारङ्ग' भनी अङ्कित गराएकोबाट उनी सङ्गीतप्रिय राजा थिए भन्ने कुरा सिद्ध हुन्छ । अर्को कुरा यसबाट सङ्गीतको उपाधि उनको दृष्टिमा कस्तो महत्त्वपूर्ण रहेछ भन्ने कुरा पनि थाहा पाइन्छ ।

सङ्गीत र नृत्य एकैसाथ जन्मन्छ र मर्छ । यी दुवैको मेलविना कुनै पनि नेपाली चाडपर्व, मेला, भोज आदि चल्दैनन् । कलाका यी दुवै अङ्गहरूले राजाश्रय र जनताको अपार स्नेह प्राचीनकालदेखि नै पाउँदै आएका छन् । पाटन, कान्तिपुर र भक्तपुरका राजाहरू कुन कलाकृतिमा अरू दुईलाई जित्न सकिन्छ भनी सधैं प्रतिस्पर्धा गरिरहन्थे । भादगाउँका राजा जगज्योति मल्ल गायनशास्त्रका विशेषज्ञ थिए । यिनले गायनशास्त्रसम्बन्धी प्राचीन ग्रन्थहरू भारतका विभिन्न स्थानबाट ल्याई सङ्ग्रह गरेका थिए । गायनशास्त्रको विषयमा यिनले तथा यिनका दरबारका पण्डितहरूले अनेक ग्रन्थहरू लेखेका छन् । जसमध्ये नरपतिजयचर्या, स्वरोदयदीपिका, शौकसार सङ्ग्रह, सङ्गीतभास्कर तथा सङ्गीतसार सङ्ग्रह आदि मुख्य छन् ।

पूर्वमल्लकालदेखि सुरु भएको चर्या सङ्गीतको प्रचार तान्त्रिक सिद्धहरूले नेपालभित्र पनि गरे । तसर्थ अद्यापि नेपाली मन्दिरहरूमा पर्वपर्वमा चर्यागीत गाउने चलन छँदैछ । चर्यागीतहरूमा सरहपादका रचनाहरू ज्यादै प्रचलित छन् । चर्यागीतको प्रचलनका साथसाथै वैष्णवगानको पनि यथेष्ट मात्रामा प्रचलन हुन थाल्यो । जयदेवले गीतगोविन्दको रचना गर्नेबित्तिकै त्यो प्रख्यात हुन पुग्यो । त्यसले वडो लोकप्रियता प्राप्त गऱ्यो । वसन्तश्रवणको दिन नेपालका राजाहरूले वसन्त सुन्ने प्रथा अझै छ । यो प्रथा मल्लकालमा नै सुरु भएको हुनुपर्दछ । यस दिनमा जयदेवको गीतगोविन्दम्का गीतहरू गाइन्छन् र सुनाइन्छन् ।

उपत्यका विभाजित भएकै शताब्दीमा मैथिल कवि विद्यापतिका कृतिहरूले नेपाली सङ्गीतमाथि प्रभाव पारे। उपत्यकाका भजनहरूमा नेवारी भक्तिगीतका साथसाथै विद्यापतिका भक्तिगीतहरू पनि गाइन थालिए। मध्यमल्लकालदेखि नै अत्यन्त प्रचलित भई जनहृदयमा बसेका नृत्यहरू हुन्– काठमाडौँको गथुप्याखं, देवीनाच, दैत्यनाच, लाखेनाच, भक्तपुरको महाकालीनाच, नवदुर्गानाच आदि।

नेपाली कलाको विकासमा शाहवंशको योगदान

अठारौँ शताब्दीको अन्त्यतिर पृथ्वीनारायण शाहले वर्तमान नेपालको निर्माण गरेपछि नेपालको इतिहासमा शाहकालको उदय भयो। पृथ्वीनारायण शाहले विशाल, भव्य तथा अत्यन्त सुन्दर शैलीमा नौतले दरबारको निर्माण गराए। उनले नै त्यस अघि नुवाकोटमा साततले दरबार बनाएका थिए। त्यसै गरी उनले त्रिपुरासुन्दरीको मन्दिर र अनेकौँ यस्तै निर्माणकार्यहरू गरे। शाहवंशीय राजाहरूको अल्प समयमै मृत्यु हुनाले र अङ्ग्रेजको बढ्दो शक्तिलाई ध्यानमा राखी नेपालको विस्तृतीकरण र सुदृढीकरणपट्टि ध्यान दिनु समयको माग भएकाले शाहवंशको अभ्युदयका साथसाथै नेपाली कलाको सुरक्षा, संरक्षण र संवर्द्धनको युग प्रारम्भ भयो। नेपाली कलाको विकास प्रवाह जसरी अगाडि आइरहेको थियो, त्यसमा राणाकालमा केही फरक र नयाँपन आयो।

१. मूर्तिकला तथा वास्तुकला

शाहकालमा निर्माण भएका वास्तुकलाका विशिष्ट नमुनाहरूमा नुवाकोट दरवार, गोरखा दरबार, नौतले दरबार, वसन्तपुर दरबार आदि प्रख्यात छन्। राणा प्रशासकहरूले पनि दरबारहरूको निर्माण नगरेका होइनन् तर यिनीहरूको पालामा बनेका दरबार तथा मन्दिरहरूमा पश्चिमी वास्तुकलाको प्रभावका साथसाथै मुसलमानी कला र राजस्थानी कलाको ठूलो प्रभाव देखिन्छ। राणाकालमा निर्माण भएका सुन्दर दरबारहरूमा सिंहदरबार, शीतलनिवास, लालदरबार, नारायणहिटी राजदरबार, थापाथली दरबार, सेतो दरबार, टङ्गाल दरबार आदि मुख्य छन्।

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायणको नेपाली कलाप्रतिको प्रेम उनको प्रसिद्ध दिव्योपदेशका वाक्यांशहरूबाट पनि बोध हुन्छ। श्री ५ बडामहाराजाधिराजको वास्तुकलाप्रति गहिरो रुचि थियो भन्ने कुरालाई 'दिव्योपदेश'का यी वाक्यांशहरूले प्रस्ट गर्दछन् : *मेरो मनसुवा तां दहचोकमा दरबार बनाउँला र चारै दिशा थर घरको गुरु प्रोहित भैयाद भारदार, मिर उमराउको घर बनाइ छुट्टा दरबार बनाउँला र यी तीन सहरमा ती दरवारबाट स्वष सयललाई मात्रै जाम्ला भन्या जस्तो* अभिलाषा

भयो। शाहकालका निर्माताहरूमध्ये मुख्तियार भीमसेन थापा एक थिए। उनले निर्माण गरेका सुनधारा, वागदरबार र धरहरा अझै त्यस समयका वास्तुकलाका नमुनास्वरूप विद्यमान छन्। राणा प्रधानमन्त्रीहरूमा जङ्गबहादुर र जुद्धशमशेरलाई विशेष रूपबाट निर्माताहरूमा गन्न सकिन्छ। यस युगका अरू प्रसिद्ध स्थापत्यकलाका नमुनाहरूमध्ये पशुपति मृगस्थलीको विश्वरूपको मन्दिर, त्रिपुरेश्वर कालमोचनको शिवमन्दिर, केन्द्रीय कारावाससँगैको जगन्नाथको मन्दिर आदि उल्लेखनीय छन्।

शिला, काष्ठ र धातुका मूर्तिहरू यस समयमा पनि प्रशस्त मात्रामा वनाइए। शङ्खमूलस्थित जगन्नारायणको मूर्ति, हनुमान्ढोका अगाडिको चतुर्मुखी शिवलिङ्ग, कीर्तिपुरस्थित पृथ्वीनारायण शाहको सालिक आदि उक्त समयका प्रस्तरमूर्तिका नमुनाहरू हुन्। धातुकलाका उदाहरणमध्ये पशुपति मृगस्थलीस्थित विश्वरूपको मूर्ति, गुह्येश्वरीमा प्रतिस्थापित शाह राजाहरूका सालिकहरू आदि उल्लेखनीय छन्।

२. चित्रकला

शाहकालमा चित्रकलाको क्षेत्रमा परम्परागत शैलीका साथसाथै आधुनिक पश्चिमी चित्रकलाको पनि यथेष्ट मात्रामा प्रचार हुन थाल्यो। हनुमान्ढोकाभित्रको नासलचोकका पूजाकोठा भएको दरबारमा रहेका भित्तेचित्रहरू यसै कालका उपज हुन्। नासलचोक दरबारका ती कोठाहरूमा अङ्कित भित्तेचित्रहरूमा शेषशायी विष्णु, समुन्द्रमन्थन आदिका दृश्यहरू छन्। दरबारको त्यो भाग श्री ५ सुरेन्द्रवीरविक्रम शाहको समयमा बनेको हो। हाल मुद्रासङ्ग्रहालय रहेको ठूलो बैठककोठामा पनि शाहकालीन भित्तेचित्रहरू छन्। ती चित्रहरू जङ्गबहादुरले आफू वेलायतबाट फर्केपछि चित्रकलाबाट प्रभावित भई बनाउन लगाएका हुन्। ती भित्तेचित्रहरूमा पृथ्वीनारायण शाहका तीनवटा आकृतिहरू, यौवनले मदमस्त भएका विदेशी सुन्दरीहरू, जङ्गवहादुरका सात भाइहरूका चित्रहरू, पञ्जाबका रणजित्सिंह र सुरजित्सिंहका चित्रहरू विशेष आकर्षक छन्। उन्नाइसौं शताब्दीमा लेखिएका यी भित्तेचित्रहरूले नेपाली चित्रकलाको प्राचीन परम्परालाई कुनै न कुनै रूपमा कायम राख्न नेपाली कलाकारहरू अझै सफल छन् भन्ने कुरा निश्चित गराएका छन्।

३. साहित्य

साहित्यको क्षेत्रमा पनि पृथ्वीनारायण शाहले ठूलो अभिरुचि लिएका थिए। यिनको समयमा काठमाडौं हनुमान्ढोका राजदरबारमा एउटा वृहत् कविसम्मेलनको आयोजना गरिएको थियो। जसको सभापतित्त्व विद्वान् कवि युवराज प्रतापसिंह शाहले

गरेका थिए। उक्त कविसम्मेलनमा भारतका विभिन्न स्थानहरू– काशी, काश्मीर, गुजरात, महाराष्ट्र, पाटलीपुत्र आदि स्थानहरूबाट आएका करिब साठी जना र नेपालीका तर्फबाट करिब बाइस जना विशिष्ट कविहरूले भाग लिएका थिए। उक्त कविसम्मेलनमा नेपालका त्यस समयका ख्यातिप्राप्त कवि विद्वान् शक्तिवल्लभ अर्ज्यालले संयोजन गरी भाग लिएका थिए। उक्त कविसम्मेलनका निर्णायकहरूमा महाकवि लक्ष्मण पनि एक थिए। प्रतापसिंह शाह संस्कृतका धुरन्धर विद्वान् हुनुका साथै तन्त्रशास्त्रका पनि एक विशिष्ट साधक थिए। उनले रचेको पुरश्चर्यार्णवनामक पुस्तकमा उनको विद्वत्ता स्पष्टसँग झल्कन्छ। त्यसै समय शक्तिवल्लभ अर्ज्यालका जेठा बाबु पं. अग्निश्वरका छोरा कवि ललितावल्लभ अर्ज्यालले 'भक्तविजाय काव्य' लेखे।

राणा प्रधानमन्त्री जङ्गबहादुरकी रानी अन्तरी महारानीले पनि राजधर्मनामक ग्रन्थ लेखेकी थिइन्। यसै कालमा लेखिएको शक्तिवल्लभ अर्ज्यालको *जयरत्नाकर* नाटकलाई संस्कृत भाषाको अत्यन्त राम्रो नाटक मानिएको छ। जङ्गबहादुरका भाइ स्वामी निर्गुणानन्द अर्थात् रणोद्दीपसिंहले रचेको *निर्गुणभजनसङ्ग्रह* पनि यस कालको उल्लेखनीय रचनामा आउँछ। नेपाली साहित्यका *'आदिमहाकवि' उदयानन्द अर्ज्याल*ले यसै समयतिर 'पृथ्वीन्द्रोदय' महाकाव्यलेखि नेपाली नायकसँगै नेपाल राष्ट्रलाई चिनाउने प्रयास गरे। अङ्ग्रेजी साम्राज्यवादका विरुद्धमा खडा भएको हुँदा उनलाई वेलायती पल्टनले मार्ने प्रयास पनि गऱ्यो। उदयानन्द लुकीलुकी खोटाङ पुगे र त्यहीं उनले मौलिक महाकाव्यको रचना गरे। त्यसपछि मात्र आदिकवि भानुभक्तले आध्यात्म रामायणको सहारामा नेपाली भाषाको रामायण लेखेका हुन्। भानुको रामायणले नेपाली भाषा र साहित्यको भण्डारलाई रामभक्ति रसले भरिदिएको छ।

शाहवंशका अर्का राजा पृथ्वीवीरविक्रम शाह पनि साहित्यका सोखिन राजाहरूमध्ये एक थिए। खास गरी कविता रचना गर्न र पढ्न उनी चाख लिन्थे। उनले तत्कालीन प्रसिद्ध साहित्यकार तथा कविहरू : ललितवल्लभ अर्ज्याल, मोतिराम भट्ट, लक्ष्मीदत्त आदिलाई ठूलो मान तथा कदर दिएका थिए। साहित्यको संरक्षण गर्ने कार्यमा श्री ५ गीर्वाणको वि.सं. १८६९ को लालमोहर अति महत्त्वपूर्ण छ। उक्त लालमोहर र राणा प्रधानमन्त्री वीरशमशेरको साहित्यप्रतिको मोहले गर्दा नेपालका प्राचीन दुर्लभ हस्तलिखित ग्रन्थहरूको आज राष्ट्रिय अभिलेखालयभित्र सुरक्षा हुन गएको छ। साहित्यका साथसाथै नेपाली भाषाको पनि यस कालमा उत्थान भयो र नेपाली भाषालाई राष्ट्रभाषाको स्थान दिइयो।

४. सङ्गीत र नृत्य

सङ्गीत र नाचगानका क्षेत्रमा यस कालमा धेरै परिवर्तनहरू आए। प्राचीन सङ्गीत र नृत्यहरूले राजाश्रय नपाए तापनि जनप्रेम र प्रेरणाले ती कलाहरू जेनतेन बाँच्दै थिए। तर राणाहरूको दवावले गर्दा शाह राजाहरूले पनि आफ्नो दरवारलाई मुगल दरबारको ढाँचामा रङ्गाए। मद्यपानको प्रचलन बढ्यो र यसैसँग सस्ता खालका सङ्गीत र वासनापूर्ण नृत्यहरू पनि नेपाली रङ्गमञ्चमा आइपुगे। राणा प्रधानमन्त्रीले लखनउ र दिल्ली दरवारहरूमा देखेका नाचगानहरू नेपालका दरवारहरूमा पनि आइपुगे।

राणा प्रधानमन्त्री वीरशमशेरको दरवारमा भारतीय सुकि सङ्गीत र नृत्यको ठूलो प्रभाव थियो। वीरशमशेरले नेपाली सङ्गीतको उत्थानका लागि प्रयासहरू नगरेका होइनन्। ढिलो भइसकेको भए तापनि उनले नेपाली र भारतीय गवैयाहरूको ठूलाठूला सम्मेलनहरू गराएका थिए। लोकगीत र लोकसङ्गीतहरू त्यस समयमा पनि फस्टाउँदै थिए। धार्मिक एवं सामाजिक पर्वहरूमा गाउने, बजाउने, नाच्ने आदि सबै चलनहरू यथावत् चली नै रहेका थिए।

वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय हुनु नेपाली कला र संस्कृतिको भाग्योदय हुनु पनि हो। त्यसपछि सयौं वर्षसम्म बेवास्ता गरिएका नेपाली कलाका विभिन्न पक्षहरूले फेरि फस्टाउने मौका पाउन थाले। नेपाली कलाको सुरक्षा, संवर्द्धन, प्रचार र सङ्कलनका कार्यहरू श्री ५ को सरकारका विभिन्न अङ्ग तथा गैरसरकारी सङ्घ-संस्थाहरूको मदतवाट धमाधम हुन थाल्यो। बेवारिसे मूर्तिहरूको सङ्कलन र अध्ययन गरियो। प्राचीन मन्दिर, विहार तथा दरवारहरूको जीर्णोद्धार हुन थाल्यो। परम्परागत एवं आधुनिक कलाकारहरूले धमाधम राजाश्रय पाउन थाले। तिनीहरूलाई प्रोत्साहित गर्न राजकीय प्रज्ञाप्रतिष्ठान, सांस्कृतिक संस्थान, रेडियो नेपाल, पुरातत्त्व विभाग आदि संस्थाहरू खडा भए। प्राचीन कलाकृतिहरूलाई उचित कदर गर्दै सङ्ग्रहालयहरूमा राखियो। यसै सन्दर्भमा राष्ट्रिय सङ्ग्रहालय, धातुकला सङ्ग्रहालय, राष्ट्रिय चित्रकला सङ्ग्रहालय, पुरातत्त्व वगैंचा, काष्ठकला सङ्ग्रहालय आदि सङ्ग्रहालयहरूको निर्माण भयो। अरू सङ्ग्रहालयको पनि निर्माण हुँदैछ। यसरी इसापूर्व छैटौं शताब्दीदेखि सुरु भएको नेपाली कलाको विकासको क्रम अझै चली नै रहेको छ। आज पनि नेपाली कलाले शाहवंशीय शासकहरूको छत्रछायाँमा यथोचित व्यवहार पाएको छ। श्री ५ महाराजधिराज वीरेन्द्रवीरविक्रम शाहदेव स्वयं कलाकार होइबक्सिन्छ। मौसुफको छत्रछायाँमा नेपाली कलाको विकास, संरक्षण र प्रचार नहुने प्रश्नै उठ्न सक्दैन।

निष्कर्ष

नेपाली कलाको विकास र संरक्षणमा शाहवंशको विशिष्ट स्थान छ। नेपालको एकीकरणपछि जङ्गबहादुरको उदय नभएसम्मको समयभित्र नेपाली कलाले फेरि एक शक्तिशाली राजवंशको नेतृत्वमा सुरक्षित हुने र फस्टाउने मौका पायो। अन्तिम मल्लकालमा गृहकलह आदिले गर्दा ह्रास हुँदै गएको नेपाली कला फेरि एकपल्ट जागरुक भई आफ्नो मौलिकता र गौरवमय परम्परा कायम गर्न सफल भयो। तर १०४ वर्षको राणाकालमा नेपाली कलामा धेरै विदेशी प्रभाव पऱ्यो। जसले गर्दा परम्परागत नेपाली कला र कलाकारहरूले राणाहरूको दरबारमा उचित स्थान प्राप्त गर्न सकेनन्। फलस्वरूप नेपाली कला दिनदिनै ह्रास हुँदै गयो।

पृथ्वीनारायण शाहलाई काठमाडौं उपत्यका विजय गरेपछि मल्ल राजाहरूको प्राचीन कलात्मक सुन्दर दरबार हनुमान्ढोकामा बस्न मन थिएन। यसको मुख्य कारण उपत्यकाको जनभावनालाई खलल नपार्नु थियो। परिस्थितिवश आफ्नो इच्छाअनुरूप दहचोकमा दरबार बनाउन नसकेपछि उनले हनुमान्ढोका दरबारभित्र नै प्राचीन मल्लकालीन दरबारहरूसँग जोडी एउटा बेग्लै दरबारको निर्माण गर्न लगाए। इ. १७७० मार्चको २१ तारिखमा तयार भएको यो वसन्तपुर दरबारमा चारवटा वुर्जाहरू छन्। ती हुन्– वसन्तपुर वा कैलाश, बगला, लक्ष्मीविलास र विलासमन्दिर। चतुष्कोण मण्डपाकारको रूपमा निर्मित यो भव्य दरबारका बीचमा ठूलो चोक छ। चारवटा वुर्जाहरूमध्ये वसन्तपुर बुर्जा सबैभन्दा अग्लो छ। अन्दाजी ७२ हात अग्लो यो दरबारलाई नौतले दरबार पनि भनिन्छ। लक्ष्मीविलास भने राजपूतशैलीमा निर्माण गरिएको छ। यो दरबार बनाउने काममा तत्कालीन प्राविधिक हरिवंश अर्ज्यालको महत्त्वपूर्ण भूमिका रहेको कुरा इतिहासविद्हरू बताउँछन्। नुवाकोट विजय गरिसकेपछि पृथ्वीनारायण शाहले त्यहीँ बसी एकीकरण अभियानका कार्यक्रमहरू तर्जुमा गर्न थाले। नुवाकोटमा बस्दा वि.सं. १८१९ तिर उनले एक भव्य दरबार निर्माण गरे जुन दरबार सातलते दरबारको नामले प्रख्यात छ। छानेशैली भएको र काष्ठकलापूर्ण यो दरबारको चारैतिरका बार्दलीहरू अति शोभनीय छन्। वास्तुकलाप्रतिको पृथ्वीनारायण शाहको धारणाअनुरूप यो दरबार बनाइएको थियो। किल्लाको रूपसमेत दिई बनाइएको भवन हुँदा यस दरबारलाई 'दुर्गरत्न' भनी संज्ञा दिइएको छ।

शाहकालमा निर्मित वास्तुकलाको दृष्टिकोणले महत्त्वपूर्ण भवनहरूमध्ये प्रतापसिंह शाहको शासनकालमा काजी स्वरूपसिंह कार्कीले चिकमुगलटोलमा निर्माण गर्न लगाएको 'जयमन्दिर', काजी अभिमानसिंहले केलटोलमा निर्माण गर्न लगाएको 'मानमन्दिर' अथवा तिलङ्गा घर, रणबहादुर शाहको समयमा नारायणहिटीभित्र

बनाइएको काजी धौकलसिंह बस्नेतको घर 'कीर्तिमन्दिर', भीमसेन थापाले आफ्नो लागि निर्माण गराएको धरहरानिरको 'बागदरबार' आदि हुन् ।

बागदरबारको निर्माणपछि भने नेपाली वास्तुकलामा युरोपेली प्रभाव पर्न थालेको प्रस्ट देखिन्छ । युरोपमा झैँ ठूलाठूला झ्यालढोका, अग्लाअग्ला खम्बाहरू र लामालामा कोठा, बैठक आदि बनाउने चलनको सुरुआत हुन थाल्यो । साथै दरबार सिँगार्न देश-विदेशबाट नानाप्रकारका सरसामानहरू मेच, टेबुल, तस्विर, बत्ती, कार्पेट, मूर्ति आदि झिकाइन थालियो । यो क्रम राणाकालमा झन् बढ्दै गयो ।



(जनकपुरको जानकी मन्दिर)

शाहकालमा निर्मित महत्त्वपूर्ण मन्दिरहरू बहादुर शाहले निर्माण गर्न लगाएको मरुटोलस्थित 'अर्धनारीश्वरमन्दिर', रणबहादुर शाहले निर्माण गर्न लगाएको सेन्टरजेल अगाडिको जगन्नाथको मन्दिर, काजी अमरसिंह थापाले इ. १८०३ मा पाल्पाको, तानसेन बजारमा निर्माण गर्न लगाएको अमरनारायणको मन्दिर, त्रिपुरेश्वरको शिवको मन्दिर, जनकपुरको जानकी मन्दिर आदि ।

काठमाडौँ मरुटोलस्थित अर्धनारीश्वरको मन्दिर शिवपार्वतीमन्दिरको नामले पनि प्रख्यात छ । यस मन्दिरमा काष्ठकला र प्रस्तरकलाको जुन किसिमले प्रयोग गरिएको छ त्यसले यस मन्दिरको कलात्मक पक्षलाई झन् महत्त्वपूर्ण बनाइदिएको छ । काठका झ्यालहरूबाट हेरिरहेका शिवपार्वतीका मूर्तिहरूले यस मन्दिरको शोभा मात्र नबढाई यी मूर्तिहरू वास्तुकलाको इतिहासमा नै एक नौलो प्रयोग बनेका छन् । शाहकालको काष्ठकलाको विशिष्ट नमुनास्वरूप यो मन्दिर रहेको छ । यस मन्दिरमा रहेका काठका कुँदिएका टुँडाल र तोरणहरूको आफ्नै विशेष स्थान छ ।

रणबहादुर शाहद्वारा निर्मित जगन्नाथको मन्दिर गुम्वजशैलीमा बनेको छ । उक्त मन्दिर १२५ हात अग्लो छ र सो मन्दिर उक्त शैलीमा निर्मित देशभरिको सबैभन्दा अग्लो मन्दिर मानिन्छ । आजकाल खास प्रतिष्ठा नपाए पनि रणबहादुर शाहको राज्यकालमा राजाश्रय पाएको यस मन्दिरको आफ्नै ऐतिहासिक महत्त्व छ । रणबहादुर शाहले जातपातको भेदभावलाई निर्मूल पार्ने उद्देश्यले यस मन्दिरको निर्माण गर्न लगाएका थिए र त्यहाँ सहभोज लगाएका थिए ।

काजी अमरसिंह थापाले इ. १८०६ मा बनाउन लगाएको प्यागोडा अथवा छानेशैलीको तानसेनस्थित भगवान् नारायणको चारतले अमरनारायणको मन्दिर

पश्चिम नेपालभरिका उक्त शैलीका मन्दिरहरूमध्ये विशाल मानिन्छ। वास्तुकलाको दृष्टिकोणले यो मन्दिर अझ महत्त्वपूर्ण मानिन्छ। विशाल चोकको मध्यभागमा अवस्थित यस मन्दिरवरपर ठूलो बगैंचा छ र मन्दिरको सिंढीको दायाँबायाँ दुवैतर्फ पोखरीहरू छन्। तोरण र टुँडालहरू कलापूर्ण छन् र मन्दिरभित्र विष्णु, लक्ष्मी र गरुडका अति आकर्षक र कलापूर्ण ढलौटका मूर्तिहरू छन्।

रणबहादुर शाहकी रानी त्रिपुरासुन्दरीदेवीले बनाउन लगाएको त्रिपुरेश्वरको शिवको मन्दिर कलाको दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ। यो मन्दिरको निर्माणमा मल्लकालीन मन्दिरनिर्माण कलाको अनुशीलन भएको छ। त्रिपुरेश्वर मन्दिरको क्षेत्रमा साना-ठूला गरेर जम्मा १९ वटा मन्दिरहरूको समूह छ। शिवमन्दिर मुख्य हो र यसका चारै दिशामा अवस्थित छानेशैलीका साना-साना मन्दिरहरू चाहिँ विष्णु, सूर्य, गणेश र देवीका हुन्। यस मन्दिरमा मल्लकालीन वास्तुकलालाई अक्षरशः उतारिएको छ र मल्लकालीन परम्परालाई हरतरहबाट कायम गरिएको छ। अरू मन्दिरहरूमा जस्तै यो मन्दिरमा पनि तोरण र टुँडालहरू काष्ठकलापूर्ण छन्।

वास्तुकलाको दृष्टिकोणले महत्त्वपूर्ण मन्दिरहरूमध्ये जनकपुरको जानकी मन्दिर पनि एक हो। इ. १९०० मा टिकमगढकी महारानी वृषभानुकुमारीदेवीले निर्माण गर्न लगाएको उक्त राजपूतशैलीको मन्दिर अत्यन्तै विशाल एवं भव्य छ। राजपूतशैलीका अरू उल्लेखनीय मन्दिरहरू– धरहरानिरको भीमभक्तेश्वर महादेवको मन्दिर, कालीमाटीको भीममुक्तेश्वर मन्दिर, पुरानो भन्सारस्थित रणमुक्तेश्वर मन्दिर, थापाथलीस्थित पाञ्चायनमन्दिर, पशुपतिको पञ्चदेवल, पशुपति आर्यघाटका ढुङ्गाका शिवमन्दिरहरू आदि हुन्।

शाहकालमा नयाँ मन्दिरहरूको निर्माणका साथै प्रशस्त पुराना मन्दिरहरूको जीर्णोद्धार पनि भएको छ र पुराना मन्दिरहरूलाई सिँगार्न अनेकौं कलात्मक एवं धार्मिक वस्तुहरू पनि थपिएको छ। तापनि मन्दिरैमन्दिरले भरिएको यस देशका सबै मन्दिरहरूको समुचित सुरक्षा भने हुन सकेको छैन।

मूर्तिकलामा पनि शाहकालको प्रशस्त देन छ। वसन्तपुर पृथ्वीनारायण शाहको दरबारमा जडिएका शिला, काठ आदिका मूर्तिहरू दर्शनीय छन्। यस दरबारको भित्तामा जडिएको भगवतीको मूर्ति विशेष उल्लेखनीय छ। यस दरबारमा परम्परागत देवदेवीका मूर्तिहरूका अतिरिक्त पृथ्वीनारायण शाहको वीरोचित मनोवृत्तिलाई साकार पार्ने सामाजिक मूर्तिहरू पनि विशेष हेर्न लायक छन्। यस कालका उत्कृष्ट शिलामूर्तिहरूमा बहादुर शाहले बनाउन लगाएको यही बैठक अगाडिको अर्धनारीश्वर मन्दिरमा जडित मूर्तिहरू, इ. १७७९ मा स्थापित शोभाभगवतीस्थित सुखावतिलोकेश्वर र अरू बौद्धमूर्तिहरू, इ. १७८१ मा स्थापित

टङ्केश्वरीवरपरका उमामहेश्वर, लक्ष्मी-नारायण आदिका मूर्तिहरू, इ. १७८२ मा कोटेश्वरवरपर घुंजुमारोनामक व्यक्तिले स्थापना गरेका विभिन्न देवदेवीका मूर्तिहरू आदि हुन्। यसै क्रममा इ. १७९३ मा रणवहादुर शाहले स्थापना गरेको सेन्टरजेलअगाडिको जगन्नाथमन्दिरभित्रका कृष्ण, बलराम र सुभद्राका मूर्तिहरू कलाका दृष्टिकोणबाट विशेष महत्त्वपूर्ण छन्।

अठारौं शताब्दीको आखिरी र उन्नाइसौं शताब्दीको सुरुदेखि नेपाली कलाको स्तर घट्दै गयो। तापनि त्यस कालमा बनेका कलाको दृष्टिकोणले महत्त्वपूर्ण मूर्तिहरू हुन्– महारानी ललितत्रिपुरासुन्दरीले निर्माण गर्न लगाएको त्रिपुरेश्वर मन्दिरक्षेत्रभित्र रहेका विष्णु, सूर्य, गणेश आदिका मूर्तिहरू, इ. १८२० मा रणध्वज थापाद्वारा पाटन शङ्खमूलमा स्थापित लक्ष्मीनारायणको मूर्ति, त्यस्तै भीममुक्तेश्वर, गोकर्ण, थापाथली पाञ्चायनघाट, वाग्मती पचलीघाट आदि स्थानहरूमा स्थापित विभिन्न देवदेवी तथा गणहरूका मूर्ति आदि।

(आकाशभैरव– हनुमान्ढोका)

धातुकला अथवा ढलौटका मूर्तिहरूको विकास पनि यस कालमा प्रशस्तै भएको छ। यस कालका उत्कृष्ट धातुमूर्तिहरूमा इ. १७८६ मा स्वयम्भू चैत्यका उत्तरतर्फ रहेको तिव्वती गुम्वामा स्थापित विशाल बुद्धमूर्ति र इ. १७९५ मा रणवहादुर शाहले बनाउन लगाएको हनुमान्ढोकास्थित विशाल आकाशभैरवको मूर्ति, इ. १८२३ मा महारानी ललितत्रिपुरासुन्दरीले गुह्येश्वरीमा चढाएको ढलौटको सिंहमूर्ति, बनेपा चण्डेश्वरीमन्दिर अगाडिको प्रस्तर खम्वाहरूमाथि रहेका धातुका मुजुर, सिंह आदिका मूर्तिहरू, इ. १८५२ को भक्तपुर दत्तात्रेयमन्दिर अगाडिको खम्वामाथि रहेको सुनको जलप लगाएको गरुडको मूर्ति, इ. १९५५ मा समन्तभद्र बज्राचार्यले चढाएको काठमाडौं मच्छेन्द्रवहालभित्र खम्बामाथि स्थापना गरेको सिंहनाद लोकेश्वरको मूर्ति र त्यहीं दक्षिणढोकाभित्र रहेको भैरवको धातुमूर्ति, इ. १८६७ मा जङ्गबहादुरले पशुपतिमा स्थापना गरेको विशाल विश्वरूपको धातुमूर्ति, जङ्गबहादुरले नै स्थापना गरेको त्रिपुरेश्वर कालमोचनघाटवरपरका धातुमूर्तिहरू र उनकै धातुको प्रतिमा, इ. १८८३ मा जङ्गबहादुरका छोरा पदमजङ्गले पाटन मच्छेन्द्रवहालको आँगनमा स-साना प्रस्तरका खम्बाहरूमाथि स्थापना गरेको हात्ती, घोडा, माछा, मुजुर, गरुड, नाग, साँढे, सिंह, विष्णु, गणेश, देवी, शिव, सूर्य आदिका ढलौटेमूर्तिहरू आदि पर्दछन्।

यस कालमा मन्दिरलाई आकर्षक तुल्याउन धेरै मात्रामा धातुका देवदेवी तथा पशुपक्षी आदिका मूर्तिहरू बनाइएका थिए। यस कालमा अनेकौं सुनधाराहरू बने

जसमध्ये धरहरामुनिको सुनधारा प्रत्यक्ष छ। साथै ढलौटका घन्टाहरूद्वारा पनि धेरै मन्दिरहरू सिँगारिए। ढलौटे घन्टाहरूमा इ. १९९७ मा रणबहादुर शाहले चढाएको हनुमान्ढोकाको विशाल घन्टा उल्लेखनीय छ। वास्तवमा धातुकलाको क्षेत्रमा यस कालले मल्लकालको परम्परालाई मात्र कायम नराखी आफ्नै मौलिक रूपसमेत प्रदान गरेको देखिन्छ।

चित्रकलाको क्षेत्रमा यस कालमा परम्परागत शैलीका साथसाथै आधुनिक पश्चिमी चित्रकलाको पनि यथेष्ट मात्रामा प्रचार हुन गयो। पौभा बनाउने कलामा विकास हुन नसके तापनि मल्लकालीन परम्परा कायमै रहेको देखिन्छ। तर जङ्गबहादुरको समयदेखि भने त्यस परम्परामा पनि केही शिथिलता आयो। युरोपको र भारतका खास गरी राजस्थानी र काँगडा कलाको प्रभाव नेपाली कलाकारहरूमाथि पऱ्यो। फलस्वरूप नेपाली चित्रकारहरूको मौलिकपन हराउन थाल्यो। त्यसमाथि पनि फोटोग्राफीको विकासले त झन् नेपाली कलाकारहरूलाई आफ्नो सीप देखाउने मौका पाउन नै कठिन हुन थाल्यो। भित्तेचित्रतर्फ पनि यस कालमा मल्लकालीन परम्परा कायम हुन नसके तापनि विकासचाहिँ भएको थियो।

पृथ्वीनारायण शाहको 'दिव्योपदेश' नेपाली साहित्यको एउटा अमूल्य ग्रन्थको रूपमा रहेको छ। शाहराजाहरूको दरबारमा शक्तिवल्लभ अर्ज्याल, भानुजोशी अर्ज्याल, वाणीविलास पाँडे, ललितावल्लभ अर्ज्याल, सुवानन्द दास, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा जस्ता संस्कृतका विद्वान् कविहरूले सम्मान पाएका थिए। प्रधानमन्त्री भीमसेन थापाका समकालीन पण्डित सुन्दरानन्द बाँडाले *त्रिरत्नसौन्दर्यगाथा* काव्य रचेका थिए।

काठमाडौँ उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहले त्यहाँको स्थानीय कला र संस्कृतिलाई राजाश्रय दिए। फलस्वरूप काठमाडौँ उपत्यकाको कला र संस्कृति झन्झन् फस्टाउन थाल्यो। पृथ्वीनारायण शाहले दिव्योपदेशमा विदेशी सङ्गीत र नृत्यलाई भित्र्याउनु हुँदैन भनेका छन्। तर पृथ्वीनारायण शाहको मृत्युपछि परम्परा र मौलिकताको बदलामा विदेशी कलाले प्रोत्साहन पाउन थाले। पृथ्वीनारायणवाट प्रोत्साहित नेपाली गीत र नाचहरू अपहेलित भए। तर पनि शाहकालीन नेपाली कलाको विकास र विस्तारको नयाँ स्वरूप अघि बढ्दै गयो। संस्कृतिका सबै विधाहरूमा युगानुकूल परिष्कार हुँदै गयो र बीसौँ शताब्दीको नेपाली कलाले आकार ग्रहण गऱ्यो।

□

नेपाली समाजमा प्रचलित विवाहप्रथा र दाम्पत्य जीवन

नेपालमा विभिन्न धर्मावलम्वी मानिसहरू बस्दछन्। नेपालीहरूले विभिन्न किसिमका परम्परागत मर्यादा तथा जातीय जनजीवनका पद्धतिहरूलाई परापूर्वकालदेखि नै स्वीकार गर्दैआएका छन्। यस्तो जीवन-पद्धतिमा आधारित विभिन्न जातका विवाह प्रक्रियाहरूलाई यहाँ केहीहदसम्म दर्साउने प्रयास गरिनेछ।

आश्रमहरूमा सर्वोत्तम र सर्वाधिक प्रभावशाली आश्रम गृहस्थाश्रम हो। यो आश्रममा मानिसले दुई किसिमको जीवन-निर्वाह गरिरहेको हुन्छ। भौतिक तथा आध्यात्मिक अथवा पारमार्थिक। गृहस्थाश्रमलाई महत्त्व दिँदै मनु भन्दछन् : सम्पूर्ण प्राणीहरू जसरी वायुको सहाराले प्राण-सञ्चार गरिरहेका हुन्छन् त्यस्तै गृहस्थाश्रमको आश्रयवाटै अन्य आश्रमहरू आश्रित भएर रहेका हुन्छन्।[८१] गृहस्थीले उत्पादन गर्ने अन्नादिवाटै अन्य आश्रमावलम्बीहरूलाई धरण-पोषण हुने भएकाले यो कुरा चरितार्थ भएको देखिन्छ। आर्यहरूले सर्वाधिक महत्त्व दिएको यो गृहस्थाश्रमको सुरुआत विवाहविधानपछि नै हुने गर्दछ। विवाहलाई शाश्वत र विस्तृत अर्थमा अभिव्यक्त गर्ने हो भने संसारका प्रत्येक वस्तुको सृष्टिको प्रक्रियालाई नै विवाहअन्तर्गत राख्न सकिन्छ। विवाह भन्नु नै स्त्री र पुरुषको विकास र विस्तारको सूक्ष्मवीक्षण तत्त्व मात्र हो र यों माध्यम नियमित, स्वींकृत र पवित्र मिलन पनि हो। सृष्टि भन्नु पनि स्त्रीतत्त्व र पुंसत्वको संयोगभन्दा अरू कुनै कुरा होइन। पशुपक्षी र मानिसमा मात्र स्त्री र पुरुषको संयोगवाट जन्मप्रक्रिया हुने होइन कि वृक्षहरूमा पनि फूलमा पोथी-रज र भाले-बीज रहेको हुन्छ जसलाई माहुरी, चराहरू अथवा हावाले सम्मिलन गराएपछि सृष्टि हुन्छ। स्त्रीकेशर र पुङ्केशर बिन्दु एकै ठाउँमा रहने वनस्पति र कीटाणुहरू पनि प्रशस्त पाइन्छन्।

---

८१. यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः।
तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः। मनु., ३।७७

बृहदारण्यकोपनिषद्मा पति र पत्नीको रूपमा सृष्टिको आदिपुरुषले आफ्नो शरीरलाई छुटचाएको र त्यसपछि मनुष्यको सृष्टि भएको कुरा बताइएको छ।[८२] जुन कुरा मनुको आदिपुरुष दुई भाग भएर पुरुष र स्त्रीरूपमा रहेको धारणासँग मिल्दोजुल्दो देखिन्छ।[८३] हामी अर्धनारीश्वरको त तस्बिर पनि देख्तछौँ। शिवपुराणले शिवतत्त्वभित्रैबाट शक्तितत्त्वको आविर्भाव भएको कुरा बताउँछ र शिवको शरीरबाट शक्ति प्रकट भएको कुरा गर्दछ। अद्वैत वेदान्तले पनि ब्रह्मतत्त्वकै अन्तर्निहित शक्ति 'एकोहं बहुश्याम' को भावना उदायपछि नै क्रमशः प्रकट भएको कुरा पाइन्छ। यसबाट यो कुरा प्रस्ट हुन्छ कि स्त्री र पुरुष तत्त्व मूलभूत रूपमा एकै भएकाले आपसमा पारस्परिक आकर्षण र पुनर्मिलनको अन्तर्निहित चाहना अभिव्यक्त हुन्छ। यी उद्धरणहरूबाट के कुराको निर्णायक विचार पाइन्छ भने सृष्टिको आदिकारण स्त्री र पुरुषतत्त्वयुक्त छ र त्यसैबाट सृष्टिको निरन्तर प्रक्रिया चलेर आइरहेको छ। आर्यधर्मका संस्थापकहरूले जुन सिद्धान्त प्रतिपादन गरेका छन्, त्यो आजको भौतिकवादी कसीमा घोटेर हेरेको खण्डमा पनि निक्खर रूपमा उत्रिन सक्छ।

विवाहको सुरुआवात किन भयो ? यो प्रश्नको उत्तरमा के भन्नु उचित हुन्छ भने सम्पूर्ण प्राणीहरूमा मानिस सभ्य प्राणी हो। सभ्यताअन्तर्गत प्रत्येक कुराको व्यवस्थित र मर्यादित प्रक्रियालाई लिनु आवश्यक छ। खाने, बस्ने, हिंड्ने आदि नियमित प्रक्रियालाई व्यवस्थित तुल्याएजस्तै जीवनलाई नभई नहुने कुराहरू प्रेम र मिलनको चाहनालाई[८४] परितृप्ति पार्न र व्यवस्थित बनाउन विवाहको चलन सुरु भयो। यसर्थ विवाहको मूल लक्ष्य नै वासनाको तृप्तिका साथै पति र पत्नी प्रेममय जीवन अँगालेर आजीवन रहनु हो। विवाहको सफलतामा दाम्पत्य जीवन सफल हुन्छ र असफलतामा गृहस्थ जीवन नै निःसार र दुःखदायी हुन्छ। गार्हस्थ जीवनको रथ सञ्चालनमा विवाहद्वारा रथका दुई पाङ्ग्रासरह स्त्री र पुरुषको जुन रूप तयार हुन्छ त्यो विवाहद्वारा निश्चित हुन्छ। यदि दुई पाङ्ग्रामा समान किसिमको क्षमता भयो, गुण मिल्यो भने त्यो विवाह सफल भयो। जीवनमा गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरू सम्पादन गर्न सकियो, लोग्ने र स्वास्नीको पारस्परिक सहयोग आजीवन चल्यो भने रथलाई गन्तव्य स्थानमा पुऱ्याउन दुवै पाङ्ग्रा समर्थ हुन्छन् तर

---

८२. स इममेवाऽऽत्मानं द्वेधाऽपातयत्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धवृषलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्ततो मनुष्या अजायन्त। बृ., १।४।३

८३. द्विधा कृत्वात्मनो देहमर्धेन पुरुषोऽभवत्।
अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः॥ मनु., १।३२

८४. एकबाट फुटी आयौँ, जोडिन्छौँ सब एकमा– बालकृष्ण सम

कहीं व्यवधान आयो र बाटैमा चक्का बिग्रियो भने या त रथ अलपत्र पर्छ या चक्का बदल्नुपर्छ वा सम्बन्ध-विच्छेद भनौं पारपाचुके गर्नुपर्छ।

हाम्रा पुर्खाले विवाहलाई भोगपरितृप्ति मात्र मानेका छैनन्। उनीहरूले एकै शरीरका दुई भाग– लोग्ने दाहिने भाग र स्वास्नीलाई देब्रे भाग मानेका छन्। दाम्पत्य जीवनको उच्चतर महत्त्वलाई आदिकालदेखि स्वीकार गर्दै आएका कुराको पुष्टि वर्णाश्रम व्यवस्थाले नै गर्छ। किनभने निश्चित जीवनमा लोग्ने र स्वास्नी आजीवन दाम्पत्यमा नरहेमा वर्ण भन्ने कुरा निरर्थक हुन्छ।

संस्कारहरूमध्ये विवाह पनि एक हो। जब मानिस संसारमा जन्मिन्छ उसका आवश्यकताहरू सीमित हुन्छन् तर जब मानिस बढ्दै जान्छ ऊ आफ्ना अनगिन्ती आवश्यकताहरू लिएर हिंडिरहेको हुन्छ। यौवनावस्थामा हुने विभिन्न किसिमका आवश्यकताहरूमध्ये वासनातृप्ति पनि एक हो। यसैका निमित्त अथवा विस्तारको स्वस्फुटित प्रवृत्तिले गर्दा स्वतः स्त्री-पुरुषमा स्वाभाविक आकर्षण हुन जाने हुनाले विवाहको आवश्यकता पर्दछ। गौण रूपमा अथवा मुख्य रूपमा माने पनि विवाहको एक लक्ष्य यही हो।

विवाहद्वारा मानिसमा बन्धन पैदा हुन्छ। जब मानिस विवाहित हुन्छ अनि उसका जिम्मेवारी थपिन्छन्। शाब्दिक अर्थमा पनि 'वि' भनेको विशेष किसिमको र 'वाह' भनेको बोकाइ अथवा भार हो।

एक स्त्रीले एक पुरुष र एक पुरुषले एक स्त्रीलाई लिएर वासनात्मक परितृप्ति गर्ने र व्यभिचार नगरी आफू-आफूमा कामनाको पूर्ति गर्नुपर्ने नियम धार्मिक विधानले जुन चलाएको छ, त्यो मानिसलाई जनावरबाट छुटचाएर सभ्य बनाउने पाइलामा प्रथम पाइलो हो। यसर्थ आर्यहरूको सिद्धान्त बन्यो– 'रत्यर्थो हि विवाहः।' अर्थात्, सम्भोगका लागि विवाह गरिन्छ तर त्यो मर्यादित र अनुशासित हुनुपर्छ। दुई विसमलिङ्गी व्यक्तिहरूको यौन चाहनाका आधारमा पारस्परिक अधिकारका लागि जीवनभरिका निमित्त बाँधिनु नै विवाह हो। तर यतिमात्र नभई विवाह निरन्तर बाह्य दिशातिर प्रवृत्त हुने इन्द्रियहरूको अनर्गल प्रवाहलाई केन्द्रित पारी सम्यमशील बनाएर निर्दिष्ट लक्ष्यतिर अभिमुख गराउने पवित्र लक्ष्यद्वारा परिकल्पित तथा मानव मात्रलाई पाशविक जगत्‌बाट माथि उठाएर मानवको रूपमा उत्कृष्ट र गौरवशाली बनाउने प्रमुख साधन पनि हो। यी दुई विसमलिङ्गी प्राणीहरूको संस्कारद्वारा जुन एकात्मक भावनाको अनुकल्पना गरिन्छ त्यसले सीमित अवधिभित्रमा सम्बन्ध-विच्छेद गर्ने होइन कि आजीवन र अझ जन्मातरमा समेत त्यो सम्वन्ध रहिरहने कुराको सङ्केत हाम्रा महर्षिहरूले देखाएका छन्। पशुपक्षीको जस्तो अनियमित भालेपोथीको संयोग नभई नियमित रीतिरिवाजभित्र रही योग्य स्त्री-पुरुष मिलापका लागि प्रत्येक धर्मका

शास्त्रहरूले विवाहको नियम अपनाएका हुन्छन् । यस प्रकार जीवनलाई नियमित वनाउने विधान नै विवाह हो भन्ने देखिन्छ । यसरी विवाहलाई हामीले सामाजिक औपचारिकता तथा शास्त्रीय विधानद्वारा यावत् कर्म गरी युवक र युवतीको अनन्यत्व स्वीकार गर्ने संस्कारका रूपमा हेरेका छौँ । यदि यी दुवै विधान नगर्ने हो भने मानिसको मानवीयता रहँदैन र त्यो हेय ठहरिन्छ । सामाजिक औपचारिकता पूरा गरेमा मात्र सामान्यतया समाजले स्वीकृति दिन सक्छ तर हिन्दू संस्कारअन्तर्गतको शास्त्रीय विधानद्वारा सम्पन्न गरिने विवाह नै उत्कृष्ट र चिरस्थायी हुन्छ भन्ने हाम्रो धारणा छ । खालि शारीरिक सम्पर्कका लागि मात्रै विवाहको औपचारिकता पूरा गर्नुपर्ने नभएर हिन्दूधर्मअनुसार विवाहका अन्य उद्देश्यहरू पनि छन् ।

*वाजसनेयी ब्राह्मण*ले भनेका छन् : *पुरुष आफ्नो केवल आधा भाग हो, जबसम्म उसले पत्नी प्राप्त गर्दैन, ऊ अपूर्ण रहन्छ । जब ऊ पत्नी ग्रहण गर्दछ, तब ऊ पूर्ण मानिन्छ ।* यस कारण वेदविद् ब्राह्मणहरू भन्दछन् : *जसलाई पति भनिन्छ ऊ पत्नी पनि हो ।* पाणिनिले पतिलाई पत्नीको रूपमा पनि मानेका छन् । पति शब्दबाट नकार आदेश हुन्छ यदि यज्ञका निमित्त पुरुष सम्बन्धित हुने अर्थ बुझिन्छ भने ।[८५]

पति र पत्नीको समान इच्छा र आकाङ्क्षा मिल्नुपर्छ तर भौतिक मात्र होइन पारमार्थिक ध्येय पनि त्यसमा सन्निहित रहनु आवश्यक हुन्छ । विवाह यज्ञद्वारा सम्पन्न हुन्छ र यसको उद्देश्य पनि यज्ञ सम्पन्न गर्नु नै हो । *तैत्तिरीय ब्राह्मण*ले यज्ञ गर्ने अधिकार अविवाहितलाई दिँदैन ।[८६] मनुले भनेका छन् : *जहाँ पत्नीबाट पति सन्तुष्ट छन् र पत्नी पनि पतिबाट सन्तोष प्राप्त गर्छिन् भने त्यो कुलको अवश्य पनि कल्याण हुन्छ ।*[८७] यो भनाइमा यौन परितृप्तिभन्दा निकै उच्चस्तरीय सन्तुष्टिलाई लक्ष्य गरिएको देखिन्छ । *बृहदारण्यकोपनिषद्*ले पतिपत्नीको आपसको प्रेमलाई अत्यन्त मूल्यवान् रूपमा स्वीकार गरेको छ । पतिलाई पत्नीप्रतिको प्रेम पतिकै उद्देश्यले भएको हो र पत्नीलाई पति प्रिय भएको पनि पत्नीकै उद्देश्यले हो ।[८८] यसर्थ दुवैलाई दुवैको समान महत्त्व र समान आकर्षण स्व-स्व स्वार्थका निमित्त नै हुन्छ भन्ने यसको तात्पर्य देखिन्छ ।

---

८५. पत्युर्नो यज्ञसंयोगे । *अष्टाध्यायी,* ४।१।३३

८६. *तैत्तिरीय ब्राह्मण,* २।२।६

८७. संतुष्टो भार्यया भर्ता भर्त्रा तथैव च ।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् । मनु., ३।६०

८८. न वा अरे पत्युः कामाय पतिः प्रियो भवति, आत्मनस्तु कामाय पतिः प्रियो भवति ।
न वा अरे जायायै कामाय जाया प्रिया भवति, आत्मनस्तु कामाया जाया प्रिया भवति ।
बृ., ४।२।५

विवाहको अर्को उद्देश्य सन्तानोत्पादन गर्नु हो। विवाहले पति-पत्नीको प्रेमलाई चिरस्थायी बनाउने तन्तुको रूपमा अथवा गाँठोको रूपमा सन्तान पैदा गराउँछ। पति र पत्नीको आकर्षणको प्रतिफल नै सन्तान हो। सन्तानबाट नै मानिसलाई कर्मभूमिमा अगाडि बढ्ने प्रेरणा प्राप्त हुन्छ। अन्य जीवहरूका निमित्त निश्चित अवधिसम्म सन्तानको माया हुन्छ, बच्चा हुर्केपछि आमाले बच्चाको वास्ता गर्दैन तर मानिस आजीवन सन्तानको लालनपालन र मायाममताको स्नेहमय पासमा यसरी बाँधिन्छ कि उसको कर्मक्षेत्रका प्रत्येक लक्ष्यहरू सन्तानसँग सम्बन्धित भएर उसलाई प्रेरणा दिइरहेका हुन्छन्। यसर्थ *तैत्तिरीय उपनिषद्*ले शिक्षाको सुरुमा नै सन्तानको क्रमलाई कायम राख्ने शिक्षा दिन्छ : 'प्रजातन्तुं मा व्यवच्छेत्सीः'[८९] अर्थात् प्रजारूपी तन्तुलाई नछिनाई विवाहको क्रममा नै 'ऐधन्तां ज्ञातयो मम' अर्थात् हाम्रो सन्तान बढोस् भनेर बाचा गराइन्छ। सृष्टिको परम्परा कायम राख्नलाई आर्यहरूले सन्तानप्राप्तिको ठूलो महत्त्व दर्साएका छन्। पितृऋणबाट मुक्ति पाउनलाई सन्तानोत्पत्तिको आवश्यकता हुन्छ। तैत्तिरीय संहितामा भनिएको छ कि ब्रह्मचर्यद्वारा ऋषिको, यज्ञ गरेर देवताको र सन्तानद्वारा पितृको ऋणबाट मुक्त हुन सकिन्छ।[९०] एकातिर पितृऋणबाट मुक्ति पाउन सन्तानको आवश्यकता छ भने अर्को कुरा वंशपरम्परा कायम राख्न वा सृष्टिपरम्पराका निमित्त पनि विवाह आवश्यक छ। यसैले हिन्दूधर्मले 'प्रजार्थो हि विवाहः' अर्थात् विवाह सन्तानप्राप्तिकै लागि हो भनेर मानेको छ।

विवाहको अर्को उद्देश्य हो पारिवारिक सुख अर्थात् सफल दाम्पत्य। यसमा लौकिक र पारमार्थिक दुवै सफलतालाई आर्यहरूले लिएका छन्। सांसारिक सुखको पनि अवहेलना नगरी परमार्थको कल्याण पनि चाहेको हुनाले नै आर्यहरूले अपनाएको विवाहको उद्देश्य विशिष्ट देखिन आएको हो। परमार्थको कल्याणका निमित्त विवाहित दम्पतीले पाँच महायज्ञ गर्नुपर्छ। ती यज्ञ हुन् : देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, मनुष्ययज्ञ र भूतयज्ञ। सृष्टिसञ्चालक शक्तिमाथि आस्था राखी त्यस शक्तिको उपासना गर्नु देवयज्ञ हो। आफ्ना पुर्खाहरूप्रति आदरभाव राखी श्राद्ध इत्यादि गर्नु पितृयज्ञ हो। आफूलाई विद्या दिने गुरुहरूप्रति आदरभाव राख्नु र विद्याप्रति अनुराग राख्नु ब्रह्मयज्ञ हो। विश्वबन्धुत्वको भावना राखी सबै मनुष्यसँग राम्रो र समान व्यवहार गर्नु मनुष्ययज्ञ हो। प्रत्येक प्राणीलाई दया गर्नु वा मानिस मात्र होइन गाई, गोरु, कुकुर, वर, पीपल, कीराहरू सबैलाई मान्यताको दृष्टिले हेर्नु र संरक्षण गर्नु भूतयज्ञ हो।

---

८९. तैत्तिरीय उपनिषद्, १।११

९०. ब्रह्मचर्येण ऋषिभ्यो, यज्ञेन देवेभ्यः प्रजया पितृभ्यः। तैत्तिरीय संहिता, ६।३।१०।५

यसरी गृहस्थी जीवन नै यस्तो जीवन हो जहाँबाट अन्य सम्पूर्ण वस्तुको संरक्षण र संवर्द्धनमा टेवा मिल्छ। मानिसले मानिसप्रति व्यवहार गर्ने तरिका, अन्य प्राणीहरूलाई हेर्ने दृष्टिकोण, अध्ययन-अध्यापनको महत्त्व तथा देवता र पितृप्रति राख्नुपर्ने निष्ठाजस्ता पञ्चमहायज्ञ सम्पन्न गर्ने आर्य सिद्धान्तअनुकूल मर्यादित जीवन चलाउन सक्नु नै विवाह र विवाहित जीवनको लक्ष्य रहेको छ।

'धर्मप्रजारत्यर्थो हि विवाहः' भन्ने हिन्दूधर्मको सिद्धान्तमा साँच्चै नै विश्वभ्रातृत्व, आध्यात्मिक, आदिदैविक र आदिभौतिक कल्याणका निमित्त उपयोगी हुने तथा धर्म, अर्थ, काम र मोक्षको परिकल्पना साकार गराउने उद्देश्य सन्निहित रहेको देखिन्छ। धार्मिक मान्यताका आधारमा विवाहको प्रथम उद्देश्य धर्म, दोस्रो सन्तानोत्पत्ति र तेस्रोमा चाहिँ रति अर्थात् भोगलाई दर्साइएको छ। तर आजको व्यावहारिक जीवनमा भने यो क्रम उल्टोजस्तो देखिन्छ।

विवाहको अनिवार्यता र यसको उद्देश्य स्पष्ट छ। साथै विवाह गर्ने वरवधूको चयन पक्ष पनि ज्यादै महत्त्वपूर्ण छ। वर र वधूमा एक-अर्कालाई आकर्षक हुने रूप वा शारीरिक बनोट, एक-अर्कामा मिल्ने स्वाभाविक गुणहरू र दुवैको समान किसिमको आचरण र रहनसहन हुनुपर्छ भने दुवैमा शारीरिक वा मानसिक हीनता र शरीर अथवा मुखमा गन्ध आउने हुनु हुँदैन। प्राचीनकालदेखि नै हिन्दू परम्परामा सम्पत्ति, रूप, स्वास्थ्य, बौद्धिक स्तर आदिको खास किसिमले विचार गरेपछि मात्र वरवधूको विवाह गर्ने निर्णय लिइन्थ्यो। वधूको छनौट गर्ने सम्बन्धमा मनुले भनेका छन् : सुन्दर अङ्ग भएकी, राम्रो नाम भएकी, हंस र हात्तीको जस्तो लचिलो हिँडाइ भएकी, कपाल र दाँत ठीकसँग मिलेकी स्त्रीसँग विवाह गर्नू।[९१] आश्वलायनले विभिन्न ठाउँबाट माटो ल्याएर पिण्डाष्टक गरेर वधूको आन्तरिक लक्षण जान्ने तरिका बताएका छन्। कुमारी, पहिला नै कसैलाई नदिइएकी वा दिन नखोजिएकी मनोहर वर्ण भएकी, सपिण्डभित्र नपरेकी र वरभन्दा कम उमेरकी केटी हुनुपर्छ भन्ने उनको राय छ।[९२] याज्ञवल्क्यको विचारअनुसार कन्या निरोगी, दाजुभाइ भएकी, वरको गोत्र र प्रवरसँग नमिल्ने, मातृकुलबाट पाँच पुस्ता परकी, पितृकुलबाट सात पुस्ता परकी, विख्यात कुलकी र उच्च खानदानकी हुनुपर्छ। यदि सन्तानमा सर्ने किसिमको सरुवा

---

९१. अभ्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम्।
तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत्स्त्रियम्। मनु., ३।१०

९२. अविप्लुतब्रह्मचर्यो लक्षण्यां स्त्रियमुद्वहेत्।
अनन्यपूर्विका कान्तामसपिण्डां यवीयसम्। याज्ञ., १।५२

रोग लागेको रहेछ भने कुनै कुलको भए पनि विवाह गर्नु हुँदैन भन्ने उनको सिद्धान्त छ।[९३] पिण्डाष्टक गर्दा विभिन्न ठाउँहरूवाट ल्याएको माटो छुवाएपछि जहाँ कन्याले छुन्छिन् त्यहीअनुसार कन्याको गुण छुट्याइन्छ। सपिण्ड भनेको श्राद्ध गर्दा पिण्ड दिनुपर्ने मातृकुल र पितृकुलका आफ्ना सम्बन्धित सहोदर साइनु पर्ने रक्तसम्बन्ध भएका भनिएको हो। सम्बन्धित ऋषिका सन्तानले आफू-आफूमा विवाह गर्नु हुँदैन भन्ने हिन्दूधर्मको विवाहसम्बन्धी मान्यता हो। एकै गोत्रका सबै व्यक्तिहरू एउटै ऋषिका सन्तान मानिन्छन्। रगतको सम्बन्ध नपर्ने र उच्च घरानाकी, निरोगी र गुणवती कन्या छान्नुपर्छ भन्ने याज्ञवल्क्यको सिद्धान्त ज्यादै उपयोगी र स्थायी विवाहको सम्बन्ध कायम गर्नमा सहायक हुने देखिन्छ। मातृकुलका पाँच जना र पितृकुलका पाँच जना वेदाध्यायनमा दक्ष व्यक्तिहरूको सम्पन्न कुलमा वैवाहिक सम्बन्ध गर्नुपर्छ भन्ने उनको राय हो।

जसरी वधूको गुणसम्पन्नता हेरिन्छ त्यस्तै वरको पनि गुण हेर्नुपर्छ भन्ने याज्ञवल्क्यको भनाइ छ। उनी भन्छन्– केटीका जस्तै गुणयुक्तता र दोषरहितता वरमा पनि हुनुपर्छ। वर युवक, विद्वान् र पुंसत्व भएको छ कि छैन राम्रोसँग जाँचिएको हुनुपर्छ भन्ने उनको सिद्धान्त छ।[९४] पुंसत्व नभएको व्यक्तिबाट सन्तान नहुने हुनाले त्यस्तालाई विवाह गर्न वर्जित गरिएको छ। विवाहका प्रयोजनहरूमध्ये पुत्रप्राप्ति प्रमुख हो। त्यसैले यदि नपुंसकसँग विवाह भयो भने पनि सो विवाह बदर हुन्छ भन्नें नारद तथा पराशरको विचार छ। खेतको उपभोग गर्ने अधिकार जसले वीउ रोप्न सक्छ त्यसको मात्र हुन्छ, क्षेत्ररूपी स्त्रीको सृष्टि सन्ततिको विस्तार गर्नलाई नै भएको हो, बीज नभएकालाई क्षेत्रको अधिकार हुँदैन। विवाह गरेर पनि यदि पति नपुंसक रहेछ र पत्नीले अरूबाट सन्तान पाई भने सो सन्तानले अंश पाउने कुराको उल्लेख मनुले गरेका छन्।[९५]

अन्तर्जातीय विवाहको चलन वैदिककालदेखि इस्वीको दसौं शताब्दीसम्म थियो। मनुको छोरी (क्षत्रीय) देवहुतीको विवाह कश्यपसँग भई कपिलदेव जन्मेका

---

९३. अरोगिर्णी भ्रातृमतीमसमानार्षगोत्रजाम्।
पञ्चमात्सप्तमादूर्ध्वं मातृतः पितृतस्तथा।
दशपुरुषविख्याताच्छ्रोत्रियाणां महाकुलात्।
स्फीतादपि न संचारिरोगदोषसमन्वितात्। याज्ञ., १।५३–५४

९४. एतैरेव गुणैर्युक्तः सवर्णः श्रोत्रियो वरः।
यत्नात्परीक्षितः पुंस्त्वे युवा धीमान्जनप्रियः। याज्ञ., १।४५५

९५. यद्यर्थिता तु दारैः स्यात्क्लीबादीनां कथंचन।
तेषामुत्पन्नतन्तूनामपत्यं दायमर्हति। मनु., ९।२०३

थिए र ती ब्राह्मण वर्णमा पर्नु अन्तर्जातीय विवाहकै उदाहरण हो। तर दसौं शताब्दीदेखि धार्मिक विभिन्नताको विचार ज्यादै बढेर यो वर्जित भयो। प्राचीन आर्य विवाहमा दाइजोको चलन उस्तो थिएन, आफ्नो गच्छेअनुसार दान गर्दा कुनै किसिमको सामाजिक उचनीचको भेदभाव हुँदैनथ्यो, वरवधूको गुण चाहिँ मिल्नु वाञ्छनीय थियो। अर्को कुरा आजभोलि नक्षत्रसमेत जुराएर वरवधूको विवाह निश्चित गरिन्छ। ज्योतिषशास्त्रको यो प्रभाव इस्वीको चौथो शताब्दीदेखि परेको मानिन्छ। तेस्रो शताब्दीतिर ज्योतिषविद्याको निकै प्रचार भएको कुरा भाषको नाटकबाट थाहा पाइन्छ। चौथो शताब्दीदेखि ज्योतिषको प्रभाव बढेको हुनुपर्छ, किनभने *गृहयसूत्र* तथा *धर्मसूत्र*मा यसबारेमा कुनै कुराको उल्लेख भएको पाइँदैन। ४००-९०० इस्वीमा ज्योतिषविज्ञानको द्रुततर विकास हुनाले नै नक्षत्र विद्याको प्रभावस्वरूप ज्योतिष शास्त्रको नियमानुसार विवाह गर्ने वा नगर्ने भन्नेबारेमा यो शास्त्रको प्रभाव बढेको हो भन्ने कुरामा डा. ए.एस. अल्टेकर पनि सहमत छन्।

वैदिककालदेखि नै नारीहरूको विवाहकाल रजस्वला भएपछि वा यौवनावस्थामा पुगेपछि नै मानिएको देखिन्छ। वैदिक सूक्तहरूमा उल्लिखित सूर्या र सोमको विवाहमा सूर्या पतिकामनाको अवस्थामा पुगेको वर्णन पाइन्छ। सायणको भाष्यमा मात्र रजस्वला हुनुपूर्व विवाह गर्नुपर्ने उल्लेख गरेको पाइन्छ। प्राचीन ग्रन्थहरूमा नग्निका भएपछि मात्र विवाह गर्नुपर्ने उल्लेख भएको पाइन्छ। नग्निकाको अर्थ रजस्वला भएकी कन्या हो। नग्निका भनेको पुरुषको स्वागतार्थ सक्षम भएकी कुमारी केटी भन्ने मानिएको छ। मनुले पनि ऋतुमती भएपछि तीन वर्षभन्दा बढी विवाह गर्न पर्खिनु नपर्ने कुरा उल्लेख गरेका छन्। *अग्निपुराणले* पनि स्वयम् पति छनौट गर्ने केटीलाई निर्दोष बताएको छ।

अविवाहित रूपमा अध्ययन-अध्यापनमा लागेर नै जीवन बिताउने गार्गी आदि महिषी नारीहरू देखिनाले वैदिककालमा विवाह अनिवार्य नभएको थाहा हुन्छ। महाभारतकालमा आएर विवाहलाई अनिवार्य रूपमा स्वीकार गरियो। अविवाहित स्त्रीलाई पाटक ठान्ने विचारसमेत यो कालमा परिलक्षित हुन्छ। विवाहमा गरिने यज्ञमा दिएको आहुतिद्वारा शरीर पावन हुने तथा त्यसैको प्रभावबाट मरेपछि स्वर्ग जाने अनुमति मिल्ने धारणा बढ्यो। त्यसैले कुणि ऋषिकी पुत्री सुब्रुले विवाह नगर्नाले मरेपछि स्वर्ग जाने अनुमति पाइनन् भन्ने कथा प्रसिद्ध छ। बौद्ध र जैन धर्मको प्रभाव वढेपछि धेरै नारीहरू गार्हस्थ्य जीवन त्यागेर भिक्षुणी भएर रहने डर देखेर हिन्दूहरूले प्राचीनकालदेखि नै यस्तो नियम चलाएको देखिन्छ। अर्को कुरा जसरी लोग्नेमानिस द्विज हुन उपनयन गर्नुपर्थ्यो त्यस्तै विवाहद्वारा नै स्त्रीलाई द्विजत्वप्राप्ति हुने हुनाले पनि नारीले विवाहित हुनु अनिवार्य भएको हुन सक्छ। वाशिष्ठ विवाह पद्धतिअनुसार

विवाह गर्दा दुलहीलाई अहिले पनि गायत्री मन्त्र दिइन्छ। त्यो मन्त्र उनले रजस्वला भएको बेलामा बाहेक सदाकाल जप्दछिन्।

राम्ररी चयन गरेर विवाह गरिएकी वधूलाई ऋग्वेदले घरको सवैभन्दा मुख्य व्यक्तिको रूपमा हेरेको देखिन्छ। नवविवाहिता वधूलाई आफ्ना सासू, ससुरा, नन्द र आमाजूकी साम्राज्ञी बन ! भन्ने आशीर्वाद दिनु नयाँ वधूलाई घरमा आदरणीय मान्नु हो।[९६] प्रस्तुत सिद्धान्तअनुरूप आज पनि नारीहरूले घरघरमा प्रमुख व्यक्ति वा अधिपतिको काम गरेको पाइन्छ, किनभने लोग्नेमानिस खालि बाहिरबाट ल्याएर जुटाउनेसम्म हुन्, घरको यावत् रेखदेखमा स्वास्नीमानिसको प्रभुत्व हुन्छ। यो प्रभुत्व शक्तिको आडमा नभएर पारस्परिक सहयोग र दाम्पत्य जीवनको सफलताले गर्दा भएको हो।

विवाहका निमित्त केटी खोज्ने वा केटाको हेरविचार गरेर बाबुआमाले सन्तानको विवाह गरिदिने चलनमा माथि दर्साइएका नियमहरू नै मुख्य आधारहरू हुन्। नपुंसकले विवाह गरेमा विवाह वदर हुने र त्यस्तालाई दण्ड दिने विधान आज पनि नेपालमा छ। अब दाम्पत्य जीवन कसरी निर्वाह भइरहेको छ र यसलाई कुन रूपमा हेरिन्छ सोबारेमा चर्चा गरौं।

दाम्पत्य जीवन

प्रेम दाम्पत्य जीवनको प्राण हो। प्रेम भएन भने गार्हस्थ्यरूपी खेतमा सुखा लाग्छ। त्यहाँ कुनै किसिमको रम्य वातावरण रहँदैन। परिवार नै सधैँ चिन्तित र दुःखी हुन्छ। पति र पत्नीको प्रेमको कारण यौन आकर्षण पनि एउटा हो तर योभन्दा पनि अरू कुराहरू धेरै छन् जसले गर्दा सामाजिक मर्यादामा गार्हस्थ्यको ठूलो भूमिकालाई स्वीकार गरिएको छ। पतिको सुखमा पत्नीलाई सुख हुन्छ, पतिको वियोगमा पत्नीको जीवन व्यथित बन्छ। आजीवन पतिको साथमा सुख-दुःख समान किसिमले भोग्नु पत्नीको सफलता हो भने पत्नीप्रति राख्नुपर्ने धारणा, दृष्टिकोण र व्यवहारमा स्पष्ट, तथ्य र दृढ हुनु पुरुषको सफलता हो। यी दुवै सफलताको समष्टि चाहिँ दाम्पत्यको सफलता हो।

दाम्पत्य प्रेमलाई विभिन्न कविहरूले आ-आफ्नो किसिमले महत्त्व दिएका छन्। आदर्श धर्मपत्नी जगत्जननी सीताको रामसँगको गाढा दाम्पत्यलाई नेपालीहरूले मात्र होइन सम्पूर्ण हिन्दूहरूले नै मान्यता प्रदान गरेका छन्। *वाल्मीकि रामायण*मा

९६. सम्राज्ञी श्वसुरे भव, सम्राज्ञी श्वश्र्वां भव,
ननान्दरि सम्राज्ञी भव, सम्राज्ञी अधि देवेषु। ऋ., १०।८५।४६

सीताजी रामसँग भन्छिन् : हे राम ! हजुरसँग रहन पाएमा जुन कुरा स्वर्ग हुन्छ त्यो हजुरको साथ नपाउँदा नर्क हुन्छ। यो कुरा बुझेर मसँग गहिरो प्रेम गर्नुहोस्। सन्त तुलसीदासको *रामचरितमानस*मा सीता रामसँगसँगै वन जाने इच्छा प्रकट गर्दै दाम्पत्यप्रेमको उक्तिलाई यसरी अभिव्यक्त गर्छिन् : वनका मृग र पक्षीहरू आफन्त हुनेछन्, रुखका बोक्राहरू राम्रा-राम्रा परिधान हुनेछन्, बाघ-भालुको आवाज कर्णप्रिय हुनेछ, पर्णशाला नै अमरापुरीभन्दा कम आनन्ददायक हुनेछैन। सीताजीलाई लोकापवादले गर्दा रामले त्याग्नुपर्ने स्थितिमा उनी दाम्पत्यलाई अझ दृढ बनाउने उद्देश्यले प्रेरित भएर भन्छिन् : हजुरबाट त्यागिएपछि म सूर्यमा एक दृष्टि लगाई फेरि कहिल्यै वियोग हुन नपर्ने गरी जन्मजन्मान्तरसम्म पनि हजुरलाई पति पाउने उद्देश्यले जीवनलाई तपस्यामा लगाउनेछु।

आदर्श नारीलाई पतिभन्दा अर्को प्रियवस्तु केही हुँदैन भन्ने कुरा सीताजीको भनाइबाट बुझ्न सकिन्छ। विभिन्न किसिमको भौतिक सुखको कल्पना देखाएर जब सीताजीलाई रावण पति मान्ने कुरा सुनाइयो, त्यस बेला उनी भन्छिन् : 'म मेरो देब्रे गोडाको बूढीऔँलाले पनि त्यो राक्षसलाई छुने छैन भने ऊसँग राजी भएर रहने त कुरै छैन।' हिन्दू नारीहरूको पतिव्रता धर्म नै दाम्पत्य जीवनको आधार हो र पतिपत्नीको यो सम्बन्धमा दृढ भएका नारीहरूले विभिन्न किसिमका शक्तिहरू प्राप्त गरेका पौराणिक कथाहरू छन् : शाण्डिलीका पतिलाई जब माण्डव्य ऋषिले भोलिपल्ट सूर्योदय हुनासाथ मृत्यु हुने श्राप दिए तब शाण्डिलीले सूर्यलाई कहिल्यै नउदाउने श्राप दिइन्। अनुसूयाले सम्झाई-बुझाई गरेपछि मात्र सूर्यलाई उदाउने अनुमति शाण्डिलीबाट प्राप्त भएथ्यो। सावित्री र सत्यवान्को दाम्पत्यमा मृत्युले समेत निहुरिनुपरेको कथा प्रसिद्ध नै छ। नललाई वरण गर्ने दृढविश्वास भएकी दमयन्तीलाई देवताहरूले पनि झुक्याउन सकेनन्। सती अनुसूयाले पतिव्रता धर्मको प्रभावले ब्रह्मा, विष्णु र महेश्वरलाई बच्चाको रूपमा परिणत गरिदिएकी थिइन्। यस्ता उदाहरणहरू प्राचीन पौराणिक इतिहासमा प्रशस्त पाइन्छन्। कवि भवभूति भन्छन् : 'पत्नीको लागि पति र पतिको निमित्त पत्नी भनेका प्यारा मित्र, सम्पूर्ण बन्धुत्व, सम्पूर्ण कामहरू र अझ जीवन नै हो।' उनले दम्पतीका सम्बन्ध अन्तःकरणको तत्त्वसँग सम्वन्धित भएको कुरा उल्लेख गरेका छन्। दम्पतीको आपसमा जुन आनन्दातिरेक हुन्छ। त्यसलाई सन्तानको रूपमा लिनु उनले उचित ठानेका छन्।

*महाभारत*मा विवाहको महत्त्वमाथि प्रकाश पार्दै भनिएको छ : जुन नारीले आफ्ना पतिलाई छाड्छे ऊ पापिनी मानिन्छे, त्यस्ती पातकी आइमाईलाई भ्रूणहत्या गरेको सरह ठूलो पाप लागछ। त्यस्तै जुन पुरुषले कौमार्यदेखिकै ब्रह्मचर्यमा रहेकी आफ्नी स्त्रीको वास्ता गर्दैन त्यो संसारमा पातकी मानिन्छ। पति र पत्नीको

दाम्पत्यलाई यो भनाइले निकै पुष्टि गरेको छ। पति र पत्नीले एक-अर्काप्रति निष्ठावान् रहनुपर्छ, एक पतिले एउटी पत्नी मात्र राख्नु र एक स्त्रीले एक जनालाई मात्र पति मान्ने प्राकृतिक नियम नभए पनि सांस्कृतिक स्थितिचाहिँ अवश्य हो। आधुनिक यौनविकृतिद्वारा उत्पन्न भयानक रोग एड्स रोक्नका लागि पनि एकनिष्ट पत्नीप्रथा निकै राम्रो रहेको तथ्य विश्वले स्वीकार्दै गएको छ।

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले *मुनामदन, शाकुन्तल, सावित्री-सत्यवान्, कुन्जिनी, राजकुमार प्रभाकर* आदि महाकाव्य खण्डकाव्यहरूमा नेपाली समाजका नारी-पुरुषले बिताएको आदर्श दाम्पत्य जीवनको चित्रण गरेका छन्। त्यसै गरी वालकृष्ण समले *मुकुन्द-इन्दिरा, प्रेमपिण्ड, मुटुको व्यथा* आदि नाटक एवं *चिसो चूल्हो* महाकाव्यमा आदर्श प्रेमको अनुपम नमुना प्रस्तुत गरेका छन्। राष्ट्रकवि माधव घिमिरे तथा कवि म.वि.वि. शाह, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ आदिले पनि दाम्पत्यप्रेमको गरिमामय पक्षको चित्रण आफ्ना कविताहरूमा गरेका छन्।

धर्मशास्त्रअनुसार विवाह आठ प्रकारका छन्। मनुले वर्गीकरण गरेका आठ प्रकारका विवाह संस्कारहरू यस प्रकार छन्: १. ब्राह्म, २. दैव, ३. आर्ष, ४. प्रजापत्य, ५. आसुर, ६. गान्धर्व, ७. राक्षस, ८. पैशाच।[९७]

पैशाच-विवाहलाई मनुले अधर्म भनेका छन्। यो विवाहको प्रचलन सभ्य समाजमा हुनै सक्तैन किन कि यो विवाह अत्यन्त असभ्य र हेय किसिमको छ। वलजफ्ती कुनै कन्याको सतीत्व लुट्नु, मादक पदार्थ सेवन गराई लठचाएर कन्याको साथ सम्भोग गर्नु वा निदाएको वेलामा जवर्जस्ती करणी गर्नु पैशाच-विवाहको लक्षण हो।[९८] धर्मशास्त्रकार वशिष्ठ तथा आपस्तम्भले पैशाच-विवाहलाई मान्यता प्रदान गरेका छैनन्। यो विवाह अत्यन्त निकृष्ट भए पनि धर्मशास्त्रमा उल्लेख भएकाले पहिले कुनै समयमा यसको प्रचलन भएको हुन सक्छ। तर आजभोलि यस्तो विवाहलाई कानुनी रूपमा वहिष्कार गरिसकेको छ। पैशाच-विवाहको खास उदाहरण भने प्राचीनकालमा पनि पाइँदैन।

राक्षस-विवाहलाई क्षत्रीहरूको विवाहपद्धतिका रूपमा प्राचीन समयमा व्यवहार गरेको देखिन्छ। राक्षस-विवाह क्षत्रीहरूका लागि धर्मविवाह हुन्छ भनी मनुले मानेका छन्। माइतीलाई मारेर, दुःख दिएर वा भेदन गरेर, रिसाएकी तथा रोइरहेकी

---

९७. ब्राह्मो दैवस्तथैवार्षः प्रजापत्यस्तथासुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः । मनु., ३।२१

९८. सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः । मनु., ३।३४

कन्यालाई अपहरण गरेर लैजानु राक्षस-विवाहको लक्षण हो।[९९] यो विवाहको प्रचलन त्यो वेलामा अधिक मात्रामा थियो जव आइमाईलाई युद्धको उपहारका रूपमा ल्याइन्थ्यो। आजभोलि विवाहमा जन्तीहरू सकभर वढी लैजाने चलन पनि कसैले कन्यालाई बलपूर्वक अपहरण गरेर नलैजाओस् भन्ने ध्येयले परम्परा बनेर आएको हो भन्ने धारणा पनि पाइन्छ। अर्जुनले सुभद्रालाई युद्धमा जितेर नै विवाह गरेको कुरा *महाभारत*बाट ज्ञात हुन्छ। वीरतापूर्वक कन्या प्राप्त गर्नु क्षत्रियहरूको धर्म-विवाह हो भन्ने कुरा *महाभारत*बाट अवगत हुन्छ।[१००] काशीका राजालाई जितेर भीष्मले अम्बा, अम्बिका र अम्बालिकाको अपहरण गरेका थिए।[१०१] विमदा भन्ने कन्यालाई युद्धमा विजित रूपमा प्राप्त गरेको कुरा *ऋग्वेद*मा उल्लेख भएको पाइन्छ (१।११६)। चित्राङ्गदको विवाह पनि राक्षस-विवाह नै थियो। आजभोलि केही नेपाली जातिहरूमा कन्यालाई भगाएर विवाह गर्ने चलन छ तापनि युद्धकै उपहारको रूपमा कन्याको प्राप्ति गर्ने चलनचाहिँ नेपालमा देखिँदैन।

आजभोलि कम चल्ती भएका विवाहमध्ये आसुर-विवाह पनि एक हो। आज पनि तिलक-प्रथाको रूपमा मधेसतिर केही रूपमा आसुर-विवाह प्रचलित छ। नेपालमा पनि भारतीय प्रभावले दिन प्रतिदिन बढ्दै गएको छ। कन्याका बावुआमा तथा कन्यालाई समेत पैसा दिएर कन्यासँग विवाह गर्नु आसुर-विवाह हो।[१०२] सम्पत्तिको सामर्थ्यमा बजारमा मालसामान खरिद-बिक्री गरेझैँ कन्याको किनबेच गर्दा अपमान हुने हुनाले आजभोलि यस्तो चलन समाप्तप्रायः भएको हो। प्राचीन समयमा पनि आसुर-विवाहको चलन भएको देखिन्छ। पैसा तिरेर विवाह गर्ने पुरुषलाई *ऋग्वेद*मा विजामाता भनिएको छ।[१०३] कैकेयी, माद्री र गान्धारीको विवाहलाई आसुर विवाहकै रूपमा मान्न सकिन्छ। किन्तु यो विवाहप्रथा धेरै कालसम्म नरहेको देखिन्छ। रुपियाँमा किनेकी नारी पत्नी हुन सक्तिन, देव र पितृ दुवै कर्ममा लायक नहुने दासीको रूपमा त्यस्ती स्त्री रहन्छिन्। अत्रिले पनि आसुर-विवाहबाट उत्पन्न सन्तानलाई अवैध मानेर त्यस्तालाई तर्पण-पिण्ड गर्न निषेध भएको कुरा उल्लेख गरेका छन्। *पद्मपुरण*ले अझ किनेर कन्या केटी बिहे गर्नेको मुख हेर्न पनि निषेध गरेको छ। यदि कतै देखियो भने पनि सूर्यदर्शन गर्नुपर्छ भन्ने

---

९९. हत्वा छित्वा च भित्वा च क्रोशन्तीं रुदतीं गृहात्।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते। मनु., ३।३३

१००. महा., १।२४५।६

१०१. महा., १।६४।२२

१०२. ज्ञातिभ्यो द्रविणं दत्वा कन्यायै चैव शक्तिनः।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते। मनु., ३।३१

१०३. अश्रवं हि भूरिदावत्तरा वां विजामातुरुत वा घास्यालात्। ऋ., १।१६।१०९।२

पुराणको निर्देशन छ।[१०४]

आज नेपाली समाजमा अधिक रूपमा शिक्षितहरूवीच गान्धर्व-विवाहप्रथा वढेको देखिन्छ। गान्धर्व-विवाह भनेको केटा र केटीको आपसी मेलमिलापवाट सम्वन्ध भई भएको विवाह हो। मनु भन्दछन् : गान्धर्व-विवाह यौनपरितृप्तिको निमित्त मात्र हो धमार्थ होइन।[१०५] गान्धर्व-विवाहका उदाहरणहरू प्रशस्त पाइन्छन्। प्राचीनकालदेखि निरवच्छिन्न रूपमा यस्ता किसिमको विवाहप्रथा चलेर आएको छ। आज पनि यो किसिमको विवाहको वाहुल्य छ। गान्धर्व-पद्धतिवाट विवाह भइसकेपछि पुन: विधानत: विवाह हुन्छ अनि मात्र पति र पत्नीको रूपमा वर र वधूको संयोग हुन्छ। प्राचीनकालमा गान्धर्व-विवाहवाट सम्भोग कर्म भइसकेपछि मात्र पछि विधिअनुसार विवाह गर्ने चलन भएको देखिन्छ। तर भनिएको छ : द्विजातिले गान्धर्व-विवाह गरे पनि अग्निलाई साक्षी राखेर वैवाहिक विधि पनि सम्पन्न गर्नुपर्छ। यो प्रचलन नै आजभोलि ज्यादा चलेको देखिन्छ।

क्षत्रियहरूको निमित्त श्रेष्ठ विवाह गान्धर्व-विवाह हो भनिएको छ। गान्धर्व-विवाह गर्दा मन्त्रको प्रयोगको आवश्यकता नपर्ने र एक-अर्कामा आकृष्ट भए पुग्छ। दुष्यन्त र शकुन्तलाको गान्धर्व-विवाह प्राचीन कालको उदाहरणका रूपमा छ। नल-दमयन्तीको पनि हाँसको माध्यमवाट प्रेम भइसकेपछि औपचारिक स्वयंवर मात्र भएको हुनाले उनीहरूको विवाहलाई गान्धर्व-विवाह नै मान्नुपर्छ। *श्रीमद्भागवत्*मा आएको महालक्ष्मीले स्वयंवर गर्दा श्रीविष्णुलाई रोजेको प्रसङ्ग, यस्तै *महाभारत*को वनपर्वमा आएको सतीसावित्रीले सत्यवान्सँग विवाह गरेको जस्ता घटनाहरूलाई पनि गान्धर्व-विवाहका नमुनाको रूपमा लिन सकिन्छ। सतीदेवी र पार्वतीको महादेवसँगको विवाह पनि अझ प्राचीन समयका गान्धर्व-विवाहका नमुना हुन्।

मनुको भनाइअनुसार एक अथवा दुई जोडा गाईगोरु वरको घरवाट ल्याएर विधिपूर्वक कन्यादान गर्नु आर्ष-विवाह हो।[१०६] धन तिरेर मात्र कन्या पाइने चलन पौराणिक कालमा प्रशस्त भएको कुरा माथि आसुर-विवाहअन्तर्गत चर्चा भएको छ। आर्ष-विवाह पनि त्यसैको परिमार्जित रूप हो भनी यसलाई असल नमान्ने पक्ष पनि देखिन्छ। यस आधारमा हेर्दा एक वा दुई जोडा गाईगोरु ल्याउनुको अर्थ या त कन्याको मोल नलिई विवाह गर्न कन्या नदिने मानिसलाई सान्त्वनास्वरूप केही दिएर

१०४. पद्मपुराण, ब्रह्मखण्ड, २४।२६

१०५. इच्छान्योन्यसंयोग: कन्यायाश्च वरस्य च।
गान्धर्व: स तु विज्ञेयो मैथुन्य कामसम्भव:। मनु, ३।३२

१०६. एकं गोमिथुनं द्वे वा वरादादाय धर्मत:।
कन्याप्रदानं विधिवदार्षो धर्म स उच्यते। मनु., ३।२९

विवाह गर्ने परिपाटी हुन सक्छ या त धार्मिक विधानस्वरूप दानको रूपमा गाईगोरु लिएको हुन सक्छ। अर्को कुरा दूध-दहीको अभाव कहीं पनि नहोस् भन्ने ध्येयले पनि यो परिपाटी आर्यहरूले अपनाएको हुन सक्छ। कन्याको विक्री भएको भए वेचिने वस्तुको धेरथोर मूल्य निर्धारित गरेझैं गाईगोरुको जोडा पनि धेरथोर हुनुपर्ने तर त्यो नभई निश्चित गरेर सङ्ख्या तोकेकाले मूल्य तिरेको शङ्का गर्न नमिल्नेजस्तो देखिन्छ। अर्को कुरा यो क्रयविक्रय होइन, किन कि निश्चित निर्धारित वस्तु लिनुदिनु दान हो भन्ने पनि भनाइ पाइन्छ। मित्र मिश्रले पनि विक्रीपक्षलाई निराधार मानेका छन्। उनका अनुसार सोमलताका निमित्त गाईगोरुको जोडा दिने चलन भएको हो, धर्मका निमित्त नै यो चलन चलेको हो र कन्यापक्षले लोभ गरेर यो लिने चलन चलेको होइन।[१०७] यस्ता आधारहरूवाट र मनुले पनि धर्मसम्मत भनेको हुनाले यो विवाहलाई क्रयविक्रयसँग दाँज्ने प्रथा उचित ठहर्दैन।

दैव-विवाहलाई मनुले यसरी परिभाषित गर्दछन् : 'ठूलो यज्ञ भइरहेको वेलामा ऋत्विक् व्राह्मणलाई अलङ्कार आभूषण आदिले युक्त भएकी कन्यादान गर्नु दैव-विवाह हो।'[१०८] प्राचीनकालमा आर्यहरूले यज्ञलाई ज्यादै ठूलो महत्त्व दिन्थे। यस्ता यज्ञमा कैयौं पुरोहितहरू निम्त्याइएका हुन्थे। सो जमघट नै कन्यादान गर्न इच्छुक व्राह्मणलाई ज्वाइँ रोज्ने सुअवसर ठानिन्थ्यो र यसै वेलामा योग्य वर खोजेर विवाह गरिदिने चलन थियो। यस्तो विवाह रजस्वला भएपछि मात्र हुन्थ्यो र कन्याले पनि आफ्नो निमित्त पति छान्ने काममा वावुलाई सहयोग गर्थिन् भन्ने कुरा डा. ए.एस. अल्टेकरले भनेका छन्। जव-जव यज्ञयागादिको विधानमा आर्यहरूले कमी गर्दै गए क्रमशः यस्तो विवाहपद्धति पनि घट्दै गयो र आज त यो पद्धति अप्राप्य छ।

मनुका अनुसार वेदज्ञ तथा सुशील कुमारलाई पूजा र सत्कार गरेर कन्यादान गर्नु व्राह्म-विधि हो।[१०९] वर र वधू सँगै रहेर धर्माचरण गरून् भन्ने उद्देश्यले कन्या र वरलाई पूजा गरेर विवाह गरिदिनु प्रजापत्य-विवाह हो।[११०] यी दुई विवाहको मूल लक्ष्यमा त्यति पृथकता पाइन्न। व्राह्म-विवाहले सुशील कुमारको पूजा गर्ने तथा वोलाउने भनेको छ भने प्रजापत्य-विवाहमा छोरी र ज्वाइँ सँगै धर्माचरण गरून् भन्ने

१०७. धर्मनिमित्तो ह्यसौ सम्यिन्धो न लोभनिमित्तः।
वीरमित्रोदयः संस्कारप्रकाशः पृ. ८५०

१०८. यज्ञे तु वितते सम्यगृत्विजे कर्म कुर्वते।
अलङ्कृत्य सुतादानं दैवं धर्म प्रचक्षते। मनु., ३।२८

१०९. आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम्।
आहूय दानं कन्याया व्राह्मो धर्मः प्रकीर्तितः। मनु., ३।२७

११०. सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च।
कन्याप्रदानमभ्यर्च्य प्रजापत्यो विधिः स्मृतः। मनु., ३।३०

उद्देश्य देखाइएको छ। यी दुवै विवाहहरूमा केही फरक लाग्ने कुरा पनि देखिन्छ। जस्तो कि व्राह्म-विवाहमा वरलाई सर्वेसर्वा सम्भेर दानको रूपमा कन्या दिने कुरा उल्लेख भएको छ भने प्रजापत्य-विवाहमा चाहिँ सँगै वस्ने तथा धर्मप्रति आस्थावान् हुने कुरापट्टि विशेष सङ्केत गरिएको देखिन्छ। प्रजापत्य विधानलाई हेर्दा वानप्रस्थ तथा सन्न्यास आश्रममा पनि पतिपत्नीको धर्मसापेक्षता रहनुपर्ने देखिन्छ जव कि व्राह्म विवाहमा त्यस्तो वन्धन देखिँदैन। वशिष्ठ तथा आपस्तम्भले प्रजापत्य विवाहको उल्लेख गरेका छैनन् र स्मृतिकारहरूले पनि यी दुई विवाहवीच खास फरक देखाएका छैनन्। आजभोलि नेपालमा प्रचलित विवाहपद्धति जुन शौनकीय *अथर्ववेद संहिताका* चौधौँ काण्डका मन्त्रहरू तथा *पारस्करगृहचसूत्र* र *ऋग्वेदका* मन्त्रहरू पढेर वैदिक विधिपूर्वक यज्ञमण्डपमा वरवधूलाई राखेर गरिन्छ त्यो व्राह्म-विवाह हो। यसै विधिलाई नै प्रजापत्य-विधि पनि मान्न सकिन्छ।

यो व्राह्म वा प्रजापत्य विवाहविधानको नेपाली समाजमा प्रचलित स्वरूपलाई केही मात्रामा यहाँ स्पष्ट गरिन्छ। प्राचीनकालदेखि नै यो विवाह वर र कन्या वयस्क भइसकेपछि गर्ने प्रचलन थियो तर वीचमा आएर धर्मान्तरको प्रभाव वढेर आर्यहरूले वाध्य भएर वालविवाह चलाएका थिए। तर आजभोलि यसमा धेरै सुधार भइसकेको छ। यस किसिमको विवाह गर्नुभन्दा पहिले केटा र केटीको तर्फवाट योग्यता र उमेर आदिका आधारमा समान किसिमको घराना-जातियता आदिको विचार गरिन्छ। ज्योतिषीहरूद्वारा वर र वधूको नक्षत्र, राशि आदि मिलाएर चिना-टिपन हेरिन्छ र गोत्र, प्रवर भिन्न भएपछिमात्र विवाहको निधो गरिन्छ। यसरी निधो गर्दा विवाह गर्ने युवा-युवती संलग्न भएका पनि हुन सक्छन् र वावुआमाको माध्यमवाट नै पनि यो कार्य सम्पन्न गर्न सकिन्छ। दुवै वर्गको राजी भएपछि वाग्दान हुन्छ अर्थात् कन्याका वावुले मैले मेरी छोरी अमुक वरलाई दिएँ भनेर वाचा सङ्कल्प गर्छन्।

निश्चित दिनमा निश्चित समयमा लगन जुरेपछि विवाहका मिति तोकेर वरको पक्षवाट पत्र पठाउने वा साइपाटा गर्ने चलन छ। दरवारी या ठूलो खानदान वा राजप्रासादमा साइपाटा गरिन्छ। तर सामान्य जनताले पत्र पठाउने भनी फलफूल, मिठाइ आदिका साथमा लग्नपत्रिका लगेर कन्यापक्षमा वुभाइन्छ। सोहीअनुसार विवाहको सम्पूर्ण तयारी गरी निश्चित तिथिमा वरतर्फवाट वरियाँत गएर वधूको घरमा यज्ञमण्डप तयार गरी त्यहीं विवाहविधान समाप्त गरिन्छ। लग्नपत्रिका वुभेर राखेपछि कन्याको विवाहको निश्चय हुन्छ र खास कारण परेमा वाहेक विवाह रोक्न वा वदर गर्न पाइँदैन। जस्तो कि वरवधूको मृत्यु भयो वा वधू रजस्वला भइन् वा ठूलो दुर्घटना पर्‍यो भने विवाह सार्न वा नगर्न पनि सकिन्छ, तर साइपाटा पुर्‍याएपछि विवाह निश्चित भएको ठानिन्छ। आजभोलि केटाकेटीको मन

पहिल्यै मिलिसकेको भए, पछि फेरि चिना जुर्न गाह्रो पर्ला कि भनेर पहिले नै स्वयंवर गरेर विवाह निश्चय गरिन्छ र ज्योतिषीले औपचारिकताका निमित्त मात्र लग्नपत्रिका वनाउने कार्य गर्छन्। मन मिलेपछि अरू कुराले वाधा नगरोस् भनेर प्राचीन गान्धर्व प्रथाको रूपमा सामाजिक सुधार गरेर यो प्रथा चलाइएको जस्तो देखिन्छ। गोत्र र प्रवर समान भएका चाहिँ आज पनि विवाह वर्जित नै छ चाहे जस्तोसुकै मन मिलेको होस्।

निर्णित मितिमा वरका तर्फवाट आफन्त, इष्टमित्र, बन्धुवान्धवसहित भव्य समारोहका साथमा जन्ती जाने चलन छ। औकातअनुसार र सामाजिक प्रतिष्ठा हेरी धेरथोर जन्तीहरू जाने चलन छ। जन्ती जाने दिन विवाहको पुर्वाङ्गस्वरूप ग्रहशान्ति गरिन्छ। ग्रहशान्ति भनेको वरका अनिष्ट ग्रहहरू भएमा सवै विघ्नकारीहरूको शमन होस् र विवाहमा कुनै अनिष्ट नहोस् भन्ने ध्येयले अग्निमा हवन गरेर मङ्गलपूर्वक गरिने कार्य हो। यस समयमा वरका वावुआमा र दिदीवहिनीहरूले सगुनस्वरूप दही खुवाउँछन्। यसपछि वेहुलालाई जन्तीसहित विवाहका निमित्त साइत गरेर पठाइन्छ। यो समारोहले शुभकार्य र मङ्गलको मनोरम वातावरण प्रस्तुत गर्छ। पञ्चेबाजा वजाएर जन्ती जाने चलन पनि छ। भनिन्छ, यो बाजाको टाढा-टाढा पनि मङ्गलध्वनि पुऱ्याउनु र विरोधीहरूको सातो भगाउनु पनि काम हो। वाजा नवजाई सामान्य किसिमले विवाह गर्ने प्रचलन पनि छ। खर्चको दृष्टिले पनि र ज्यादै टाढा सम्बन्ध गरिएको रहेछ भने धेरै जन्ती लान सम्भव नहुने हुनाले पनि जन्ती र वाजागाजाको प्रथा कम हुँदै जाँदैछ। पहिले लोग्नेमानिस मात्र जन्त जाने चलन भएकोमा तर आजभोलि सहरवजारतिर स्वास्नीमानिसहरू पनि जन्त जान्छन्। लोग्नेमानिसहरू सवै जन्ती जाने र राती वधूको घरमा नै वस्ने हुनाले विवाह हुने दिन बेलुका वेहुलाको घरमा धेरै स्वास्नीमानिसहरू भेला भएर नाचगान गरी रमाइलोसँग रात विताउँछन्। यो कार्यलाई रतेउली खेल्नु भनिन्छ। तर सहरवजारमा रातभरि रतेउली खेल्ने प्रथा त्यति पाइँदैन।

विवाहघरमा जन्ती पुग्ने वेला भएपछि जन्तीहरूको सङ्ख्या सूचित गर्नका लागि एक-दुई जना जन्तीलाई पहिले नै पठाइन्छ। यिनीहरूलाई भत्खरु भनिन्छ। यी भत्खरुलाई हास्य-कलाकारको रूपमा व्यवहार गरिन्छ। केटीको घरमा पुगेपछि उनीहरूलाई झुक्याएर मनोरञ्जनात्मक वातावरण वनाई खिल्ली उडाउने चलन पनि गाउँघरमा पाइन्छ। जस्तो कि वस्ने ठाउँ लड्ने किसिमको वनाउने र भत्खरु नहेरी वा विचार नगरी वसे भने लड्छन् र अरू हाँस्छन्। खानेकुरा र वोलीचालीमा समेत मनोरञ्जनको ध्येयले भत्खरुलाई झुक्याउने गरिन्छ। यस कारण भत्खरुले होसियारीपूर्वक रहनुपर्छ। जन्तीहरु वेहुलीको घरमा पुगेपछि वधूको पिताबाट वरको

पूजा गरिन्छ। यसलाई वरणी भन्दछन्। वरणी सकिने वेलामा जन्तीको पूजा हुन्छ। यसलाई जन्ती पर्सिने भनिन्छ।

विवाह संस्कार गर्नुभन्दा पहिला जन्तीलाई वाहिर छोडेर वेहुलो विहेघरभित्र जान्छ। त्यहाँ उसलाई साली अथवा सालाकी स्वास्नीले पानको पातले उसको नाक समाएर स्वागत गर्छन्। यो वेलामा भेला भएका आइमाईले केटो खराव छ, विहे नगर्ने आदि भनी ठट्टा पनि गर्दछन्।

विवाह सिद्धयाएर त्यसै दिन वेहुलाको घरमा फर्किन नभ्याइने ठाउँ रहेछ भने त्यो दिन वेलुका जन्ती वेहुलीकै घरमा वस्छन्। वेलुका वेहुलीतर्फवाट भोज दिइन्छ। त्यो भोजलाई वेहुलीभतेर भनिन्छ। वेलुका जन्ती र घरगाउँले पक्ष वसी एक-अर्कालाई पराजित गर्ने उद्देश्यले सिलोक भन्न थाल्दछन् र कहिलेकाहीँ त रातभरि नै यो क्रम चलिरहन्छ। यो चलन विशेष गरी गाउँघरतिर प्रचलित छ।

विवाहको शुभ साइत कति वेला छ, त्यसलाई ध्यानमा राखेर विवाह सुरु हुन्छ। सर्वप्रथम यज्ञमण्डपमा वरलाई राखिन्छ र वधूलाई पनि वस्त्र र गहनाहरू लगाइदिएर राम्रोसँग सिँगारेर मण्डपमा ल्याइन्छ। यो मण्डप वैदिक नियमअनुसार चारैतिर वाँस गाडेर चँदुवा टाँगिएको र डोरीले वेरेर त्यो डोरीमा समी, आँप र पीपलका पात तथा विभिन्न फूलहरू उनिएको हुन्छ। केराका थामहरू प्रत्येक सुरमा राखिएको हुन्छ र विधानवमोजिम रेखी हालेर अग्निको स्थापना गरिएको हुन्छ। अग्निस्थापना गर्ने ठाउँमा शुद्ध ठाउँको माटो ल्याउनुपर्छ र अरू भूमिभन्दा उच्च बनाउनुपर्छ अथवा खाल्डो खनेर चतुष्कोण आकारको बनाइएको हुनुपर्छ। यज्ञमण्डपमा जव कन्यालाई ल्याइन्छ त्यो वेलामा वरले वधूलाई वस्त्रादि दिनुपर्छ भन्ने कुरा *गृह्यसूत्रमा उल्लेख गरिएको छ भने गदाधरकाव्य*मा कन्यादानपछि दिए पनि हुने कुरा उल्लेख भएको छ। वरलाई पनि कन्याका वावुका तर्फवाट वस्त्रादि दिने चलन छ। वधूलाई वस्त्र दिँदा वरले भन्दछन् : हे कन्या ! तिमी मेरा साथमा वार्द्धक्यसम्म रहू ! मैले दिएको परिधान पहिर ! हामी दुईमा आइपर्ने वाधा र कठिनाइहरूदेखि नहडवडाई धैर्यका साथ त्यस्ता विघ्नवाधाहरू हटाउन सक्ने होऊ ! तिम्रो पातिव्रत्य तेजले धनधान्य प्रशस्त होऊन् र सन्तानहरू जन्माउने आमा वन्न सक। यसै गरी वरले कन्यालाई फेरि पनि भन्दछन् : जुन नारीहरूले यो वस्त्र काते, वुने, फैलाए र तयार पारे, ती देवीहरूले तिमीलाई वुढेसकालसम्म जीवित रहने पारून्। हे आयुष्मती ! यो वस्त्र लगाऊ।[१११] वरले वधूलाई दिएका वस्त्र र गहनाहरू यस्ता महत्त्वपूर्ण आशीर्वाद दिएर दिइने हुनाले नै पतिप्राण हिन्दू नारीहरू आजीवन

१११. अर्थव., १४।१।४५

विवाहका कपडालाई हिफाजात गरेर राख्छन् । वरले जब वधूलाई देख्छ त्यो वेलामा वैदिक मन्त्र पढेर वरले आशीर्वाद दिन्छन् : हे देवी ! तिम्रो दृष्टि सौम्य र मङ्गलमय होस्, तिमी आफ्नो पतिको आयु बढाउने होऊ, तिम्रो हृदय शुद्ध होस् र तिम्रो दिव्य तेजको वृद्धि होस्, तिमी वीरमाता वन, देवाराधनामा तिम्रो मन लागोस्, तिमीवाट हाम्रा घरका सवै जनालाई र पशुहरूसमेतलाई कल्याण होस् ।[११२] यस्तै वर पुनः भन्छ : कल्याणी ! तिमीमा आजसम्म क्रमशः चन्द्रमा, गन्धर्व र अग्निदेवको प्रभुत्व थियो अव तिम्रो पति मनुष्यकुमार भएको छ ।[११३] सोमले गन्धर्वलाई, गन्धर्वले अग्निलाई र अब यी कन्या अग्निले मलाई दिएका छन् साथै यिनबाट धन र सन्तान हुने आशीर्वाद पनि अग्निले दिएका छन् ।[११४] वरले कन्यालाई फेरि भन्दछन् : हे देवी ! मेरा जीवनका अनेक-अनेक अभिलाषाहरू तिमीमा निहित छन्, अव तिमी मसँग मिल र मेरी कल्याणकारिणी होऊ ।[११५] मुखामुख हुँदा वरले भन्दछन् : हामीमा रहेका मेल नखाने विचारधाराहरूलाई सवै देवताहरूले तथा जलदेवताहरूले संशोधन गरेर एकै बनाइदिऊन् । हावाले, सृष्टिकर्ता देवताले तथा धर्मोपदेशकले हामी दुईको हृदयलाई एकै बनाइदिऊन् ।[११६] वरले वधूलाई विवाहको अवसरमा भन्छन् : तिमी सय वर्षसम्म मसँग रहेर यशवती होऊ, धनधान्यपूर्ण होऊ, हाम्रो बिछोड कहिल्यै नहोस्, यहाँ पूर्ण जीवन विताऔँ, हामीमा शान्ति रहोस् र सन्तानहरू फुलून्‌फलून्, तिमी सधैँ घरको काममा लाग्न सक ।

विवाहपद्धतिमा पाणिग्रहण महत्त्वपूर्ण मानिन्छ । पाणिग्रहण भएपछि नै कन्याका वावुले ज्वाइँलाई छोरी दिएको मानिन्छ । पाणिग्रहण गर्नुभन्दा पहिले तीनपुस्ते नाम लिएर महासङ्कल्प पढिन्छ र कन्याको दाहिने हातको बूढीऔँला वरको हातमा दिइन्छ । औँलासहित दाहिने हात समातेर वरले भन्दछन् : हे कन्या ! तिम्रो हात म सौभाग्यका निमित्त ग्रहण गर्दैछु ता कि वुढेसकालसम्म तिमी मेरा साथमा रहन सक । भग, अर्यमा र सविता देवताहरूद्वारा गृहस्थाश्रमका निमित्त तिमी मलाई

---

११२. अघोरचक्षुरपतिघ्न्येधि शिवा पशुभ्यः सुमनाः सुवर्चाः ।
वीरसूर्देवकामा स्योना शं नो भव द्विपदे शं चतुष्पदे । ऋ., १०।७८५।४४

११३. सोमः प्रथमो विविदे गन्धर्वो विविद उत्तरः ।
तृतीयो अग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजाः । ऋ., १०।७८५।४०

११४. सोमोऽददद् गन्धर्वाय गन्धर्वोऽदददग्नये ।
रयिं च पुत्राँश्चादादग्निर्मह्यमथो इयाम् । पार., १।४।१७

११५. सा नः पूषा शिवतमामैरयसा नऽऊरू उशती विहर ।
यस्यामुशन्तः प्रहराम शेपं यस्यामु कामावहवो निविष्टया इति । पार., १।४।१७

११६. समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ ।
संमातरिश्वा सन्धाता समु देष्ट्री दधातु नौ । पार., १।४।१५

दिइएकी छौ । हे कन्या ! तिमी लक्ष्मी हौ, म विष्णु हुँ, म साम हुँ, तिमी ऋक् हौ, म आकाश हुँ तिमी पृथ्वी हौ, म र तिमी विवाह गरौँ सँगै जीवननिर्वाह गरौँ । वीर्याधान गरौँ, सन्तान जन्माऔँ, छोराहरू आयुष्मान् होऊन् । हामी सय वर्षसम्म देख्ने, बाँच्ने र सुन्ने हुन सकौँ ।[११७]

कन्यादान गर्दा कन्याका नातेदारहरूले कन्या र वरको गोडा धुने चलन छ । कन्याका वावुले वरलाई वाचा गराउँछन् : मैले राम्रोसँग हुर्काएकी छोरी यहाँलाई सुम्पेको छु । धर्मकार्य तथा धनसम्पत्तिको अधिकार दिने काममा यिनलाई नछोड्नु होला । वरले सो वाचा गर्नुपर्छ त्यपछि वरले कन्यालाई भन्छन् : मेरो चित्त अनुकूल तिम्रो चित्त होस् । मेरो वचनको पालना गर्ने होऊ । प्रजापतिले मेरो सहयोगीको रूपमा तिमीलाई खटाऊन् ।[११८]

त्यसपछि अग्निमा हवन गर्नुपर्छ । हवन विभिन्न उद्देश्यले गरिन्छ । राष्ट्रमृत् होममा ऋताषड आदि वाह्र देवतालाई आहुति दिइन्छ । राष्ट्रको कल्याणका कामनाले यो हवन गरिन्छ । विवाहदेखि नै राष्ट्र र राष्ट्रियताप्रति पूर्णरूपले कटिवद्ध हुनुपर्छ । त्यसपछि चित्त आदि तेह्र देवतालाई हवन दिइन्छ । यो हवनलाई जया होम भनिन्छ । यस हवनमा कर्मक्षेत्रमा लाग्न समर्थ हुन सकौँ भन्ने वरको प्रार्थना हुन्छ । त्यसपछि अभ्यातान होम गरिन्छ । यसमा अग्नि, इन्द्र, यम, सूर्य आदि हिन्दूहरूका अठार देवताका निमित्त हवन गरिन्छ । प्रस्तुत हवनवाट आफ्नो रक्षा र आफू व्रह्मकर्ममा प्रवृत्त रहने कुराको इच्छा गरिन्छ । वधूवाट जन्मिने सवै सन्तानहरूको मङ्गलकामना गरी धनसम्पत्तिको प्राप्तिका निमित्त त्यसपछि गुप्ताहुति गरिन्छ । यो हवनको अन्त्यमा मृत्यु देवतालाई पनि आहुति दिने चलन छ । वरवधू तथा अग्निका वीचमा कपडा टाँगेर आहुति दिइने हुनाले यसलाई गुप्ताहुति भनिएको यस हवनलाई अग्न्यादि पञ्चक होम पनि भनिन्छ । हवन गर्दा वरले भन्दछन् : प्रथमतः अग्नि देवताले यी वधूलाई तथा सन्तानलाई मृत्युको पासोवाट छुटाऊन्, पुत्रप्राप्तिको अभाव हुन नदिऊन्, गार्हपत्याग्निले यिनको रक्षा गरून् र सन्तानलाई चिरञ्जीवी वनाऊन् । यिनी स्वस्थ रहून्, आफ्ना पतिका साथमा जीवित सन्तानकी आमा वन्न सकून् ।

---

११७. गृभ्णामि ते सौभगत्त्वाय हस्तं मया पत्या जरदष्टिर्यथाऽऽसः । भगोऽऽर्यमा सविना पुरन्धिर्मह्यं त्वाऽदुर्गार्हपत्याय देवाः । अमोऽहमस्मि सा त्वं सा त्वमस्यमोऽहम् । सामाहमस्मि ऋक्त्वं द्यौरहं पृथिवी त्वं तावेहि विवहावहै सह रेतो दधावहै प्रजां प्रजनयावहै पुत्रान् विन्दावहै वहून् ते सन्तु जरदष्टयः संप्रियौ रोचिष्णू सुमनस्यमानौ पश्येम शरदः शतं जीवेम शरदः शतं शृणुयाम शरदः शतम् । पार., १।६।३

११८. मम व्रते ते हृदयं दधामि । मम चित्तमनु चित्तं ते अस्तु । मम वाचमेकमना जुषस्व । प्रजापतिष्ट्वा नियुनक्तु मह्यम् । पार., १।८।८

यिनले सदैव सत्यजनित आनन्दको भोग गर्न पाऊन्।[११९]

त्यसपछि वधूले लावा (भुटेको धान) हवन गर्छिन्। लावा हवन गर्दा वधूले माइतीप्रति आफ्नो आसक्ति कम होस्, पतिकुलमा रहने प्रवृत्ति वढोस्, पतिको आयु धेरै होस्, पतिपत्नीमा मेलमिलाप रहोस्, अन्त्यमा सबैको मङ्गल होस् भनी कामना राख्छिन्। मन्त्रमा भनिन्छ : यी कन्या देवताको पूजा गर्छिन्, ती प्रेतलोकवासी अर्यमा देवताले मेरा पतिको रक्षा गरून्, मेरो र मेरा इष्टजनको डर भगाइदिऊन्।[१२०] मेरा पति आयुष्मान् हुन्। हाम्रो सन्तानको वृद्धि होस्।[१२१] पतिपत्नीको मेलमिलाप र पतिको समृद्धि होस्।[१२२] यसरी वधूले तीन पटक हवन गर्दछिन्। हवनको कर्म सकिएपछि अस्मारोहण कर्म हुन्छ। अस्म भनेको ढुङ्गो हो र यसमा गोडा राख्नुको आशय ढुङ्गोजस्तै वलियो हुने तथा आफूलाई दवाउन खोज्नेलाई दवाउन सक्ने क्षमता होस् भन्ने प्रेरणा वधूलाई दिनु हो। यसपछि सप्तपदी गरिन्छ। सप्तपदीलाई नै विवाहको अन्तिम कर्म मानिन्छ।[१२३] सप्तपदी गर्दा वधूलाई वरले सात पाइला राख्न लगाउनुपर्छ। यसमा क्रमशः अन्न, बल, धन, पुष्टि, सुख, वस्तुभाउ र रतिको आनन्द भोगको कामना गरिन्छ। सातौं पाइलोमा प्रसिद्धि र धर्ममा सदैव दृढ रहने कुराको प्रेरणा दिइन्छ। ग्राईस्थ्यमा नभई नहुने ठानिएका सम्पूर्ण कुरालाई सप्तपदीमा भावनात्मक रूपले कामना गरिन्छ।

आपसमा मन मिलोस् भन्ने कामना राखेर वरले वधूको हृदयलाई छोएर भन्दछन् : प्रजापतिले मलाई यस्तो शक्ति दिऊन् कि तिमीलाई म सुखी राख्न सकूँ।

दिउँसो वा राती पनि विवाह हुन सक्ने हुनाले दिउँसो भए सूर्यदर्शन गराइन्छ र राती भए ध्रुवदर्शन गराइन्छ। सूर्यदर्शनवाट सूर्यझैं संसारका निमित्त कल्याणकारी र सृष्टिहेतु हुन सक्ने वा ध्रुवदर्शनवाट ध्रुवझैं अटल रहन सक्ने प्रेरणा वधूलाई प्राप्त

---

११९. अग्निरैतु प्रथमो देवतानां सोऽस्यै प्रजां मुञ्चतु मृत्युपाशात्। तदयं राजा वरुणोऽनुमन्यतां यथेयं स्त्री पौत्रमघन्नरोदात् स्वाहा। इमामग्निस्त्रायातां गार्हपत्यः प्रजामस्यै नयतु दीर्घमायुः। अशून्योपसथा जीविनामस्तु माता पौत्रमानन्दमभि विवुध्यतामियं स्वाहा। पार., १।५।११

१२०. अर्यमणं देवं कन्याऽग्निमयक्षत।
स नो अर्यमा देवः प्रेतो मुञ्चतु मा पतेः स्वाहा। पार. १।६।२

१२१. इयं नार्युपब्रूते लाजानावपन्तिका।
आयुष्मानस्तु मे पतिरेधन्तां ज्ञातयो मम स्वाहा। पार., १।६।२

१२२. इमाँल्लाजानावपाम्यग्नौ समृद्धिकरणं तव।
मम तुभ्यं च संवननं तदग्निरनुमन्यतामियं स्वाहा। पार., १।६।२

१२३. पाणिग्रहणिका मन्त्रा नियतं दारलक्षणम्।
तेषां निष्ठा तु विज्ञेया विद्वद्भिः सप्तमे पदे॥ मनु., ८।२२७

गराइन्छ। सिन्दूर राख्ने प्रथा पनि महत्त्वपूर्ण छ। सिउँदोमा विवाहिता नारीले मात्र सिन्दूर राख्न पाउने हिन्दू विधान छ। मन्त्र पढेर तीन पटक वरले वधूको सिउँदोमा सिन्दूर राख्नुपर्छ। यसपछि सधवा नारीले जीवनभरि सिउँदोमा सिन्दूर राख्छिन्। सिन्दूर मङ्गलको सूचक हो र सौभाग्यको चिह्न पनि हो।

वरले वधूलाई वस्त्रादि परिधान दिएपछि लगनपत्रिकाअनुसार निर्धारित समयमा पोते लगाइदिइन्छ। यो पनि सधवा नारीको प्रिय वस्तु हो। भनिन्छ, विवाहिता नारीले पोते सधैं लगाउनुपर्छ। द्विजहरूको विवाहपद्धतिमा खाँडो जगाउने काम पनि ज्यादै मनोरम हुन्छ। वीरोचित भावना जगाई आफ्नो वचावटका निमित्त जुट्न सक्ने प्रेरणा दिने यो खाँडो जगाउने प्रथालाई गाथागान सुनाउने पनि भनिन्छ। यसै गरी अष्टपर्वतको पूजा गरिन्छ। यो लौकिक चलन हो। त्यस्तै मधुपर्कको रूपमा माहुर खुवाउने चलन छ। पवित्र थालमा दही राखेर त्यसलाई विधिवत् वरले वधूलाई र वधूले वरलाई खुवाउँछन्। पाशा खेलाउने प्रथा पनि लौकिक चलनको महत्त्वपूर्ण विधान हो। यो कार्यमा शिवजी र पार्वतीको विवाहको कथा वेदको ब्राह्मण भागको आधारमा सुनाइन्छ। कथा सकिएपछि खेल पनि खेलिन्छ। अन्त्यमा ग्रहतिलक गरिन्छ। नौवटै ग्रहहरूले वर तथा वधूको कल्याण गरून् भनेर मन्त्र पढ्दै पहिले वरलाई र पछि वधूलाई दही, सिन्दूर र अक्षता मिलाएको टीका लगाइदिइन्छ।

सबै काम सकिएपछि जन्तीहरू वधू लिई वरको घरमा फिर्ता आउँछन्। वधूले घरभित्र पस्दा धानमाथि बालिएको दियोलाई गोडाले टेकेर निभाउँदै प्रवेश गर्नुपर्छ। मङ्गलका निमित्त रातो वस्त्रमा वधूलाई बसाइन्छ। चतुर्थी कर्मअन्तर्गत वरले वधूलाई जलले सेचन गरिदिन्छन्। यो बेलामा सन्तान, वस्तुभाउ, घर, यज्ञ सबै कुरामा मङ्गल हुने कामना गर्नुका साथै वधूलाई आयुष्मती होऊ भनी वरले आशीर्वाद दिन्छन्।

तराईमा ब्राह्मणहरूको विवाह गर्दा पनि केही आफ्नै किसिमका नियमहरू पु¥याउने चलन छ। मैथिल ब्राह्मणमा विवाह गर्दा केटा र केटीको छनौट गर्न एउटा निर्धारित ठाउँमा विवाहसभाबाट निश्चित गरी विवाह गर्ने गर्दछन्। पुरातन मिथिलाका राजा हरिसिंहदेवको पालामा थाहा नपाई सात पुस्ताभित्र विवाह गर्दा ठूलो अनिष्ट भएको हुनाले यो जातिले आफ्नो पुस्ते-हिसावलाई राम्ररी नजाँची विहे गर्दैनन्। सो जातिको वंशावली पञ्जीवद्ध गरी राखिएको हुन्छ र त्यसरी वंशावली राख्नेलाई पञ्जिकार वा पञ्जियार भन्ने चलन छ।

प्रत्येक वर्ष यो जातिको विवाह गर्ने कामका निमित्त शुद्ध लगनको समयमा अर्थात् आषाढ महिनामा भारतको मधुवनी सव डिभिजनदेखि दुई कोस पश्चिम सौरठ भन्ने ठाउँको एक ठूलो वगैंचामा विवाहसभा वस्छ। यहाँ विभिन्न परिवारबाट विवाह गर्ने वर तथा कन्याको खोजी गर्ने काम गरिन्छ। बाबुआमाबाटै यो काम तय गरिने

तथा केटीको तर्फबाट केटो खोज्नु पर्ने ज्यादा चलन देखिन्छ। यो विवाहसभामा हजारौं मानिस भेला भएर चमेना गर्ने गरिन्छ। तिलक-प्रथा यो जातिमा धेरै छ। केटाले भनेबमोजिम रकम दिएपछि केटीका तर्फबाट विवाह जुर्ने-नजुर्ने निश्चय गर्न पञ्जिकारकहाँ गएर देखाइन्छ, जुरेमा चाहिँ विवाह गरिने निर्णय हुन्छ। सामान्य परिवार वा गुणहीन दुलहालाई तिलक प्राप्त नभए पनि ठूलो खानदान वा गुणी केटाले धेरै तिलक लिने चलन देखिन्छ। यसरी प्रत्येक वर्ष विवाह मेलामा हजारौं युवक-युवतीको विवाहको निश्चय गरिन्छ।

□

नेपाली संस्कृतिमा संस्कार

१. प्राचीन र परम्परागत

मानिसले सच्चरित्रवान् हुनुपर्छ, अध्ययनशील हुनुपर्छ, सभ्य हुनुपर्छ र अन्ततः मानवीय गुणले सम्पन्न हुनुपर्छ। अनिमात्र विविध प्राणीहरूमा सर्वश्रेष्ठ प्राणीका रूपमा मानिसको मूल्य हुन सक्छ। आज मानिसले भौतिक उन्नति धेरै गरिसकेको छ, जसले गर्दा मानिसको रहनसहनमा आमूल परिवर्तन आएको छ। आर्यहरूले भौतिक उन्नतिका साथै आध्यात्मिक उन्नतिलाई पनि अपरिहार्य मानेका थिए। भौतिक जगत्का प्रेय वस्तुहरूको प्राप्तिलाई एकाङ्गी मानेर जीवनपछि पनि मुक्ति पाउनका निमित्त श्रेय वस्तुलाई पनि आर्यहरूले ठूलो महत्त्व दिएका थिए। श्रेय वस्तुको प्राप्तिले नै जीवन सार्थक हुने र जीवनको महत्त्व स्पष्ट हुने कुराका साथै मानिसमा मानवीय गुणको विकास हुने कुरा उनीहरूले स्वीकार गरेका थिए। हिन्दूहरूले कर्मअनुसार चार वर्ण विभक्त गरी सामाजिक जीवन विताउने नियम वनाए र द्विजहरूले निर्वाह गर्नुपर्ने चार आश्रमको विभाजनवाट मानव जीवनलाई व्यवस्थित वनाए।

हिन्दूधर्मको विकासका साथसाथै यस धर्मअन्तर्गतका संस्कारहरूको व्यवस्था पनि विकसित हुँदै गएका हुन्। नेपालमा हिन्दूवाहेक अन्य धर्मावलम्वीहरूले पनि आफ्ना किसिमको संस्कारविधान अपनाइरहेका छन्। नेपालको परम्परागत धार्मिक सहिष्णुता र स्वतन्त्रताका कारण हिन्दूधर्मअन्तर्गतका संस्कारहरूको प्रभाव अन्य जातीय समुदाय तथा धार्मिक समुदायमा केही मात्रामा परेको पाइन्छ र सवै जातजातिहरूले आर्य-परम्पराका प्रथा-व्यवहारमा पूर्णरूपले चलाइआएका छन्।

संस्कार नगरी कुनै पनि वस्तु पक्का हुँदैन। यो भौतिक नियम हो। हिन्दूहरूले मानिसको जीवनलाई आध्यात्मिक दृष्टिकोणले सम्पादन गरिने संस्कारहरूद्वारा सुसंस्कृत गर्ने विधान गरेका छन्। नुहाउनु, लुगा लगाउनु, पढ्नु, शुद्ध वस्तु खानु आदि व्यावहारिकताका लागि मानिसका निमित्त न्यूनतम

आवश्यकताका यी सबै कुरालाई आर्यहरूले संस्कारका रूपमा विकास गरेका हुन्। यिनै कामहरूले गर्दा मानिसलाई मानिस भन्न सकिन्छ, अन्यथा मानिसलाई अन्य पशुभन्दा श्रेष्ठ ठान्न सकिँदैन ।

हाम्रा ऋषिमुनिहरूले जीवनलाई पवित्र बनाउन मुख्य तीन कुराहरूको भूमिका रहेको महसुस गरेका थिए (१) ज्ञान, (२) उपासना र (३) कर्म । ज्ञानपक्षले शिक्षा-दीक्षाको माध्यमद्वारा श्रवण, मनन, विधिध्यासनद्वारा मानवजीवनको सर्वोत्कर्ष प्राप्त एकको ज्ञानले सबको लाभ प्राप्त गर्ने विद्या हासिल गराई मुक्तिको लक्ष्य हासिल गराउँछ। उपासनाले ध्यानपक्षका साथै आराधना, प्रार्थना, यज्ञ, जप आदिबाट ईश्वरको समीपस्थ गराउँछ भने कर्मले कार्यतर्फ अभिमुख हुन प्रेरित गर्छ। कर्मपक्षअन्तर्गत व्यक्तिगत, पारिवारिक, सामाजिक, राष्ट्रिय र विश्वस्तरीय कर्तव्य र धार्मिक विधानहरू सबै आउँछन्। यिनै कर्म-कर्तव्यका साथै कसैले गरेको असल, धार्मिक समारोहहरू, उत्सवहरू, खराब र मिश्रित कार्यहरू तथा विधि-विधानहरू नै संस्कारअन्तर्गत पर्दछन् र तत्-तत् कार्यअनुसारको अर्को जुनीका लागि संस्कार उत्पन्न गराउँछन् ।

वैदिककालमा आर्यहरूको जीवन समुन्नत र सुसंस्कृत हुनुका साथै ज्ञान र उपासनातर्फ बढी अभिमुख भएको थियो भने पछि-पछि क्रमशः आएर विशेष गरी कर्मकाण्डतर्फ अभिमुख भएको देखिन्छ। वेदको विकासस्वरूप उपनिषद र स्मृति ग्रन्थहरू रचिए जसले यज्ञसहित उपर्युक्त तीन पक्षको व्याख्या गर्दछन्। सूत्रकालमा आएर तिनीहरूको विकास दुई प्रकारले हुन थाल्यो– स्रोतसूत्रहरूका आधारमा गरिने कर्महरू वेदमा आधारित हुन्छन् भने स्मार्तसूत्रहरूका आधारमा गरिने कर्महरू स्मृतिमा आधारित हुन्छन्। त्यस्तै *गृहयसूत्र*मा घरमा पुरुषले स्त्रीको साथमा अग्निको साक्षीत्वमा सम्पादन गर्ने कर्महरूको विस्तृत विधान भएको छ। गृहयसूत्रका आधारमा सम्पादन हुने धार्मिक विधानहरू पनि तीन किसिमले सम्पादन गरिन्थे– (१) दैनिक कार्यहरू : देवताको पूजा, पितृतर्पण, भूतबलि, अध्ययन, अतिथिसत्कार आदि। (२) पाक्षिक रूपमा सम्पादन गरिने कर्म-पूर्णिमाको दिनमा गरिने पूजा, औँसीमा गरिने दान, सङ्क्रान्ति दान (३) जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरू। यसबाहेक धर्मसूत्रहरूको पनि विकास भएको पाइन्छ। यसअनुसार धार्मिक विधानलाई विशेष जोड दिइन्थ्यो। शुल्वसूत्रले अग्निस्थापनाका निमित्त वेदीको निर्माण गर्ने विधि तथा स्थानको छनौटका बारेमा निश्चित विधान प्रस्तुत गर्दथे। यसरी सूत्रकालमा आएर *गृहयसूत्र*ले परिवारको कल्याण तथा उन्नतिका निमित्त अग्निको स्थापना गरेर गरिने जुन धार्मिक विधि प्रस्तुत गऱ्यो आज त्यो परम्परा नै विकसित रूपमा प्रत्येक हिन्दूले अपनाएका छन् ।

हिन्दूदर्शनअनुसार आत्मा अमर छ र शरीरको नाश भएपछि पनि आत्माको नाश हुँदैन । यही दार्शनिक धरातलमा हिन्दू संस्कारहरू विकसित भएका छन् । मनुले भनेका छन् : यो लोक र परलोकको कल्याणका निमित्त शरीरको संस्कार गर्नुपर्छ ।

संस्कार शब्दको व्युत्पत्ति यस प्रकार छ : 'संस्क्रियता इति संस्कारः' अर्थात् जसलाई परिष्कार गरेर संस्कृत वनाइन्छ त्यो क्रिया नै संस्कार हो । संपूर्वक 'कृ' धातुवाट भावमा धञ् प्रत्यय भएर भूषण अर्थमा सुट् आगम भएर वनेको संस्कार शब्दले उक्त अर्थ वहन गर्दछ ।

ब्राह्म र देव दुई प्रकारले संस्कारहरू सम्पन्न हुन्छन् । गर्भाधानादि जुन संस्कार गरिन्छन् ती ब्राह्मण संस्कार हुन् । वैदिककालमा यज्ञविधिवमोजिम सम्पन्न गरिने संस्कारहरू देव संस्कार हुन् । संस्कार गर्दा वेदका मन्त्रहरूको प्रयोग गरिन्छ । ती मन्त्रहरूमा गायत्री छन्दले व्राह्मणको, त्रिष्टुप् छन्दले क्षत्रीको र जगती् छन्दले वैश्यको संस्कार गर्नुपर्छ भन्ने कुरा याज्ञवल्क्य र वशिष्ठले उल्लेख गरेका छन् । कर्मअनुसार वर्णव्यवस्था कायम हुने हुनाले सेवा गरेर जीवन चलाउने शूद्र जातिले आफ्नो संस्कार गर्नु पर्दैन भन्ने धारणा याज्ञवल्क्य र वशिष्ठले व्यक्त गरेका छन् । तर आजभोलि शूद्रहरू पनि राम्रोसँग आफ्ना किसिमका विधिले संस्कारहरू गर्दछन् । जुन आवश्यक र प्रशंसनीय हो ।

संस्कारहरू गर्नुको उद्देश्य

निरुद्देश्य कुनै काम गरिँदैन । हिन्दूहरूले संस्कार परम्परालाई विकसित गरेर निरवच्छिन्न रूपमा सञ्चालन गर्न सक्नुका कारण पनि ती संस्कारहरूमा रहेका विभिन्न उद्देश्यहरू नै हुन् । हिन्दूधर्मका विभिन्न संस्कारहरूले आध्यात्मिक र भौतिक उन्नतिलाई सम्यक् रूपमा मान्यता दिएका छन् । संस्कारहरू विभिन्न ध्येयले गरिन्छन् । दोषहरू हटाउन, गुणको आदान गर्न र हीनाङ्ग पूर्तिका लागि पनि संस्कार गरिन्छ । केही संस्कारहरू जन्मिनुभन्दा पहिले गरिन्छन् भने केही मृत्युपछि गरिन्छन् । जीवनमा हाँसो र आँसुसँगसँगै धार्मिक विधिपूर्वक संस्कार सम्पन्न गर्ने हाम्रो परम्परा अत्यन्त जीवन्त छ । सवै जातिमा आ-आफ्नो प्रकारको संस्कार भएकाले आर्य-परम्परामा ती सवैका चर्चा सम्भव भएन । अतः यहाँ आर्यपरम्परामा आधारित भएर ती संस्कारहरूको उद्देश्यको व्यापकतालाई विभिन्न शीर्षकअन्तर्गत समेट्ने कोसिस गरौं ।

क) विघ्न विनाश गर्नु

परापूर्वकालदेखि नै हाम्रा पुर्खाहरू भूतप्रेत आदि मान्दथे । निश्चित विधिपूर्वक कार्य नभए भूतप्रेतहरूले विघ्न गर्ने डर रहन्थ्यो । यस कारण विघ्न विनाश होस्.

मानिसको जीवनमा यस्ता कुतत्त्वहरूले प्रभाव नपारून् भनेर अमङ्गलको निराकरण गरी मङ्गल कामना गर्नु धार्मिक संस्कारको उद्देश्य हुन्थ्यो। जातकर्म संस्कार गर्दा वालकको रक्षार्थ पिताले भन्दछ– हे शिशुलाई आक्रमण गर्ने कुर्कर, सकुकर ! यो वालकलाई आक्रमणवाट मुक्त गर। म तिमीलाई पनि आदर गर्छु।[१२४] यसै गरी स्त्री गर्भिणी भएको बेलामा पनि भूत, प्रेत, पिशाचको स्तुति गरिन्छ। विवाहको चतुर्थीकर्म समाप्त भएपछि वरले अशुभ हटाउन प्रार्थना गर्नुपर्छ। अग्नि, वायु, सूर्य, चन्द्रमा तथा गन्धर्वको आवाहन गर्दै पतिले पत्नीको नाश गर्ने सम्पूर्ण तत्त्वको विनाशका निमित्त आहुति गर्दछ। भूतप्रेतहरूलाई तर्साउन तथा विघ्नकारीलाई धपाउन, मर्न लागेको मानिसको अथवा केटाकेटीको रौँ मन्सिने तथा कपाल काटेर गाड्ने वा गोवरभित्र हाली पानीमा वगाइदिने कार्य धार्मिक संस्कारको रूपमा नै उल्लिखित भएको देखिन्छ।[१२५] पारस्कर गृहचसूत्रवाटै यो कुरा स्पष्ट हुन्छ कि संस्कार गर्नुको आशय मानवीय शत्रुबाट जोगाउनु र प्राकृतिक भयबाट बचाउनु मात्र नभएर भूतप्रेतबाट बचाउनु पनि हो।[१२६] सीमन्तोन्नयन संस्कार गर्नुको आशय पनि गर्भ विनाश गर्ने दुष्ट तत्त्वहरूको विनाश गर्नु नै रहेको देखिन्छ।

ख) अदृश्य शक्तिको प्रभाव निवारण

विभिन्न अदृश्य शक्तिहरूले मानव जीवनमा प्रभाव पारिरहेका हुन्छन् भन्ने विश्वास मानवजातिका सवै शाखाहरूमा थियो। यही विश्वासले पनि विभिन्न संस्कारहरू गर्न उद्यत वनाएको देखिन्छ।

ग) भौतिक संरक्षण र समुन्नति

भौतिक सम्पदाको संरक्षण गर्नु पनि संस्कारको उद्देश्य रहेको देखिन्छ। धनधान्यको वृद्धि, दीर्घायु, पशुहरूको कल्याण, वुद्धिको विकास, आरोग्य, दीर्घजीवन आदिको कामना राखेर संस्कार गरिन्छ। भौतिक सुख नभई आध्यात्मिक कल्याण पनि नहुने देखेर आर्यहरूले संस्कार विधानमा भौतिक समुन्नतिको पक्षलाई पनि महत्त्व दिएका छन्।

घ) सहानुभूति आदान-प्रदान

जीवनमा आइपर्ने सुख र दुःखका क्षणहरूमा सबै इष्टमित्रहरू भेला भई आफ्नो हाँसो र आँसु वाँड्नका लागि पनि विभिन्न संस्कारहरू गरिन्छन्। विवाहमा

---

१२४. पार., १।१६।२०
१२५. अनुगुप्तमेतं सकेशं गोमयपिण्डं निधाय गोष्ठे पल्वल उदकान्ते वा। पार., २।१।२०
१२६. विश्वाभ्यो मा नाष्ट्राभ्यस्पारिपाहि सर्वत इति। पार., २।६।२६

सबै नातागोता भेला भई रमाइलो गर्छन्। भने अन्त्येष्टिको संस्कारमा सबै भेला भएर दु:ख बाँडी दु:ख परेकालाई सम्झाएर त्यसबाट विरक्ति नलिने हौसला दिन्छन्।

ङ) व्यक्तित्व निर्माण र विकास

व्यक्तित्व निर्माण र विकास गर्ने उद्देश्य राखेर विभिन्न संस्कारहरू गरिन्छन्। जसरी एउटा चित्र बनाउन विभिन्न किसिमका रङहरूको आवश्यकता हुन्छ त्यस्तै जीवनको पूर्णताका निमित्त विभिन्न किसिमका संस्कारहरू अपेक्षित हुन्छन्। विभिन्न संस्कारहरूको विधिपूर्वक अनुष्ठान गरिएन भने जीवन अपूर्ण हुन्छ र मर्यादित जीवनमा रहनसमेत सकिँदैन।

न्वारन गरिएन भने त्यस बालकको सामाजिक प्रतिष्ठा घट्ने, बालक बेवारिसे हुने तथा उसको जातीयता कायम गर्न पनि बाधा पर्ने हुन्छ। व्रतबन्ध नगरेसम्म कर्म चल्दैन र विवाह नगरेकी स्वास्नीमानिसलाई पूर्णत्व प्राप्त हुँदैन। यदि नियमअनुसार संस्कार गरिएको छ भने हीनता भाव हुँदैन र समाजले पनि केही आक्षेप लगाउन सक्दैन।

च) आध्यात्मिक महत्त्व

संस्कार विभिन्न उद्देश्यले गरिने चलन छ। भौतिक पक्षको उन्नतिका साथै आध्यात्मिक पक्षलाई पनि संस्कारले समान रूपमा अँगालेको पाइन्छ। संस्कारले नै आध्यात्मिक र भौतिक पक्षको योजक बनेर जीवन सञ्चालन गरिरहेको जस्तो देखिन्छ। मानसिक विकास, ईश्वरको आराधाना, विद्याप्राप्ति, श्रुति-स्मृतिप्रतिको अनुराग आदिले आध्यात्मिक चिन्तन पक्षलाई देखाउँछन् भने धनधान्यवृद्धि आदिले भौतिक पक्षलाई प्रस्तुत गर्दछन्। यी दुवै तत्त्वलाई जीवनमा अपरिहार्य ठानिन्छ र संस्कारले पनि दुवै तत्त्वलाई समान रूपमा मान्यता दिइराखेको हामी देख्छौँ। विद्या र अविद्याको जसले ज्ञान गर्दछ, अविद्या शक्तिले ऊ मृत्युलाई पार गर्न सक्छ भने विद्या शक्तिद्वारा अमृततत्त्व प्राप्त गर्न सक्छ भन्ने श्रुतिवचन छ।[१२७] यहाँ अविद्या भौतिक तत्त्व हो भने विद्या आध्यात्मिक तत्त्व हो। यी दुवैको संयोग वा सम्मिश्रण गर्ने काममा संस्कारले ठूलो भूमिका खेल्दछ। यहाँ अविद्याको अर्थ कर्तृत्व, भोक्तृत्व, फलेच्छा र आसक्तिको पूर्णरूपेण, त्यागपूर्वक विधिविधानपूर्वक गरिएको जुनसुकै र खास गरी अरूको भलो चिताई (आफ्नो र आफ्नो परिवारको होइन) गरिएको शुद्ध भावनायुक्त कार्यलाई लिइएको छ। जसबाट अनुकरण शुद्ध हुन्छ र विद्या अर्थात् निर्मल ज्ञान प्राप्तिको मार्ग साफ र अकन्टक बन्दछ।

---

१२७. विद्याञ्चाविद्याञ्च यस्तद् वेदोभयं सह।
अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते॥ ईशा., ११

विभिन्न संस्कारमा प्रयोग गरिने मुख्य वस्तुहरू र तिनको महत्त्व

संस्कारका यी विभिन्न उद्देश्यहरू पूर्ति गर्नका निमित्त हिन्दूहरूले केही निर्धारित प्रतीकहरू अपनाएका छन्। यी प्रतीकहरू सामान्य तवरले हेर्दा भौतिक पदार्थ हुनुका साथै वैज्ञानिक दृष्टिकोणले यी उद्देश्य पूर्ति गर्न तुरुन्त सहायक वन्न सक्ने नदेखिएलान् तर पनि त्यस विषयमा गहिरिने र अध्ययन गर्ने हो भने यी प्रतीकहरू जस्तै– अग्नि, स्नान, सिञ्चन आदि कामले संस्कार पूर्ण गर्नमा ठूलो महत्त्व राखेको देखिन्छ।

१. **अग्नि** : सनातन धर्मअन्तर्गत गरिने प्रत्येक संस्कार अग्निको साक्षीत्वमा सम्पन्न हुन्छन्। आगोको महत्त्वलाई प्राचीन पुर्खाले धेरै पहिले नै स्वीकार गरेको कुरा आर्ष ग्रन्थको मननवाट अवगत गर्न सकिन्छ। ऋग्वेदले अग्निलाई गृहपति भनेको छ। दैनिक संस्कारमा मात्र अग्निको महत्त्व नभएर देवयज्ञ सम्पन्न गर्न पनि अग्निको उत्तिकै महत्त्व भएको कुरालाई सोमयज्ञ तथा अश्वमेधयज्ञ गर्दा मन्थन गरेर अग्नि निकालीने कुराले पुष्ट गर्दछ। ऋग्वेदको प्रारम्भमा हे अग्नि ! तिमी पुरोहित हौ ! यज्ञीय देव हौ, ऋत्विक् तिमी हौ र हवन गर्ने होताको रूपमा पनि तिमी नै रहेका छौ भनी अग्निको प्रार्थना गरिएको छ।[१२८] अर्को ठाउँमा यज्ञमा सत्वधर्मा अग्निको उपासना गर्नुपर्छ, उसले रोगव्याधको नाश गरिदिन्छ भन्ने कुराको उल्लेख भएको छ। धेरै ग्रन्थहरूमा यज्ञयागादिको चर्चा भएको हुनाले अग्निको महत्त्व बताइएको पाइन्छ। अग्निको सार्वभौम महत्त्व स्वीकार गरेको पाइन्छ। आज पनि अग्निस्थापनाको विधान पूरा नभई कुनै पनि संस्कार गरिँदैन र पूर्णाहुतिलाई प्रत्येक संस्कारको पूर्णताको परिचायक मानिन्छ। भनिन्छ यज्ञवाट उब्जेको धूवाँले प्रदूषण स्वच्छ पार्नमा र पानी पार्नमा पनि सहायक हुन्छ।

२. **स्तुति** : संस्कार गर्दा स्तुति गरिन्छ। यो सामान्य मर्यादा हो। देवताहरूको स्तुति गरिन्छ भने मान्यजनहरू, गुरु, पुरोहित तथा वावुआमावाट आशीर्वाद लिइन्छ। स्तुति वा प्रार्थनामा मनको स्वच्छता र निष्कपट भाव व्यक्त गरेको पाइन्छ। मानव आत्माको स्वच्छ प्रकाश नै स्तुति वा प्रार्थना हो। शक्ति, सन्तान, समृद्धि आदिका निमित्त प्रार्थना गरिन्छ अनि आशीर्वाद दिइन्छ र लिइन्छ। गायत्रीमन्त्रमा सूर्यका तेजको आराधना गरिन्छ र ईश्वरले वुद्धि दिने तथा सत्मार्गमा लगाउने कार्य गरून् भनी प्रार्थना गरिन्छ। यस्तै व्रतवन्ध गर्दा वौद्धिक विकास होस्, पवित्र किसिमको सोचाइ रहोस् र व्रह्मचर्यमा रहन समर्थ भइयोस् भनी स्तुति गरिन्छ। हाम्रो शास्त्रमा व्रह्मचर्यको महत्त्व प्रचुर मात्रामा पाइन्छ। विवाहको अवसरमा सम्पन्न हुने सप्तपदीको प्रत्येक पाइलामा आफ्नो ऐश्वर्यवृद्धिका निमित्त प्रार्थना गरिन्छ।

---

१२८. अग्निमीडे पुरोहितम् यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्। ऋ., १।१।१।१।

यज्ञको अनुष्ठान गर्दा यज्ञको वेदीवाट खरानी झिकी पुरोहितले यजमानको निधारमा तिलक र टीका लगाई आशीर्वाद दिन्छन्। जातकर्म गर्दा ढुङ्गाजस्तै अचल होऊ, सुनझैं चम्किलो दीर्घजीवी होऊ ! भनी छोरालाई वावुले आशीर्वाद दिन्छन्। विवाहको वेलामा पतिले पत्नीलाई सौभाग्यवति, सन्तानवती हुने एवं दीर्घजीवी हुने सदा सुखी र सुसम्मानित हुने कुराको आशीर्वाद दिन्छन्।

३. यज्ञ : अग्निलाई हवन नगरी कुनै पनि संस्कार पूर्ण भएको मानिँदैन। व्रतवन्ध वा विवाहमा चार सुरमा चारवटा वाँसका लिङ्गो गाडी वीचमा हवन वेदी वनाई नियमानुसार अग्निस्थापनाको विधि सम्पन्न गरिन्छ। अरू सबै संस्कारमा चँदुवा टाँग्ने, लिङ्गो गाड्ने आदि नगरे पनि अग्निस्थापना गर्नु अनिवार्य हुन्छ आजभोलि अन्त्येष्टिमा भने यज्ञविधान त्यति गरिँदैन। अन्त्येष्टिमा मृतात्माको शान्तिका लागि यज्ञ गर्ने गरिन्थ्यो। यसरी प्रत्येक संस्कारमा यज्ञविधान भएको देखिन्छ। प्रत्येक यज्ञमा देवतालाई आमन्त्रण गरेर प्रार्थना गर्दै आहुति दिइन्छ।

४. पानी : स्नान गर्नु, आचमन गर्नु तथा अभिसिञ्चनं गर्नु संस्कारका अङ्गहरू हुन्। शरीरमा मैला परेर हुने रोगव्याध तथा अरूलाई छोएर सर्ने खरावीहरू सवै हटाउनका निमित्त पानीको विशेष महत्त्व छ अर्थात् ठूलो नदीको पानीलाई विशेष पवित्र मानिन्छ। गर्भाधान तथा जातकर्ममा स्नान गर्नुपर्छ। यसवाहेक प्रत्येक शुभकर्ममा अनिवार्य रूपमा स्नान गर्नुपर्दछ। यस्तै यज्ञ गरिने स्थान वा अन्य कुनै संस्कार गरिने स्थानको चारैतिर पानी छर्किएर शुद्ध गरिन्छ। उपनयन कर्म गर्दा श्री, विद्या र व्रह्मवर्चस्को निमित्त जलले वटुलाई अभिसिञ्चन गरिन्छ।[१२९] यसै गरी विवाह संस्कारमा शक्ति, सुख र सुस्वास्थ्यका लागि वधूलाई सिञ्चन गरिन्छ।[१३०]

संस्कारहरूको सङ्ख्या

सूत्रकालमा गृहयसूत्रकारहरूले विभिन्न किसिमले संस्कारहरूको गणना गरेको पाइन्छ। यसै कालमा व्राह्म र देव संस्कार भनी संस्कारहरूको विभाजन गरिएको पाइन्छ। वास्तवमा यो वेलासम्म गृहयसंस्कार र धार्मिक संस्कार वा देवसंस्कारमा भिन्नता औंल्याउने प्रमाण पाइँदैन तर विभाजनमा गृहयसंस्कारको छुट्टै अस्तित्व स्वीकार गरिएको देखिन्छ। संस्कारको गणना गर्दा अन्त्येष्टि संस्कारलाई कसैले उल्लेख गरेका छैनन् भने आश्वलायन, वौधायन र पराशरहरूले उल्लेख गरेका छन्। अन्त्येष्टि संस्कार शोकसंस्कार भएको र शरीरको पवित्रतासँग सम्वन्ध हुनाले यो

---

१२९. तेन मामभिपिञ्चामि श्रियै यशसे व्रह्मणे व्रह्मवर्चसायेति। पार., २।६।९
१३०. पार., १।८।५

विवादास्पद भएको हुन सक्छ। आश्वलायनले गरेको विभाजनअनुसार संस्कारहरू विवाह, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, अन्नप्राशन, चूडाकर्म, उपनयन, समावर्तन र अन्त्येष्टि गरी जम्मा १३ प्रकार छन्। पारस्कर गृहचसूत्रले पनि विवाह, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, वेदारम्भ, गोदान, समावर्तनको उल्लेख गरेको छ। वौधायनले विवाह, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, समावर्तन र पितृमेधको उल्लेख गर्दछ। यी संस्कारहरूमा कसैले विवाहलाई सुरुको संस्कार मानेका छन् भने कसैले गर्भाधानलाई सुरुको संस्कार मानेका छन्।

पछि आएर मनुले जम्मा १३ प्रकारका संस्कारको मात्र गणना गरेका छन्।[१३१] याज्ञवल्क्यले केशान्तलाई मान्यता दिएका छन्। अंगिराले २५ संस्कारको उल्लेख गरेका छन् भने व्यासले १६ संस्कारहरूको मात्र गणना गरेका छन्। वीरमित्रोदय, स्मृतिचन्द्रिका आदिमा गर्भाधानदेखि विवाह-पर्यन्तका संस्कारको मात्र उल्लेख छ। अङ्गिरस र जातुकारण्यले व्यासको गणनालाई मानेका छन् तर गौतमले ४८ संस्कारको परिगणना गरेका छन्। अन्त्येष्टिकर्मलाई मन्त्रपूर्वक संस्कार गरिने हुनाले मान्यता दिएको देखिन्छ।[१३२] पारस्कर गृहचसूत्रले यज्ञलाई चार भागमा बाँडेको छ : हुत, आहुत, प्राहुत र प्राशित। वौधायनले भने ७ किसिमले विभाजन गरेका छन् : हुत, प्रहुत, आहुत, शूलगव, वलिहरण, प्रत्यवरोहण, अष्टकाहोम। विवाहदेखि सीमन्तोन्नयनसम्मको कार्य हुत हुने, अग्निमा आहुति गरेपछि दानादि गर्ने कार्य आहुत भनिने र जातकर्मदेखि चौलसम्मका संस्कारमा गरिने कर्म आहुत भनिने चलन भएकाले गृह्यकर्मलाई देवयज्ञको हाराहारीमा मान्यता दिएको देखिन्छ। गौतमले गणना गरेका ४८ संस्कारहरू यस प्रकार छन् : (१) गर्भाधान, (२) पुंसवन (३) सीमन्तोन्नयन (४) जातकर्म (५) नामकरण (६) अन्नप्राशन (७) चौल (८) उपनयन (९) वेदारम्भ (१३) स्नान (समावर्तन) (१४) विवाह (१५-१९) पाँच महायज्ञ (दैव, पितृ, मनुष्य, भूत, व्रह्म) (२०) अष्टका (२१) पावण (२२) श्राद्ध (२३) श्रादणी (२४) आग्रह्यणी (२५) चैत्री (२६) शाश्वभूजी (२७) अग्न्याधान (२८) अग्निहोत्र (२९) दर्शपौर्णमास (३०) चातुर्मास्य (३१) आग्रहायणेष्टि (३२) निरुढ पशुवन्ध (३३) श्रोत्रामसि (३४) अग्निष्टोम (३५) अन्यग्निष्टोम (३६) उक्थ (३७) शोडपी (३८) वाजयेप (३९) अतिरात्र (४०) आप्लोर्याम (४१) सर्वभूतदय (सवैको दया गर्नु) (४२) क्षति (सहनशीलता) (४३) अनसूया (अर्काको गुण-दोषमा विचार नगर्नु)

---

१३१. मनु., २।१६, २६, २९, ६६ तथा ३।१।-४ एवं दोस्रो र तेस्रो अध्यायको विभिन्न प्रसङ्ग।
१३२. ऋ., १०।१४।१६।१८, अथर्व., १८।१।४

(४४) शौच (अभक्ष र कृष्ट संसर्ग छाड्नु र आफ्नै धर्ममा रहनु) (४६) मङ्गल (प्रशस्त कर्म गर्नु) (४७) अकार्पण्य (कन्जुसी नगर्नु) (४८) अस्पृहा (थोरैमा पनि सन्तोष लिनु अर्काको धनमा लोभ नगर्नु)। यस्तै व्यासले १६ किसिमका संस्कारहरूको गणना गरेका छन् जुन आज पनि षोडश संस्कार भनी प्रसिद्ध र सर्वमान्य छन्। आर्यहरूले मान्यता दिएका ती संस्कार यस प्रकार छन् : (१) गर्भाधान (२) पुंसवन (३) सीमन्तोन्नयन (४) जातकर्म (५) नामकरण (६) निष्क्रमण (७) अन्नप्राशन (८) चूडाकर्म (९) कर्णवेध (१०) उपनयन (११) विचारम्भ (१२) वेदारम्भ (१३) केशान्त (१४) दीक्षान्त (१५) विवाह (१६) अन्त्येष्टि। यी संस्कारहरूको उल्लेख सूत्रकालभन्दा पूर्व पनि भएकाले सूत्रकालमा संहिताकरण भएको मान्नुपर्छ।

प्रत्येक समाजमा आफ्ना-आफ्ना किसिमले संस्कार गरिन्छन्। मान्छे मर्दा कसैले गाड्छन्, कसैले गाडेको समाधिमाथि गुम्वाहरू वनाएर धर्मकीर्ति पनि स्थापना गर्छन्। विवाह संस्कार पनि फरक-फरक किसिमले सम्पन्न गरिन्छन्। मुख्य रूपमा वहुसङ्ख्यक नेपालीले मान्ने व्यासले उल्लेख गरेका १६ संस्कारवारेमा यहाँ चर्चा गरिन्छ।

१. गर्भाधान

पुत्रवान् पुरुष यज्ञ गर्न अधिकारी हुन्छ र पितृऋणवाट मुक्त हुन्छ भन्ने शास्त्रीय वचन छ। रजस्वला भएको तीन दिन अस्पृश्य हुने र ४-१६ रात जोडा रात्रीमा सम्भोग भए पुत्र हुने कुरा उल्लेख पाइन्छ। ऋतुमती स्त्रीसँग समागम गर्ने क्रिया गर्भाधान हो। अथर्ववेदमा प्रशन्न चित्त भएर शय्यामा आरोहण गर्न तथा कल्याणका निमित्त सन्तानको उत्पत्ति गर्न पतिलाई प्रार्थना गरिएको छ।[१३३]

गर्भाधानलाई शास्त्रीय मर्यादाले विधान उल्लेख गरेको छ। निश्चित तिथि तथा नक्षत्रहरूको धारणा गरी विधिपूर्वक विनायक पूजा, मातृका पूजा तथा आभ्यदयिक श्राद्ध गर्नुपर्छ। सूर्यको पनि पूजा गर्नुपर्छ। यसपछि अन्य संस्कारमा झैं व्राह्मणभोजन, दक्षिणा आदि गर्नुपर्छ। ४-१६ रातको जोडी रातमा दोस्रो प्रहरमा शुद्ध वस्त्र र माला पहिरेको पुरुष र शृङ्गारवती स्त्रीको समागमद्वारा गर्भाधान गर्ने विधान छ। जति-जति उत्तरतिरका रात्रीमा सम्भोग भयो त्यति नै असल मानिन्छ।[१३४] चार रातलाई छोडेर मात्र गर्भाधान गर्ने याज्ञवल्क्यको पनि राय छ।[१३५] सूत्रकालमा नै

---

१३३. अथर्व., १४।२।२

१३४. युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु।
तस्माद् युग्मासु पुत्रार्थी संविशेदार्तवे स्त्रियम्। मनु., ३।४८

१३५. षोडशर्तुनिशाः स्त्रीणां तस्मिन्युग्मासु संविशेत्।
व्रह्मचर्यैव पर्वाण्याद्याश्चतस्रस्तु वर्जयते। याज्ञ., १।७९

प्रतिमास ऋतुमती स्त्रीसँग सहवास गर्नेवारे विधान छ। गर्भाधान गर्नुभन्दा पहिले आफ्नो अभीष्ट पुत्रप्राप्तिका निमित्त तपस्या गर्ने चलनसमेत भएको छ। वौधायन गृहयसूत्रले गर्भाधान गरेपछि समागम गर्नेवारेमा उल्लेख गरेको छ। याज्ञवल्क्य तथा आपस्तम्वले गर्भाधानपछि पुरुषले स्नान गर्नुपर्ने तर स्त्री भने स्वतः शुद्ध हुने कुराको उल्लेख गरेका छन्। गोभिल गृहयसूत्रले अशुद्ध रक्त-प्रवाह रोकिएपछि सम्भोग गर्ने कुरा उल्लेख गर्छन् भने शुक्राणुलाई व्यर्थ गर्न हुन्न भनेर आश्वलायनले जोड दिएका छन्। सोह्रौं रात्रीमा गर्भाधान भएमा पुत्र ज्यादै श्रेष्ठ विद्वान् तथा सत्यवादी हुन्छ भनेको पाइन्छ। स्त्रीलाई पनि ऋतुस्नान गरेपछि पतिको साथमा सङ्गम गर्ने विधान वताइएको छ। यदि पत्नी छलेर वसी भने व्रह्महत्याको दोष लाग्ने कुराको उल्लेख गरिएको पाइन्छ। यस्ती नारीलाई प्रत्येक जीवनमा शूकरी हुनुपर्ने कुरामा याज्ञवल्क्य सहमत छन्।[१३६]

यसका साथै उल्लेख्य विषय के छ भने जुन व्यक्ति रोगी छन् वा वुढेसकालमा पदार्पण गरेका छन्। उनीहरूलाई गर्भाधानवारेमा कुनै कठोर नियम लगाइएको छैन। गृहस्थीको धर्म र पितृऋणलाई विचार गरेर आर्यहरूले गर्भाधानलाई धार्मिक संस्कारको रूपमा स्वीकार गरेका छन्। यसै गरी अपवादमा धेरै कुराहरू ऋतुकालपूर्व पुरुपले विचार राख्नेवारेमा उल्लेख पाइन्छ। धेरै पुत्रवाली, रजस्वला नहुने, दुश्चरित्र पत्नीमा गर्भाधान गर्न हुन्न भन्ने कुरा कूर्मपुराण तथा विष्णुपुराणमा उल्लेख भएको पाइन्छ। अनिच्छुक, असमयमा व्यग्र भएकी, धेरै खाएकी, भोकी, स्नान नगरेकी आदि स्त्रीसँग गर्भाधान गर्न नहुने कुरा पनि उल्लेख गरिएको पाइन्छ। मनुले पुत्रको अनिवार्यताको उल्लेख गर्दै कर्मपुत्र भएपछि मात्र पितृऋण छुट्ने उल्लेख गरेको पाइन्छ।[१३७]

सारांशमा यो संस्कारको विवेचना गर्दा के देखिन्छ भने यसलाई संस्कारको रूपमा विकास गर्नुको आशय आर्यहरूले माथि भनेझैं विवाहको लक्ष्यप्राप्ति गर्नु तथा युद्ध आदिमा वढी छोराको आवश्यकता हुनाले छोराका निमित्त कामना रहने तथा अन्त्येष्टि कर्ममा छोराले भाग लिनुपर्ने जस्ता कुराले पुत्रोन्मुख गर्भाधान गरिने चलन पाइन्छ। पुराणहरूले ज्यादा सम्भोगलाई रोक्न र दुराचारी पुरुषको नियन्त्रणका निमित्त विभिन्न अवस्थामा सोको वन्देज लगाएको भए पनि पछि वहुविवाहजस्ता प्रथा चलनमा आए। गर्भाधान संस्कार संस्कारका रूपमा सम्पूर्ण नेपाली समाजमा अव रहेको छैन। परिवार पनि नियोजित रूपमा हुनुपर्ने कुरा सचेत मस्तिष्कले सोच्न थालेको छ। यति भएर पनि प्रथम गर्भमा निश्चित विधान गर्ने हिन्दू परिवारहरू

---

१३६. याज्ञ., ४।१४
१३७. मनु., ३।४५

नेपालमा धेरै छन्। सङ्क्षिप्तरूपमा भन्ने हो भने समाज, राष्ट्र र अन्तर्राष्ट्रिय गतिविधिलाई निरपेक्ष राखेर व्यक्ति र धर्मको रूप अड्न नसक्ने कुरामा नेपालीहरूले महसुस गरेर नै आज समयोचित सुधार गरी समसामयिक रूपमा गर्भाधान सम्पन्न गर्छन् र परिवारको सङ्ख्या सीमित हुनपर्ने कुरा महसुस गरी परिवार नियोजन गर्ने प्रचलनसमेत वढेको छ।

२. पुंसवन

यो संस्कार पुत्र होस् भन्ने उद्देश्यले गरिन्छ। गर्भाधान भएको तेस्रो महिनापछि यो संस्कार गर्ने सामान्य निर्देशन भए पनि समयका वारेमा विभिन्न मत पाइन्छ। यो संस्कार प्रत्येक गर्भमा गर्नु नपर्ने कुराको उल्लेख पाइन्छ। वीजको दोष वा गर्भको दोष परिमार्जनका लागि सुरुमा यो संस्कार गरिने चलन भएको देखिन्छ। स्नान गरी स्वस्तिवाचन, आभ्युदयिक श्राद्ध, मातृका पूजाको विधान यो संस्कारमा पनि गरिन्छ।

सूत्रकालपूर्व यसको विधि-विधानको विकसित रूपरेखा प्राप्त हुँदैन तर पनि पुरुष सन्तानको प्राप्तिका निमित्त गरिएका प्रार्थनाहरू भने प्राप्त हुन्छन्।[१३८] अथर्ववेदमा पुरुष सन्तान जन्माउन, 'तिमी पुत्रको आमा वन' भन्ने आशीर्वादको उल्लेख प्राप्त हुन्छ। यसै गरी 'धनुमा वाण रहेझैं तिम्रो योनिमा गर्भ रहोस् र दस महिनापछि जन्मिन समर्थ होस्' भनेर प्रार्थना गरिएको देखिन्छ।[१३९] सूत्रकालमा आएर यो संस्कार चन्द्रमाले पार गरेपछि यो संस्कार गरिन्थ्यो।[१४०] यो संस्कार गर्दा आयुर्वेदिक प्रणालीको प्रचलन पनि पहिले भएको देखिन्छ। वरको जरालाई कुट्ने तथा त्यसको रसलाई गर्भिणीको नाकवाट पेटमा हालिदिने गरिथ्यो। वरको जरासँग कुश र सोमलताको रस पनि मिलाउने चलन रहेको अनुमान गरिन्छ। यो संस्कार गर्दा गर्भिणीले उपवास वस्नुपर्थ्यो। 'हिरण्य गर्भ' आदि मन्त्र पढेर निराहारी स्त्रीको नाकमा वरको जराको रस हालिन्थ्यो जसवाट पुरुप सन्तान हुने विश्वास गरिन्थ्यो।[१४१] गर्भ चल्नुभन्दा पहिले पुंसवन गर्ने याज्ञवल्क्यको राय छ। वृहस्पतिले गर्भ चल्ने भएपछि पुंसवन गर्ने राय दिन्छन्। जातुकारण्यको मतमा गर्भ रहेको

---

१३८. पुमांसं पुत्रं जनय तं पुमाननुजायतां।
भवासि पुत्राणां माता जातानां जनयाश्च यान्॥ अथर्व., ३।२३।३

१३९. आ ते योनिं गर्भ एतु पुमान् वाण इवेषुधिम्।
आ वीरोत्र जायतां पुत्रस्ते दशमास्य:॥ अथर्व., ३।२३।२

१४०. पार., १।४।२ वौ., १।३।१

१४१. पार., १।४।३

निश्चय भएपछि तेस्रो महिनामा यो संस्कार गर्ने विधान छ। सामान्यतया तेस्रो महिनामा तर पुत्रवतीलाई चौथो, छैटौं वा आठौं महिनामा यो संस्कार गर्नुपर्ने कुरा उल्लेख भएको पाइन्छ।

यस्तो किसिमले एक पटक संस्कार गरे पुग्ने पक्षमा सौनक छैनन्। उनी भन्छन् प्रत्येक गर्भमा यो संस्कार गर्नुपर्छ। अर्को कुरा पुंसवन संस्कार गर्दा स्त्रीको काखमा जलपूर्ण घडा राखिन्छ। यो एक किसिमको प्रतीकात्मक विधान हो। पुत्र सर्वगुणसम्पन्न होस् भन्ने धारणा यसमा लिइएको हुनुपर्छ। यो संस्कारको विवेचना गर्दा के कुरा स्पष्ट हुन्छ भने आर्यहरूले गर्भको रक्षा गर्ने चलन पहिलेदेखि नै चलाएका थिए। यो कुरालाई पछि आएर वैज्ञानिक र चिकित्साशास्त्रीले मान्यता दिए।

३. सीमन्तोन्नयन

यो संस्कार धार्मिक दृष्टिकोणले गर्ने परम्परा रहेको देखिन्छ तर पनि यसको मनोवैज्ञानिक पक्ष र सांस्कृतिक पक्ष बलियो रहेको मान्न सकिन्छ। गर्भ रहेको चार महिनामा सीमन्तोनयन संस्कार गर्ने परम्परा रहेको बौधायन गृहचसूत्रमा उल्लेख गरिएको छ। सोभन्दा पछि पनि यो संस्कार सम्पन्न हुने र अझ बच्चा जन्मिएपछि पनि काखमा राखेर यो संस्कार गर्ने विधान पाइन्छ। यो संस्कार गर्दा छैटौं वा आठौं महिनामा गर्नुपर्छ भन्ने याज्ञवल्क्यको विचार देखिन्छ।[१४२] यस प्रकार विभिन्न समयमा यो संस्कार गरिने परम्परा देखिए पनि प्राक्जन्म संस्कार हुनाले गर्भस्थ बच्चा जन्मिनुभन्दा पहिले नै गरिनुपर्ने र पुंसवनभन्दा पछि गरिनुपर्ने निश्चित गरिएको छ।

यो संस्कार सन्तानको मानसिक विकास र आत्मबल जगाउने ध्येयले गर्न प्रारम्भ भएको देखिन्छ। पारस्कर गृहचसूत्रअनुसार प्रजापतिलाई आहुति दिने, मातृकापूजा गर्ने तथा नन्दीपूजा, आभ्युदयिक श्राद्ध, स्वस्तिवाचन गरिन्छ। यसै गरी पतिले सन्तानको चिरायुको कामना गर्दै पत्नीको कपाल सम्याउँछ। कपाल सम्याउँदा कुशको पवित्र, तीन ठाउँमा सेतो भएको दुम्सीको काँडो, उशीरको डाँठ, धागोले वनेको कतुवा पनि मन्त्रसहित प्रयोग गरिन्छ। वावुआमाको प्रभाव छोराछोरीमा पर्ने कुरा मनोवैज्ञानिक तथ्य हो। यसलाई आजको सभ्य समाजले स्वीकार गरेको छ। महाभारतकालमा अभिमन्युले चक्रव्यूह तोड्ने ज्ञान गर्भमा भएकै वेलामा सिकेको कुरा वर्णित छ। अन्य कुरालाई वास्ता नगरे पनि गर्भस्थ शिशुलाई आमाको हाँसो, दु:ख, रोग, पीडा आदि कारणले असर पर्ने कुरा चाहिँ तथ्य हो। यसै कारण गर्भिणीले

१४२. षष्ठेऽष्टमे वा सीमान्तः। याज्ञ., १।११

रुखमा चढ्न नहुने, पहाड चढ्न नहुने, समुद्रमा विनाशकारी पिचाशिनीहरूको वास हुने हुँदा त्यहाँ गर्भिणी गएमा गर्भनाश गरिदिने कुरा पनि मार्कण्डेय पुराणमा उल्लेख भएको छ। गर्भको सुरक्षा र गर्भिणीको क्षमता हेरी मनोवैज्ञानिक किसिमको धर्मलाई प्रस्तुत गरिएको यसवाट देखिन्छ। यसअनुसार अपवित्र स्थानमा वस्न हुन्न, वालुवामा वस्नु हुन्न र समुद्रमा नुहाउनु हुन्न भनिएको छ। मत्स्यपुराणले कुखुराको जस्तो टुक्रुक बस्ने, घोडामा चढेर हिंड्ने, दिउँसो सुत्ने, रातमा अनिदो वस्ने, दुःख-पीर मनमा लिने, पहाड चढ्ने, ज्यादा तातो खाने, वासी खाना खाने आदि कुरावाट विलकुल टाढा रहनुपर्ने कुरा उल्लेख गर्दछ।

पारस्कर गृह्यसूत्रले कपाल काट्ने, मैथुन गर्ने, तीर्थ गर्ने काम पतिले पनि गर्न नहुने कुरा वताएको छ। सात महिनापछि श्राद्ध गर्न पनि वन्देज छ। यो संस्कार गर्दा डुम्रीको डाँठका सट्टा जौको वाला प्रयोग गर्ने विधान वौधायनले वताएका छन्।[१४३] यो संस्कार गर्दा वीररसको विभिन्न मन्त्र गाउने चलन पाइन्छ। शिशुको मानसिक वलको विकास गर्नलाई यसो गरिएको अनुमान गरिन्छ। निराहार वसेकी गर्भिणी तारा दर्शन नभएसम्म मौन रहनु पर्ने र तारा दर्शन भएपछि गाईको वाच्छोलाई पुरुप सन्ततिको प्रतीक मानेर छुने चलन भएको पाइन्छ। यसपछि मन्त्रोच्चारणवाट मौनता भङ्ग हुने कुरा उल्लेख भएको पाइन्छ। चलनअनुसार यो संस्कार गर्दा निधारको सीधावाट गर्भिणीको कपाल कोरर सम्याउँदै पतिले एकै ठाउँमा लगी जुरो वनाउने चलन छ।

वस्तुवादी दृष्टिकोणले पनि सीमन्तोन्नयनको मनोवैज्ञानिक तथा सांस्कृतिक पक्षलाई स्वीकार गर्नुपर्छ। किन कि सांस्कृतिक परम्पराले वच्चाको सर्वाङ्गीण विकासमा पूर्ण रूपमा प्रभाव पारिरहेको हुन्छ। आज नेपाली द्विज समूहले यो संस्कारका प्रत्येक कर्मलाई सम्पन्न गर्छन् भन्न सकिन्न, तर यस संस्कारका वैज्ञानिक तथ्यहरू अझ पनि सम्पूर्ण समाजले स्वीकार गरिरहेको पाइन्छ। मनोवैज्ञानिकहरूले यसै कुरालाई शास्त्रीय रूप दिएको हुनाले पनि आर्यहरूको पुरातन सोचाइलाई मान्यता दिएको पाइन्छ।

४. जातकर्म

जातकर्म संस्कार वालक जन्मनेवित्तिकै सम्पन्न गरिने संस्कार हो। यसको पनि आफ्नै महत्त्व छ। आज पनि वच्चाको सालनाल काटेर सफासुग्घर पार्ने, मुख हेर्ने तथा सुत्केरीलाई छुट्टै वस्ने, सुत्ने, एकान्त र हावा ज्यादा नलाग्ने सुरक्षित स्थानको वन्दोवस्त सम्भव भएसम्म सवैले गर्छन्। यो आवश्यकतालाई आर्यहरूले

---

१४३. वौ., १।१०।८

वुझेर नै संस्कारको रूपमा जातकर्मलाई मान्यता दिएको पाइन्छ। यो संस्कारको पुरानो समयदेखि नै चलन रहेको कुरा अथर्ववेदको १।११ सूत्रमा सरल र सुरक्षित प्रसवका निमित्त नारीलाई सक्षम वन्न गरिएको प्रार्थनावाट अवगत गर्न सकिन्छ। वालकले जन्म लिएपछि भूतप्रेत आदिलाई हटाउन आगो वाल्ने, अनेक विधिविधानअनुसार देवीदेवताको पूजा गर्ने गरिन्छ। जसका कारण नवजात शिशु निरोगी होस् भन्ने कामना गरिन्छ।

यो संस्कार गर्दा वावुले साँहिली औँलाले सुनको चम्चाद्वारा वालकलाई मह र घ्यू चटाउँछन्। त्यस वेला गायत्रीमन्त्रको उच्चारण गरिन्छ। यसको मतलव वालकको वौद्धिक विकास गर्नु हो। सुश्रुतमा घ्यूको महिमा ज्यादै रहेको वताइएको छ। संसारमा आएको नयाँ सन्ततिलाई वँचाउनु, स्थानीय र मौसमअनुसारको हावापानीमा वाँच्न सक्ने गराउनु यो संस्कारको उद्देश्य हुनाले नवजात शिशुलाई घ्यू र मह चटाउने परम्परा रहेको हो। सुरक्षाको पूर्णतया वन्दोवस्त गर्न नसकेमा पनि यसवाट केही फाइदा हुने र सर्वसुलभ हुने हुनाले जनप्रिय भएर अझै यो मह र घ्यू चटाउने परम्परा छँदैछ। यस्तै पाचनशक्ति, स्मृति, तेज, वीर्यको वृद्धिमा पनि घ्यूको महिमा उल्लेख्य छ। दीर्घ जीवनको कामना गर्दै वावुले कानमा दीर्घायु भएका वस्तुको नाम लिन्छन्। प्राकृतिक वस्तुहरू पर्वत, समुद्र, वन, नदी, यज्ञ आदिको नाम लिने चलन पाइन्छ। खास गरी प्रवल होस् भनी प्रतिच्छ्वास, उच्छ्वास, निश्वास आदि शव्द पुरोहितद्वारा सुनाउने चलन पाइन्छ। यस्ता शव्दहरू वावुले पनि चारैतिर घुमेर वच्चालाई सुनाउँछन्। वावुले वालकलाई सय वर्षको आयुको आशीर्वाद दिन्छन्।[१४४]

यी धार्मिक विधिका अतिरिक्त नाभि काट्ने, दूध चुसाउने काम आमाले गर्छिन्। प्रसूता स्त्रीको नजिकै स्थापित पूर्ण जलकुम्भको प्रार्थना गरिन्छ। खरावी हटाउने प्रतीकको रूपमा यसलाई हेरिएको देखिन्छ। यस्तै हवन हुन्छ। जसको ध्येय खरावी हटाउनु हो। पुत्र जन्म भएको दिन दान गर्दा अक्षय लाभ हुने कुराको पनि उल्लेख छ। यसको पुष्टि पहिल्यै गरिने जातकर्मका व्राह्मण दानकर्मवाट अवगत हुन्छ। यो संस्कार गर्नुभन्दा पहिले एक महिनादेखि तयार गर्नुपर्ने चलन रहेको पाइन्छ। सूतिकाभवन नैऋत्य दिशामा हुनुपर्ने जनाइएको छ। कोठाको ताप वढाउन अग्नि प्रदीप्त गरिने परम्परा अतीत कालमा भएको पाइन्छ। भूतप्रेतको निवारणका निमित्त धान र सर्स्यूँको वीउको पनि हवन हुन्थ्यो। वीरमित्रोदयले पनि यो संस्कारलाई नाभी वर्धनपछि न्वारानपूर्व गरिने संस्कार मान्नुका साथै मह खुवाउने कुरा लेखेको छ। वालकको मुख देखिएपछि पितृऋणवाट वावु मुक्त हुने हुनाले सन्तानको मोहले लोभ्याउने कारण यो संस्कार विशेष महत्त्वपूर्ण हुन गएको हो।

१४४.पार., १।१६।१३

५. नामकरण

नामको महत्त्व जति छ आवश्यकता त्योभन्दा कम छैन। नाम नभए संसार अँध्यारो हुन्थ्यो होला। ज्ञानीको, अज्ञानीको केही मतलव नहुने हुन्थ्यो। कसैलाई नमीठो गरी बोलाउँदा रीस उठ्छ, चाहे उसकै नामले बोलाइएको होस्। यसर्थ राम्रो र शुद्ध शव्दमा नाम बोलाएको सवैले सुन्न चाहन्छ। राम्रो र नराम्रो काम गर्नेको कीर्ति वा अपकीर्ति पनि नामवाटै हुने हुनाले आर्यहरूले नाम जुराउने कार्यलाई ठूलो महत्त्व दिएका छन्। यो संस्कार आज पनि आर्य-मर्यादाको रूपमा प्रत्येक द्विज परिवारमा सम्पन्न हुन्छ। न्वारान नगरेसम्म मानिसको सामाजिक वहिष्कार हुन्छ। मौलिक हकको सदुपयोग गरेर ऊ जतिसुकै सम्पन्न र योग्य किन नहोस्, लोग्नेको टुङ्गो नभएकी स्वास्नीमानिसको सन्तानको न्वारान गरिँदैन। यस्तो वेवारिसलाई समाजले आफ्नो जातीयताभित्र गणना नगर्ने हुँदा यो संस्कार ज्यादै आवश्यक ठानिएको हो। बृहस्पतिका अनुसार सम्पूर्ण व्यवहारको हेतु नाम नै हो, राम्रो-नराम्रो कार्यको हेतु पनि यही हो। कीर्ति वा यशको भागी पनि नाम हो। यस कारण नामको ठूलो महत्त्व छ। नामकरणको चलन ज्यादै पुरानो हो। वैदिककालदेखि नै एउटा सम्वन्धित व्यक्तिको नाम हुने तथा आमाको नाताले अर्को नाम पनि व्यवहार गरिने चलन भएको पाइन्छ। गङ्गाको छोरो गाङ्गेय, कुन्तीको कौन्तेय वा यस्तै आमाको नाताले हुने नाम व्यवहार गरिन्थे। सर्वप्रथम संस्कारको रूपमा नाम राख्ने विधानको चर्चा चाहिँ शतपथ ब्राह्मणमा उल्लेख भएको छ।[१४५] यो संस्कारको विधान पूरा गर्दा अग्नि वालेर यज्ञको रूपमा अग्निस्थापना गरी इष्ट देवतालाई आहुति दिइन्छ। जन्मेको ११ औँ दिनमा यो संस्कार सम्पन्न हुन्छ। परिवारका सदस्यहरूको नुहाउने, जनै फेर्ने र गहुँत खाएर शुद्ध भएपछि प्रसूतालाई पनि सोहीअनुसार शुद्धीकरण गरी न्वारान गरिन्छ। यो संस्कारको मुख्य लक्ष्य सुत्केरी र वालकलाई शुद्ध गरेर घरमा छुवाछूतको भाव हटाउनु तथा परिवारको सूतक पनि हटाई धार्मिक कार्य, पाठपूजा फुकाउनु हो। २१ दिनसम्म सुत्केरीले पानी छुन हुन्न भन्ने चलन समाजमा छ। ठ्यासफूअनुसार जन्मेको छैटौँ दिनमा नेवारहरूको जन्मकुण्डली वनाउने तथा नाम कर्म हुने कुरा उल्लेख भएको पाइन्छ। अन्य जातिमा पनि छैटी कर्म गर्ने भनी घरमा सफासँग लिपपोत गरेर वत्ती वाल्ने तथा घरको श्रीसम्पत्ति देखिने गरी राख्नुका अतिरिक्त अदृश्य शक्तिले वालकको भाग्यरेखा कोर्ने दिन मानेर विशेष अनुग्रह प्राप्त हुने दिनको रूपमा स्वीकार गरिन्छ।

नामकरणसंस्कार कुन दिन गर्ने भन्ने विषयमा मतभिन्नता रहेको पाइन्छ। गोभिल गृह्यसूत्रमा दसौँ, वाह्रौँ, वाइसौँ दिनमा अथवा प्रथम वर्पान्तमा गर्ने विधान

---

१४५. शत., ६।१।३।९

छ भने वृहस्पति दस, बाह्र, तेह्र, सोह्र, उन्नाइस र बत्तीसौँ दिनमा गर्नुपर्ने कुराको उल्लेख गर्दछन्। यो संस्कारमा नाम कस्तो राख्ने भन्ने विषयमा विशेष चर्चा पाइन्छ। यसबारे चर्चा गर्नु उपयुक्त हुनेछ। पारस्कर गृह्यसूत्रले नाम चयन गर्दा व्यञ्जनाबाट सुरु भएको दुई, चार अक्षरको स्वर अथवा विसर्गान्त हुनुपर्छ भनी उल्लेख गरेको छ।[१४६] पिताले नाम राख्नुपर्ने उल्लेख भएको पाइन्छ। वशिष्ठले चार अक्षरको नाम हुनुपर्ने कुरा जनाएका छन्। उनले लकार र रेफलाई भने नाममा सामेल नगर्न भनेका छन्। बालिकाको नाम विषम अक्षरको हुनुपर्ने तथा आकारान्त र ताडित प्रयुक्त हुनेपर्ने वा तीन अक्षरको इकारान्त हुनुपर्ने कुरा पनि उल्लेख भएको छ। मनुले ब्राह्मणको मङ्गलवाचक, क्षत्रियको बलवाचक, वैश्यको धनयुक्त, शूद्रको दासयुक्त हुनुपर्ने भनेका छन्। उनले ब्राह्मणको नामको अन्त्यमा शर्मा, क्षत्रीको वर्मा, वैश्यको भूति, शूद्रको नामको अन्त्यमा दास जोड्नुपर्ने भनेका छन्। स्त्रीहरूको नाम सुखसँग बोलाउन सकिने, क्रूरता नदेखिने, सफा, सुन्दर र मिलेको हुनुपर्ने कुरा उल्लेख गरी कोमलतालाई जोड दिएका छन्।[१४७] नामहरूको चयन प्रसङ्गमा चार किसिमका नामको उल्लेख भएका र चार किसिमले विधान गरिने कुरा पनि हिन्दूदर्शनबाट अवगत गर्न सकिन्छ। यस्ता नामहरूमा नक्षत्रअनुसार जुराएर राखिने नामहरू, महिनाका देवताको नामअनुसार राखिने नामहरू, कुलदेवताका अनुसार तथा लौकिक चलनअनुसार राखिने नामहरू प्रसिद्ध रहेको पाइन्छ।

(क) नक्षत्रअनुसार नामकरण गर्दा जन्मिएको राशि मिलाएर नाम जुराइन्छ। यसमा अक्षरलाई प्रधानता दिई अक्षरबाट जुनसुकै नाम पनि राख्न सकिन्छ। यसमा नक्षत्रका देवताअनुसार पनि नाम राखिन्थ्यो तर अब यो चलन छैन। नक्षत्रका देवताअनुसार नाम राख्दा यस प्रकार निर्धारण हुन्छ : (१) अश्विनी नक्षत्रमा अश्विन (२) भरणिमा यम (३) कृत्तिकामा अग्नि (४) रोहिणीमा प्रजापति (५) मृगशिरामा सोम (६) आर्द्रामा रुद्र (७) पुनर्वसुमा अदिति (८) पुष्यमा बृहस्पति (९) अश्लेषामा सर्प (१०) मघामा पितृ (११) पूर्वफाल्गुणीमा भग (१२) उत्तरफाल्गुणीमा अर्यमन् (१३) हस्तामा सविता (१४) चित्रामा त्वष्ट्रा (१५) स्वातिमा समीर (१६) विशाखामा इन्द्राणि (१७) अनुराधामा मित्र (१८) ज्येष्ठामा इन्द्र (१९) मूलमा राक्षस (२०) पूर्वाषाढामा जल (२१) शतभिषामा विश्वेदेवा (२२) श्रवणमा विष्णु (२३) घनिष्ठामा वसु (२४) शतभिषामा वरुण (२५) पूर्वभाद्रपदमा अजैकचन्द्र (२६) उत्तरभाद्रपदमा अहिर्बुध्न्य (२७) रेवतिमा पूषन्बाट नाम रहन्छ। नक्षत्र जुराउँदा भने पञ्चाङ्गअनुसार नक्षत्रको अक्षर र दिनको तिथि, पला तथा जन्मेको समयलाई भिडाउँदा जस्तो जुर्छ सोअनुसार नाम राखिन्छ।

---

१४६. पार., १।१७।१
१४७. मनु., २।२३-३३

(ख) महिनाका देवताको नामबाट नाम जुराउँदा माघमा जन्मेका कृष्ण, फाल्गुणमा भए अनन्त, चैतकालाई अच्युत, वैशाख-चक्री, ज्येष्ठ-वैकुण्ठ, आषाढ-जनार्दन, श्रावण-उपेन्द्र, भाद्र-यज्ञपुरुष, आश्विन-वासुदेव, कार्तिक-हरि, मार्ग योगीराज, पौष पुण्डरीकाक्ष भनी नाम राख्नुपर्ने हुन्छ।

(ग) कुलदेवताअनुसार नाम राख्दा कुलदेवताले आफ्नो वंशरक्षा गर्ने ध्येय लिइन्थ्यो। इन्द्र, सोम, वरुण, प्रजापति आदि वैदिक देवता अथवा राम, गणेश, शङ्कर आदि पौराणिक नाम पनि कुलअनुसार रहन सक्ने चलन छ।

(घ) लौकिक नाम सुन्दा राम्रो हुने, आफ्नो परम्परा तथा मर्यादाअनुसार राख्ने गरिन्छ। स्त्रीलाई ईकारान्त वा आकारान्त तथा पुरुषलाई देवताको नामबाट लौकिक नाम राखिन्छ। आजभोलि अधिकांश लौकिक नामको चलन छ तर नक्षत्रअनुसार जुराएर मुख्य नामचाहिँ सवै द्विजातिमा राखिने चलन छ। राई, लिम्वूहरू अथवा दमाईं, कामीहरू जन्मेको वारअनुसार पनि नाम राख्ने गर्दछन्। आइतवार जन्मेमा आइते, वुधवार जन्मेमा वुधे, मङ्गलवार जन्मेमा मङ्गले आदि। ठाउँअनुसार पनि निम्न जातिकाहरूको नामकरण हुन्छ। जस्तै– जस्केलामा पाएको भए जसे आदि। शरीरअनुसार पनि नाम राख्ने चलन समाजमा छ। शरीरमा भएका विशिष्ट चिह्नहरूबाट पनि नाम राखिन्छ। जस्तै– लुर्की भुन्डिएकालाई लुर्के, हातखुट्टा विग्रिएकालाई कुँजे आदि। यसवाहेक अत्याधुनिक रूपमा विदेशी सभ्यताको अनुकरणले मानिसको नाम राख्ने गरेको पाइन्छ। यस्ता नाममा डाइमन, पिटर, ववी आदि। यस प्रकार नामकरणसंस्कारमा एकता रहे पनि नामकरणमा विविधता पाइन्छ।

६. निष्क्रमण

वालकलाई सूर्यदर्शन गराउने संस्कार निष्क्रमण हो। सूतिकागृहमा केही दिनसम्म वसेर वालक जव संसारको हावापानीमा केही रूपमा रहन र सहन सक्ने हुन्छ तव उसलाई सूतिकागृहभन्दा वाहिरको वातावरणसँग पनि परिचित गराउनु आवश्यक हुन्छ। यो संस्कारको मुख्य उद्देश्य वालकलाई खुला हावामा राखेर त्यससँग परिचित गराई हुर्कनमा मदत पुऱ्याउनु हो। वैदिककालमा यो संस्कारको चर्चा भएको पाइँदैन। स्मृतिकालमा यस संस्कारलाई मान्यता प्राप्त भएको देखिन्छ। नामकरण भइसकेको शिशुको वाह्रौं दिनदेखि चौधौं दिनसम्ममा यो संस्कार सम्पन्न हुने विधान छ तापनि सुविधा हेरेर आजभोलि यो संस्कार नामकरण भएकै दिन विशेष विधि नगरी सूर्यदर्शन गराएर सम्पन्न गर्ने चलन छ। भविष्य पुराण तथा वृहस्पति स्मृतिमा वाह्रौं दिनमा यो संस्कार गर्नुपर्ने कुरा उल्लेख भएको छ। तेस्रो

महिनामा सूर्यदर्शन र चौथो महिनामा चन्द्रदर्शन गराउनुपर्छ। आश्वलायनले अन्नप्राशनसँगै यो संस्कार गर्ने पनि भनेका छन्। मनु चौथो महिनामा निष्क्रमण संस्कार गर्नुपर्छ भन्दछन्।[१४८]

वालकलाई धाईद्वारा सूर्यदर्शनार्थ घरवाहिर लानुपर्ने कुरा विष्णुधर्मोत्तरले वताएको छ, तर सामान्य परिवारले धाईद्वारा गराउनु असम्भव हुनाले यस्तो चलन प्रायः नगण्य नै छ। यो संस्कार मातापिताद्वारा सम्पादन गरिन्छ तापनि मुहूर्त-सङ्ग्रहले माताद्वारा शिशुलाई सूर्यदर्शन गराउनुपर्ने उल्लेख गरेको छ।

विधिविधानको विशेष उल्लेख नभए पनि यो संस्कार गर्दा पहिले घरको आँगनमा गोवरले लिपेर पवित्र पारिन्थ्यो। यसमा स्वस्तिक चिह्न वनाई विभिन्न अलङ्करणसहितको शिशुलाई सो पवित्र स्थलमा ल्याएर राखिन्थ्यो र देवपूजाविधि सम्पन्न गरिन्थ्यो। चन्द्र, सूर्य, वसुदेव, आकाशलगायत अष्टलोकपालको स्तुति गरिन्थ्यो। वालकलाई घरवाट वाहिर ल्याउँदा वैदिक मन्त्र तथा शङ्ख ध्वनि गर्ने परम्परा पनि पुरातन समयमा भएको पाइन्छ। वृहस्पति स्मृतिमा उल्लेख भएअनुसार लिपेर पवित्र पारेको ठाउँमा वालकलाई राखेर रक्षाविधि गर्नुपर्ने तथा पिताले मृतसञ्जिवनी मन्त्र 'त्र्याम्वकं यजामहे' को जप गर्नुपर्ने विधान छ। यसवाहेक वालकलाई विभिन्न उपहार र खेलौना दिइने तथा शिव र गणेशको पूजा गरेर सूर्यदर्शनको कार्य सम्पन्न गरिन्छ। विशेप विधि-विधानसहित सूर्यदर्शन गराएर घरवाहिर पनि जान पाउने सुविधा दिने यो संस्कार वढ्दो वालकको भौतिक आवश्यकताअुरूप आर्यहरूले सम्पादन गर्ने गरेको पाइन्छ। यसको सामान्य विधि मात्र वाँकी रहेको कुरा माथि उल्लेख भइसकेको छ। विधानमा कमी हुनु सामाजिक परिवर्तनको क्रम नै हो।

७. अन्नप्राशन

भौतिक आवश्यकताको परिपोपक अन्नप्राशन संस्कार नेपालमा जातीयताको घेराभित्र सीमित छैन। प्रत्येक वर्गका मानिसले यो संस्कार गर्दछन्। यो संस्कारको विधि विशेष सम्पादन नगरे पनि प्रायः छैटौं महिनामा सम्पादन भएको पाइन्छ। यसको पुरातन मान्यता हेर्दा वेदमा खाद्यवस्तुको स्तुति पाइन्छ।[१४९] यस्तै उपनिषद्मा पनि अन्नप्राशनको चर्चा पाइन्छ।[१५०] सूत्रकालमा आएर कर्मकाण्डको रूपमा यो संस्कारले स्थान पाएको देखिन्छ। याज्ञवल्क्यले छैटौं महिनामा यो संस्कार गर्नुपर्ने

---

१४८. मनु., २।३४
१४९. यजु., १८।३३
१५०. नैत्ति., ३।७९

बताएका छन् ।[१५१] गृह्यसूत्रहरूले प्रायः छैटौं महिनामा नै यो संस्कार गर्ने सम्मति देखाए पनि वीरमित्रोदयमा आठौं महिना, बाह्रौं महिना वा दाँत निस्केपछि यो संस्कार गर्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ ।[१५२]

अन्नको जरुरत भएपछि बालकलाई दूधका साथै पदार्थ पनि खुवाउन प्रारम्भ गरिने यो संस्कार आ-आफ्नो परिवारको पृष्ठभूमि अनुकूल खाद्यपदार्थ खुवाई सम्पन्न गरिन्छ । विभिन्न खाद्य तथा स्वादका पदार्थ दिनुपर्ने भन्ने गृह्यसूत्रमा उल्लेख भएको पाइन्छ । यसको विपरीत मार्कण्डेय पुराणले मह तथा घ्यू खीरका साथमा खुवाउने विषयमा प्रकाश पारेको छ । छैटौं महिनादेखि बालकलाई ठोस खाना हुनुका साथै हितकारी हुनुपर्ने उल्लेख सुश्रुतले गरेको छ ।[१५३] विधि-विधानको विशेष चर्चा नभए पनि अग्निस्थापना गरी मन्त्रपूर्वक कुलदेवता तथा अन्य देवताका निमित्त यज्ञद्वारा आहुति गरिन्छ । वाग्देवताको प्रार्थना गरेर अन्नप्राशन गराइन्छ । यसपछि ब्राह्मणलाई भोजन, दक्षिणा, दान गरेर यो संस्कार सम्पन्न गरिने प्राचीन परिपाटी अझै कायम रहेको पाइन्छ ।

मल्लकालमा यो समारोह विशेष खुंसीयालीसँग मनाइने तथा भात, दाल, तरकारीलगायत दही खुवाउने चलन भएको देखिन्छ । यो कुरा तात्कालिक ठ्यासफूबाट ज्ञात हुन्छ । यो समयमा गृह्यमातृका बसुन्धरा तथा उष्णीषविजया-नामक देवीको पूजा गरेर मनाउने चलन रहेको देखिन्छ । यसै गरी उन्नाइसौं र एक सय उन्नाइसौं वर्षमा पनि अन्नप्राशन समारोह गरिने चलन रहेको पाइन्छ । क्रमशः भीमरथ तथा महारथनामक रथमा राखी वृद्धलाई समारोहपूर्वक सहर परिक्रमा गर्ने चलन सो बेलामा रहेको देखिन्छ ।

वर्तमान समयमा अन्नप्राशनसंस्कार विभिन्न जातिमा आफ्नै किसिमले गरिन्छ तर पनि महत्त्वपूर्ण चलनचाहिँ के छ भने यो संस्कारद्वारा बालकको वृद्धिसँगै सोअनुसार नै उसलाई भोजन दिइनुपर्ने कुरा सङ्केत गरेको थाहा पाउन सकिन्छ । सामाजिक चलनअनुसार निर्धारित दिनमा सकभर पवित्र पर्व पारेर अन्नप्राशन समारोह मनाइन्छ । यस अवसरमा मान्यजनहरू बोलाएर औपचारिक समारोह गर्ने तथा भोज गर्ने एवं निम्तालुहरूले बालकलाई विभिन्न उपहारसहित खेलौनाहरू दिने चलन पनि समाजमा निकै चल्ती छ । अन्न खुवाउँदा प्रायः सम्पूर्ण किसिमका खाद्य सामग्री सङ्कलन गरेर शिशुका निमित्त खाना तयार पारी पात्रमा राखिन्छ । यसै गरी शिशुको चारैतिर विभिन्न हतियारहरू तथा विभिन्न कार्यको प्रतिनिधित्व गर्ने सामान

१५१. याज्ञ., १।१२
१५२. वीर. मित्रोदय, संस्कारप्रकाश
१५३. सुश्रुत. शरीरस्थानम्, १०।६४

राखिन्छन् । शिशुले जुन चीजलाई बढी रुचाउँछ उसको झुकाव पछि त्यसैतिर हुने कुराको अनुमान गरिन्छ । मानौं किताव खेलाउन चाह्यो भने पढाइमा दक्ष होला त हतियारमा लोभियो भने बहादुर भएर योद्धा हुने कुराको अनुमान गरिन्छ ।

८. चूडाकर्म

कपाल ज्यादा लामो हुनु बालकका निमित्त शोभाजनक होइन तर बालिकालाई लामो कपाल शोभादायक ठहर्छ । यसको सम्भार गर्नुचाहिँ आवश्यक कुरा हो । आजभोलि सबै जातिमा चूडाकर्म विधि-विधान नगरिए पनि सामाजिक रूपले कपाल काट्ने तथा छेवर गर्ने अनुरूप सबै जातिका बालकको आ-आफ्नो धार्मिक विचारअनुसार सम्पन्न गरिन्छ । बालकलाई खानेकुरा हातमा राखेर खुसी राख्ने र बिस्तारै कैंचीले नदुखाईकन कपाल काटेर यो संस्कार सम्पन्न हुन्छ । यो संस्कारको सांस्कृतिक पक्षचाहिँ शारीरिक रूपले उचित वेला भएपछि कपाल काटेर गर्भे रौं हटाई नयाँ रौं पलाओस् र स्वच्छ किसिमले बालकको शारीरिक विकास हुन सकोस् भन्ने नै हो । ज्यादा लामो कपाल स्याहार गर्न गाह्रो हुने मात्र होइन शारीरिक स्फूर्ति तथा भद्रतामा पनि लोग्नेमानिसलाई स्वास्थ्यकर मान्न सकिन्न । लट्टा पर्ने, जुम्रा पर्ने वा लिखा पर्ने भयो भने त झन् अनर्थ नै भयो । यसर्थ प्रत्येक कुमार शिशुको छेवर गर्ने चलन आर्यहरूले पहिलेदेखि नै चलाएको पाइन्छ । इतिहासमा पनि यस समारोहको चर्चा पाइन्छ । ने.सं. ७८६ ज्येष्ठकृष्ण अष्टमीमा राजा रणजित् मल्लको छोराको चूडाकर्मको उपलक्ष्यमा ललितपुरका राजा श्रीनिवास मल्लको पनि उपस्थिति भएको कुरा अभिलेखहरूमा पाइन्छ ।

प्राचीन हिन्दू ग्रन्थहरूलाई केलाएर हेर्ने हो भने बालकको दीर्घायु, सौन्दर्य वा कल्याणका निमित्त यो संस्कार गरिने कुराको उल्लेख भएको पाइन्छ ।[१५४] सुश्रुतले कपाल तथा नङ काट्नाले हर्ष, लाघव, सौभाग्य तथा ऐश्वर्यको वृद्धि हुने कुरा जनाएको छ ।[१५५] गृह्यसूत्रमा यो संस्कार गर्दा प्रयोग गरिने मन्त्रहरू वेदमा आधारित भएका देखिन्छन् । अथर्ववेदमा शिर भिजाउने वारेको मन्त्र प्राप्त हुन्छ ।[१५६] यजुर्वेदमा छुराको स्तुति गर्दै भनिएको छ : 'नामले तिमी शिव हौ, फलाम तिम्रा पिता हुन् । तिमी वालकको क्षति नगर म तिमीलाई नमस्कार गर्छु ।'[१५७] प्राचीन समयमा वावुले शिशुको कपाल काट्ने चलन रहेको देखिन्छ ।

---

१५४. आपस्तम्व गृह्यसूत्रम्, १।१७।१२
१५५. पाप्मोपशमनं केशनखरोपमार्जनम् ।
हर्पलाघवसौभाग्यकरमुत्साहवर्धनम् । सुश्रुत. चिकित्सास्थानम्, २४।७३-७४
१५६. अथर्व., ६।८।१।
१५७. शिवो नामासि स्वधितिस्ते पिता नमस्ते अस्तु मा मा हिंसीः । यजु., ३।६३

पारस्कर गृह्यसूत्रअनुसार पहिलो वर्ष समाप्त भएपछि तेस्रो वर्ष नपुग्दै यो संस्कार गनुपर्ने देखिन्छ।[१५८] मनुले द्विजातिको धर्मका निमित्त चूडाकर्म गर्नुपर्ने तथा पहिलो वा तेस्रो वर्षमा यो कर्म गर्नुपर्ने कुरा उल्लेख गरेका छन्।[१५९] आश्वलायन तेस्रो वर्षमा वा कुलधर्मअनुसार चूडाकर्म गर्नुपर्छ भन्ने पक्षमा सहमत छन्। संस्कारको रूपमा यो कर्म गृह्यसूत्रवाट नै प्रारम्भ भएको देखिन्छ। वीरमित्रोदयले आश्वलायनको मत उद्धृत गर्दै तेस्रो वा पाँचौं वर्षमा गर्ने विधान उल्लेख गरेको देखिन्छ। यस्तै सातौं वर्षपूर्व वा उपनयनसँग यो कर्म गरे पनि हुने कुरा आश्वलायनले वताएको देखिन्छ। नारदले १०।११ वर्षमा गर्न हुने भनेका छन्। यो कर्म गर्दा उत्तरायण भएको हुनुपर्ने विधान छ। राजमार्तण्डअनुसार पौष र चैत्रमा वर्जित छ भने सारसङ्ग्रहअनुसार ज्येष्ठमा यो संस्कार गर्न नहुने भनिएको छ। आमाको काखमा रहुन्जेल वालकको चूडाकर्म गर्नलाई बृहस्पतिको राय प्रतिकूल रहेको पाइन्छ। पहिले सधैं छुराले कपाल काटिन्थ्यो तर अब छुरा लगाउने चलन व्रतवन्धमा मात्र सीमित रहेको छ।

यज्ञमा हवानादि विधि गरेर यो संस्कार गर्ने विधान देखिन्छ। यो संस्कारमा वालकको टुपी राखिन्छ। कपालको वीच भागमा केही रौं छाडेर कपाल काट्ने चलन नै टुपी राखिने चलन हो। सन्यासी तथा वौद्धहरूको नियम विपरीत गृहस्थ धर्म स्वीकार गर्ने हिन्दू विधानको द्योतकका रूपमा यसलाई स्वीकार गरिएको देखिन्छ। शिखा र जनै नभएको व्यक्तिले गरेको कर्म उचित नहुने कुरा उल्लेख गरिएको पाइन्छ। रिसले, खुसीले या अनजानमा जसले शिखा काट्छ उनीहरूको शुद्धीकरण गर्नुपर्ने आवश्यकता देखाइएकाले पनि शिखा (टुपी) को विशेष महत्त्व रहेको देखिन्छ। विधि-विधानका वारेमा पनि यो संस्कारको विस्तृत नियम छैन तर सामान्य नियम छ। यसअनुसार सङ्कल्प गर्ने, गणेशको पूजा, मङ्गल श्राद्ध आदि गरिन्छ। हवन गर्ने वेदीको पश्चिमतर्फ आमाले वालकलाई लिएर वस्ने तथा पिताले उसलाई छोएर आहुति गर्नुपर्ने विधि छ। रक्षार्थ तथा सुवीर्यका निमित्त वैदिक मन्त्र पढेर कपाल काट्ने काम हुन्छ। काटेको कपाल गोवरमा हालेर गाड्ने वा वगाउने चलन छ। टुपीको मतलव गर्भान्तरलाई जोगाउनु हो भनी सुश्रुतले विचार प्रतिपादित गरेको छ।[१६०] यस्तै शिखा राख्ने ठाउँलाई कपाल राखेर जोगाउनुपर्छ अन्यथा त्यहाँ प्रहार हुँदा तुरुन्त मृत्यु हुन सक्छ पनि भनिएको छ। यस प्रकार द्विजातिले शिखालाई यसै

---

१५८. पार., २।१।२।

१५९. चूडाकर्म द्विजातीनां सर्वेषामेव धर्मत: ।
प्रथमेऽब्दे तृतीय वा कर्तव्यं श्रुतिचोदनात् ॥ मनु., २।३५

१६०. सुश्रुत: शरीरस्थानम्, ६।८६

संस्कारद्वारा राख्नु धार्मिक आधारले हेर्दा पहिलो र प्राथमिक आवश्यकता देखिन्छ भने शारीरिक सौन्दर्य तथा स्फूर्तिको विकासमा यो संस्कार सहयोगी हुने हुनाले द्विज वटुकका निमित्त मात्र होइन हिन्दू धर्मावलम्वी नेपालीका लागि यो आवश्यक संस्कार मानिएको हो । टुपीको अनिवार्यता भने सबैमा छैन ।

९. कर्णवेध

द्विजातिका वालवालिकालाई कान छेडिदिने चलन प्रायः सम्पूर्ण नेपालीले आज पनि गर्दछन् । यसको उद्देश्य गहना लगाउने चलनलाई प्रोत्साहित गर्ने हो तर पनि सुश्रुतले कान छेड्दा हाइड्रोसिल तथा हर्निया हुनवाट जोगाउँछ भनी उल्लेख गरेका छन् ।[१६१] यसै गरी अर्को ठाउँमा रक्षा र आभूषण लगाउने उद्देश्यले कान छेड्नुपर्छ भनेर पनि उल्लेख भएको पाइन्छ ।[१६२] वेद, पुराण वा गृहचसूत्रहरूमा कान छेड्ने विधान विशेषरूपमा उल्लेख नभएकाले यो संस्कार अलिक आधुनिक हो भन्ने प्रमाणित हुन्छ । कर्णवेधका वारेमा अथर्ववेदको एक सूत्रमा तथा पारस्कर गृहचसूत्र तथा कात्यायन सूत्रमा केही मात्रामा वर्णन पाइन्छ ।

सुश्रुतले शारीरिक सुविधा हेरेर छैटौं वा सातौं महिनामा कान छेड्ने निर्देशन दिएका छन् ।[१६३] क्षमताअनुसार सियो सुनको, चाँदीको वा फलामको भए पनि हुने कुरा वताइएको छ । पुरातन समयमा यसको विधान अनिवार्य भए पनि अब कुमार केटाको कान छेड्ने प्रथा नेपाली समाजमा निकै कम छ । तर केटीहरूको भने अनिवार्य रूपले भनेजसो कान र नाक पनि छेडिन्छ । द्विजातिमा नेवारहरूले नाक छेड्न हुँदैन भनी भन्छन् । अन्य जातिमा पनि कुमारीको प्रायः सबैले कान छेडिदिने र गहना लगाउने चलन पाइन्छ । प्राचीन परिपाटीमा वालकलाई पूर्ण निमुखा गराई मन्त्रपूर्वक कान छेडिने अथवा बालकलाई हातमा खानेकुरा दिई कान छेडिदिनुपर्ने विधान भए पनि यसलाई धार्मिक संस्कारकै रूपमा भने अब अनिवार्य विधान गरिँदैन । सुविधा मिलाएर सानै उमेरमा कान छेडिदिने चलनचाहिँ सबै समुदायमा छ । खानेकुरा दिनुको मतलवचाहिँ खुसी पारेर एकाग्र भएको वालकको कान छेड्न सजिलो हुने हुनाले हो र अझै त्यो चलन सामाजिक रूपमा मान्यताप्राप्त छ ।

१०. उपनयन

उपनयन संस्कार कुमारको संस्कार हो । द्विजातिका कुमारले यो संस्कार अनिवार्य रूपमा गर्नुपर्छ । यो संस्कारको विधि अलिक कठिन छ र सामाजिक

---

१६१. सुश्रुत. चिकित्सास्थानम्, १९।२१

१६२. रक्षाभूपणनिमित्तं वालस्य कर्णौ विध्येते । सुश्रुत. सूत्रस्थानम्, १६।३

दृष्टिकोणले खर्चिलो पनि छ। प्राचीन समयदेखि नै यो संस्कारको प्रचलन भएको हो, किनभने द्विजत्वप्राप्तिको मूल आधार नै यो संस्कार हो। उपनयन संस्कार नगरीकन कोही द्विज हुन अधिकारी हुँदैन। मनुले आमावाट पहिले जन्म हुने तथा उपनयनवाट दोस्रो जन्म हुने कुरा उल्लेख गरेका छन्।[१६४] साथै उपनयन संस्कार नगरी स्रौत वा स्मार्तकर्म गर्ने अधिकार नहुने कुराको पनि उल्लेख गरेका छन्।[१६५] वेदको अध्ययनको अनिवार्यता दर्साउँदै मनुले वेदाध्ययन नगर्ने र अन्य कुराको अध्ययन मात्र गरेमा द्विजत्व प्राप्त नहुने कुरा पनि चेतावनीको रूपमा उल्लेख गर्दछन्।[१६६] यति मात्र होइन चार आश्रममा प्रमुख मानिएको गृहस्थाश्रमको प्रवेशद्वार विवाह संस्कारको अधिकारी हुन पनि द्विजत्व प्राप्त गर्नु अनिवार्य हुनाले यो कर्मको विशेष महत्त्व भएको हो। वैदिककालदेखि नै यो संस्कारको उल्लेख भएको छ र क्रमशः यसको विकास हुँ. आजसम्म सनातन धर्मीको कुमारलाई यो संस्कार गर्न आवश्यक ठानिन्छ। ऋग्वेदमा व्रह्मचर्यको[१६७] तथा उपनयनको[१६८] विपयमा उल्लेख भएको पाइन्छ। अथर्ववेदमा उपनयन तथा गुरुकुलको प्रसङ्ग पाइन्छ।[१६९] वैदिक ग्रन्थअनुसार व्रह्मचारी छात्र हो र आचार्य गुरु हो। आचार्यले व्रह्मचारीलाई तीन रातसम्म गर्भमा राखेर पुनर्जन्म गराई द्विज वनाउँछ, सो हेर्न देवगण पनि उपस्थित हुन्छन् भनी विद्यार्थी र शिक्षकको अन्योन्याश्रित सम्वन्धमा प्रकाश पारेको पाइन्छ।[१७०] यसअनुसार उपनयन शव्दको अर्थअनुरूप व्यवहार भई शिक्षा-ग्रहणलाई प्रमुख स्थान दिइएको र गुरुसमीपमा विद्यार्थीलाई लानु नै उपनयन संस्कारको खास उद्देश्य देखिन्छ। तर हिजो-आज व्रतवन्धमा विद्याध्ययनको पक्षभन्दा मन्त्र सुनाएर जनै लगाउने कार्यलाई प्राथमिकता दिइन्छ। अव त्यस्तो प्रक्रियाले शिक्षा-ग्रहण नगरिने हुनाले उपनयन संस्कारको महत्त्व घटेको हो। वैदिककालमा शिक्षादान, समिधाहरण, मृगचर्मधारण र मेखलाको सम्वन्धमा पनि चर्चा भएको पाइन्छ।

उपनयन शव्दको शाव्दिक अर्थ प्रवेश, सूत्रपात, सुरुआत मन्त्रदान आदि विभिन्न हुन सक्दछ। यो संस्कारको विकासको प्रमुख तीनवटा आशय रहेको छ।

---

१६३. सुश्रुत., सूत्रस्थानम्, १६।३

१६४. मानुरग्रेऽधिजननं द्वितीयं मौञ्जिवन्धने। मनु., २।१६९

१६५. न ह्यस्मिन् युज्यते कर्म किञ्चिदामौञ्जिवन्धनात्। मनु., २।१७१

१६६. योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः। मनु., २।१६८

१६७. ऋ., १०।१०९।५

१६८. ऋ., ३।८।४।५

१६९. ऋ., ११।५।१५

१७०. आचार्य उपनयमानो व्रह्मचारिणं कृणुते गर्भमन्तः।
तं गर्त्रीस्तिस्र उदरे विभर्ति तं जातं द्रष्टुमभिसर्यान्ति देवाः॥ अथर्व., ११।७।३

(१) वाल्यावस्थावाट युवावस्थामा प्रवेश गर्नु (२) जातिरहित स्वतन्त्र जीवनवाट आफ्नो घर-परिवारको जातीयस्थितिमा प्रवेश गर्नु (३) शिक्षाग्रहण गर्न गुरुका समीप जाने शुभ-साइतको प्रतीकका रूपमा स्वीकार्नु। प्राचीनकालमा यो संस्कार मुख्यतः शिक्षा आर्जनका लागि गुरुकहाँ जाने साइतका रूपमा लिइन्थ्यो पछि मात्र जनै लाउने प्रथा जोडियो। प्राचीनकालमा केटा र केटी दुवैलाई यो संस्कार गरिन्थ्यो तर हाल केटालाई मात्र गरिन्छ। सवै जातिमा आ-आफ्नो प्रकारले उपनयन कर्म सम्पन्न गरिन्छ।

ब्राह्मणकाल तथा गृहयसूत्रमा आएर उपनयनको विधि विकास भयो। शतपथ ब्राह्मण[१७१] तथा पारस्कर गृहयसूत्रमा[१७२] यस संस्कारको विस्तृत विधान प्राप्त हुन्छ। चार आश्रमको निर्धारण भएपछि ब्रह्मचर्यमा उपनयनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। छान्दोग्य उपनिषद्ले आचार्यको महत्त्व स्वीकार गरेर 'आचार्यस्तु ते गतिर्वक्ता' भनी उल्लेख गरेको पाइन्छ। प्राचीन आर्यशिक्षा परम्परागत अध्यात्ममूलक थियो। गुरुकुलमा वसेर भिक्षा माग्नु, गुरुलाई होम गर्ने समिधा आदि खोज्नु, अनुशासित जीवन विताउनु, साधा किसिमको खाने-वस्ने व्यवस्थामा सीमित हुनु, स्वावलम्वी वन्नु जस्ता गुणहरू शिक्षार्थीले सिक्नुपर्थ्यो, सिकाइन्थ्यो। यसरी करिव १२-१४ वर्षसम्म विद्यार्थीजीवन विताइन्थ्यो।[१७३] यदाकदा वढी उमेर भएका व्यक्तिहरू पनि शिक्षार्थीको रूपमा गुरुकुलमा रहने परम्परा थियो।[१७४] तर ब्रह्मचर्याश्रममा विद्याध्ययन संस्कारको रूपमा अनिवार्य गराइएको थियो। सैद्धान्तिक शिक्षाका साथै अन्त्यमा घर फर्किने वेलामा द्विजवटुलाई व्यावहारिक ज्ञान सिकाई सामाजिक जीवनयापन गर्न सक्षम वनाई गुरुकुलबाट फिर्ता गराउने चलन थियो।[१७५]

सूत्रकालमा विस्तृत विधानको व्यवस्था भयो। उमेरसम्वन्धी हद तोकियो। गुरु वा आचार्यको छनौट गर्ने, संस्कारको विधि-विधानको निरूपण तथा ब्रह्मचारीलाई आचार्यले ग्रहण गर्ने सम्वन्धमा निर्धारित तरिका अपनाइन लाग्यो। वीरमित्रोदयमा उपनयन शव्दको अर्थ वटुलाई आचार्य समीपमा लैजानु वा पुऱ्याउनु भनिएको छ।[१७६] तर माथि भनेझैं यसमा अव संशोधन भइराखेको अनुभव हुन्छ। आपस्तम्व तथा भारद्वाजले पनि विद्याप्राप्ति नै यो संस्कारको मूल उद्देश्य वताएका छन्। विद्या प्राप्त गर्न इच्छुकलाई श्रुतिअनुसार संस्कार गरिने मानिन्छ।

---

१७१. अथर्व., १।२।१।८८
१७२. अथर्व., २।२।५
१७३. छान्दोग्योपनिषद, ४।३।५
१७४. वृ., ६।१।६
१७५. तैत्ति., १।११

यसपछि प्रस्तुत संस्कारसम्वन्धी आचार्यको छनौट वटुको उमेर तथा संस्कार विधिबारेमा केही निर्धारित तरिका अपनाउन प्रारम्भ भयो। जसअनुसार आचार्यले ज्ञान तथा चरित्रनिर्माणमा पूर्ण सहयोग गर्ने अपेक्षा रहन्थ्यो। आचार्य सत्यवादी, धैर्यशाली, आफ्नो विषयको पारङ्गत, दया गर्ने, सवै प्राणीको रक्षा गर्ने, आस्तिक (ईश्वरमा अनुराग भएको), वेदमा निपुण भएको, वेदाध्ययनमा लाग्ने, शास्त्रार्थ गर्न समर्थ तथा उत्साही व्यक्ति हुनु आवश्यक थियो। यस्ता व्यक्तिवाट उचित ज्ञान र चरित्रनिर्माण हुने हुँदा उनीहरूसँग द्विज कुमारहरूलाई शिक्षा लिन पठाइन्थ्यो। उपनयन संस्कारसम्बन्धी उमेर तथा प्रक्रियावारे तल चर्चा गरिन्छ :

उपनयन संस्कार गर्ने उमेर : ब्राह्मणलाई आठ वर्ष, क्षत्रियलाई एघार वर्ष तथा वैश्यलाई वाह्र वर्ष हुनुपर्ने गृह्यसूत्र तथा स्मृतिकारहरूको विचार छ।[१७७] उमेरबारेमा वैज्ञानिक तथ्यलाई हेर्ने हो भने शिक्षाग्रहण गर्न समर्थ हुने अवधि र मन र मस्तिष्कको एकाग्रता कायम हुनसक्ने जीवनमा प्रवेश गरिसक्नुपर्ने उद्देश्यले निर्धारित अवधिभित्र उपनयन गरिसक्नुपर्ने आर्य धारणा देखिन्छ। यसअनुसार अन्तिम अवधि ब्राह्मणको सोह्र वर्ष, क्षत्रियको बाइस वर्ष र वैश्यको चौवीस वर्ष तोकिएको छ। सोभन्दा पछि उपनयनको महत्त्व नहुने कुरामा सूत्रकार तथा स्मृतिकारको राय मिल्दोजुल्दो देखिन्छ।[१७८] सूत्रकालपूर्व यो संस्कारको अनिवार्यता नभए पनि सूत्रकालदेखि वेदको रक्षा गर्ने ज्ञानको ह्रास हुनुवाट रोक्नेजस्ता मूलभूत लक्ष्य र सनातन धर्म कायम राख्ने गौण लक्ष्यले आर्यहरूले उपनयन संस्कार अनिवार्य रूपले अवलम्वन गर्न थालेको पाइन्छ।

उपनयनको समय : पारस्कर गृह्यसूत्रले उत्तरायणको वेला यो संस्कार गर्नुपर्ने उल्लेख गर्छ भने वौधायनले वसन्त ऋतुमा ब्राह्मणको, ग्रीष्म ऋतुमा क्षत्रियको, शरद् ऋतुमा वैश्यको उपनयन गर्नुपर्छ भनेका छन्।[१७९] विभिन्न महिनामा गरिएको उपनयनको वेग्लावेग्लै प्रभाव पर्ने कुरा उल्लेख गर्दै माघमा गरेमा धनलाभ हुने, फाल्गुणमा गरे वृद्धिवृद्धि हुने, चैत्रमा भएदेखि मेधावी हुने, वैशाखमा धेरै सुख उपभोग गर्न पाउने, ज्येष्ठमा भएमा वरिष्ठ हुने तथा आषाढमा उपनयन हुनेले विजयी तथा पाण्डित्यले सम्पन्न हुने कुरा पनि उल्लेख गरेको पाइन्छ। यी सवै भनाइवाट उत्तरायणमा उपनयन गर्नु नै औचित्यपूर्ण भएको देखिन आउँछ।

---

१७६. वीर. सम्भा. १, पृ. ३३४
१७७. मनु., २।३६, याज्ञ., १।१४
१७८. मनु., २।३८, पार., २।५।३६-३८
१७९. पार., २।२, वौ., ११।५।६

यी सवै कुरा मिलाएर एक वा एकभन्दा बढी द्विज कुमारहरूलाई उपनयन गर्नका निमित्त निश्चित गरिन्छ। विधि प्रारम्भ हुनुअघि मण्डप बनाउने, कुमारलाई बेसार तथा बुकुवा लगाएर नुहाउने कार्यसम्पादन गरिन्छ। आचार्यले मन्त्रपूर्वक कुमारलाई मेखला लगाइदिने अर्को विधान छ। यो संस्कारको प्रमुख कार्य यज्ञोपवीत धारण गर्नु हो। शुद्ध भएर ब्रह्म द्विजत्व प्राप्त गर्न योग्य भएको कुमारलाई जनै लगाइदिइन्छ। काँचो धागोवाट शुद्धसँग शिखा वनाइएको जनै वटुलाई लगाइदिइन्छ। यसको लम्वाइवारेमा विभिन्न विचार भए पनि घाँटीदेखि कम्मरसम्म आउने लम्वाइको जनै लगाइदिने चलन छ। जनै पूर्णिमाको दिन वैदिक मन्त्रद्वारा संस्कार गरिएको अर्थात् मन्त्रद्वारा शुद्ध पारिएको तीन डोराको एक शिखावाला छ डोरा भएको जनै चाहिन्छ। जनै धारण गरेपछि गायत्री जप गर्ने अधिकार हुन्छ। द्विज कुमारलाई उपनयनमा धारण गरिने जनै सत्व, रज र तमोगुणको प्रतिनिधि रूपमा मानेर ऋषिहरूले व्राह्मणका निमित्त सेतो, क्षत्रियका निमित्त रातो र वैश्यका निमित्त पहँलो हुनुपर्ने चलन चलाएका हुन् तर आजभोलि सेतो जनै नै सबैले प्रयोग गर्ने र वैश्य वर्गमा जनै नलगाउने चलन देखिन्छ। जनैको साटो वैश्यहरू काँधमा सफा शुद्ध वस्त्र राखेर जनैको काम लिने गर्दछन्। पारस्कर गृहचसूत्रले आयु, बल र तेजको वृद्धि हुने काममा जनै सहयोगी हुन्छ भनी उल्लेख गरेको छ।[१८०] आसीनका निमित्त मृगचर्म वा वाखाका छालाको एक टुक्रा उत्तरीयमा झुन्ड्याइदिने चलन छ। वैदिक कालमा वाघको छाला पनि प्रयोग गरिन्थ्यो। यसवाट वौद्धिक आध्यात्मिक विकासमा मदत हुने कुरा गोपथ व्राह्मणमा उल्लेख भएकाले यसलाई अध्ययनार्थीको सहयोगार्थ उपयोग गरिएको अनुमान गर्न सकिन्छ।

मन्त्र सुनाउनुपूर्व दण्ड धारण गर्नु द्विजवटुको पवित्र धार्मिक विधि हो। सानो उमेरका वालकलाई गुरुको आश्रमसम्म हिँड्न सहयोगी लठी दिइएको हुन सक्छ। याज्ञवल्क्यले दण्ड, अजीन, जनै तथा मेखलायुक्त वालक गुरुकुलमा रहेर भिक्षाटन र आत्मावलम्वी हुनुपर्ने उल्लेख गरेका छन्। यो दण्ड समिधा वटुल्न र भिक्षाटन गर्न जान पनि सहयोगी हुने हुनाले प्रयोग गरेको देखिन्छ।[१८१] यस्तो लठी व्राह्मणलाई पैयुं वा पलाँसको, क्षत्रीलाई डुम्रीको र वैश्यलाई वेलको आवश्यक हुन्छ। गायत्री मन्त्र सुनाउने उपयुक्त गुरु छानेर वा पुरोहितद्वारा वा वावुले वटुलाई मन्त्र सुनाउनुपर्छ। मन्त्र सुनाउनुपूर्व गुरुले अञ्जुलीमा पानी लिएर वालकलाई राखिदिनुपर्छ। शुद्धताका निमित्त यसो गरिएको हो भनी आश्वलायनले उल्लेख गरेका छन्। यसरी शुद्ध गरेर

---

१८०. यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं परस्तात्।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं वलमस्तु तेजः। पार., २।२।१३

१८१. दण्डाजिनोपवीतानि मेखलां चैव धारयेत्।
व्राह्मणेषु चरेद्भैक्षमनिन्द्येष्वात्मवृत्तये। याज्ञ., १।२९

सूर्यदर्शन गराइन्छ। यो चाहिँ सूर्यको साक्षीत्वमा मन्त्र सुनाउने विधि हो। यसपछि आचार्यद्वारा कुमारको हृदयस्पर्श गरिन्छ। यसको आशय विद्यार्थी र शिक्षकमा एकात्मभाव हुनुपर्ने तथा एकले अर्कालाई परिचित हुने कुरा संस्कारमा विधिपूर्वक गर्नु हो। आचार्यले भन्दछन् : 'म तिम्रो हृदयसँग मेरो मन मिलाउँछु।' विवाहसंस्कारमा झैँ यहाँ पनि अश्वारोहण गराइन्छ जुन शिक्षाप्रति निश्चित भएर लाग्ने तथा अध्ययनबाट नभाग्ने, बीचमा अध्ययन नछुटोस् भन्ने ध्येयले गरिएको हो। अश्वारोहरणमा वाधा-विरोध नाश गर्ने तथा शत्रुको पराजय गर्ने मन्त्र आचार्यले पढ्छन्। अग्नि-प्रदक्षिणा गरेर वेदीमा आहुति गरेपछि आँगनमा कुमारलाई राखिन्छ। निश्चित विषयमा केन्द्रित रहने वाचासहित वटुलाई जल आचमन गराइन्छ। यसमा अनुशासित हुनुपर्छ भन्ने उद्देश्य रहेको अवगत गर्न सकिन्छ।

आचमन गरेर विद्यार्थीलाई शुद्ध गराएर मन्त्र सुनाइन्छ र क्रमशः उच्चारण गराइन्छ। तीन पटक मन्त्रोच्चारण भएपछि आचमनद्वारा यो कार्य समाप्त गरिन्छ। पुनः हवन गरेर मात्र विधि सम्पादन हुन्छ। व्राह्मणलाई गायत्री छन्दमा, क्षत्रियलाई त्रिष्टुप् छन्दमा तथा वैश्यलाई जगति छन्दमा मन्त्र दिइन्छ। विधिको अन्त्मा प्रज्ञाप्राप्तिका निम्ति पहिले मेधाजनन गरिन्थ्यो। मेधाजननको महत्त्वको उल्लेख गर्दै विद्या र सिद्धिका निमित्त यसको महत्त्व रहेको उल्लेख भएको छ। नेपालमा द्विजातिको उपनयनकर्मका साथै वेदारम्भ, केशान्त, स्नानजस्ता कर्महरू पनि गाभिएको देखिन्छ। कुमारलाई भिक्षाटन गर्नेबारेमा पनि व्रतवन्धमा नै संस्कारको अङ्गका रूपमा सम्पादन गरिन्छ। वावुआमालगायत सवै आमन्त्रितहरूले भिक्षा दिनु आवश्यक ठानिन्छ। गेरुवा वस्त्र र कौपिनधारी द्विजवटु 'भिक्षां देहि' भन्दै यज्ञवेदी वरिपरि घुम्छ र सवैले भिक्षा दिन्छन्। यो ब्रह्मचर्याश्रममा गुरुकुलको मर्यादा कायम गरेको हो। यस्तै विद्याध्ययन गर्न भनेर वटुक (वटु) यज्ञवेदीवाट भाग्नुपर्छ। यसरी भाग्न लागेका कुमारहरूलाई टाढा पुग्न नपाउँदै समातेर ल्याइन्छ। यो प्रतीकचाहिँ धेरै रमाइलो छ। भनाइ र चलन के छ भने यसरी भाग्दा समाउन सकिएन र खोलो तरेर कुमार गयो भने १२ वर्षसम्म घरमा आउन दिन हुँदैन। यसर्थ समात्नलाई नजिकै खोलो भएमा विशेप होस गर्नुपर्ने हुन्छ। आर्यपरम्परामा आज औपचारिकता मात्र रहे पनि यसका आदर्शहरू विटुलिएका छैनन् भन्न सकिन्छ।

११. विद्यारम्भ

यो संस्कारलाई अक्षरारम्भ संस्कार पनि भनिन्छ। वर्णमालाको विकास भएपछि अक्षरारम्भको रूपमा व्यवहार भए पनि पहिले यो संस्कार विधानमा नै थियो। किन कि गुरुमुखवाट नै विद्यार्थीले सवै ज्ञान सिक्नु अनिवार्य थियो। यो संस्कारले वालकलाई उचित समयमा विद्याभ्यास गर्नमा लगाउनुपर्ने कुराको सङ्केत

गर्दछ। गृहचसूत्र तथा धर्मसूत्रमा यसबारेमा चर्चा नभएको हुनाले शैक्षिक संस्कारको रूपमा यो संस्कारले मान्यता प्राप्त गरेको हुनुपर्छ। पहिले उपनयन संस्कारसँगै यसको समावेश भएको हुन सक्छ। अब समाजमा श्रीपञ्चमीका दिन अक्षर चिन्न सक्ने भएपछि करिब चारवर्षे बालक वा बालिकालाई बाबु-आमाले वा गुरुले अक्षरारम्भ गराउँछन्। अक्षरारम्भ गर्दा सरस्वतीको पूजा गरिन्छ। महाकवि कालिदासले लिपिको ज्ञानले वाङ्मयमा प्रवेश गर्नुपर्ने कुरा उल्लेख गरेर प्रारम्भदेखि नै शिक्षाको क्रमिक अध्ययन गर्दै जानुपर्ने उल्लेख गर्दछन्।[१८२] प्राचीनकालमा विद्या स्मरण गर्न सकिन्थ्यो। गुरुले घोकाएर कण्ठ गरेकाले ब्राह्मणलाई पुग्थ्यो तर शिक्षा, व्याकरण, गणित, ज्यामितिजस्ता सम्झेर नसकिने ग्रन्थको विकास भएपछि क्रमशः लेखन-विद्याको अनिवार्यता भयो। फलस्वरूप प्राचीन लिपिमालाको विकास हुन थालेको अनुमान हुन्छ। देवनागरीलिपिको विकास इ.पू. ८०० तिरमात्र भएको अनुमान हुन्छ। स्मृतिहरूमा यसको चर्चा भएकाले सो समयमा लिपिको विकास भइसकेको देखिन्छ।

समयको हिसावले हेर्दा यो संस्कार मान्यरूपमा स्वीकार भएको पछि हो तर पनि आर्यहरूले विद्यालाई ठूलो महत्त्व दिई उपनयन वा चौलकर्मसँग यसलाई पनि प्रयोगमा ल्याए। यसर्थ लेखन विद्याको विकासपछि मात्र यो संस्कार परिचित हुन आएको मान्नुपर्छ। चौलकर्मसँग लिपि तथा संस्कारको ज्ञान गराउनुपर्ने कुरा कौटिल्यले बताएका छन्। यो संस्कार उपनयन गर्नुभन्दा पहिले ५-७ वर्षमा गरिने संस्कार हो। आषाढदेखि कार्तिकसम्म चतुर्मासाभरि यो संस्कार गर्न नहुने तथा उत्तरायणमा गर्न उचित ठहर्ने प्राचीनविधान पाइन्छ। बालकलाई स्नान गराई राम्रो वस्त्र अलङ्कार लगाइदिएर यो संस्कार सम्पन्न गरिन्छ। यो संस्कार विधिको रूपमा सम्पन्न गर्दा गणेश, सरस्वती, बृहस्पति तथा कुलदेवताको पूजा गर्नु आवश्यक छ। लक्ष्मीनारायणको आराधना तथा वेद एवं आचार्यप्रति बालकको आस्था हुने प्रण गराइन्छ। गुरुले पूर्वाभिमुख भएर वेदीमा हवन गर्दा बालकचाहिँ पश्चिम फर्केको हुन्छ। चाँदीको सिलोटमा फूलको केशर राखेर त्यसैमा सुवर्णको लेखनीद्वारा लेख्न सुरु गर्ने पुरातन मान्यता थियो। यसको अवशेष अझै पनि गाउँघरमा पाटीहरूमा धूलो राखेर लेख्न सिकाउने वा सिलोटमा खरीले अक्षर लेखाउने चलनमा रहेको छ। संस्कारको अन्त्यमा गुरुले लेखाएको कुरा वालकलाई पढाई अक्षरारम्भ गराइन्छ र गुरुले आशीर्वाद दिई ब्राह्मणलाई दान-भोजनपछि संस्कार समाप्त गरिन्छ। माथि भएका सबै तत्त्वहरूको विकसित रूप आज शिक्षाको आधुनिक दृष्टिकोणमा छ। गुरुभन्दा आमावावुले नै अक्षरारम्भ गराउँछन्। विद्यालयमा पठाई विद्यार्थीलाई शिक्षा

---

१८२. लिपेर्यथावद्ग्रहणेन वाङ्मयं नदीमुखेनेव समुद्रमाविशत्। रघुवंश महाकाव्यम्, ३।३२

दिलाउने परिपाटी भएकाले यो संस्कारको उद्देश्य र लक्ष्य साकार गराउनुचाहिँ यथावत् रहे पनि अरू धार्मिक क्रियाकलापमा आमूल परिवर्तन भएको छ। द्विज र इतर जातिमा पनि शैक्षिक सुविधा समान भएकाले पुरानो मान्यतामा समाज जकडिएर रहेको छैन। सारांशमा प्रत्येक बालकले प्रारम्भिक शिक्षा लिने सुविधा प्राप्त गरोस् भन्ने ध्येय राखेर सरकारले यसमा विशेष ध्यान दिएको छ र राष्ट्रिय दृष्टिकोणले शिक्षाको दिनानुदिन विकास भइरहेकाले शैक्षिक संस्कार धार्मिक चौघेराभित्र मात्र छैन।

१२. वेदारम्भ

वैदिककालमा यो संस्कारको नाम छैन। किनभने अनिवार्य रूपमा त्यो बेलामा वेदाध्ययन हुन्थ्यो। गृह्यसूत्र र धर्मसूत्रकालमा पनि यसको विशेष चर्चा छैन। जब वेदको अध्ययन-अध्यापनको परम्परा हट्न थाल्यो अनि आर्यहरूले सभ्यता र संस्कृतिको केन्द्रविन्दु वेदलाई जीवित राख्न अनिवार्य रूपमा द्विज कुमारलाई वेद अध्ययन गराउनुपर्ने व्यवस्था गरेर वेदाध्ययन संस्कार राखिएको हो।

यसको विधि-विधान भने धेरै छैन। शुभ मुहूर्त र शुभ दिन छानेर उपनयन भइसकेका कुमारलाई मातृकापूजा आभ्युदयिक श्राद्ध गरेर वेदीको पश्चिम दिशातर्फ कुमारलाई राखेर पूर्वपट्टि रहेका आचार्यले आहुति दिने कार्य यज्ञमण्डपमा सम्पन्न हुन्छ। आहुति दिंदा ऋग्वेद अध्यापन गराउने हो भने अग्नि र पृथ्वीलाई, *यजुर्वेद* अध्यापन गराउने भए अन्तरिक्ष र वायुलाई, *सामवेद* अध्यापन गराइने भए सूर्यलाई आहुति दिने परम्परा रहेको छ। परम्परा र संस्कारको मान्यताका निमित्त प्राय: ब्राह्मण परिवारमा उपनयन गरिएका कुमारलाई रुद्री पढाउने एवं वेद पढाउने कार्य अझै गरिन्छ। यो प्रतीकात्मक रूपमा वेदको अध्ययन-अध्यापन परम्परा कायम राखिएको देखाउन खोजिएको हो। हाल उपनयन (व्रतबन्ध) कै दिन वेदको एउटा ऋचा भन्न लगाई नाटकीय तरिकाले सम्पन्न गरिन्छ। तर देउभाजुहरूमा तीन महिनासम्म बालकलाई गुप्तवास राखी वेद र कर्मकाण्डबारे पढाइन्छ।

१३. केशान्त

केशान्त अथवा गोदान संस्कार ब्रह्मचर्यमा मन र मस्तिष्कको जुन एकाग्रता रहेको हुन्छ त्यसमा कुनै पनि खलल पर्न नपाओस् भनी सोह्रौं वर्षमा सम्पन्न गरिने संस्कार हो। सोह्र वर्षदेखि कुमारले यौवनावस्थामा पदार्पण गर्छ। यो अवस्थामा मन तुलबुलिएर यताउता भोगवादी दुनियाँमा नफसोस् भनी यो संस्कार गर्ने परम्परा रहेको हो। कसैले गोदान गरेपछि ब्रह्मचर्या परिसमाप्ति हुन्छ भनेर भनेका छन्। तर माथि भनिएझैँ यो संस्कार चित्त एकाग्रतामा कुनै बाधा नपरोस् भनेरै गरिएको

देखिन्छ। यसको विधान धेरै छैन। चौलकर्ममा झैँ कपाल, दारीजुँगा, खौरेर, गाईदान गरेर एक वर्षसम्म कठिन अनुशासनमा गुरुको आश्रममा जीवनयापन गर्नुपर्छ। अब जुँगा काट्ने चलन हराएको छ र यो उमेरमा दारी पनि नआउने हुनाले दारी काटिँदैन। अझ माथि भनिएझैँ चौलकर्म गर्दा नै यो संस्कार सम्पन्न हुन्छ किन कि छुट्टै यो संस्कार गर्ने चलन छैन।

यो संस्कारको प्राचीनताका बारेमा चाहिँ वेदाध्ययनभन्दा पहिलेदेखि नै यसको अस्तित्व रहेको देखिन्छ। *गृह्यसूत्र*मा पनि चूडाकर्मका साथमा यसको उल्लेख भएको पाइन्छ। व्यासपूर्वकालिक जातककारले पनि यो संस्कारको उल्लेख गरेका छन्।

१४. समावर्तन (दीक्षान्त)

यो संस्कार गुरुको आश्रममा बसेर विद्याध्ययन गरिसकेका कुमारले गर्नुपर्ने दीक्षान्त-संस्कार हो। यस कारण यो संस्कारलाई ब्रह्मचर्यको समाप्तिको सूचक संस्कार पनि मान्न सकिन्छ। यो संस्कार गरेपछि गुरुको आज्ञा पाएर विद्यार्थी घर फर्कन पाउँथ्यो। गुरुको स्वीकृति लिनलाई गुरुले चाहेको गुरुदक्षिणा चुकाउनु विद्यार्थीलाई अनिवार्य थियो। एकलव्यले द्रोणाचार्यलाई गुरुदक्षिणा चढाउन खोज्दा गुरुले दाहिने हातको बूढीऔँला नै मागे, एकलव्यले सो दिनै पर्‍यो, दिए पनि। यसबाट गुरुदक्षिणाको अनिवार्यता झल्किन्छ।

यो संस्कारलाई स्नान अथवा समावर्तन पनि भनिन्छ। स्नान गर्नु यसको अनिवार्य अङ्ग हो। ब्रह्मचर्यमा रहेको प्रदीप्त तेजको ह्रास यो स्नानबाट गरिने र तत्पश्चात् घर फर्केर गृहस्थी बन्न सम्भव हुने कुरा पनि उल्लेख भएको पाइन्छ। यसमा अतिरञ्जना भए पनि वेदाध्ययन सम्पादन गरेर घर फर्किने संस्कारचाहिँ यो हो। गुरुकुलमा बस्दा विद्यार्थीले प्रवृत्ति मार्ग वा निवृत्ति मार्ग रोज्ने खुसी हुन्थ्यो। प्रवृत्ति मार्ग गृहस्थका निमित्त र निवृत्ति मार्गमा आजीवन ब्रह्मचारी भएर रहने चलन थियो। यो परिपाटीमा प्रवृत्ति मार्गलाई नै मान्यता थियो तापनि कुब्ज, अन्धो, नपुंसक, पङ्गु, रोगी आदिलाई गृहस्थमा प्रवेश गर्नमा बन्देज हुनाले उनीहरू आजीवन गुरुकुलमा बस्ने परम्परा रहेको पाइन्छ। प्रवृत्ति मार्गलाई बढावा दिएका मनुले गृहस्थमैँ सम्पूर्ण आश्रमको सत्ता रहेको उल्लेख गरेबाट पुष्टि हुन आउँछ। वैदिक ब्रह्मचारीले आजीवन गुरुकुलमा बस्ने कुरा याज्ञवल्क्य (याज्ञ. १।४९) ले भनेका छन् भने मनु (मनु. २।२४३) ले पनि ज्यादा रुचि हुनेलाई गृहस्थी नै बन्नुपर्ने कुरामा बन्देज राखेका छैनन्, आजीवन ब्रह्मचर्यमा रहन हुन्छ भनेका छन्।

आजभोलि विश्वविद्यालयको शिक्षासमाप्तिपछि गरिने दीक्षान्त (दीक्षा+अन्त्य) समारोहसँग यसलाई तुलना गर्न सकिन्छ। पहिले तीन किसिमका स्नातक हुन्थे।

(क) विद्या स्नातक, (ख) व्रत स्नातक र (ग) समय (विद्याव्रत) स्नातक।[१८३] यस्ता दीक्षित व्यक्तिले धन दिई गुरुद्वारा अनुमति लिएर स्नान गर्नुपर्ने कुरा आपस्तम्वले लेखेका छन् भने कसैले धनले विद्यालाई नाप्न नसकिने कुराको पनि उल्लेख गरेका छन्।

यो संस्कारलाई व्रह्मचर्यको आखिरीको दीक्षान्त-संस्कारका रूपमा तथा गृहस्थको प्रारम्भ अर्थात् विवाहसंस्कार गर्न अनुमति लिने संस्कारका रूपमा लिएको हुनाले यसलाई सन्धिकालिक संस्कार मान्न सकिन्छ। प्राचीन आर्यपरम्परामा शिष्यले गुरुलाई दक्षिणा दिएर सम्भव नहुने हुनाले आफ्ना गुणहरूद्वारा गुरुलाई सन्तोष गरेर अनुमति लिने वढी चलन भएको पाइन्छ। गुरुको भौतिक लालसा नहुनु तथा गुरु-शिष्यको आत्मीयताको सम्वन्ध हुनुले नै यसो भएको हो। यो संस्कार गर्दा गुरुले आफ्ना शिष्यलाई सत्यं वद, धर्मं चर, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव भनी अन्तिम उपदेश दिन्छन्। विदा भएर शिक्षार्थी आफ्नो घर फर्कने समय हृदयविदारक हुन्थ्यो। घर फर्केपछि पनि अध्ययनलाई खोज र अनुसन्धानमुखी बनाई परिवार, टोल, छरछिमेक र सम्पूर्ण राष्ट्र र विश्वकै कल्याणमा सदा तत्पर रही आफ्नो छवि उज्ज्वल पार्न सक्षम रहनु भन्ने भावना जागृत गराइन्थ्यो।

निर्धारित दिनमा यो संस्कार गरिन्छ। संस्कार गर्नुभन्दा पहिले स्नातकले गुरुको चरणमा प्रणाम गर्दछ। यज्ञमण्डपमा हवन तथा आठ दिशामा राखिएका घडाहरूको पानीले स्नातकलाई अभिशेष गरिन्छ। दिक्पालको प्रतिनिधित्व गराइएका यी घडाहरूको जलले मन्त्रपूर्वक सिञ्चन भएपछि स्नातकले स्नान गर्नुपर्छ। कपाल, दारीजुँगा काटेर पानीमा फालिन्छ तथा उपनयनमा धारण गरिएको मृगचर्म वा दण्डहरू पनि यो संस्कारमा विसर्जन गरिन्छ। गुरुद्वारा वन्देज लगाइएका व्रह्मचर्यमा निषिद्ध वस्तुहरू पनि सेवन गर्ने सुविधा अव विद्यार्थीहरूलाई दिइन्छ र विधिपूर्वक विलासका वस्तुहरू पनि गुरुले उपयोग गर्ने वाधा फुकाइदिने चलन थियो। अन्त्यमा गुरुले सम्मानपूर्वक मधुपर्क दिन्थे। त्यो समयको सुविधाअनुसार रथमा वा हात्तीमा राखी स्नातकको विदाइ समारोह हुने चलन देखिन्छ।

१५. विवाह संस्कार

विभिन्न संस्कारहरूको क्रमिक विकासलाई हेर्दा विवाह संस्कार अध्ययन समाप्त भएपछि अर्थात् व्रह्मचर्यको समाप्तिपछि गर्ने परिपाटी आर्यहरूमा रहेको देखिन्छ। कुमारीको उमेरचाहिँ रजस्वला भइसकेकी हुनुपर्ने अनुमान हुन्छ। ऋतुमती

---

१८३. त्रयः स्नानकः भर्वन्ति विद्यास्नातको व्रतस्नातको, विद्याव्रनस्नातक इति। *पार.*, २।५।३३

भएपछि तीन वर्षमा बिहे हुनुपर्ने कुरा बौधायन र वशिष्ठले बताएका छन् भने उमेर पुगेपछि विवाह गर्न हुने कुरा गौतमले उल्लेख गरेका छन्। महाभारतकालमा बालविवाहको प्रचलन भएको देखिन्छ तर पनि वैदिककालमा आर्यहरूले बालविवाह गरेको प्रमाण पाइँदैन।

वर र वधूको गुण मिल्नुपर्ने कुरामा पनि विभिन्न किसिमको चर्चा पाइन्छ। कन्याको नितम्ब ठूलो र कटि छिनेको हुनुपर्ने *शतपथ ब्राह्मणले* भन्छ[१८४] भने आश्वलायन वाह्य लक्षण शुभ हुनुपर्ने कुरामा जोड दिन्छन्।[१८५] भारद्वाजको विचारअनुसार कन्या हेर्दा धन, रूप, बुद्धि, बान्धव चार कुरामा केन्द्रित हुनुपर्छ।[१८६] नामान्तमा रेफ र लकार भएकी नामवालीलाई विवाह नगर्नु तथा वेदको नाम भएकी, नदीको नाम भएकी, पर्वतको नाम भएकी वा गन्धर्व, रुख आदिको नाम भएकी कन्या पनि विवाह गर्न नहुने कुराको उल्लेख छ। सो कुरामा विचारको विभिन्नता पाइन्छ, तर पनि कन्याको रूप, गुण परिवारका वारेमा जानकारी लिनेचाहिँ प्रत्येक नेपालीको चलन छ। वरको छनौट गर्ने तरिका पनि पुरानो हो। वेदाध्यायी, बन्धुत्व गुण भएको, निरोगी, शीलवान् वर हुनुपर्ने कुरा धर्मसूत्रमा उल्लेख भएको छ। *वीरमित्रोदयले* कुल, शील, बनोट, उमेर, विद्या, धन आदि कुरा वर छान्दा विचार गर्नुपर्ने भनेका छन्।[१८७] यसको छनौट गर्दा ज्यादै बेकम्मा पति परेमा विवाह भए पनि त्यो निष्क्रिय हुने कुरा सूत्रकारहरूले उल्लेख गरेका छन्। अशक्त, कुष्ठरोगी, अन्धो, बहिरो, भृङ्गी रोगले पीडित, मित्र वा कुलले त्यागेको व्यक्ति भएमा विवाह भए पनि त्यो निष्क्रिय हुने कुरा उल्लेख छ।[१८८] बौधायनले गुणवान् वरलाई कन्या दिनु उचित भनेका छन्। तर रजस्वला भएपछि जस्तो वर भए पनि खोजेर विवाह गरिदिनु भन्ने उनको राय छ। यस प्रकार जुन उद्देश्यले विवाह गरिन्छ त्यो पूरा गर्न वधूको गुण तथा क्षमता एवं झुकावलाई प्राथमिकता दिई मिलाएर बिहे गराइदिने चलन चलाएको देखिन्छ।

विवाह-विधिको विस्तृत चर्चा विवाह खण्डमा परेकै छ। विवाहपछि तीन दिनसम्म त्रिरात्रव्रत वस्नु अनिवार्य थियो। ब्रह्मचर्यमा रहेर बसेका कुमारले सहवास गर्नुअघि खानपिनको पथपरहेज गरेर तीन रात व्रत गरेर मात्र सहवास गर्ने विधि ज्यादै उपयुक्त थियो। तर अव ब्रह्मचर्यको पालना गरिँदैन र शिक्षाको नवीनतम परिपाटीले गर्दा त्यो परम्परामा आमूल परिवर्तन भइसकेको छ। विवाहमा तीन दिन

---

१८४. *शत.*, १।२।५।१६
१८५. *आश्वलायनगृह्यसूत्रम्*, १।५
१८६. *भारद्वाजगृह्यसूत्रम्*, १-६
१८७. वीरमित्रोदयम् पृ. ७५१
१८८. *कात्यायन वीर. मित्रोदयम् (संस्कृत) भाग २, पृ. ७५-८*

सहवास गर्ने छैन भनी विवाहमा प्रणचाहिँ वरवधूलाई गराइन्छ।[१८९] जनकपुर अञ्चलमा मैथिल ब्राह्मणहरूमा यो चलन अझ छ। उनीहरूको तीन दिन वरले व्रत गरेर चौथो दिन सबै व्यञ्जनसहित खाना खान हुन्छ। अनि मात्र सहवास गर्ने अधिकार पाउँछ। विवाह भनेको लोग्ने र स्वास्नीको आपसी सम्झौता मात्र हो भन्ने विकसित युगको विचारमा आर्यहरू थिएनन्। धार्मिक विधि, अनुष्ठान र आपसी चयनले गोत्र, प्रवर आदि मिलाएर जुन प्रतीकात्मक भूमिका खेलेको हुन्छ, त्यस्तो विवाहले साँच्चै जन्म-जन्मान्तरको सम्बन्धलाई पुष्टि गरिरहेको पाइन्छ। यही कुराको पुष्टिस्वरूप आफ्नो र कुलको पनि उद्धारको कामना गर्ने सात्विक बुद्धियुक्त अविवाहिता पुरुषले प्रार्थना गर्ने मन्त्र यस प्रकार छ– 'पत्नीं मनोरमां देहि मनोवृत्तानुसारिणीम् तारिणीं दुर्गसंसार सागरस्य कुलोद्भवाम्।'

विवाह संस्कारको अनिवार्यतालाई स्वीकार गरेर पहिले अनुलोम तथा प्रतिलोम विवाह चल्दथ्यो भने उपपति राखेर सन्तान जन्माउने चलन पनि थियो। अनुलोमको उदाहरण च्यवन ऋषिले राजकुलमा विवाह गरेकाले देखिन आउँछ। अथर्ववेदले सम्पूर्ण वर्गका कुमारहरूमा ब्राह्मण कुमार पति भएमा सम्पूर्ण जातिलाई श्रेष्ठ वा मिलेको मानिने कुरा उल्लेख गरेको छ।[१९०] ऋग्वेदमा वत्स, औषिज, जाला, दासी पुत्रको उल्लेख भएकाले पनि सो कुरा सिद्ध हुन्छ।

प्रतिलोम विवाहको उदाहरण यजुर्वेदमा पाइन्छ। मनु (मनु. १०।१२) का अनुसार शूद्रवाट वैश्य स्त्रीको सन्तान जन्मेमा वर्णसङ्कर हुने बताइएको छ। सूत्रकालमा आएर प्रतिलोमलाई ज्यादै निकृष्ट मानेर हेय ठानियो भने अनुलोमप्रथा चाहिँ द्विजमा मात्र सीमित रहेको स्मृतिहरूले उल्लेख गरेको पाइन्छ।[१९१]

द्विज परिवारमा सगोत्री विवाह वर्जित छ। सपिण्डमा पनि विवाह गर्नु हुन्न र प्रवरको पनि बारना गरिन्छ। यो चलन वैदिककालमा देखिँदैन। भार्गव, गौतम तथा वशिष्ठले सूत्रकालमा यसवारे पूर्ण चर्चा गरेकाले सोही कालमा सक्दो विधान तयार भएको देखिन्छ। बौद्ध र जैन साहित्यमा पनि यसको प्रभाव रहेकाले त्यसभन्दा पूर्व नै गोत्र, प्रवरको चलन भइसकेको हुनुपर्छ। आपस्तम्ब, कौशिक, पारस्कर तथा वौधायनले प्रवर वार्नुपर्ने कुरा उल्लेख गरेका छन्। गोत्र वार्ने उनीहरूको राय छैन। ब्राह्मणकालसम्म गोत्रको चर्चा छैन र सूत्रकालपूर्व सपिण्ड वार्ने प्रथा पनि रहेको थिएन। यस प्रकार धर्मसूत्रको समयमा आएर सगोत्र तथा सपिण्डमा विवाह गर्ने प्रथा वन्द भएको देखिन्छ। चौथो पिँढीमा विवाह हुने कुरा ब्राह्मणग्रन्थमा वर्णन

---

१८९. पा., १।८।२१
१९०. अथर्व., ५।१७।८।९
१९१. मनु., ३।१३

छ।[१९२] पछि आएर आमापट्टि पाँच पुस्ता र बाबुपट्टि सात पुस्ता सपिण्ड बार्ने चलन चल्यो। वशिष्ठ धर्मसूत्रअनुसार बाबुको सातौं पुस्तासम्म मात्र गोत्र बारिने देखिन्छ। तर आपस्तम्व गृह्यसूत्रअनुसार सम्पूर्ण गोत्र नै बार्ने गर्नुपर्छ जुन आजको वहुसङ्ख्यक नेपाली संस्कारमा बारिन्छ। यी गोत्र, प्रवर तथा सपिण्डप्रथाले जातीयताभित्र पनि आफ्नो परिवारमा विवाह गर्न नहुने गरायो। यसबाट आपसमा यौन-भावको निर्मूल हुन गयो, त्यसले व्यभिचारी प्रवृत्तिको अन्त्य गरायो। जे होस्, आज नेपाली समाजमा कानुनी बन्देज हाडनाताभित्र मात्र छ। बाँकी सामाजिक चलनअनुसार विवाह गर्न सकिन्छ। प्रवरप्रथाले कसैलाई दुःख दिँदैन, सपिण्ड वार्दा गोत्र बार्नुपर्ने चलन हुनाले बावुपट्टि गोत्रमा विवाह गर्ने कुरै भएन, आमापट्टि तीन पुस्ताभन्दा वढी बार्ने चलन छैन। यस प्रकार आर्य नियमावलीमा धेरै संशोधन भइसकेको छ।

विवाहलाई संस्कारको रूपमा वैदिक युगदेखि नै आर्यहरूले स्वीकार गरेका थिए। प्राचीनकालमा थोरै संस्कारहरू गर्दा पनि विवाह संस्कारको रूपमा सुरु भइसकेको थियो। तर आर्यहरूले नियममा रहेर विवाह संस्कारलाई नराखी आफ्नो रीतिबमोजिम गर्न हुने कुरा पहिलेदेखि नै स्वीकार गरेका थिए। ऋग्वेद तथा अथर्ववेदमा विवाहलाई काव्यमय अभिव्यक्ति प्राप्त भएको छ। घरको मधुर तथा स्नेहमय वातावरण पत्नीका साथ विवाहित प्रेममय जीवन तथा यसको फलस्वरूप प्राप्त हुने सन्तानको पालनपोषण वैदिक आर्यका लागि ज्यादै प्रिय मानिन्थ्यो।

स्मृतिकालमा आएर प्रतिलोम विवाहलाई निषिद्ध ठानियो भन्ने माथि उल्लेख भएको छ। सम्भवतः सामाजिक कर्ममा प्रतिष्ठा एवं सांस्कृतिक परम्परामा अड्चन आउने देखेर आर्यहरूले यो संशोधित नियम राखेको हुन सक्छ। याज्ञवल्क्य, मनु, आश्वलायनहरूले आठ प्रकारका विवाहको चर्चा गरेका छन्, तर वराह गृह्यसूत्रहरूले वाल र आसुरप्रथा मात्र मानेका छन्। आठ विवाहमा पनि चारलाई सभ्य र चारलाई असभ्यमा राखिएको देखिन्छ। यदि कसैले संस्कार नगरी पत्नी ल्याएमा संस्कार गर्नुपर्ने विधान पनि आर्यहरूको छ। संस्कार नगरेमा पुनः कन्या नै हुने उल्लेख पाइन्छ। स्मरणीय कुरा के छ भने यौनलाई धार्मिक रूपमा मानेर नियम प्रतिकूल परिपाटी आर्यले चलाएनन्। यो धर्म परिस्थिति अनुकूल हुनु यसंको वैशिष्ट्य हो।

१६. अन्त्येष्टि संस्कार

आर्यहरूले जीवन भौतिक र आध्यात्मिक रूपले सार्थक बनाउने चेष्टाले धर्मको आचरण गर्दथे। धर्मको ध्येय यो लोकमा सुख प्राप्त्यर्थ काम गर्नु र परलोकमा

---

१९२. शत., १।८।३।६।

सद्गति प्राप्त गर्नु हो। मानवीय संस्कारको रूपमा गर्भाधानादि संस्कारको महत्त्वपूर्ण स्थान रहेको र मरेपछि पनि मृतकको सद्गतिका निमित्त अन्त्येष्टि संस्कार सम्पन्न गर्ने चलन पहिलेदेखि चलेको देखिन्छ। मृतकको उचित संस्कार नगरी छोडेमा प्रेतको रूपमा रहनुपर्ने तथा यसले वंशको नै खती हुने धारणाले गर्दा विधिपूर्वक आशौच बार्ने तथा संस्कार गरेर मुक्ति दिलाउने उपाय गर्ने चलनले पहिलेदेखि आजसम्म पनि मान्यता प्राप्त गरिरहेको पाइन्छ। बौधायनले जात संस्कारादिले यो लोकमा कल्याण हुने तथा मृतकको संस्कार गरेपछि लोकान्तरमा पनि कल्याण हुने र विजय प्राप्त गर्ने कुरा उल्लेख गरेका छन्।

अन्त्येष्टि संस्कारको प्राचीनताबारेमा चर्चा गर्दा ऋग्वेदकालमा एवं अथर्ववेदमा पनि अन्त्येष्टि संस्कार गर्ने चलन भएको देखिन्छ। शवलाई गाड्ने वा जलाउनेबारेमा अथर्ववेदले उल्लेख गरेको छ।[१९३] आज पनि आर्यपरम्परामा हुर्केका सनातनधर्मी द्विजहरू अधिकांशले शवदाह गर्दछन्। यसबाहेक इतरजातिहरूमा गाड्ने वा पहाडमा लगेर संस्कारपूर्वक शवको विसर्जन गर्ने चलन छ। आर्यहरूले मानिस मर्नु एक किसिमको अनिवार्य घटना भन्ने स्वीकार गरेर पनि मानिस फेरि जन्मन्छ भन्ने धारणा राख्दछन्। आत्मा अमर छ र शरीरको नाश भए पनि अर्को ठाउँमा आत्माले वास पाउँछ भन्ने स्वीकार गरेको पाइन्छ। पारस्कर गृह्यसूत्रमा मृतकको सद्गतिका निमित्त प्रार्थना गरिएको पाइन्छ। यी कुराले के बुझिन्छ भने अन्त्येष्टि गर्नुको मतलब मृतकले बाँचेकालाई दुःख नदेओस्, उसको हक मरेर पनि कुलमा रहन्छ त्यस कारण उसलाई उचित संस्कार गरेर बिदा दिनुपर्छ भन्ने हो। राम्रोसँग संस्कार गरिएमा मृतकको सद्गति हुन्छ र उसले मोक्ष पाउँछ। यसर्थ बाँच्ने र मर्नेको कल्याणका निमित्त अन्त्येष्टि संस्कार गर्ने परम्परा रहेको देखिन्छ। आफ्ना मान्य पितृलाई सम्झेर वेला-बेलामा तर्पणादि कार्य गर्ने चलनचाहिँ तीन पुस्तापछिसम्म रहिरहन्छ। नेपाली संस्कारमा तर्पणादिको कुरा गर्दा सृष्टिकर्ता ब्रह्मादेखि देवर्षि, ब्राह्मण, बन्धु, नाग, राक्षस सम्पूर्ण चराचर जगत्का प्राणीलाई तर्पण गरी तृप्तिको मार्गमा अग्रसर गराउने परम्परा ज्यादै उदार बुझिन्छ। यो द्विजातिको परम्परा नेपालमा विद्यमान छ। वर्षदिनसम्म आशौच बारेर छोराले बाबुको विदाइ गर्छ र हरेक वर्ष श्राद्धको रूपमा संस्कार गरी पितृयज्ञ गर्ने हाम्रो परम्परा छँदैछ। यसको प्राचीनताबारेमा वैदिककालदेखि सुरु भई गृह्यसूत्रकालमा विधिसहित संस्कार गरिन थालेको पाइन्छ।

प्राग्वैदिककालमा मानिसका संस्कारको विकास राम्ररी भइसकेको थिएन। त्यस वेलामा वासस्थानको यकिन नहुनाले मृतक वा मर्न लागेकालाई बोकेर हिंड्न नसक्ने हुनाले त्यसै छोड्ने वा मारिदिने चलन पनि थिएन होला भनी भन्न सकिँदैन। केही

---

१९३. ये निखाता ये परोप्त ये दग्धा ये चोद्धिताः। अथर्व., १८।२।३४

विकसित भइसकेका आर्यहरूले वैदिककालदेखि नै शवलाई दाह गर्ने वा गाड्ने चलन चलाएको पाइन्छ। जर्मनजातिको प्रागैतिहासिक अन्वेषणबाट के थाहा पाइएको छ भने वृद्धलाई मार्ने वा त्यसै छाड्ने चलन उनीहरूमा थियो जब कि आर्यहरूको मृतकलाई पिण्डदान गरेर सम्मान गर्ने चलन रहेको वैदिककालमै देखिन्छ। पूर्ववैदिककालमा शवलाई गाड्ने चलन रहेको कुरा आर्यधर्मले प्रमाणित गर्दछ। अश्वालायन गृहचसूत्र (४।५) मा आनन्ददायिनी पृथ्वीमा शव गाड्दा पृथ्वीलाई कष्ट हुने ठानी पोल्ने प्रचलन ल्याइएको उल्लेख गरिएको छ। तर यो तर्क युक्तिसङ्गत छैन किनभने गाड्दा कष्ट हुने पोल्दा कष्ट नहुने भन्ने आधार फिलतो देखिन्छ। यसको मुख्य कारण देह आकारादि पञ्चतत्त्वबाट वनेको, तीनै पञ्चतत्त्वबाट उत्पादित पोसित अन्न, फलफूल आदि जेजति खानेपानी जस्ता तत्त्वको उत्पत्ति रूप पृथ्वी नै सर्वकर्म सम्पादन गर्ने र ज्ञान, निश्रेयस सत् प्राप्त गर्ने हुनाले जुन तत्त्वहरू र तिनका तन्मात्राहरूबाट बनेको यो स्थूल र सूक्ष्म देह तत्‌तत् तत्त्वमार्फत र कारणतत्त्वमा नै समावेश हुन पुगोस् भनी यो प्रचलन सुरु भएको हुनुपर्छ। आर्यहरूले दाहकर्मलाई संस्कारको रूपमा मान्नुचाहिँ वैज्ञानिक परिपाटी स्वीकार्नु तथा पितृमेघयज्ञको रूपमा दाहसंस्कारले मान्यता पाउनु नै हो भन्न सकिन्छ। आर्यहरूले अग्निलाई देवताको रूपमा मानेका छन्। किन कि अग्निले सबै वस्तुको शुर गर्न सक्छ र समाप्त गर्न पनि सक्छ। अग्निमा परेको वस्तु सबै भस्म भएर सार मात्र रहने हुँदा शवलाई शत्रुले अपवित्र गर्न पनि नपाउने तथा यसबाट देवलोक प्राप्ति हुने कुरा सम्झेर अग्निलाई देवदूत ठानेर उसलाई आहुति दिने परिपाटी चलेको पुष्टि हुन्छ। यो नै सर्वाधिक शक्तिशाली प्रणालीबाट शवदाहको चलन विकसित भएपछि गाड्ने प्रथा क्रमशः हराएको देखिन्छ।

शवदाह गर्नुअघि यज्ञीय अग्निको स्थापना गर्न मृतकलाई नुहाएर शुद्ध गरेर चितामा राख्नु, वैदिक विधिपूर्वक दागबत्ती उत्तराधिकारी छोराले दिनु जस्ता कुराहरू ऋग्वेद तथा अथर्ववेदमा यत्रतत्र हुने हुनाले शवदाहको अर्थ रोगव्याधि फैलिनबाट रोक्नु मात्र नभएर मृतकको सद्‌गतिका निमित्त गरिने परम्परा रहेको स्पष्ट देखिन्छ। अर्को कुरा वालकलाई दाहसंस्कार नगरी गाडिन्थ्यो र अझै गाडिन्छ। किन कि उसमा दोष हुँदैन, निर्दोषलाई शुद्ध गर्न आवश्यक पर्दैन। सन्तहरू वा ऋषि, महर्षिहरू, नवप्रसूता स्त्री, महामारीमा परेर मरेकाहरू, गर्भिणी स्त्रीलाई पनि अमङ्गल तत्त्वले विनाश गरेको नहुनाले अग्निद्वारा शुद्ध गर्न नपर्ने ठानी दाहसंस्कार गरिँदैन। यसवाट पनि जन्मभरका दोष परिमार्जन गर्ने ध्येयले दाहसंस्कार गर्न थालेको प्रमाण थपिन आउँछ। पारस्कार गृहचसूत्रमा बालक दुई वर्ष नभएसम्म दाह गर्न नहुने स्पष्टतः उल्लेख छ।[१९४] सन्तहरूलाई पानीमा बगाउने चलन वा महामारीमा

---

१९४. *पार.*, ३।१०।२५

परेकालाई बगाएर वा गाडेपछि संस्कारपूर्वक प्रतिमूर्ति बनाई दाह गरेर अन्त्येष्टि गर्ने चलन कहीँ-कहीँ आर्षग्रन्थमा उल्लेख पाइन्छ। त्यसबाट पनि माथिको अग्निको पावनकर्मलाई अझ सबलतम प्रमाणको रूपमा मान्न सकिन्छ।

तैत्तिरीय आरण्यकमा दाहसंस्कारबारेमा उल्लेख पाइन्छ भने भारद्वाज, वौधायन तथा गृहचसूत्रहरूमा यस संस्कारका विधानको पूर्वविकसित रूप अवलोकन गर्न सकिन्छ। अश्वालायन गृहचसूत्रमा यसको चर्चा छ। वौधायन तथा अश्वालयन गृहचसूत्रमा मर्ने बेलामा आफ्नाहरू भेला भई मर्न लागेकोलाई वैतरणी पार गर्न गोदान गरेको चर्चा पाइन्छ। यो विधान अद्यावधि प्रचलित छ। आश्वालायन गृहयसूत्रमा मर्ने बेलामा बालुवामा राखिएको उल्लेख पाइन्छ। यी प्रमाणका आधारमा आजभोलि मर्ने बेलामा घरवाहिर तुलसीमठमा वा तीर्थमा राख्ने कुरा धेरै पुरानो आर्यपरम्परा हो भन्ने तथ्यमा अडिएको पुष्टि हुन आउँछ। त्यसै गरी शवलाई अस्पृश्य जातिले छुन नहुने तथा दक्षिणतिर टाउको पारेर खटमा बाँध्ने चलन दक्षिणतर्फ धर्मको वास हुने हुनाले हो। यो चलन पनि प्राचीन गृहयसूत्रदेखि नै चलेर आएको देखिन्छ। बौधायनले महिला पनि मलामी जाने कुरा उल्लेख गरेका छन् तर सतीप्रथा बन्द भएको र नारीको शारीरिक तथा मानसिक क्षमता अनुकूल दाहकर्म सहच नहुने हुनाले आजभोलि स्वास्नीमानिसलाई मलामी जानमा वन्देज रहेको परिवर्तनशील सनातन धर्मको विशेषता मान्नुपर्छ। बौधायनले अर्को ठाउँमा गाई वा बाखो पनि दाह गर्दा सँगै जलाउने कुरा लेखेका छन् त्यो पनि अब छैन। दाहकर्म पावन उद्देश्यले अभिप्रेरित छ भन्ने कुरा दाह गर्नुपूर्व अग्निको प्रार्थना 'हे अग्नि ! तिमी यो शवलाई भस्म गर, शरीर दाह गरेपछि आत्मालाई पितृलोकमा पुऱ्याऊ' भनी गर्नुबाट ज्ञात हुन आउँछ।[१९५] यसै गरी शरीरमा रहेका विभिन्न तत्त्वहरूलाई आफ्नो-आफ्नो ठाउँमा जानका निमित्त प्रार्थना गरिन्छ। यो प्रार्थना पनि वैदिक मन्त्रमा आधारित छ।[१९६] यति मात्र होइन मृतकको नाममा ज्यादा चिन्ता नगरी सवैले विधिपूर्वक संस्कार गरेपछि मृतकको सद्गति हुने कुरामा धर्मशास्त्र सम्मत देखिन्छ। रामायणमा 'वान्धव तथा मित्रहरूले मृतकको नाममा ज्यादा शोक गरेर आँसु वगाए भने स्वर्ग प्राप्तिवाट मृतकलाई अवरोध गर्नेछन्' भनेर लेखिएकाले मनोवैज्ञानिक किसिमको आत्मसान्त्वना दिन पनि आर्यधर्मग्रन्थ पछि परेको छैन भन्न सकिन्छ।

शवदाह र शवयात्रावारेमा नेपालीहरूको चलन आफ्नै किसिमको छ तर पनि संस्कारको सिद्धान्तविपरीत चाहिँ छैन। हाम्रो चलनअनुसार सकभर मर्नेवित्तिकै

---

१९५. वौ., १।४।१
१९६. अथर्व., १८।२।७

शवयात्रा गर्नुपर्छ। विधिपूर्वक शव उठाएर दाह गर्ने, घाट टाढा भए रात्रीमा शवलाई राखेर भोलिपल्ट मात्र शवयात्रा गर्न सकिन्छ। शवलाई उठाएपछि बिसाउनु हुँदैन पालैपालो मलामीले बोकेर घाटमा लानु तथा विधिपुर्वक संस्कार गरी दाह गर्नुपर्छ। मलामी सबैले एक दिन जुठो बार्नुपर्छ, सो दिन एकछाक मात्र खानुपर्छ। मृतकका सात पुस्तासम्म ३ दिनदेखि १३ दिनसम्म पुस्ता हेरी आशौच बार्नुपर्छ। यो वेला धार्मिक कार्यहरू गर्न हुन्न र शुभ कर्ममा भाग लिन पनि हुँदैन। बेलुका खल्को गरेर विधिवपूर्वक तिलकुश लिएर मृतकको नाममा जुठो लाग्नेले तिलाञ्जलि दिनुपर्छ। मलामीहरूलाई शुद्ध भएका दिन अर्थात् मरेको तेह्रौं दिनमा भोजन गराउनु पनि अनिवार्य हुन्छ। मृतक परिवारले जुठो बार्ने उल्लेख गर्दछ।[१९७] विधवा स्त्रीहरू आँखा रञ्जित गरी आँसु नबगाई घरमै बसून् भन्ने ऋग्वेदको उक्तिबाट यो कुराको पुष्टि मिल्छ।[१९८] स्मशानघाट वा नदीको तीरमा मृतकको आशौच बार्नेहरूले बस्नुपर्छ। यो सम्भव नभए घरबाहिर क्रियापुत्रीहरूलाई राखिन्छ।

मृतकको आशौच बार्ने क्रियापुत्रीले बाह्र दिनसम्म पिण्डदान दैनिक रूपमा घाटमा गएर गर्नुपर्छ र नून, मास, मह आदि बारेर पिण्ड दिने स्थानमा आफैँले घ्यू-भात मात्र पकाएर शुद्धसँग भोजन गर्नुपर्छ। ढिकुरा उठाउने तथा यसको विर्सजन गर्ने कार्य भएपछि एघारौं दिनमा दान-दक्षिणा गरेर पितृलाई पन्छ्याइन्छं। बाह्रौं दिनमा पुरोहितलाई शय्या दान गरिन्छ। प्रत्येक दिन दिइने पिण्डदानले पितृलाई क्षुधा तृप्ति गर्ने वा भावी जीवनका आवश्यक निर्णय गर्न सक्ने बनाउने ध्येय हुन्छ भने पहिरन तथा शय्यादान पितृलाई आवश्यक वस्तु सञ्चय गरेर जीविका गर्ने ध्येयले दिइएको ठानिन्छ। एक वर्षसम्म पितृलाई खान पुग्ने अन्न तेह्र दिनमा दान गरी पितृलाई पन्छ्याउनुपर्छ भन्ने धारणा छ। श्मशानमा समाधि बनाउनेले समाधिस्थलमा मृतकको खरानी वा हड्डी राख्नुपर्ने कुरा गृह्यसूत्रहरूमा उल्लेख भएको पाइन्छ। आजभोलि मृतकको प्रेत भगाउन गाईको बाच्छो र बाच्छी छोडिन्छ। विधिपूर्वक डामेर यिनीहरूलाई अभयदान दिइन्छ। यस्तालाई जोत्न वा पाल्न हुँदैन भनेर खुल्ला जीवनयापन गर्न दिइन्छ। साँढेलाई भगवान्को वाहनका रूपमा पनि मान्ने चलन छ। एक वर्षसम्म मृतक यमलोकमा पुग्ने हुनाले अन्न-द्रव्य एक वर्षसम्म पुग्दो दिने चलन भएको हो तर क्षमताअनुसार मात्र दान दिने लौकिक परिपाटी आजभोलि द्विज परिवारमा छ। शैय्यादानचाहिँ अझै गरिंन्छ।

पितृलोकमा मृतक पुगेपछि सपिण्डीकरण कर्म गरिन्छ। यो कर्म गरेपछि अन्य पितृसरह उसले वास पाउँछ भन्ने धारणा छ। यो सपिण्डीकरण भएपछि मृतात्मा

---

१९७. *पार.*, ३।१०।३०
१९८. ऋ., १०।२।१८।७

टुङ्गो लागेको ठहऱ्याइन्छ। कुलअनुसार बाह्र दिन, पैँतालीस दिनमा पनि यो काम गरिन्छ तर वर्ष दिन जुठो बार्नेले मासिक श्राद्ध गरी वर्ष दिनपछि सपिण्डीकरण गरेर शुद्ध भएपछि वार्षिक श्राद्ध मात्र पछिल्ला वर्षहरूमा गरेर पितृको संस्मरण गरिन्छ। यस प्रकार मृतकको अन्त्येष्टि हुन्छ। कसैले आफ्नो पिण्ड दिने सन्तानको अभावमा आफैँले जिउँदो हुँदै पनि अन्त्येष्टि गर्छन् भने अकाल मृत्यु हुनेको, झुन्डिने, हराउने वा पतित आदिको भने यस्तो विधिपूर्वक संस्कार गरिँदैन। मानिस जन्मिएपछि मर्नुपर्छ त्यस कारण जन्मदा खुसी हुनु वा मर्दा शोक गरेर दुःख लिनु पनि हुँदैन। एउटा प्राणीको रूपमा मानिस संसारमा आउँछ र फेरि अदृश्य जगत्मा विलीन भएर ऊ जान्छ। यस कारण ज्ञानीले जन्म र मृत्यमा खुसी र दुःखले पिरोलिनु आवश्यक छैन। हिन्दूहरूले वावु, आमा, स्वास्नी, छोरा, काका, मामा, सगोत्री वान्धवहरूको मृत्यु हुँदा अन्त्येष्टि संस्कारको रूपमा कर्म चलाएका हुन् भन्ने वौधायनको विचार नै तथ्यपूर्ण रहेको देखिन्छ।

नेपालीहरूले शवयात्रा गर्ने विभिन्न तरिका अँगालेका भए पनि काठमाडौँ उपत्यकामा मल्लकालमा शवयात्राका वारेमा जुन चलन थियो त्यो विशेष उल्लेखनीय छ। मृतकलाई बाँसको खटमा राखेर घाटमा लैजाँदा मृतकका सम्वन्धीहरू तथा शोक बार्नेहरूसमेत पछि लागेर रुँदै घाटमा जाने चलन थियो। छोरा नभए जेठी अविवाहिता छोरीले पनि दागबत्ती दिने कुराको सङ्केत पाइन्छ। मलामीले बाह्र दिनसम्म जुठो बार्नु पनि अनिवार्य ठानिन्थ्यो। ललितपुर मूलचोकको ने.सं. ७९५ को शिलालेखबाट पैँतालीस दिनमा वर्षी फुकाउने कुरा थाहा पाइन्छ। तर यो त्यति सार्वजनिक रूपमा स्वीकार्य थिएन। काठमाडौँमा नेवारहरू शवयात्रामा अनिवार्य रूपले रुने चलन गर्छन् जुन मल्लकालिक समाजमा पाइन्थ्यो।

यसरी आर्यहरूले चलाएका संस्कारहरू धेरै नै महत्त्वपूर्ण थिए र अधिकांश नेपालीहरू खास गरी हिन्दूधर्मावलम्वीहरूले राजादेखि रैतीसम्म सवैले यो संस्कार गर्ने परिपाटी छ तर पनि वेला-वेलामा भएका धार्मिक र सांस्कृतिक प्रभावले नेपाल विटुलिन पछि परेन, फलतः संस्कारहरूमा विविधता आयो। इस्वीपूर्व छैटौँ शताव्दीमा वौद्ध धर्मको प्रभाव नेपाली भूमिमा पऱ्यो। लुम्विनीमा बुद्धको जन्म हुनाले नेपाली भूमिलाई गर्व भयो। वौद्ध धर्मको मूल ध्येय हिन्दूलाई विरोध गर्नु थिएन तर पनि हिन्दूधर्मका सिद्धान्तसँग यस धर्मका सिद्धान्त पृथक् भएको कारण हिन्दूधर्म संस्कारमा सामान्य किसिमले परिवर्तन आयो। यसको प्रभाव आज पनि केही रूपमा वौद्ध धर्मावलम्वी परिवारमा पाइन्छ। आत्माको स्थायित्वलाई सकारेर कुनै प्राणी पनि स्थायी हुन सक्तैन भन्ने वुद्धको भनाइवमोजिम सन्न्यासी हुन जुनसुकै वेलामा सकिन्थ्यो। हिन्दूधर्मअनुसार जीवनको चौथो भाग ७५ वर्षपछि मात्र सन्न्यासी हुन सकिन्थ्यो।

यस प्रकार केही भिन्नता भए पनि हिन्दू र बौद्ध धर्मावलम्बीहरू मिलेर रहेको कुरा सातौं शताब्दीमा आउने चिनियाँ यात्री ह्वेन साङले हिन्दू सनातनी धर्म तथा बौद्ध धर्म आपसमा मिलेर रहेको कुरा उल्लेख गरेकाले पनि प्रमाणित भएको छ।

श्राद्ध संस्कार : यज्ञकर्मका रूपमा

वेद नै ज्ञान-अज्ञान सारा ज्ञान-विज्ञानको मूल स्रोत हो। त्यसैले वेदलाई ज्ञानसागर भएनिएको छ। वेदमा सूक्तरूपी रत्नहरू यत्रतत्र छरिएका छन्। सूक्त शव्द 'सू' उपसर्ग पूर्वक 'वच्' धातुदेखि 'क्त' प्रत्यय गरेर व्याकृत हुन्छ। सूक्तको विशेष्य वैदिक मन्त्र हो। तसर्थ वेदमन्त्र समूहलाई सूक्त भनिएको छ।

वेदको विषय यज्ञ हो। वेदमा पनि देवताकै उपासना गरिन्छ र यज्ञमा पनि देवताकै उपासना गरिन्छ। यो यज्ञको मूल 'यज' धातुको अर्थ देवपूजा हो। देवता परमात्माकै अङ्ग हो। अङ्ग नभई आङ्गिकी (पूजा) हुनै सक्दैन, त्यसैले देवपूजन नै भगवतआराधना हो। देवता परमात्माको विस्तारित रूप हो र परमात्मा सर्वदेवमा व्याप्त छ।[१९९] प्रश्न यो छ कि देवपूजन अग्निमा आहुति दिएर किन गरिन्छ ? ऋग्वेदमा के भनिएको छ भने 'हे अग्नि तिम्रो उपस्थितिविनादेवता तृप्त हुँदैनन्।'[२००]

ऋग्वेदमा नै स्पष्ट रूपमा देवताहरूका लागि अग्निले हवि निर्माण गर्ने कुरा वताइएको छ। अग्नि नै देवताहरूको मुख हो भनिएको छ।[२०१] देवताहरूको मुखस्थान अग्नि भएकाले देवताहरूको खाना (नैवेद्य, चरु, हवि) अग्निमा हाल्नु नै युक्तिसङ्गत मानिन्छ।

यसरी गरिने यज्ञवाट वादल (मेघ) बन्दछ अनि वृष्टि हुन्छ। वृष्टिबाट अन्न उब्जनी हुन्छ र त्यसैवाट पुनः यज्ञ गर्नमा टेवा मिल्छ।[२०२] सकाम वा निष्काम रूपले गरिने परमेश्वर वा देवता आदिको आराधनालाई यज्ञ भनिन्छ। यसका तीन भेद छन् : आर्चिरादि यज्ञ– अग्निमा होम गर्ने, सोमादि यज्ञ– पूजा तर्पण र अग्निष्टोमादि यज्ञ– जप, पूजा, पाठ, तर्पण, योग र पञ्च महायज्ञ आदि।

भगवान् वराहका शरीरका अङ्ग-प्रत्यङ्गबाट यज्ञहरू बन्न गए। आँखीभौं र नाकको जोड्नीवाट अग्निष्टोम, च्यूँडो र नाकको जोड्नोवाट बह्निष्टोम, आँखा र

---

१९९. तद् यद् इदमाहुः– अमुंयज, अयुंयज– इति एकैकं देवम्,
एतस्वैवः सा विशिष्टः, एष उह्येव सर्वे देवाः। शतपथ १४।४।२।१२

२००. न ऋते त्वाममृता मादयन्ते
आ अग्ने वह हविरपाद्यम देवान– ऋ. ७।११।५

२०१. अग्निर्हि देवानाम् मुखम्। शतपथ ३।७

आँखीभौंको जोडनीवाट व्रात्यस्टोम, घाँटोको जोड्नीवाट पम्व महायज्ञ र जिभ्रोवाट दैनिक तर्पणादि र सोको विधि वने।[२०३]

हाम्रो भोजनमा खास गरी अन्न, पानी र तैजस (घृत) नै मुख्य हुन्छन्। अन्नको स्थूल तत्त्ववाट दिसा, मध्यबाट मासु र सूक्ष्म तत्त्ववाट प्राण वन्दछ। त्यसै गरी तैजसको स्थूलवाट हाड, मध्यबाट मासी र सूक्ष्म तत्त्वहरू, हाम्रा सूक्ष्म शरीर धारण गर्ने पितृहरूले ग्रहण गरी तृप्त हुन्छन्।

यज्ञ

यज्ञको उद्देश्य वायुशुद्धि मात्र होइन यसको लक्ष्य देवताहरूलाई तृप्त गर्नु पनि हो। यज्ञको लक्ष्य वायुशुद्धि मात्र भएको भए यति महँगो घिउ प्रयोग गर्नुपर्ने थिएन। सस्ता वस्तुको प्रयोगवाट पनि वायु शुद्धि हुन सक्छ। अर्को कुरा यदि यज्ञले वायुशुद्धि मात्र गर्ने भए यज्ञ दुर्गन्धित ठाउँमा मात्र गर्नुपर्दथ्यो।

यज्ञको समयमा वेदमन्त्र पढिरहनुपर्ने पनि थिएन। त्यसैले मूलभूत कुरा यज्ञको प्रयोजन देवताहरूको तृप्त गर्नु नै हो। देवताको खानामा घिउ मिलाइएको हुनुपर्दछ। 'घृतं मे वीरु भक्ष्यं स्यात्- मा...९।१४।२२' भनिएको छ। त्यस कारण देवताको खाना घिउ सिद्ध छ। 'घृतस्य स्तोकं सकृदह्न आश्रम्'- ऋ. १०।९५।१६ यस मन्त्रमा उर्वशी वक्त्री ऋषि हुन् र पुरुरवा देवता। त्यसैले देवपूजाका हरेक यज्ञमा देवताको तृप्तिका लागि घिउ मिसाइएको हुन्छ। यज्ञाङ्ग हवनमा देवताको तृप्तिका लागि अग्निमा घिउ हालिन्छ। यज्ञ वेदको विषय भएकाले यज्ञमा वेदमन्त्र पढिन्छ। यज्ञ देवताको पूजाका लागि गरिन्छ। त्यसैले यज्ञमा वेदमन्त्रको आवश्यकता पर्दछ। वेदमन्त्रका सवै विषय देवता नै हुन्। वेदमन्त्रद्वारा देवताहरूको आह्वान गरिन्छ। त्यसैले यज्ञको समयमा देवताको हृदयले ध्यान गर्नुपर्ने कुरा निरुक्तमा लेखिएको छ।

जव यज्ञ गरिन्छ त्यसको हवि (आहुति दिइएको वस्तु) लाई अग्नि, वायु, सूर्य, चन्द्र आदि देवताले आफ्नो ताप, किरण आदि शक्तिले खिचेर वादलमा परिणत गर्दछन् र त्यसैवाट यज्ञकर्ताको मनोरथ पूर्ण हुने तथा वर्षाद् भई अन्त्यमा वायुशुद्धि पनि हुन्छ। तर प्रमुख महत्त्व भने देवताको तृप्ति नै हो। त्यस कारण यज्ञ देवपूजनको पर्यायवाची सिद्ध हुन्छ।

---

२०२. 'यज्ञा भद्वात पर्जन्यो, (गीता ४।१४)
२०३. तस्याङ्गसन्धयो यज्ञा जानास्ते वै पृथकपृथक्
यज्ञानां सततं लोका यै र्भाव्यन्तेऽधुनायि च। -कालिका यु. ३२/१२-२७

श्राद्ध के हो र पहिले कसले गर्‍यो ?

श्राद्धको सामान्य अर्थ हुन्छ पितृपक्ष वा श्रद्धापूर्वक गरिने काम । परलोकमा पितृहरूका लागि आफूलाई मीठो लागेर खाइने वस्तु श्रद्धासाथ चढाउँदै गरिने एक कर्म वा पूजा ।

प्रितं पितृंश्च निर्दिश्य भोज्यं यत्क्रियमात्मन् ।
अद्धया दियते यत्र तच्छ्राद्धं परिकीर्तितम् ॥

परलोक भएका पितृहरूले पाऊन् भन्ने उद्देश्यले शास्त्रले बताएको समय र स्थानमा, काँचो वा पकाएको अन्न तथा सुवर्णादि द्रव्य विधिपूर्वक चढाउने वा दान गर्नुलाई श्राद्ध भनिन्छ ।

पित्रादि-मृतानुद्विव्य विहिते काले देशे पक्कान्नामान्न हिरण्यान्यतम द्रव्यस्य विधिना दानं श्राद्दम् इति (ध.सिं) दूध, दहि, घ्यू सहित या व्यञ्जनहरू तयार पारी श्रद्धासाथ चढाउनु पनि श्राद्ध नै हो ।

संस्कृत्य व्यञ्जजनाढयं च पयोदधि घृताचितम्
श्रद्धया दियते यस्मात्तच्छ्रद्धं तेन गद्यते (आ.च.)

देश काल पात्रमा श्रद्धाले विधिपूर्वक पितृहरूप्रति समर्पित गरी विद्वान् ब्राह्मणलाई दान गर्नु पनि श्राद्ध नै हो ।

देशे काले च पात्रे च श्रद्धाया विधिना यत् ।
पितृनुद्दिश्य विप्रेभ्योदत्तं आद्धमुदाहृतम् ॥

माथि उल्लेख भएअनुसारको श्राद्ध पहिले ब्रह्माजीले र त्यसपछि दत्तात्रेयका छोरा निमिले आफ्नो श्रीमान् नामक छोरो परलोक हुँदा गरे । त्यसपछि अरूले पनि श्राद्ध गर्न थाले ।

दत्तात्रेयस्य पुत्रोऽभून्निमिर्नाम तपोधनः ।
निमेधाप्यभवत्पुत्र ! श्रीमान् नाम श्रिया वृतः ॥
निमिराकारितस्तेन पितृयज्ञे तपोधनाः ।
मतिमद्भिः पूर्वदृष्टो धर्मोऽयम्... ॥ –म.भा.आ.प. ९१।५-१०

श्राद्धका पनि अनेक भेद छन् : नित्य श्राद्ध, नीमत्रिक, काम्य, सपिण्डी, वृद्धि, पार्वण, गोप्ठी, शुद्धि, कर्माङ्ग, दैविक, यात्रा, पुष्टि, नवच्छन्न, मासिक, उनमासिक, एकोदिप्ट, प्रेत, तीर्थ आब्दिक, दर्श, क्षयाह, आमान्न, सुवर्ण, महालय, इप्टि, नान्दी, युगादि, मन्वादि, सङ्क्रास्ते वैधृति, अप्टका, अनप्टका, पूर्वेद्यु, नवसंज्ञ र षोडशीश्राद्ध आदि ।

पितृश्राद्ध प्रतिमहिना कृष्णपक्षमा हुन्छ। मर्त्यलोकमा मनुष्यको महिना पितृलोकका पितृको एक दिन र रात हुन्छ।[२०४] यस कारण प्रत्येक महिना श्राद्ध गऱ्यो भने पितृको यो भोजन प्रतिदिनका हिसाबले मिल्दछ। कृष्णपक्षमा श्राद्ध किन गरिन्छ भने कृष्णपक्ष पितृलोकमा दिन हुने र शुक्लपक्षमा त्यहाँ रात हुन्छ। त्यसैले कृष्णपक्षलाई पितृपक्ष भनिएको हो। सिद्धान्तशिरोमणिमा वताएअनुसार पितृलोक चन्द्रलोकभन्दा पनि माथि छ। शुक्लपक्षमा चन्द्रमा सूर्यवाट टाढा हुँदै जान्छ त्यस वेला पितृलोकमा यहाँको १५ दिन निरन्तर एक रात हुन्छ। कृष्णपक्षमा चन्द्रमा क्रमशः सूर्यको नजिक हुँदै जान्छ। त्यसैले उक्त १५ दिन पितृलोकमा एक दिन हुन्छ। औँसीको दिन चन्द्र र सूर्य एकै राशिमा पर्दछन् त्यसै दिन जब हाम्रो अपरान्ह हुन्छ चन्द्र र सूर्य हाम्रो शिरमाथि हुन्छन् त्यही समय पितृको भोजनसमय मध्यान्ह हुन्छ। त्यसैले मध्यान्ह नभई श्राद्ध गर्नुहुन्न भन्ने गरिन्छ।

यहाँ मरेर गएका हाम्रा पुर्खाहरू पितृलोकमा गई बस्दछन्। पितृलोक चन्द्रलोकभन्दा माथि छ भनिन्छ। चन्द्र, सूर्य, ताराहरूमा मनुष्यादि प्रजाहरू पनि रहन्छन्। यिनमा आकृतिको भेद हुन्छ। हामीले यहाँ देखेजस्ता मनुष्य नहोलान्। यही किसिमले पूर्वजको यहाँ मृत्यु भई चन्द्रलोकमा जन्म लिए भने उनीहरूले हामीले दिएको अन्नादि आकर्षण शक्तिले खिचेर त्यस श्राद्धको अंशले हाम्रा मृतक पूर्वजलाई तृप्त गराउँदछन्।

औँसी चन्द्रलोकका पितृको मध्यान्ह एवं भोजनकाल हो। त्यसैले हामीले पितृको मध्यान्हकालमा भोजन पुऱ्याउनुपर्दछ र उनीहरूलाई तृप्त पार्नुपर्छ। यसको साधन मार्ग श्राद्ध-कर्म हो। श्राद्ध दुई प्रकारको हुन्छ।

१. उनको नाममा अग्निमा हवन गर्नु।

२. व्राह्मण भोजन गराउनु।

मृत-पितृको भोजन खुवाउन अग्निसँग यसरी प्रार्थना गरिन्छ : 'ये निखाता ये परोप्ता ये दग्धा अत्रवे।' अथर्व १८।२।३४ आजभोलि श्राद्धकर्म गर्दा पितृको नाममा हवन गरिँदैन। हुन त अग्निमा हवनद्वारा पितृलोकमा सूक्ष्म तवरले भोजन पुऱ्याउने विधि वेदविहित हो। दोस्रो व्राह्मण भोजन पनि शास्त्रमा उल्लेखित विधि नै हो तर यो उत्तरवैदिककालमा विकसित प्रथा मानिन्छ। अग्निको सहोदर एवं वरावरीको रूपमा व्राह्मणको जठराग्नि (भोको पेट) लाई मानिन्छ त्यसैले व्राह्मणको मुखद्वारा पितृलोकमा रहेका पितृहरूलाई कव्य दिइयोस्। मनुस्मृतिमा 'विजा तपः समृद्धेषु हुतं विप्रमुखाग्निषु' भनिएको छ। व्राह्मण तथा अग्नि विराट् पुरुषको मुखवाट उत्पत्ति

२०४. पितृभ्यो मासि उपमास्यं ददाति (अथर्ववेद शौ. सं. ८।१।२५ पित्रे राज्यहनी मासः मनु १।६६

भएका हुन्।[२०५] यस कारण अग्नि र ब्राह्मणलाई बराबरी मानिएको छ। त्यसैले शास्त्रमा ब्राह्मणलाई अग्नि वा आग्नेय भनिएको हो। 'आग्ने यो वै ब्राह्मण:' पनि भनिएको छ। यदि अग्नि प्राप्त गर्न कठिन भए ब्राह्मणलाई कव्य दिनु नै उचित हुन्छ। यस प्रकार साक्षात् अग्नि अथवा ब्राह्मणस्थ वैस्वानर अग्निले उक्त कव्यको सूक्ष्म वनाई पितृलाई पुऱ्याउँदछन्। पितृ त्यही सूक्ष्म कव्यबाट तृप्त हुन्छन् किन कि पितृहरू नै सूक्ष्म शारीरात्मक हुन्छ। त्यसैले उनीहरूलाई स्थूलबाट सूक्ष्मगत भोजनको आंवश्यकता हुन्छ र त्यसैवाट उनीहरू तृप्त हुन्छन्।

हामी स्थूल भोजन दाल, भात, तरकारी, अचार, मांस-मदिरा मुखद्वारा पेटमा पठाउँदछौं। तर हाम्रो आत्मा सूक्ष्म छ। सूक्ष्म आत्माले स्थूल भोजन कसरी ग्रहण गर्ने ? त्यसैले सूक्ष्म आत्माका लागि सूक्ष्म भोजन नै चाहिन्छ। जब हामी भोजन गर्दछौं हाम्रो जठराग्निले उक्त स्थूल भोजनलाई सूक्ष्म रूपमा परिणत गरी सूक्ष्म आत्मालाई सुम्पिदिन्छ। त्यही सूक्ष्म तत्त्वले हाम्रो सूक्ष्म आत्मा तृप्त हुन्छ। यहाँ जठराग्नि स्वयं कार्यगर्न लाग्दछ हामीले केही चिन्ता लिनु पर्दैन। यसै गरी सूक्ष्म शरीर धारण गरेका हाम्रा पितृले हामीले दिएको स्थूल भोजन अग्नि या ब्राह्मणाग्नि (जठराग्नि) द्वारा गरिएको सूक्ष्म तत्त्वलाई प्राप्त गर्दछन् र तृप्त हुन्छन् तर यसका लागि सङ्कल्प, गोत्र, प्रवर, नाम, तिथि, वार, नक्षत्र स्थान ठेगाना, लिङ्ग आदि भने उच्च सतर्कताका साथ मिलेको हुनुपर्दछ। अन्यथा कार्य निष्फल हुन्छ। ब्रह्मणाग्नि मताग्निसँग मिलेर स्वयं कार्य गर्न लाग्दछन्। यसका लागि ब्राह्मणले कुनै थप व्यापार वा हुलाकसम्म पुऱ्याइदिनु पर्दैन। ब्रह्माग्नि स्वयं नै एक हुलाकी हो।

जसरी यज्ञवाट तृप्त भएका देवता वृष्टि गर्दछन् वा जब हामी अग्निमा हवि हाल्दछौं स्थूल अग्निले उक्त हविलाई जलाएर सूक्ष्म गर्दछ र स्वयं शान्त भई सूक्ष्म हुन्छ। त्यसपछि सूक्ष्म अग्नि महाअग्निमा मिल्दछ। उक्त सूक्ष्म हवि आफ्नो मित्र वायु, जल र आकाशको सहायताले आकाशतिर जान्छ। हाम्रो वेदका मन्त्रद्वारा जेजति देवताका लागि स्वाहा भनी हवि दिइएको थियो त्यही-त्यही देवताकहाँ सूक्ष्म हवि पुग्दछ। देवताहरू यसवाट तृप्त भई खुसी भएर अन्नवाली उत्पादनका लागि वृष्टि गर्दछन्। यसै गरी श्राद्धमा जव अग्नि वा अग्निका सहोदर ब्राह्मण स्वयं कव्य प्राप्त गर्दछन्, व्राह्मणाग्नि वा जठराग्नि त्यस कव्यलाई सूक्ष्म गर्दछन् र स्वयं आकाशमा गई सूक्ष्माग्निसँग मिल्दछन्। यसरी आकाशमा गई चन्द्रलोकस्थ पितृको सूक्ष्म हवि सुम्पिन्छ। यसवाट पितृ तृप्त भएर आफ्ना सन्तान एवं श्राद्ध गर्नेलाई धनधान्य एवं

---

२०५. ब्राह्मणोस्य मुखमा– यजु. ३१।११
मुखाद् अग्निरजायत– यजु., ३१।१२

सन्तान आदिको व्यवस्था गर्दछन्। जसरी देवताहरूलाई सोमाय स्वाहा, वरुणाय स्वाहा इत्यादि मन्त्रद्वारा दिइएको हवि सूर्यले खिच्दछ त्यसै गरी पितृको उद्देश्यले दिइएको कव्य चन्द्रमाले खिच्दछ वा सूर्यले आफ्नो सुषुम्नारश्मिले खिचेर चन्द्रलोकमा पुऱ्याउँदछ। चन्द्रमाले सूर्यको रश्मिलाई आकर्षण गर्दछ त्यसै गरी सूर्यको किरणले पूर्वोक्त सूक्ष्म अन्नको आकर्षण गरेर प्रत्येकका पितृलाई सुम्पन्छन्। त्यही सूक्ष्म शरीर भएका पितृहरू सूक्ष्म हविद्वारा जसरी हाम्रो सूक्ष्म आत्मा तृप्त हुन्छ त्यसै गरी तृप्त हुन्छन्। यसको प्रमुख कारण हो सङ्कल्प, किनकि त्यस हविको तत्-तत् पितृको उद्देश्य गरी सङ्कल्प गरिदिनुपर्दछ। देवताहरू हाम्रो मानसिक सङ्कल्पलाई जान्दछन्।

चन्द्रमालाई मनको देवता पनि भनिन्छ। श्राद्धमा सङ्कल्प सवैभन्दा महत्त्वपूर्ण मानिन्छ। जसरी अधिष्ठातृ देवताहरू जुनजुन कर्मको फल उनका कर्ताहरूलाई प्रदान गर्दछन् त्यसै गरी देवताहरूको आधिपत्यमा उनीहरूका पितृलाई श्राद्धको फल गर्दछन्। यसरी श्राद्धद्वारा मृतकका पितृ तृप्त हुन्छन्। यज्ञ र श्राद्ध दुवै सनातन हिन्दूको मुख्य सांस्कृतिक अङ्ग मानिन्छ। यसैवाट हिन्दू संस्कृतिको सुरक्षा हुन्छ।

अन्त्यमा : यज्ञ र श्राद्धद्वारा देवता र पितृहरू तृप्त त हुन्छन् तर पितृलाई सङ्कल्पमात्रले पुग्दैन वचनको पनि नितान्त आवश्यक छ। देवतालाई केवल भावमात्र भए पुग्छ। भनिएको पनि छ : 'पितो वाक्य मिच्छन्ति भावमिच्छान्ते देवता।'

बौद्ध संस्कार परम्परा र समन्वय

वौद्ध धर्मको क्रियासङ्ग्रहअनुसार उपनयन गरिने वालकलाई चार दिनसम्म गुम्बामा राखिन्छ र निश्चित कर्महरू तथा पूजा र पाठको ज्ञान गराएपछि उसलाई घरमा फिर्ता पठाइन्छ। विवाह गर्दा पनि नेवार परिवारमा अष्टमातृकापूजा गरेर विवाह गर्दछन्। हिन्दू र बौद्धहरूले मिलेर पनि विवाह गर्दछन् र हिन्दूकर्मअनुसार वरको घरमा संस्कार गरिन्छ भने कन्याको माइतीवाट वौद्ध रीतिबमोजिम संस्कार गरेर पनि बेहुली ल्याइन्छ। योभन्दा समन्वयको अरू उदाहरण आवश्यक होला जस्तो लाग्दैन। वौद्धहरूले वैदिक धर्मले चलाएको वलिप्रथामा विलकुल विरोध गरेर हिंसा नगर्ने वाटो लिए। हिन्दूहरूले कर्ममार्गलाई वढी प्रश्रय दिएर स्वर्गको कामना र मूर्तिप्रति आस्था ज्यादा राख्ने काम गरे। यो नै वैदिक र वौद्ध धर्मका वीच मूल भिन्नता भयो। बौद्ध धर्मावलम्वीमा हीनयान र महायान सम्प्रदाय छन्। हीनयानीहरूको हिन्दू सन्न्यासीसरह संस्कार गरिन्छ भने महायानीहरूको गृहस्थ संस्कार हुन्छ।

बौद्ध नेवारहरूमा गुभाजू पुरोहित हुन्छ। उसैले धार्मिक ऋचाहरू पढेर कार्य सम्पन्न गर्छ। बौद्धको रूपमा स्वीकृति लिनुअघि उनीहरूको औपचारिक दीक्षा संस्कार गरेर मात्र बौद्ध शिक्षाको रूपमा बौद्ध धर्ममा उनीहरूको विशेष स्थान रहेको कुरा मानिन्छ। यो प्रथा प्राचीन गुम्बामा बस्नलाई गरिने संस्कारको एक अंशको रूपमा मात्र मान्न सकिन्छ। एउटै नेवार परिवारमा कुनै धार्मिक कार्य ब्राह्मणबाट र कुनै गुभाजूबाट गरिने चलनको प्रमाण पाइएको छ। नेवारहरूको गुठीले दाहकर्म गर्ने परम्परा रहेको पाइन्छ, पूर्णत: जुठो लाग्ने चलनचाहिँ द्विजातिभन्दा फरक छैन।

नेपालमा द्विजातिवाहेक अन्य जातिहरूको पनि संस्कार गर्ने परम्परा पाइन्छ। यस्ता जातिहरूका विधि स्थितिहरू वैदिक आधारमा नभए पनि लौकिक चलनमा केही मिश्रित स्वरूपहरू अँगालेर संस्कार गर्ने समान परम्परा पाइन्छ। अधिकांश जातिले कपाल काट्ने, चौल वा क्षेवर गर्ने, विद्यारम्भ संस्कार गर्ने, विवाह, अन्त्येष्टि संस्कारहरू गर्दछन्। यसरी लौकिक, वैदिक र वौद्ध संस्कारको मिश्रित संस्कार अँगाल्ने नेपाली जातिमा मगर, लिम्बू, गुरुङ, सेर्पा, तामाङ आदि मुख्य रहेका हुन्। सङ्क्षिप्तमा तिनीहरूको पनि चर्चा गरिन्छ :

मगर

यो जातिमा द्विजातिको प्रभाव राम्रैसँग देखिन्छ। अधिकांश मगरहरू ब्राह्मण पुरोहित मान्ने पनि छन्। यो जातिको नामकरण संस्कार प्राय: ब्राह्मणद्वारा गरिन्छ। गर्भ रहेको छ महिना वितेपछि द्विजातिको जस्तै यो जातिका स्त्रीहरू पनि भात पकाउने वा देवकार्यमा भाग लिँदैनन्। सुत्केरीलाई अँध्यारो कोठामा राखिन्छ तथा दस दिनसम्म वाहिर आउन-जान बन्देज रहन्छ। एघारौँ दिनमा ब्राह्मणले पञ्चगव्यद्वारा शुद्ध गरेपछि मात्र छुन हुन्छ। द्विजको जस्तै पीपलको पातमा नाम लेखेर वालकलाई सुनाइन्छ। यसरी नामकरण संस्कार समाप्त हुन्छ। बाहुन पुरोहित नगर्ने मगरको तीन दिन सूतक वार्नुपर्छ। चौथो दिन यो संस्कार गरिन्छ। चूडाकर्म चार वर्ष छ महिनामा गरिन्छ। यो चलन अनौठो छ। वालकलाई गोठमा लगेर दाम्लो लगाई पूर्व फर्काएर कपाल काटिदिइन्छ तथा टुपी पनि राखिन्छ। वालकलाई फुल्याउन मिश्री खान दिन्छन्। काटेको कपाल केराको पातमा राखेर दलिनमुनि घुसार्ने चलन छ। यो चलन गोवरमा राखेर वगाउने द्विजको चलनको अनुरूप छ भन्नुमा अत्युक्ति हुनेछैन। यस बेलामा दिदीले शिशुलाई केरा र रोटी खान दिने चलन छ। यो संस्कार गर्दा छ जना केटाकेटीलाई टीका लगाइदिनुपर्छ। तोरीको तेल टाउकोमा राखेर वालकलाई लुगा लगाउने तरिका पनि रीतिको रूपमा विकसित भएको देखिन्छ। शिशुलाई टीका, पहेँलो फूल लगाइदिने तथा शिशुको घाँटीवाट दाम्लो हटाएपछि विधिपूर्वक संस्कार सम्पन्न भएको ठहरिन्छ। यो जातिमा मर्ने

वेलामा पवित्र जल तथा सुनपानी मुखमा राखिदिने चलन छ भने मरेपछि छोरा तथा पुरुष सन्तानले मिलेर नदीमा लगी लासलाई वगाउने चलन देखिन्छ। कहीँ गाड्ने र कहीँ जलाउने चलन पनि छ। यसरी विविधता हुनुचाहिँ ब्राह्मण पुरोहित राख्ने र नराख्नेवीचको भिन्नताले हो। तेह्र दिन जुठो वार्ने, अन्त्येष्टि ब्रह्मणद्वारा गराउने र सो वेलामा हवन गर्ने, दान गर्ने तथा मर्ने वेलामा गाई दान वैतरणीको रूपमा द्विजको जस्तो संस्कार गर्ने कार्यले द्विजकर्मसंग सामञ्जस्यता देखिन्छ। यो जातिमा अगति परेर मर्ने तथा कुकुर, गिद्ध, वाघ, कुखुरा आदिले लासलाई छोइदियो भने पनि त्यो व्यक्ति वायु हुन्छ भन्ने धारणा छ। यस्तो वायुको भय नहोस् भनी वर्षको एक पटक वायुपूजा गरिन्छ। यो कार्य वसन्त ऋतुको पूर्णिमामा खुला ठाउँमा गरिन्छ। ब्राह्मणद्वारा श्राद्धविधि गर्नु, वद्रीमा गएर श्राद्ध गरिदिए पितृ तर्ने हुनाले पुनः श्राद्ध गर्न नपर्ने तथा त्यहाँ गई श्राद्ध गरिदिने चलन द्विजको झैँ यिनीहरू पनि गर्दछन्। जौको पीठोको प्रयोग गरेर नदीमा गई श्राद्ध गरिन्छ भने एकछाकी खाने, कपाल काट्ने, कन्यालाई टीका लगाउने चलन पनि छ। तर श्राद्धमा गहत र कालो मासको दाल अनिवार्य हुनुचाहिँ अनौठो र द्विजसँग विपरीत चलन अझै छ। यो जातिको धारणाअनुसार पहिले द्विजमा पनि यो चलन भएको र पछि द्विजले गहतको दालझैँ मास चलाएको तर उनीहरूलाई मास र गहत नभई नहुने चलन भएको मानिन्छ।

लिम्बू/राई

क) जातकर्म : यो जातिको धारणाअनुसार स्त्रीहरू प्रसूता भएपछि अशुद्ध हुन्छन्। यिनीहरूलाई अलग्ग राख्नुपर्छ। छोरो जन्मिएकोमा चार दिनपछि र छोरी जन्मिएको भएमा तीन दिनपछि कोक्रो उठाउने दस्तुर गरिन्छ अनि शुद्धीकरण हुन्छ। मुन्धुमअनुसार कोक्रो उठाउने दस्तुर गरेकै दिनमा नामकरण गरिन्छ।

ख) अन्त्येष्टि : मृत्युमा पनि जहानहरू अशुद्ध भएको ठान्छन् लिम्वूहरू। यो वेलामा छुवाछूत गर्नुहुन्न। कोरामा वस्ने, नून, तेल वार्ने चलन पनि छ। लोग्नेमानिसको चार दिन, स्वास्नीमानिसको तीन दिन, सानो वालक भए एक दिन जुठो वारे पुग्छ। फेदाङ्मा यो जातिको पुरोहित हो। मुन्धुम धर्मग्रन्थ हो। मुन्धुमअनुसार मरेका तेस्रो दिनमा सबै इष्टमित्र भेला हुने तथा सो वेलामा फेदाङ्माले नियमपूर्वक शुद्धीकरण गरेपछि मात्र शुद्ध ठानिन्छ। मरेका एक वर्षसम्म खुसीको प्रतीक नाचगान, हर्ष वढाइँ, विशेषपूजा जस्ता विधिहरू पनि गर्न वर्जित हुन्छ। ब्राह्मणद्वारा अथवा आफ्नै पुरोहितद्वारा एक वर्षमा श्राद्ध गरेर चोख्याइन्छ। मरेकाको नाममा चौतारो चिन्ने, रुख लगाउने चलन पनि छ। दुर्घटनामा मर्नेहरू चील भएर जन्मने हुनाले उनीहरूलाई खाना रुखमुनि राखिदिनुपर्छ भनी राख्ने चलन पनि पाइन्छ। सुत्केरी चोख्याउँदा र क्रियापुत्री चोख्याउँदा जाँडको अभिषेक गरिन्छ।

गुरुङ/तमु

गुरुङहरू चार जात तथा सोह्र जात गरी दुई प्रकार हुन्छन्। चार जातमा घले, घोताने, लामा, लामिछाने हुन्छन् भने सोह्र जातमा घ्याब्रे, क्यावी आदि हुन्छन्। घलेहरू आफूलाई उच्च ठान्छन्। यी दुवै वर्गले ब्राह्मण संस्कारहरू अपनाउँदछन्। यिनीहरूका परिवारका मुख्य व्यक्तिलाई चीवा भनिन्छ। चीवाको घर नै मूल घर मानेर पर्व मनाउने वा सामूहिक कार्यक्रम गर्ने चलन छ। वालक जन्मेको चौथो दिनमा चिना-टिपन लगाई नाम जुराउने, छैटौं दिनमा भावीलाई खुसी पार्न सबै मित्रवन्धु डाकी रातभरि नाचगान गर्ने र जाग्राम वस्ने गरी नवौं दिनमा न्वारन गरिन्छ। न्वारन गर्दा वालकलाई पञ्चरत्नको जलले स्नान गराई नाम सुनाइन्छ। त्यसपछि सूर्यदर्शन गराइन्छ।

वालकको ८-१२ वर्षमा सम्पन्न हुने चूडाकर्ममा मगरसँग मिल्दोजुल्दो किसिमले गोठ लगी घाँटीमा वस्त्र वा दाम्लाले वेरेर कपाल काटिन्छ। यसपछि घरमा वालकलाई वोलाउँदा विरालोको आहानले सुरी भन्दै बालककी आमाले वोलाएर लग्छिन्। वालकचाहिँ म्याउँ-म्याउँ गर्दै जान्छ। संस्कार गर्ने पुरोहितका रूपमा ध्याव्रेलाई मानिन्छ तर लामा गुरुङ भने आफैँ गर्दछन्। गुरुङमा मामाचेला फुपूचेला विवाह सकेसम्म अनिवार्य मानिन्छ।

मृत्यु संस्कार : गाउँले सवै गुरुङको श्मशान एकै पाखोमा निश्चित गरिएको हुन्छ। मुर्दालाई गाडिन्छ। यस्तो निर्धारित ठाउँमा आकस्मिक दुर्घटनामा परेर वा दैवी प्रकोपवाट मरे भने गाड्नु हुँदैन र अन्तै गाडिन्छ। मृतकलाई गाड्नुका साथै पोल्ने चलन पनि छ। पोल्ने अथवा गाड्ने भन्ने कुरा पात्रो हेरेर पुरोहितले जुराएर निर्णय गर्छ। गाड्दाखेरि चिहान खनिसकेपछि शवको मुखमा सुनको टुक्रा वा चाँदीको टुक्रा राखिन्छ र खाल्डोमा धान छरेर मात्र शव राख्ने संस्कार सम्पन्न हुन्छ। मुर्दालाई मामा वा साला-जेठानले कात्रो ओढाउनुपर्छ। गाड्ने ठाउँमा पहिल्यै चिहान भए चिहानमा भएका ठाउँका हाडका टुक्राहरू पन्छाएर त्यसैमाथि गाड्ने चलन छ। पितृलाई खानेकुरा पनि छुट्याउनुपर्छ। मृतकलाई तार्ने वा स्वर्ग पठाउने उद्देश्यले 'पाए' भन्ने संस्कार अन्त्येष्टिमा घ्याव्रे पुरोहितले गर्दछ। यिनीहरूले पनि १३ दिन जुठो वार्दछन्। मृत व्यक्तिको नाममा चौतारो चिन्ने, कुवा खन्ने वा रुखहरू रोप्ने चलन पनि यो जातिमा छ। मगरका जस्तो ब्राह्मण पुरोहित लगाउने गुरुङहरू नगण्य रूपमा पाइन्छन्।

सेर्पा

यो जातिमा नामकरण संस्कार जन्मेको ५ देखि ११ दिनपछि गरिन्छ। यौन स्वतन्त्रता भएर पनि यो जातिले आफ्नो वंशमा विवाह गर्दैन। विहे गर्नुभन्दा पहिला

जन्मेको वच्चालाई व्येम्वा भन्दछन् । त्यस्ता वालकको नामकर्म वावुले वा उसले पठाएको मानिसले केटीको माइतमा सम्पन्न गर्दछ। विहे गर्ने मञ्जुरी नभए पनि आवश्यक वस्तु भने दिनुपर्छ। अरू सन्तानको पनि नामकर्म वालकको मावलीमा नै गर्ने चलन पाइन्छ। शिशुका वावु तथा तत्सम्वन्धी व्यक्तिहरू शिशुको मावली घरमा नामकरण गर्नका निमित्त जानुपर्छ। यो संस्कारमा घरको आँगनमा एउटा लिङ्गो गाडिन्छ। शिशुलाई मादक पेय पदार्थका अतिरिक्त एउटा ठूलो रोटी काटेर पहिलो टुक्रा दिनुपर्छ। यसै रोटीको अर्को टुक्रा दाजुभाइ र मीतलाई शिशुका वावुले दिन्छन्। उपस्थित व्यक्तिहरूमध्ये आमावावु जीवित रहनेहरूले घ्यू दलेर नामकरण गर्दछन्। १२/१३ वर्षमा गरिने छतसे संस्कार हिन्दूको व्रतवन्धसरह हो। मामाचेला फुपूचेलावीच मागी विवाह हुन्छ। यिनीहरूमा वहुपतिप्रथा हुन्छ भने दाजुभाइका एउटै पत्नी भएमा जेठो दाजुकै सवै छोराछोरी हुन्छन्। कुनै परिवारमा दाजुभाइका दुई साझा पत्नी हुन्छन् तर दुवैको विवाह दाजुसँग भएको हुन्छ। यसको कारण देवरले भाउजूसँग सम्वन्ध राख्न सक्छ तर दाजुले वुहारीसँग सम्वन्ध राख्न नसक्नु हो। आजभोलि वहुपतिप्रथाको यो चलन क्रमशः घट्दो छ।

चेपाङ

यो जातिमा बालकको चूडाकर्म पाँचौं या छैटौं वर्षमा मात्र गरिन्छ। पहिलो पटक कपाल काट्दा मामाले काट्नुपर्ने चलन छ। नामकरण गर्दा केटीको तीन दिनमा तथा केटाको एघार दिनमा गरिन्छ। द्विजको विधिवमोजिम पनि न्वारन गरिन्छ र वाइस दिनसम्म सुत्केरीको पानी नचल्ने प्रथा छ।

चेपाङका छोरी अरू जातले लगेका छन् तर अरू जातका छोरी कुनै चेपाङले ल्याएको छैन। विहे गर्दा उमेर पुगेको केटाले केटी भगाउने चलन छ। यिनमा वलजफ्ती केटी छोप्ने पनि चलन छ। जुनसुकै प्रकारको विहे भएको भए पनि केटाकेटीले वाइस रुपियाँ दाम, एकठेकी रक्सी लिएर केटीको वावुआमालाई ढोगभेट गर्नुपर्दछ। यदि यो दस्तुर नवुझाई केटीको मृत्यु भएमा काजकिरिया गर्न पाईदैन लास उठाउन पनि पाइँदैन। यो दस्तुर नवुझाई वालक जन्मेर न्वारन, छेवर गर्दा पनि माइती आउँदैनन्। चेपाङहरू दसैं तिहारका साथै भदौको तेस्रो मङ्गलवार न्वाँगी पूजा गरेर नयाँ अन्न पितृलाई चढाई खाने गर्दछन्। यो पूजा गर्दा, काजकिरिया गर्दा, विरामीको औषधि-उपचार र देवता मनाउन, कुलदेवताको पूजा गर्दा उनीहरूकै थरको पाँडे पुरोहित लगाउने चलन छ।

सतार

सतार जातिमा मृत्युसंस्कार गर्दा नदीको किनारमा लास जलाउने गर्दछन्। बाँकी रहेको अंशलाई तीन दिनपछि पानीमा वगाइदिने चलन छ। मृत्युशोक गाउँभरि मनाइन्छ। शोकको वेलामा खेतमा काम गर्न हुन्न भन्ने चलन छ। वार्षिक कर्म पनि गरिन्छ। यसमा गाउँलेलाई मासु, महलगायतका वस्तुहरू खुवाई मध्य-रातमा भोज गराउने चलन छ। जन्मोत्सव कर्म गर्ने चलन यिनीहरूमा आफ्नै किसिमको पाइन्छ।

जुनसुकै जीवजन्तुको मासु खाने यो जाति दही, दूध मन पराउँदैनन्। सतार महिलाहरू आफैँले वुनेका खस्रा कपडा लगाउने हुँदा वजारको भर पर्नु पर्दैन। चाँदी, पित्तल र काँसका गहना हात, गोडा र छातीमा लगाई खुव सिँगार्छन्। यिनीहरूको फागुनमा मनाइने वाहा, कार्तिकमा मनाइने सोहराया, मुख्य चाड पर्दछन्। यिनै अवसरमा खेतीका देवता, पितृदेवता, रोगव्याधि निवारण गर्ने देवताको पूजा गर्दछन्। चाडपर्वमा वाँसुरी, ढोलक, झ्याली वजाई गीत नाच, खेल र रमिता गरिन्छ। यस्तो मनोरञ्जनात्मक कार्य मौसम हेरी दिन र रातमा पनि गरिन्छ। सवैले मुक्तकण्ठले भाग लिन्छन्।

तामाङ

यो जातिको अन्त्येष्टि गर्ने परिपाटी अलि भिन्न छ। मृतकको शवलाई पहाडको टाकुरामा लगेर लामाहरूद्वारा अथवा झाँक्रीद्वारा विधिपूर्वक गाडिन्छ वा जलाइन्छ। पहाडलाई स्वर्गको प्रतीक मानेर शवलाई डाँडामा राख्ने चलन यो जातिमा रहेको विश्वास हुन्छ। कतै-कतै मृतकलाई गाड्ने गरेको पनि पाइन्छ।

तामाङहरूकहाँ पुरेत्याइँ लामाले गर्दछन्। लामा कुनै थर नभई एउटा पेसा हो तर अहिले उच्च थरमा परिणत भइसकेको छ। यिनीहरू घ्याङ र त्यसभित्रका देवता, वुद्धप्रति आस्था राख्ने भए तापनि पनि हिन्दू चाडपर्व पनि समान रूपले मनाउने गर्दछन्। जन्म र मृत्यु संस्कार गर्दा लामा पुरोहित चाहिन्छ तर विवाहमा पुरेत चाहिँदैन। भूतप्रेत पन्छाउने र जनकल्याणका लागि पूजाआजा गराउने कार्य ताँपो झाँक्रीले गर्दछ। लामाद्वारा गराइने पूजादि कार्यमा वलि दिइँदैन तर वाँफे झाँक्रीद्वारा लगाइने पूजा झारफूक तन्त्रमन्त्रादि कार्यमा कुखुरा, हाँस, पाठा वलि दिने, अण्डा चढाउने गरिन्छ।

नेवार

विभिन्न जातिको संस्कारको अध्ययन गर्दा के अनुभव हुन्छ भने अधिकांश जातिहरूले जन्मसंस्कार वा नामकरण, चूडाकर्म वा उपनयन, विवाह र अन्त्येष्टि

संस्कारलाई प्रधानता दिएका छन्। संस्कारहरूमध्ये सबभन्दा बढी अन्त्येष्टि संस्कारमा विभिन्नता पाइन्छ। यो संस्कार गर्दा द्विजाति तथा अन्य केही जातिमा लासलाई जलाउने परम्परा छ। अन्य सबैजसोमा मरेको लासलाई पानीले नुहाइदिएर कपडाले छोपी नेवारहरू सात ठाउँमा बाँध्ने गर्दछन्। मृतकको टाउको र खुट्टापट्टि बत्ती बाली लासको घाँटीमा उसको चिना-टिपन बाँध्ने चलन नेवार समुदायमा रहेको छ। मरेको ठाउँमा श्राद्ध गर्नुका साथै शवयात्रामा शवको वरिपरि अविर, फूल तथा पैसा छरेर घाटमा जाने परम्परा देखिन्छ। चितामा शव राखेपछि जेठो छोरो वा अविवाहिता कन्या वा भाइ वा आफन्तले दागबत्ती दिएर मुर्दा जलाउने चलन रहेको छ। कपाल काट्ने, सेतो लुगा लगाएर आशौच बार्ने चलन र बाह्र दिन क्रियापुत्री बस्ने कुरा वैदिक नेवारमा छ भने गुभाजूहरू सात दिन मात्रै जुठो बार्दछन्। गुभाजूबाहेक अरूले पिण्डका साथ पितृलाई मासु पनि दिन्छन्। वैदिक नेवारहरूबाहेक अरूले मर्ने बेलामा घरको माथिल्लो तलामा लान्छन् तर हिन्दू नेवार भने घर बाहिर निकाल्छन्।

नेवारहरूको मुख्य थलो काठमाडौँ उपत्यका हो। तर यो व्यापारी जाति भएको हुनाले व्यापारको खोजीमा अधिराज्यका विभिन्न पहाड र मधेसका सहर-बजारहरूमा नेवार बस्ती रहेको पाइन्छ। यिनीहरूको आफ्नै भोट-बर्मेली परिवारको नेवारी भाषा छ। केही नेवारहरू हिन्दू धर्म मान्दछन् भने केही बौद्ध धर्म, तर धर्ममा कट्टरता भने हुँदैन। त्यसैले काठमाडौँ उपत्यकामा हिन्दू मन्दिर सँगसँगै बौद्ध स्तूप तथा विहार र मन्दिरहरू बनेका छन्। बौद्धमार्गीले पनि हिन्दू देवदेवीप्रति सद्भाव राख्दछन् भने दसैँ र तिहार आदि राष्ट्रिय चाड मनाउँदछन्। हिन्दूहरूले बुद्धजयन्ती र विभिन्न बौद्ध देवदेवीका पूजा-आराधना गर्दछन्। हिन्दू र बौद्ध नेवारहरूमा एउटै संस्कार गर्दा पनि भिन्न प्रकारले सम्पन्न गरिन्छ। हिन्दूहरूले देउभाजू (राजोपाध्याय) लाई पुरोहित लगाउँछन् भने बौद्धमार्गीको पुरोहित गुभाजू हुन्छ।

मच्छिन्द्रनाथको रथ

नेवार समुदायमा शिशु जन्मेको १० दिनमा नामकरण कर्म गरिन्छ। छ महिनामा अन्नप्राशन कर्म गरिन्छ। माथिल्ला जातका नेवारहरू गुभाजू, शाक्य, देउभाजू, छथरे र पाँचथरे श्रेष्ठहरूको व्रतवन्ध पनि गरिन्छ। यिनीहरूमा सवै कर्म तन्त्रोक्त विधिले सम्पन्न गरिन्छ। विवाहलाई एउटा महत्त्वपूर्ण कर्मको रूपमा लिइन्छ। कुनै नेवार केटाले गैर नेवार केटी विहे गरी ल्यायो भने गुठीयारले कुलदेवताको पूजा आदि कार्यमा समावेश गराउँदैनन्। त्यसैले सकेसम्म आफ्नै जातभित्रको विवाह गर्ने चलन नेवार समुदायमा छ। बौद्धमार्गी नेवारहरू मृत्यु हुने वखत घरभित्र लैजान्छन् भने हिन्दूहरूलाई घाटमा लगिन्छ। नेवार समुदायमा जात्रा र भोज अत्यधिक हुन्छ। यिनीहरूले मनाउने जात्रामा गाइजात्रा, इन्द्रजात्रा, घोडेजात्रा, मच्छिन्द्रनाथको रथजात्रा महत्त्वपूर्ण छन्। गाईजात्रामा आफ्ना मृतकको सम्झनामा विभिन्न झाँकी प्रस्तुत गरी मनोरञ्जन गरिन्छ भने इन्द्रजात्रामा श्रीकुमारी, भैरव र गणेशको रथजात्रा गर्नुका साथै इन्द्रध्वज खडा गरी इन्द्रको पूजा गरिन्छ। यस वेलाको देवीनाच र दसअवतार प्रदर्शनले झन् धेरै रौनक थप्दछ। जीवित शाक्य कन्यालाई कुमारीको रूपमा पुज्ने यो परम्परा नेपालमा मात्र रहिआएकाले यसले पूर्ण नेपालीपनको सम्झना दिलाउँछ। धेरै पर्व, जात्रा र भोज चलाउन नेवारहरूको गुठी जमिन रहेको थियो। तर आजभोलि यो गुठी मासिन थालेको हुँदा विभिन्न पर्व र जात्राहरू पनि सङ्कटमा पर्न थालेका छन्। नेपालमा धेरै जात्राहरू छन् ती राष्ट्रिय, क्षत्रीय र स्थानीय स्तरका छन्। सवैलाई हेर्ने हो भने एक वर्षमा सयौं जात्रा मनाइन्छ। यी जात्राहरू हाम्रा सांस्कृतिक परम्पराका द्योतक हुन् र यसवाट विभिन्न देवदेवीप्रतिको आस्था जगाउने मात्र नभई सामाजिक मनोरञ्जनात्मक र सामूहिक भाइचाराको पनि अभिवृद्धि गर्दछ। यसरी अप्रत्यक्ष रूपमा सामाजिक स्थानीय, प्रान्तीय र राष्ट्रिय एकताको द्योतक पनि मान्नुपर्दछ। तसर्थ नेपालमा धेरै वर्ष वसेका र नेपाललाई अत्यन्त सकारात्मक दृष्टिवाट हेर्नुहुने एक भारतीय विद्वान्ले लेखकसँग– "भारत ठूलो देश भएर पनि त्यहाँ समेत नभएका विभिन्न महत्त्वपूर्ण जात्राहरू नेपालमा छन् तर ती दिनप्रतिदिन नेपालमा लोप हुँदैछन् जुन कुरा अत्यन्त दु:खदायी हो" भन्नुभएको थियो।

थारू

अन्य जातिका सरह यस जातिको पनि आफ्नै किसिमको जन्म, मृत्यु र विवाह आदि संस्कार रहेको छ। यिनीहरूको गर्भवती महिलाले लामो बाटो हिंड्न नहुने, गह्रौं काम गर्न नहुने हुँदा परिवारका अन्य सदस्यले उनलाई सहयोग गर्ने गर्दछन्।

कोचिला थारूहरू वच्चा जन्मिँदा गर्नुपर्ने सवै कार्य आफैँ गर्दछन्। तीन दिनसम्म शिशु र आमालाई कोठावाट वाहिर आउन दिइन्न। छ दिनमा वच्चाको छठीहार गरिन्छ। यसै दिन ढोकामा जाल र माला राखिन्छ। सुत्केरीलाई नुहाएर सफा पारेपछि कुलदेवताको पूजा गराइन्छ र घरका परिवारले जन्म वारका नामअनुसार नवजात शिशुलाई नाम दिन्छन्। त्यसै दिन शिशुको केशमुण्डन गरिन्छ। केही दिनपछि सवै वन्धुलाई भोज खुवाइन्छ। शिशु जन्मेको वाह्रौं दिनमा वारही गरिन्छ। यो कार्य यदि भाकल गरेको भए सम्वन्धित देवताको पूजा गर्नु हो। यो संस्कार पनि ठाउँ विशेपले फरक तरिकावाट सम्पन्न गरिन्छ। यिनमा अन्नप्राशन र व्रतवन्धको विधान छैन तर छेवरकर्म मामाद्वारा गराइन्छ। यिनमा वालविवाहको चलन भए पनि कन्या युवा भएपछि वाल्यकालकै पतिसँग जीवन विताउनुपर्ने अनिवार्यता छैन। दुवैमा असन्तुष्टि आयो भने सम्वन्ध-विच्छेद गर्न अन्य जातिमा जस्तो कठिनाइ छैन। यो अधिका महिलामा हुन्छ तर पुरुपमा हुँदैन। यिनीहरूमा केटाभन्दा केटी अलि उमेर पाकेको हुनुपर्ने विशेषता छ। थारूहरू आफ्नै घरभित्र मात्र विवाह गर्दछन्। लोराङले विवाहका लागि मध्यस्थता गर्दछन्। विवाहकार्य समाप्त भएपछि दुलही वयस्क नभएसम्म माइतमै वस्छिन् र पछि मात्र आफ्नो पतिको घर जान्छिन्। थारू जातिमा एउटा अनौठो चलन के छ भने आफ्नो छोरालाई विहे गरेकी वुहारी विधवा भइन् भने अन्यत्रवाट केटा खोजी वुहारीको विवाह गरिदिने र त्यसवाट जन्मेका सन्तानलाई आफ्नै वंश मान्ने गरिन्छ। यस प्रथालाई भ्वार पस्ने भनिन्छ। यिनीहरू मृतकलाई जलाउँदछन्। अवस्था हेरी ३, ५, ६ र ११ दिन जुठो वार्दछन्। तर चितौनदेखि पश्चिमका थारूहरूमा मृतकलाई गाड्ने चलन छ। शवयात्रामा पनि वाजागाजा र नाच गरी उत्सवजस्तै गरिन्छ। मानिस मरेको १० दिनमा दसगात्र, गरिन्छ भने वाह्र दिनमा व्राह्मण तथा जाति भोजन गराइन्छ। कतिले दाहसंस्कारपछि घडा फोरी जुठो सक्छन् भने कतिले पीपलका रुखमा घैंटो झुन्डाई १३ दिनसम्म पानी हाल्छन्। जुठो वार्दा तेल र वेसार खाँदैनन् तर नून खान हुन्छ।

थारूले मनाउने सवैभन्दा ठूलो चाड वड्का इतवार हो। दसैं, तिहारका साथै माघे सङ्क्रान्ति, फागु पनि मनाउने गर्दछन्। शिरुवा पावैन, कुड पावन, वड्का वस्या र वड्की माङ्भाखा, माघे सङ्क्रान्ति र फगुवा पर्व प्रमुख चाडको रूपमा रहेका छन्। यसवाहेक यिनीहरू आफ्ना घरका भित्ताहरू विभिन्न भित्तेचित्तले रङ्गाएका हुन्छन्। गोवर, अविर अन्य प्राकृतिक रङ्गको समिश्रण गराएर घरका भित्तामा द्वारपाल, हात्ती, घोडा, हरिण, गाई, वनेल, मयूर आदिका सजीव चित्र वनाउन थारू महिलाहरू निपुण हुन्छन्। खास गरी तिहारको समयमा, विवाहको समयमा यस्ता चित्रहरू वनाइन्छन्। आजभोलि यो चित्र वनाउने परम्परा हराउँदै

गइसकेको छ। यिनीहरू ग्रामदेवता, थानदेवताका साथै शङ्कर, पार्वती, दुर्गा, सत्यनारायण आदि देवताको पूजा-आराधना गर्दछन्। यिनीहरू जादु, टुनामुना, भूतप्रेत, तन्त्र-मन्त्रमा विश्वास गर्दछन्।

मुसलमान

मुसलमान जाति पन्ध्रौं शताब्दीमा रत्न मल्लको पालामा काठमाडौं उपत्यकामा आई वसेका हुन्। पश्चिमका पहाडी राज्यहरूमा सैनिक हातहतियार निर्माण र तालिम दिने क्रममा आई बसेका हुन्। तराईका फाँटमा खेती गर्ने क्रममा वसाइँ सरेका हुन्। तनहुँ र गोरखाका मुसलमानहरू चुरा-धागोको व्यापार गर्ने भएकाले तिनलाई चुरेटा पनि भनिन्छ। २०२१ को मुलकी ऐनले कानुनी तवरले जातजातिमाथिको भेदभाव अन्त्य गरेपछि यो जाति पनि नेपाली समाजको अभिन्न अङ्ग भएको छ।

नेपाली मुसलमानले आफ्नो मातृभाषा उर्दू माने तापनि नेपाली र स्थानीय भाषा नै बोल्ने गरेको पाइन्छ। यिनीहरू इस्लाम धर्मका अनुयायी भए तापनि औपचारिक रूपमा राज्यद्वारा यिनलाई कुनै भेदभाव भएको पाइँदैन। यो जाति पनि अन्य जातिसरह कृषि र व्यापारमा संलग्न छन्।

पैगम्वर मुहम्मदको जन्म मक्का र मृत्यु मदिनामा भएकाले यी दुई ठाउँ प्रमुख तीर्थस्थल हुन्। यी धर्ममा निष्ठावान् हुन्छन्। इस्लामी वर्षको नवौं महिनामा महिनाभरि रमजानको व्रत वसी अन्तिम दिन विशेष खाना खाने गरिन्छ। यसलाई इद-उल-फित्र भनिन्छ। यसवाहेक मुहर्रम, मेराज, सब्बी बरात पनि मनाउँदछन्। वक्रईदमा माछा-मासु विशेष खाई मनाउँछन्। प्रत्येक शुक्रवार मस्जिदमा गई नमाज पाठ गर्दछन्।

मुसलमानहरूमा एउटै आमाको दूध खाएका दाजुभाइ र दिदीबहिनीबाहेक अरू सबै नाता पर्ने केटाकेटीका वीच विवाह हुन सक्दछ। पुरुषले चारवटीसम्म विवाह गर्न पाउने चलन भए तापनि वहुसङ्ख्यक मुसलमानहरूका एउटै मात्र स्त्री हुन्छन्। विवाहमा केटा र केटीका वीच सम्झौतापत्र गरिएको हुन्छ पछि पारपाचुके गर्नुपर्दा सम्झौतापत्रमा लेखिएको रकम पारपाचुके गर्न चाहनेले तिर्नुपर्दछ। उक्त पत्रमा आफ्नै औगातअनुसारको रकम उल्लेख गरिएको हुन्छ। अर्काकी स्वास्नीसँग लुकी, चोरी शारीरिक सम्बन्ध राख्नेलाई ज्यूँदै वा मरेको भए पनि सय कोर्रा हान्नु भन्ने उक्ति भए तापनि आर्थिक जरिवाना तिराउने गरिन्छ।

मृतकलाई धोई-पखाली कपुर-चन्दन लेपन गरी चिहानमा गाडिन्छ र सक्नेले स्मारक वनाइदिन्छन्।

नेपाली मुसलमानहरू अन्य देशका जस्ता कट्टर हुँदैनन् । यिनीहरू गाउँठाउँमा त्यहाँकै चालचलन धेरै अपनाई ती गाउँलेसँग सम्पर्क भई हिन्दूसरह नै धेरै व्यवहार गर्दछन् । चाडपर्वमा पनि मुसलमानको घरमा हिन्दूलाई र हिन्दूको घरमा मुसलमानलाई बिलकुल नवोलाउने चलन छैन । खास गरी पहाडमा दुवै थरीको एकै किसिमको जन-जीवन भएकाले खेतीपाती, घाँस-दाउरा, वस्तुभाउको चरन प्रथा आदिमा दुवै जातिका एकै किसिमका व्यवहार अनिवार्य रूपले हुँदै गएको पाइन्छ । नेपाली मुसलमानहरूमा राष्ट्रियता प्रचुर मात्रामा पाइन्छ । राजमुकुटप्रतिको आस्था पनि प्रशस्त पाइन्छ । कोही-कोही त समाजसेवी, साहित्यप्रेमी र कविहरूपनि यत्रतत्र छन् जो नेपाललाई अत्यन्त प्रेम गर्दछन् । केही वर्षयता आएका खास गरी तराइमा वस्ने मुसलमानहरू मात्र नेपालको धार्मिक सहिष्णुताको वातावरणमा भिजिनसकेकाले कहिलेकाहीँ उदण्डता देखाउँछन् ।

नेपा ा एक वहुजातीय, वहुभाषिक तथा अनेकन प्रकारका विविध सांस्कृतिक सम्मिश्रण भएको देश हो । यहाँ विभिन्न परम्परा र संस्कार एक-आपसमा घुलमिल भई नेपाली संस्कृति बनेको देख्न सकिन्छ । सवै जातजातिका मानिसहरू राजासँग दसैंमा टीकाथाप्न जानु, एक जातिका चाडपर्वलाई अर्कोले पनि रमाइलो तरिकाले मनाउनु, सार्वजनिक बिदाको उपयोग गर्नु आदि उदाहरण हुन् ।

सवै जातजातिमा सम्पन्न गरिने संस्कारका विधि फरक देखिन्छन् तर ती सवै संस्कारको उद्देश्य, लक्ष्य भने एउटै रहेको पाइन्छ । जन्म, नामकरण, उपनयन, विवाह, मृत्यु आदि संस्कारहरू विविध जातिले विविध तरिकामा सम्पन्न गरे तापनि प्राकृतिक रूपमा यी संस्कारका उद्देश्य एकै रहेको देखिन्छ । यसैले अनेकतामा एकता नेपाली संस्कृतिको विविधता वन्न पुगेको छ ।

नेपाली समाजमा पारपाचुके

जसरी नेपाली संस्कृतिमा विविधता छ त्यसै अन्तर्गत विवाहको विधि एवं प्रक्रिया पनि फरक छ । विवाहको उद्देश्य दुई स्त्री-पुरुष शारीरिक, मानसिक र आत्मिक भावनाले एक हुने भए तापनि यसै उद्देश्यका लागि विभिन्न भौगोलिक, आर्थिक र सामाजिक विविधता, स्तर, क्षमता आदिले फरक पारेको देखिन्छ । यसरी फरक विधि-विधानवाट सम्पन्न भएको वैवाहिक सम्वन्धमा चिसोपना आयो, मिलन हुन सक्ने स्थिति रहेन भने सम्वन्ध-विच्छेद गर्न सकिने संस्कारगत प्रक्रियाहरू पनि नेपाली समाजमा विद्यमान छन् । यस्तो सम्वन्ध-विच्छेदलाई पारपाचुके, तलाक वा डाइभर्स भन्ने गरिए तापनि यो संस्कार जात, कुल, धर्मअनुसार फरक तरिकाले सम्पन्न गरिन्छ ।

राई, लिम्बू, किराँत र मगर जातिमा वैवाहिक सम्वन्ध राम्रो हुन सकेन वा पति विदेशिएर बेपत्ता भएमा वा दुवै एकआपसमा मिलेर बस्न सक्ने स्थिति नभएमा पहिलो विवाह भएको पति वा पत्नीसँग सम्वन्धविच्छेद गरी दोस्रो विवाह गर्न छुट छ तर त्यस्तो दोस्रो विवाह गर्नेले पहिलो विवाह खर्च (जारीखर्च) तिनुपर्ने हुन्छ। यसरी गरिएको पुनर्विवाहलाई जारी-विवाह भनिन्छ। नेवार समुदायमा विवाहको अन्तिम चरणमा ढोगभेट कार्य सम्पन्न गरिन्छ। दुवैले मान्नुपर्नेलाई दस दस सुपारी दिएर ढोग्नुपर्दछ। नेवार समुदायमा सुपारीको ठूलो महत्त्व छ। कुनै विवाहिता महिलाले आफ्नो पतिको सिरानीमुनि उसले स्वयंवरमा दिएको सुपारी राखेर घरबाहिर गइन भने उनले पारपाचुके गरेको मानिन्छ। यो एउटा ज्यादै सरल सम्वन्ध-विच्छेद गर्ने चलन हो। त्यसपछि केटा वा केटी दुवैलाई पुनर्विवाह गर्ने छुट छ। नेवारी समुदायमा वेलविवाह गर्दाको वेल नफुटेसम्म महिलालाई जति विवाह गर्न पनि छुट छ। थारू समाजमा विवाह गरेर दुलही अन्माउँदा वेहुलीको हातमा विषको कचौरा दिइन्छ। यदि वेहुलीलाई वेहुला मन परेको छैन वा बाटामा ठूलो विपत्ति आइपरेमा सोही विष सेवन गरी आत्मदाह गर्न सक्छिन् विवाहकै दिन विष हातमा राखिदिनुलाई स्वतन्त्र पारपाचुके त भन्न सकिँदैन तर केही मात्रामा भए पनि यदि अनमेल विवाह हुन लागेको भए त्यसमा वाधा ल्याउने कार्य यसले गर्दछ। तर पत्नीलाई पति मन नपरेमा उनलाई पुनर्विवाह गर्ने छुट थारू समुदायमा छ।

यो हाम्रो हिमालको उत्पत्ति र हाम्रो सुन्दर र गौरवपूर्ण हिमाली संस्कृति र सभ्यताको क्रमिक विकास अघिदेखि नै यस भेकमा प्राणीको उत्पत्ति सुरु भएको कुरा परिच्छेद एकमा वर्णन भइसकेकै छ। यही प्राणीविकासको सिलसिलामा हाम्रोजस्तो भौगोलिक तथा प्राकृतिक विविधता भएको करिब-करिब समुद्र तहदेखि संसारको सर्वोच्च हिमच्छादित शिखर भएको भूखण्डका विभिन्न तहको उचाइ अनेकौं तालहरू, अनेकौं जङ्गल, जन्तु, अनगिन्ती नदीनाला, झरना, ताल, उपत्यका, लेक, बेँसी अनेकौं किसिमका लता-वृक्ष भएको, अनेकौं किसिमका तिनीहरूको घनत्व भएको, वाघ, भालु, सिंह हात्ती, चितुवा, गैँडा, सर्प, विच्छी जस्ता अनेक खतरनाक जन्तु भएको यो भूमिमा हाम्रा अत्यन्त प्राचीन र सुरुसुरुका मानवको विकास प्रक्रिया अत्यन्त कठिन र विभिन्नता पूर्ण हुनु स्वाभाविक हो। प्रकृतिको छाप अत्यन्त ठूलो मात्रामा मानिस र अन्य प्राणीमा पनि पर्दछ। उत्तरी-दक्षिणी ध्रुवका जानवर सेता हुने र भालु पनि सेतो हुने कुरा हामीले वुझेका छौँ।

यसरी नै हाम्रा आदि पुर्खाहरूको विकासक्रममा ती-ती स्थानको प्राकृतिक वनोट हावापानी, अतिशीत प्रदेश, शीतोष्ण र उष्णप्रदेश जस्ता तीन विभाजन भित्र पनि धेरै नै विभाजनहरूको असर पर्न गयो। खानापिनाको उपलब्धि, पोसिलो,

कमपोसिलो, धेरैकम पोसिलो खानाको प्राप्तिले २।४ पुस्तापछि त प्राकृतिक असर एवं वंशानुगत गुण-अवगुण पनि भिन्न हुन गयो। अनि वंशानुगत र वातावरणीय प्रभाव दुवैले भन्-भन् जरा गाड्दै एक ठाउँका वासिन्दावाट अर्का ठाउँका वासिन्दालाई धेरै किसिमबाट भिन्न गरायो।

कालान्तरमा वासस्थानअनुसार तिनीहरूको पायक पर्ने स्थानमा आवतजावत, वन्दव्यापार, व्यवसाय आदि र कर्मसंस्कार रीतिथिति विहावारी चालचलन, खानापिना, विश्वास र धर्मकर्म आदि सर्वथा पृथक् देखिन थाल्यो।

यसरी यही देशका हामी भाषा, भेपभूपा, चाल-चलन, खानापिना, रिवाज, वुद्धि-विचार आदि सवैजसो कुरामा फरक हुन गयौं। एकै भएर पनि अर्कै जस्तो देखिन थाल्-ौं। एकलाई मन पर्ने कुरा अर्कालाई मन नपर्ने, मीठो नलाग्ने, रमाइलो नलाग्ने पनि हुन गयो।

माथि वयान गरेका प्राकृतिक अवरोधका कारण हामी विकासमा पनि धेरै पछाडि पर्‍यौं।

एकै देशको माटोमा जन्मे-मरे पनि, उनै माता नेपालको धरती, वनजङ्गल, नदीनाला, हावापानीको फाइदा लिंदै हुर्के पनि यो जन्मभूमि माता नेपालकै सन्तति भएकाले हामी सवै एउटै आमाका सन्तान हौं भन्ने कुरा वुभ्न सकेनौं। तिनै प्राकृतिक अत्यन्त ठूला अवरोध र सवै थरी विकासका कमीले आवत-जावत, भेटघाट, सामाजिक-सांस्कृतिक आदान-प्रदानमा कमी भयो। त्यसवाट भावनात्मक एकतामा पनि कमी आयो र हामी त अरूबाट भिन्न पो हौं भन्ने गलत धारणा सोचाइ र गराइ हाम्रा संस्कारमा आयो।

तर सगरमाथा या अरुण वेँसी या माछापुछ्रे, अन्नपूर्णा या धवलागिरीमा, रामेछाप तराई, भित्रीमधेस, पोखरा, दाङ-देउखुरी, काठमाडौं उपत्यका या कालापानीमै वस्ने र भिन्नभिन्न सवै कुरा भए तापनि वास्तवमा हामी यही स्वर्गभन्दा पनि प्यारी नेपाल आमाका थरीथरीका सन्तान हौं। नेपालमाताकै छाती चुसेर हुर्केर वढेर आएका छौं। यो देश र यो देश मात्र हामी सवै नेपालीको साभा थलो हो। हामी सवै मात्र र हाम्रै आफ्नै सभ्यता संस्कृति मात्र हामी सवैको हो। विदेश र विदेशी स्वर्ग र देवता जस्तै किन नहुन्, यहाँका नारीहरू इन्द्राणी या उर्वशी रम्भा जस्तै किन नहुन्, उनका नदीमा स्वर्गको अमृत नै किन नवगुन्। त्यहाँका वालीमा मुगा, मोती, पन्ना, जुहारत नै किन नफलुन्। हाम्रा निम्ति सपनावरावर मात्र हुन्। एक पनि काम लाग्ने छैनन्। पाउन सकिने हैनन्। एक कविले पनि लेख्नुभएको छ :

विदेश स्वर्ग जस्तै होस् स्वप्न संसरतुल्य छ ।
यो देश हामी जस्मा छौं त्यही भारी अमूल्य छ ॥

त्यस्तै अत्यन्त राष्ट्रवादी राजा महेन्द्रले भन्नुभएको छ :

जातमा जे छौं सबै हौं हामी सन्तति देशको ।
म मरे पनि मेरो देश बाँचिरहोस् ।

वास्तवमा अन्तिम सास फेर्ने भूमि हाम्रो साझा छ भन्ने ती देशभक्त राजा अझै भइरहेको भए सायद यो देश आजको गतिमा पुग्ने थिएन भनी आमजनता चुकचुकाइरहेछन् ।

हामी जो, जस्तो, जुन पहिरन, रङ्ग, वर्ण, जात-जाति, दुःखी-सुखी, पठित-अपठित, वलिया-निर्वल जो जस्तो, जहाँ र जुन स्थितिमा छौं त्यसै अवस्थावाटै हामी सबै प्रकारले नेपाल माताका सन्तान हौं । यसको जगेर्ना र उन्नतिसँग नै हाम्रो सुख-दुःख र भाग्य गाँसिएको छ र सम्पूर्ण नेपाली एक भई एकले अर्कालाई सहयोग गरी, जाति-पाती, धनी-गरीव, उच-नीचको खाडल पुर्दै सहमतिको वातावरण सिर्जना गर्दै एकताकै बाटोमा हिंड्न सकेमात्र हाम्रो र हाम्रा पछिका सन्तानहरूको मुख सुकिलो, हँसिलो हुनेछ, हाम्रो नाक र शिर ठाडो हुनेछ फेरि हामी विश्वका सामु स्वाभिमान साथ प्रस्तुत हुन सक्ने छौं ।

त्यसर्थ हामी जातीय पृथकतातर्फ होइन पुर्खौंदेखि हुँदै आएको सम्मिलन प्रक्रियातर्फ अग्रसर हुनु जरुरी छ। आउनोस् ! अव केंही चर्चा हाम्रो समाजमा स्वस्फूर्त ढङ्गले भइरहेको अन्तर्जातीय सम्मिलनका वारेमा पनि गरौं ।

२. आधुनिक र अन्तर्जातीय सम्मिलन

वर्ग-सङ्घर्षको उत्पत्तिलाई स्वभावगत हिसाबले व्यवस्थापन गर्न र आ-आफ्नो कर्मवाटै धर्म, अर्थ, काम, मोक्ष जस्ता चारै पुरुषार्थहरू प्राप्त गर्न सकिने व्यवस्थाको परिकल्पनाअनुसार परापूर्वकालमा वर्णाश्रम व्यवस्थाको सुरुआत भएको देखिन्छ। यस व्यवस्थाले हजारौं वर्ष अत्यन्त राम्रो तवरले सो उद्देश्य पूरा गर्दै आएको कुरा शास्त्रमा पाइन्छ। वेद, स्मृति, पुराण आदिमा वर्ण र आश्रमको व्यवस्थावारे उल्लेख भएको र त्यहीअनुसार चार वर्ण र चार आश्रममा विभाजित वर्गहरूले स्वतन्त्र र सन्तुष्टताका साथ आ-आफ्ना वर्ण र आश्रममा निहित भनिएको कर्म गर्दै आएका हुन् । यसमा कुनै वादविवाद उठेको थिएन, सबै आ-आफ्नो किसिमले चलेरै गएको थियो ।

तर वैदिककालमा वर्णवारे पछि थपिएका कट्टरता भने थिएन। त्यसैले नै वशिष्ठलाई सर्वोत्तम व्राह्मण भनी मानियो। क्षत्रिय राजा र रखौटी माझीकी छोरीवाट जन्मेका पुत्र तपस्या योग, विद्या र वुद्धिवलले अपौरुपीय तरिकाले आर्जन गर्न समर्थ भएकाले अर्का सर्वोत्तम व्राह्मण व्यास हुन पुगेर अकथनीय आदरसत्कार प्राप्त गरे। राजा विचित्रविर्यकी विधवा रानीहरूवाट जन्मेका धृतराष्ट्र र पाण्डु उत्तम कुलका राजवंशीय क्षत्रियमा स्वीकार गरिए। त्यसै गरी सूर्यनारायणको पुत्र जन्माउने कुन्ती र वाध्यतावश भए पनि पाँच पति ग्रहण गर्ने द्रौपदी अत्यन्त आदर्श नारीमा गनिइन्। क्षत्रिय राजा विश्वामित्र तपोवल र पुरुपार्थ वलले गर्दा व्राह्मण हुन गए। सवरीको जुठो वयर उच्चक्षत्रिय कुलका राजा रामले स्वाद लिइलिइकन खानुभयो। वैदिककालमा वावुको ठेगान नभएका जावालिकाको छोरालाई उनको साहसी र वुद्धिमत्तापूर्ण जवाफले गर्दा गुरुले व्राह्मण जातमा ग्रहण गरी सवै कर्म चलाई व्रह्मचर्य आश्रममा शिक्षाका लागि स्वीकार गरियो। किराँती शिवलाई आर्यहरूले आफ्नो ठूलो देवता (महादेव) मान्नु र उनको जयगान गर्दै किराँतार्जुन काव्यलेखन, किराँती लिपिका अविष्कारक श्रीजङ्गको सम्वन्ध आर्यहरूसँग रहनु, शिव र पार्वती भृकुटी र स्रङ्चङ्गम्पो एवं प्रभावती र वाकाटक नरेश रुद्रसेनको विवाहले दर्साएको अन्तर्जातीय विवाह तथा जातीय सम्मिलनको मार्गलाई हाम्रो संस्कृतिले नराम्रो भन्दैन। उपनिषद्ले अघि सारेको कर्म सिद्धान्त, लिङ्गभेद विरोधी भाव व्यक्त गर्ने अर्धनारीहरूको मूर्ति, मन्दिरमा प्रयोग हुने त्रिशूल डमरुसँगै शङ्खघन्ट, चन्द्र-सूर्य, ध्वजा-पताका, तोरण-तुल, माने-वज्र, गजुर-गुम्वज सवैको सम्मिलित प्रयोग विभिन्न मत-मान्यताका संस्कारहरूवीच रहेको छ। यी सवैले हाम्रो समाजमा रहेको सांस्कृतिक सम्मिलन र जातीय घुलमिललाई नै औँल्याएका छन्।

यी त केही स्मरणमा भएका कुरा नै अङ्कित गरिएको हो। तर हाम्रा वेद-पुराण आदि विभिन्न शास्त्र र इतिहासमा गहिरिएर खोजेमा जातीय सम्मिलनका प्रमाणहरू प्रशस्त पाइन्छन्। त्यसैले भगवान् श्रीकृष्णले पनि श्रीमद्भगवत गीतामा एक ठाउँमा पनि जातभातको कुरा भन्नुभएको छैन। खालि एक ठाउँमा भन्नुभएको छ। 'चतुर्वर्णमयाश्रष्टा गुणकर्म विभागश' यहाँ जातको हिसाव पाइँदैन। यहाँ गुणअनुसारको वर्ण निर्धारित हुने सङ्केत पाइन्छ। त्यस्तै गीतामा नै 'अपिचेत् सु दुराचारी भजते मां मनन्यधिक। ... भनेर जस्तै पापी दुराचारी कुकर्मी सारा पापीको पनि महापापी पनि यदि मलाई अनन्य भावले भजन गर्दछ भने त्यसलाई म ग्रहण गर्दछु।' भन्नुभएको छ।

भारद्वाज शूद्रिनीवाट पैदा भए, नारद दासीपुत्र भनी प्रख्यात छन्। त्यस्तै पिप्काद् ऋपि वटु र वेदवती (दाजुवहिनी) वाट पैदा भएका हुन् भने महर्पि पराशर

वशिष्ठ पुत्र शक्ति र चाण्डाल्नीबाट पैदा भएका देखिन्छन् तसर्थ कर्मले नै मानिसलाई माथि पुऱ्याउँछ र तल झार्दछ। 'शूद्रो ब्राह्मणतामेति ब्राह्मणो यगते शूद्रताम् ।'

तसर्थ :

मानिस ठूलो कर्मले हुन्छ जातले हुँदैन ।
समर्थवानले जे गरे पनि अनुचित हुँदैन ।

'जन्मना जायते शूद्रो संस्कारात द्विज उच्यते। वेदाध्यायी भवेत विप्रो ब्रह्म जानाति ब्राह्मण !' विचित्रविर्य विदुर आदि व्यासले पैदा गरेजस्तै गुरु वृहस्पतिले पनि भाइ उतथ्यकी स्त्रीवाट भारद्वाज (पुत्र) पैदा गरे। यसमा चाहिँ उनीहरूले मनुस्मृति अनुसार नै गरेका हुन्।

देवराद्वा सपिण्डा द्वा स्त्रीया सम्यङ नियुक्तया ।
प्रजेप्सिताधि गन्तव्या सन्तानस्य परिक्षये ॥

—म.स्मृ ९।५९

चातुवर्ण्य...मव्ययम्‌को अलावा वेदको पुरुषमुक्तको मण्डिका ११ मा पनि ब्राह्मणः अस्य मुखम् आसीत् बाहू राजन्यः कृतः उरु ततू अरूय यत वैश्यः पद्भ्याम् शूद्र अजायत भन्ने उल्लेख भएको पाइन्छ।

गुण भेदले चार जातिका कर्मवारे गीता १८ अध्याय श्लोक ४१-४४ मा वयान गरिएको छ।

यी कुराहरूलाई विश्लेषण गरी हेरेमा वर्ण-व्यवस्थामा ज्यादा कट्टरता नभएको देखिन्छ। भने अर्को दृष्टिकोणले गहिरिएर विचार गर्दा एक जातबाट अर्को जातमा उक्लन जन्मले मात्र रोक्ने नभई जसले कर्म र गुण, वुद्धि, बल र विद्वत्ताबाट अरूलाई उछिनी आफूलाई श्रेष्ठ सावित गर्न सक्छ त्यस्ता योगय व्यक्तिलाई जन्मगत कार्यभन्दा योग्यतागत कार्यमा लैजान सकिन्छ भन्ने कुरा उपमाद्वारा प्रमाणित हुन्छ।

यहाँ प्रश्न उठ्छ त्यसो भए जन्मजात वर्णव्यवस्था किन लागू भयो त भन्ने ? यसको कारण सृष्टिको सुरु-सुरुमा मानवजाति अहिलेको जस्तो विकसित थिएन। त्यस वेलाको संसार भौगोलिक पर्वतीय नदीनालाजन्य हिंसालु पशु र घनाजङ्गलको वाहुल्यता, मानव-समाजको सङ्ख्या ज्यादै थोरै र विशाल संसारको कुना-काप्चामा सम्पर्क सम्वन्ध र सञ्चार हुन अत्यन्त कठिन भएकाले मानिसको वौद्धिक कार्य र सीपगत क्षमता धेरैको ज्यादै तल्लो तहमा, कसैको यसभन्दा अलि माथि र अर्को श्रेणीको त्यसभन्दा पनि माथि र चौथो तहको सवभन्दा माथि हुन गई त्यस वेलाका वुजुक तथा शासकहरूले यस किसिमको चार वर्णको व्यवस्था चलाएको हुनुपर्दछ।

सवैभन्दा कम वुद्धि र विवेक भएकालाई शूद्र, त्यसभन्दा वढी क्षमता भएका साहस गरेर टाढाटाढासम्म गई व्यापार, लेनदेन र एक ठाउँको कुरा अर्को ठाउँमा पुऱ्याउनेहरूलाई वैश्यको संज्ञा दिइएको हुनुपर्दछ। तेस्रा थरी हट्टाकट्टा सिकार खेल्न सक्ने, हिंस्रक जन्तुवाट आफू र अरूलाई रक्षा गर्ने आफ्नो समुदायको जमिन सम्पत्तिको रक्षा गर्न सक्ने, अर्को समुदायका व्यक्तिले अन्याय, हमला गरे लडेर फर्काउन सक्ने सिकारी भएकाले माछा-मासु खाई रातापीरा भएकालाई क्षत्रीको संज्ञा दिइएको हुन सक्छ। त्यस्तै चतुर्थ वर्ग जो विद्या-वुद्धिमा लाग्ने, माछा-मासु नखाने त्यसैले शारीरिक कमजोर भएका तर वुद्धि र विवेकमा तिक्ष्ण भगवान्‌पट्टि ढल्केका, भक्ति र ज्ञानमा लागेका अरूको द्रोह नगर्ने, सवैलाई शिक्षादीक्षा र सुझाव सरसल्लाह दिने, सात्त्विक गुण भएका, अन्न र गाईको दूध तथा सागपात, फलफूल, कन्दमूल आदि भक्षण गरी विचारमा मग्न रहनेहरूको समूहलाई व्राह्मणको संज्ञा दिइएको हुनुपर्छ। त्यसैले नै जन्मले कोही पनि उच्च हुँदैन सवै शूद्र हुन्छन्, पछि कर्मसंस्कारले नै व्राह्मण वन्न पुग्छन् भनिएको हुनुपर्छ।[२०६]

हाम्रो आर्यधर्ममा चतुर्विध् पुरुषार्थ अर्थात् धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थ हरेक मनुष्य– स्त्री या पुरुष सवैको जन्मसिद्ध अधिकार मानिएको छ। उनीहरूले निर्विवाद रूपमा धर्म गर्न पनि पाउनुपर्छ, सम्पत्ति आर्जन र त्यसको रक्षा एवं अभिवृद्धि गर्न पाउनुपर्छ। आफ्नो जीवन यथासक्य सुख शान्ति र सम्पन्नयुक्त बनाउन पाउनुपर्छ र आखिरमा अन्तिम र सर्वोत्तम लक्ष्य भगवान्‌मा मिल्न अर्थात् मोक्ष प्राप्त गरी सदा भगवान्‌को जस्तै अविचलित सुख प्राप्त गर्न पाउनुपर्छ। यी कुराका निम्ति चार वर्णले आ-आफ्नो कार्यद्वारा आफ्नो मात्र हैन अर्को वर्गको त्यत्तिकै र अझ बढी सेवा गर्नुपर्दछ भन्ने सिद्धान्तअनुसार नै गठन भएको हुनुपर्दछ।

जस्तो हाल त्यस वेलाका वर्णाश्रमी आर्यहरूमध्येका टाठावाठाले आफ्नो स्वार्थसिद्धिका निमित्त यस्तो व्यवस्था सुरु गरी आफूभन्दा निम्न वर्णलाई पूरा शोषण गर्न यस्तो व्यवस्था वनाएको हो भन्ने कुरा हरेक पश्चिमी शिक्षादीक्षा र सभ्यतामा हुर्केका, आर्य संस्कृति र सभ्यतालाई अङ्ग्रेज गुरुहरूको पिछालगुवा र आफ्नो विचारलाई खोटोले लेपी ५ हजार वर्ष पुरानो मात्र मान्ने अनुसन्धानका नाममा पनि ती गुरुहरूकै धारणा र कपटपूर्ण उद्गारलाई सत्य मानी आफ्नो विचार, वुद्धि, धर्म, सभ्यता-संस्कृति सवैलाई अति नीचो भूमिमा झारेर कुरा गर्ने व्यक्तिहरूले नै यो शोषण र विभाजनको कुराहरू उठाएका र वढाएका हुन्। यिनीहरू र यिनका

---

२०६. जन्मना जायते शुद्र संस्कारै द्विज उच्यते।
(यसमा द्विजको तात्पर्य व्राह्मण, क्षत्री, वैश्य तीनवटै कर्मकर्ताहरूलाई लिइएको छ॥

छद्मभेषी, कपटी हिन्दू आर्य संस्कृतिको कसरी नाश गरौं भनी लागेका अनेक किसिमका धर्मवाट, संस्कृतिवाट, शिक्षावाट, खानपान-आहारविहारवाट, पद तथा पैसाको प्रलोभनबाट, दुराचारी यौन र यौनजन्य संस्कृति आदिवाट मानसिक एवं वौद्धिक र विचारागत खोक्रोपना ल्याई विकासको नाममा विनाशतिर निरन्तर धकेलिरहेका छन् र, यो कुराको प्रभाव सवै वर्णमा परी पहिलेको व्यवस्थाको कटु आलोचना वढ्दै गएको छ। तर पहिलेको उद्देश्य र लचकतापट्टि भने कसैको दृष्टि राम्रोसँग पुगेको छैन।

अवश्य पनि आजको युगमा छुवाछुत, जातिपाती जस्ता कुराहरू सुहाउँदैनन्। त्यसैले २५/२६ सय वर्षअघि नै भगवान् वुद्धले यसको खण्डन गरी समतामूलक सभ्यता र संस्कृतिको प्रचारप्रसार गर्नुभएको हो। यस व्यवस्थामा असन्तुष्ट कतिपय व्यक्तिहरूले वुद्धधर्म, सभ्यता र संस्कृति अपनाएका पनि हुन्। तिनीहरू पनि आर्यधर्मभित्रैका हुन् र सवैजसो हिन्दूले आदर पनि गर्दछन् र जो अहिले आफूलाई शूद्र ठान्दछन् तिनीहरू सवै शूद्र पनि हैनन्। फेरि हाम्रो देशमा शूद्रको पनि आदरपूर्ण स्थान छ। तिनीहरू वर्ग वाहिरका विधर्मी होइनन्। नेपालमा अहिले पनि कैयौं देवीका मन्दिरमा पोडे पुजारी रहन्छन् र, तिनीहरूले दिएको प्रसाद ब्राह्मणलाई पनि स्वीकार्य छ। जस्तो– भद्रकाली, शोभाभगवती, मैतीदेवी र गृहयेश्वरीमा पनि कसाईहरूले दिएकै प्रसाद चलेको देखिन्छ। मनकामनाका पुजारी मगर छन्। यसरी नेपालमा जातीय भेदभाव भारतमा जस्तो देखिँदैन। जति देखिन्छ त्यो पनि भारतकै प्रभाववाट क्रमशः वढेको हुनुपर्दछ। यहाँ सानो जातिको आदर सवैले गर्दछन्। हलीलाई हलीदाई भनि वोलाइन्छ। दमाईलाई हामी नै दमाईदाइ, सार्कीदाइ र तिनका श्रीमतीलाई भाउजू भनी सम्वोधन गरिन्छ। खानेकुरामा पनि काम गर्ने सबैलाई आफूले खाएजस्तै दिइने चलन थियो। हालको आधुनिक सभ्यताले बरु मालिक र धनीले धेरै मीठो खाने र अन्य कामदारलाई रुखासुखा दिने चलन बढाउँदो छ। यही आधुनिकताले नै पृथकता, वढप्पन, आडम्वर, शोषण, भ्रष्टाचार चरम सीमामा पुऱ्याउन लागिसक्यो। त्यसैले सवै कुरा पुरानो खराव नभनी मनोवृत्ति र मानसिक र वौद्धिक भेदभाव सवैभन्दा खराव कुरा हो भन्ने कुरा बुझ्नु आवश्यक छ। उदाहरणका निमित्त आफूलाई सभ्य ठान्ने विकसित मुलुकहरूमा छुवाछूत जातभात छैन भनिए तापनि त्यहाँ वर्गविभाजन चरम सीमामा पुगेको छ।

अत्यन्त धनी Rock Feller, For आदि अन्य ठूलाका आचरण, व्यवहार, खानपिन, उठवस र मनोरञ्जनका कुरा साधारण फुटपाथका मानिसले कल्पना पनि गर्न सक्दैनन्। ती कुरा हामीले वुझ्न सकेका छैनौं र वुझ्नुपर्दछ। ती मुलुकहरूमा सेतो, पहेँलो, रातो र कालो छालाहरूका वीचमा नै के-कति भेदभाव पृथकता, ईर्ष्या, घृणा र द्वेष आदि खरावीहरू छन् हामीले विचार त के कल्पना नै गरेका छैनौं।

यसरी हामीले प्रचार र देखावटी तथ्यलाई विवेकपूर्ण दृष्टिले विश्लेषण गरी हेरेमा सुरुमा वर्ण-व्यवस्था नराम्रो थिएन। जसले जे काम गर्न सक्थे, जति वुद्धि वल ल्यागत र क्षमता थियो ऊ त्यही वर्णमा पर्न गएको हुनुपर्दछ तर चारै वर्णको सेवा गरिरहेका हुन्थे। किन कि शूद्रले अरू तीन वर्णको सेवा सु-सुश्रा गर्थे भने एक वैश्यले ति शूद्रहरूलाई कृषि, व्यापार आदिवाट हुने फाइदा पनि पुऱ्याएकै हुन्थे। त्यसै गरी ती शूद्रको सुरक्षा-शान्ति कायम गर्न र आफ्नो उन्नति गर्न पाउने अधिकार क्षत्रीको सेवावाट संरक्षित हुन्थ्यो। त्यसै गरी व्राह्मणले तिनीहरूलाई धर्म-कर्म, पठन-पाठन र पवित्र ज्ञान तथा सात्त्विकताको सिद्धान्त मौखिक, लिखित र व्यावहारिक रूपमा दिइरहेकै हुन्थे। यसैले चारै वर्णले चारै वर्णको सेवा निरन्तर गरिरहेका हुन्थे। यो कुरा सायद आजसम्म कसैले गहिरिएर विचार गरेको देखिन्न। तर यसैवाट उनीहरूको धर्म, अर्थ, काम र मोक्ष चारै पुरुपार्थको प्राप्ति हुन्थ्यो। भगवान् कृष्णले पनि गीतामा भन्नुभएको छ– 'स्वकर्मणा तमभ्यर्चय् सिद्धिं विन्दती मानव: ।'

यसरी अत्यन्त पवित्र उद्देश्य र व्यवहार कुशलताको दृष्टिकोणले सुरु भएको वर्ण-व्यवस्थामा एक तहवाट अर्को तहमा उक्लन सक्ने धार्मिक लचकतामा र त्यसको उद्देश्यमा दृष्टि पुग्न नसकी क्रमश: जन्म र रगतलाई नै परम्परागत वर्ण सम्झी चारै वर्णका मानिसले आ-आफ्नो वर्णलाई ठूलो सम्झने, अर्कोलाई होच्याउने गर्न थालेको हुनुपर्दछ। यसै दृष्टिकोणवाट जन्मजात शूद्र, वैश्य, क्षत्री र व्राह्मण जातमा कट्टरता आएको हुन सक्दछ र, कालान्तरमा माथिल्लो जातिले तल्लो जातिलाई हेय दृष्टिले हेर्ने, चाहिँदोभन्दा वढी काम लगाउने उसको सुरक्षा, खानपिन र खास लुगाफाटो औषधिमूलो आदिको प्रवन्ध र हेरचाह नगर्ने र ती शूद्र जातिमा पनि मानसिक दौर्वल्य हुन गई आफूलाई पूर्ण पराधीन सम्झिने, खानपिनमा पनि आमिष कुरा धेरै खाने र मनोरञ्जनको रूपमा मादक पदार्थ वढी सेवन गर्न थालेकाले झन् झन् भेदभाव र वर्गीकरण वढ्दै गई अहिलेको अवस्थामा आइपुगेको हुनुपर्दछ।

तर आजको युग, विचार र आवश्यकतालाई हेरी अझ लचिलो व्यवस्थातिर फर्कनु अत्यन्त आवश्यक भएको देखिन्छ। आजको विज्ञान, सञ्चार, यातायातको विकासका साथै थोरै मात्र भए पनि आर्थिक सुधार र शिक्षा-दीक्षाको वढ्दो अवसरले गर्दा शूद्र भनिने र भन्ठान्ने वर्गको वौद्धिक प्रतिरोधात्मक कार्यक्षमता धेरै विकसित हुँदै गइरहेछ र, माथिल्लो वर्गको मानिसले गर्ने काममध्ये कतिपय उनीहरूले गर्न योग्य वनेका छन्। तसर्थ उनीहरूको योग्यताको अत्यन्त राम्रो छनौट, उनीहरूको वौद्धिकताको त्यस्तै राम्रो परीक्षण सभ्यता, संस्कृति, वोलीचाली, रहनसहन आदि सर्वाङ्ग पक्षको अति शुद्ध र उदार विचार भएका अत्यन्त सक्षम विद्या, वुद्धि, विवेक र

निर्णयमा देखिने मात्र हैन निस्सन्देह रूपमा पूर्ण कुशल व्यक्तिहरूको समूह वनाई छनौट गरी तीन वर्गमा वाँडी तथा हरेक वर्गलाई माथिल्लो वर्गमा चढ्न यति समय गुरुकुलमा रहेर, यतियति कुरा आचरण, शीलस्वभाव र क्षमता भन्ने मापदण्ड वनाई उत्तीर्ण हुनेलाई माथिल्लो वर्णमा उकाल्ने व्यवस्था हुनु अत्यन्त आवश्यक र अत्यन्त खाँचो भैसकेको छ। यस कार्यले एउटै वीज एउटा जराको आधारमा मूल कुरालाई पनि नमासी आजको आवश्यकताअनुसारको विभिन्न शाखा-प्रशाखाको रूपमा फैलिई एकताभित्र अनेकता र अनेकताभित्र एकता कायम गरी एक राष्ट्र एक जाति, एक वर्ण आदिको रूपमा सङ्गठित भई नेपाल र नेपाली मात्रको निरन्तर प्रगति सुव्यवस्था, सुरक्षा र चाहिनेजति सवै कुराको निरन्तर प्रवर्धन गर्दै नेपाली जातिको नामले विकसित हुँदै लहराउँदै फूलहरू लटरम्म फुलाउँदै सुवासिँदै मगमगाउँदै अगाडि वढिरहने छौं।

द्वापरयुगको अन्त्यमा लेखिएको भविष्य पुराणमा (४२ अध्यायको ४१-४५ श्लोक) वर्ण-व्यवस्थावारे यस्तो उक्ति छ–

न व्राह्मणा चन्द्रमरीचिशुभ्राः
न क्षत्रियाः किंशुकपुष्पवर्णाः ।
न चेह वैश्या हरितालतुल्या
शूद्रा न चाङ्गार-समानवर्णाः ॥
पाद प्रचारैस्तनुवर्ण केशः
सुखेन दुःखेन च शोणितेन ।
त्वङ्मांसकेशास्थिर सः समानाः
चतुः प्रभेदा हि कथं भवन्ति ॥
वण प्रमाणाकृतिगर्भवास,
वाग्वुद्धिकर्मेन्द्रियजीवितेषु ।
वलत्रिवर्गाभयभेषजेषु,
न विद्यते जातिकृतो विशेषः ॥
स एक एवात्र पिता प्रजानां,
कथं पुनर्जातिकृतः प्रभेदः ।
प्रमाण दृष्टान्तनयप्रवादं,
परीक्षमाणो विघटत्वमेति ॥
चत्वार एकस्य पितुः सुताश्च,
तेषां सुनातां खलु जातिरेकः ।
एवं प्रजानां हि पितेक एव,
पित्रेक भावान्न च जाति भेदः ॥

अर्थ

व्राह्मण चन्द्रमाका किरणझैँ सेता, क्षत्रीय किंशुकपुष्प (हिन्दीमा 'ढाक') झैँ राता, वैश्य हरितालजस्ता पहेँला र शूद्र अङ्गारजस्ता काला हुँदैनन्। हिँडाइ, चलाइ र शरीरको छाँटकाँट अनि केश र रक्तादि सवै धातुहरू एकै प्रकारका देखिन्छन् भने मानवमा चार वर्ण भेद कसरी हुन्छ ? गर्भवास, आकृति, रङ्ग-रूप, कामकाज सवै इन्द्रियहरू जीवन-मरण, रोग-शोक, पुरुपार्थ, वल, अनि औपधिको प्रयोग आदि सवैमा चार वर्णको वर्णभेद (जातिभेद) पाइँदैन। सवै जना उनै एक परमपिताका सन्तान हुन् भन्ने कुरा शास्त्रहरूका प्रमाणहरू दृष्टान्तहरू र तर्कवितर्कहरूवाट सिद्ध भएको छ भने जातिगत भेद किन ? अतः चारै वर्ण एउटै वावुका सन्तान हुनाले यो सिद्ध हुन्छ कि ती सवै एकै जातका हुन्, वेग्लावेग्लै जातका हुनै सक्दैनन्।

□



नेपाली वाजा- मुर्चुङ्ग

नेपाली जनजीवनमा ज्योतिषविद्याको महत्त्व

वर्तमान संसारमा हिन्दू अधिराज्यको गरिमामय स्थान नेपाललाई मात्र छ। धार्मिक द्वन्द्वका रूपमा चल्ने साम्प्रदायिक सङ्घर्षका अनेकौं उदाहरण विश्व-इतिहासमा भेटिन्छन्। आजको वैज्ञानिक युगलाई समेत साम्प्रदायिक सङ्घर्षले धमिल्याएको पाइन्छ। वैदिक ऋषि एवं महर्षिहरूको तपोभूमि, गौतमहरूको जन्मभूमि, हाम्रो नेपालले परापूर्वकालदेखि नै धार्मिक सहअस्तित्व एवं सहिष्णुताको उदाहरण विश्वसमक्ष प्रस्तुत गर्दैआइरहेको छ। हिन्दू धर्मावलम्बी र बौद्ध मतावलम्वीको सङ्ख्याले नेपाल अधिराज्यको जनसङ्ख्यामा क्रमशः पहिलो र दोस्रो स्थान प्राप्त गर्दछन् तर अत्यन्त घनिष्ठ आपसी सम्वन्धको फलस्वरूप नेपालका विभिन्न धर्मानुयायीका वीचमा स्पष्ट सीमा देखाउन सकिँदैन। श्रुति (वेद), स्मृति (धर्मशास्त्र), पुराण हिन्दूहरूका र बुद्धवचन-सङ्ग्रहरूपी *त्रिपिटक* बौद्धमार्गीका पौराणिक ग्रन्थ हुन्।

आकाशीय पिण्ड, तिनका गति-स्थिति र प्रभाव, समयादिको ज्ञान एवं पृथ्वीसँग सम्वद्ध विषयका सम्वन्धमा अध्ययन गरी उपलब्ध तथ्यका आधारमा वढी-वढी उपादेयता हासिल गर्नु ज्योतिषशास्त्रको मूल उद्देश्य हो। आकाशीय घटनाहरूको अवलोकन गरी विशेष नियमहरू बुझ्ने एवं ग्रह, तारा छुट्याउनेजस्ता सामान्य विषयदेखि लिएर सृष्टितत्त्वजस्ता गम्भीर विषयका वारेमा सोच्ने कार्य मन्त्रद्रष्टा ऋषिहरूद्वारा नै प्रारम्भ गरिएको हो भन्ने कुरा साक्ष्य संहिता भागका मन्त्रहरूले दिइरहेका छन्।

वैदिक परम्परामा ज्योतिषको के-कस्तो महत्त्व छ भन्ने कुरा महसुस गरी ज्योतिषशास्त्रलाई वेदका षडङ्गमध्ये एक स्थान दिइयो :

छन्द पादौ तु वेदस्त हस्तौ कल्पोऽथ पठ्यते।
ज्यौतिषाम् अयनं चक्षुर्निरुक्तं श्रोत्रमुच्यते॥

शिक्षा क्षाणं तु वेदस्य मुखं व्याकरणं स्मृतम् । –(पाणिनीयशिक्षा ४१, ४२)

(छन्द– दुई पाउ, व्याकरणशास्त्र– मुख, कल्प– दुई हात, ज्योतिष– दुई आँखा, शिक्षा– नाक र निरुक्त– कान, यी छ वेदका अङ्ग हुन् ।)

ज्योतिषशास्त्र वेदको आँखा हो, त्यसैले यसको महत्त्व स्वतः स्पष्ट हुन्छ। किनभने अरू सारा अङ्ग पूरा भईकन पनि आँखा नभएको मानिस कुनै कामको हुँदैन । वेदहरूको प्रवृत्ति यज्ञयागादितिर छ। ती यज्ञहरू समुचित समयमा गर्नुपर्दछ, यो ज्योतिपशास्त्रवाट समयको ज्ञान हुन्छ। यसै कारणले गर्दा यो शास्त्रले वेदाङ्गहरूमध्ये मुख्य स्थान प्राप्त गरी प्रसिद्धि पाएको छ।

संहिताकालमा नै पैदा भइसकेको शुभाशुभकालसम्वन्धी कल्पना *आर्थवर्ण ज्योतिप* (वेदाङ्गमा) वढी व्यापक हुन थालेको पाइन्छ। जव कि आर्य एवं याजुपा *अथर्ववेद*को क्षेत्रलाई ध्यानमा राख्दा आर्थवर्ण ज्योतिपमा भेटिने विषयलाई समुचित नै मान्नु पर्ने देखिन्छ।

ज्योतिषशास्त्रको क्षेत्र विस्तृत हुन थालेपछि यसलाई तीन स्कन्ध : क. सिद्धान्त ख. संहिता, ग. होरामा वाँड्ने काम भयो। कालान्तरमा उक्त तीन स्कन्धवाट अनेकौं शाखा-प्रशाखा फैलिई ज्योतिषशास्त्रले एउटा विशाल वटवृक्षको रूप लियो।

सिद्धान्त-संहिता-होरारूपं स्कन्धत्रयात्मकम् ।
वेदस्य निर्मलं चक्षुर्ज्योतिः शास्त्रमनुत्तमम् ॥– नारद-संहिता १.४

अर्थात् सिद्धान्त (गणित), संहिता, होरा (जातक) रूपी तीन स्कन्धले युक्त भएको वेदको आँखा भएको ज्योतिपशास्त्र अत्युत्तम छ।

ज्योतिषशास्त्रका तीनै स्कन्धलाई आफ्ना वहुमूल्य रचना दिई युक्तियुक्त एवं स्वतन्त्र मतको प्रतिपादन गर्ने विक्रमको छैटौं-सातौं शताव्दीका महान् आचार्य वराहमिहिरले ज्योतिपसम्वन्धी विभिन्न विपयका परिभाषा निकै राम्ररी दिएका छन्। आजकालका वहुसङ्ख्यक ज्योतिषहरू शास्त्रका यथार्थ ज्ञान हासिल नगरी ज्योतिपी कहलाएर हिंड्ने गर्दा वर्तमान समयमा विशेष गरी हाम्रो देशमा ज्योतिषको स्थिति नराम्रो हुन पुगेको हो। ज्योतिषशास्त्रको सर्वाङ्गीण विकास गराउन वराहमिहिरद्वारा वताइएको मार्ग नै सर्वोत्तम छ।

वराहमिहिरको गणितसम्वन्धी पुस्तक *पञ्चसिद्धान्तिका*मा व्राह्मण, वाशिष्ठ, पोलिशर, रोमक र सौरयी पाँच सिद्धान्तको सङ्ग्रह गरी तिनको तुलनासमेत गरिएको छ। वराहमिहिरद्वारा प्रस्तुत *सूर्यसिद्धान्त* नै आर्यभट्ट (जन्म वि.सं. ५३३) का दुवै ग्रन्थको आधार वनेको देखिन्छ। व्रह्मगुप्तद्वारा वि.सं. ६८५ मा *व्राह्मस्फुट* सिद्धान्तमा प्रस्तुत गरिएका नवीन मूल्याङ्कन, श्रीपतिको *सिद्धान्तशेखर* (वि.सं. १०९६)

र भाष्कराचार्यको *सिद्धान्तशिरोमणि* (वि.सं. १२०७) का मूल आधार बन्न पुगे। यी दुवै सिद्धान्तग्रन्थमा निकै एकरूपता पाइन्छ। *सिद्धान्तशिरोमणि*का प्रारम्भिक रूप भाष्कराचार्यका *लीलावती* र *वीजगणित* छुट्टै रूपमा पनि निकै प्रसिद्ध छन् तर संहिता र होरास्कन्धमा उनका कुनै रचना भेटिँदैनन्। अर्कातिर श्रीपतिका फलित ज्योतिषसम्वन्धी ग्रन्थ भने निकै प्रसिद्ध छन्। *सिद्धान्तशेखर* मुस्किलका साथ भेटिए तापनि उनका पाटीगणित र वीजगणितसम्वन्धी पुस्तकको भने अझै पत्तो लाग्न सकेको छैन। सम्पूर्ण *सिद्धान्त* शिरोमणिको टीका स्वयं भाष्कराचार्यले नै लेखेका हुनाले गणितस्कन्धमा उनैको ग्रन्थ सर्वोत्तम हुन गई अन्य ग्रन्थकारका कृति वनाउनमा मुख्य कारण बन्न पुगेजस्तो देखिन्छ।[२०७] परन्तु भाष्करले श्रीपतिको 'सिद्धान्तशेखर'वाटै धेरै कुराहरू लिएका छन् र कतिपय कुरा त दुरुस्तै सारेका छन्।

वराहमिहिरद्वारा सङ्गृहीत *सूर्यसिद्धान्त*का आधारमा वि.सं. ११५६ मा श्रीसदानन्दले भास्वतीनामक ग्रन्थ तयार गरे। नेपालका पहाडी भागमा आजसम्म पनि उक्त ग्रन्थको आधारमा पात्रो वनाउने गरेको देखिन्छ। सौर, आर्य एवं ब्राह्म पक्षका अनुयायहीरूमा कट्टरता बढ्नाका साथै वराहमिहिरद्वारा सङ्कलित सूर्यसिद्धान्तको स्थान नयाँ सूर्यसिद्धान्तले लिएपछि वि.सं. १५७७ मा गणेश दैवज्ञले तीनै पक्षको समन्वय गर्ने प्रयास गर्दै ग्रहलाघवनामक ग्रन्थ बनाए। गणेश दैवज्ञका बाबु केशवको केशवीजातक-पद्धतिका साथसाथै ग्रहलाघवअनुसारको पञ्चाङ्गले काठमाडौँ उपत्यकामा विशेष प्रश्रय पायो।

नयाँ सूर्यसिद्धान्तको प्रभाव निकै बढ्नाका साथै त्यसमा पनि थोरबहुत संशोधन हुन थालेपछि पहाडी प्रदेशमा रहेका नेपाली ज्योतिर्विद्हरूले भास्वतीलाई संशोधन गर्ने र भारतमा बनेका ग्रन्थ एवं सारिणीभन्दा सूक्ष्म फल दिने पुस्तकहरूको रचना गर्ने आदि कामको प्रारम्भ गरे।

हुन त हाम्रो गणित ज्योतिष परम्परामा सृष्ट्यादिदेखि उठान गरी गणना गर्ने पुस्तकलाई सिद्धान्त, युगादिदेखि आरम्भ गर्नेलाई तन्त्र, आफूखुसी समयदेखि प्रारम्भ गर्नेलाई करण, कोष्ठक तालिका आदिको सहायताले गणना गर्ने पुस्तकलाई सारिणीको नाम दिई अघिल्ला ग्रन्थका लेखकलाई बढी विद्वान् ठानी गल्ती गर्ने सिद्धान्तकारलाई करणजस्तो सिद्धान्त लेख्ने भनेर गाली गर्ने चलन पनि छ। अर्कातिर तन्त्रका परिभाषामा उक्लन सक्ने ग्रन्थलाई लेखक आफैँले फल दिने करण ग्रन्थ (कामचलाउ पुस्तक) वा सारिणी तयार गर्छु भन्ने प्रतिज्ञा गरी उक्त सिद्धान्तसँग

२०७. श्रीपति भट्टद्वारा तयार गरिएको *धीकोटिकरण*वाट *सिद्धान्तशेखर*को रचनाकाल १०९६ वि.सं. सिद्ध हुन्छ। श्रीपतिले ज्योतिषका सबै भागमा आफ्ना वैशिष्ट्य दर्साएका छन्।

फरक पर्दै नपर्ने किसिमको पुस्तक तयार पार्दा भने सिद्धान्तकार वन्नका लागि चाहिनेभन्दा पनि वढी योग्यताको दरकार पर्ने देखिन्छ।

अंशुवर्माको राज्यकालदेखि चलेको संवत् ४८ (वि.सं. ७१४) अङ्कित अभिलेखमा महाराजाधिराज ध्रुवदेव, श्रीविष्णुगुप्त र युवराज विष्णुगुप्तको उल्लेख भएको हुँदा व्राह्मस्फुट सिद्धान्त (वि.सं. ६८५) र खण्डखाद्यनामक करण ग्रन्थ (वि.सं. ७२२) का रचयिता जिष्णुगुप्तका छोरा गणकचक्रचूडामणि व्रह्मगुप्त (जन्म वि.सं. ६५५) लाई श्रीकेशरवहादुर के.सी. नेपाली मान्नुहुन्छ। तर व्राह्मस्फुट सिद्धान्तमा 'श्रीचापवंशतिलके श्रीव्याध्रमुखे नृपे' भन्ने उल्लेख भएको र खण्डखाद्यका टीकाकार वरुणले व्रह्मगुप्तलाई भिल्लमालकाचार्य जस्तो उपाधि दिएको देख्दा व्रह्मगुप्तलाई नेपालका शासक जिष्णुगुप्तका छोरा मान्न गाह्रै पर्दछ।

तन्त्र, करण एवं सारिणी तयार गर्ने नेपाली ज्योतिषहरूले ज्यादै वढी सूक्ष्मता दिने किसिमका ग्रन्थहरू तयार गरी आफ्नो वैशिष्टच कायम गरेका छन्। ताडपत्रमा लेखिएका सुमति-तन्त्रदेखि लिएर सीमित सङ्ख्यामा मात्र प्रकाशित भएका पं. हरिलाल उपाध्याय पोखरेलका सारिणीहरू वास्तविक रूपमा मूल्याङ्कन हुन नपाई त्यसै विलाउने स्थितिमा पुग्न लागिसकेका छन्। हाम्रा विद्वान् ज्योतिषीहरूका ग्रन्थहरूको राम्रो ढङ्गवाट तुलनात्मक अध्ययन भई उनीहरूको वैशिष्टच प्रकाशमा ल्याउन सकेको खण्डमा राष्ट्रिय गौरवमा अभिवृद्ध हुनाका साथै हाम्रो देशमा पनि सुयोग्य व्यक्तिहरूले निकै उत्कृष्ट कृतिहरू छोडेका छन् भनी विश्वका साथ दावी गर्न सक्ने थियौं।

ज्योतिषसम्वन्धी विभिन्न विषयको सङ्ग्रहात्मक ग्रन्थलाई नै 'संहिता' भन्दछन्।[२०८] संहितामा ज्योतिषसँग सम्वन्ध नभएका विषयको पनि सङ्ग्रह भएको देखिन्छ तापनि संहितामा शुभाशुभ फल जान्ने विधि लेखिएको हुन्छ भनी भन्न सकिन्छ। मध्यएसिया एवं पश्चिमतिर भएको यसको विकासलाई ध्यानमा राखेर नै होला वराहमिहिरले 'यवनहरू म्लेच्छ हुन्, तर तिनीहरूमा ज्योतिषशास्त्रको ज्ञान भएकाले उनीहरूको पनि ऋषिहरूकै जत्तिको आदर गरिन्छ' भनेका छन्। असुरगुरु भृगु (शुक्राचार्य) लाई अठार जना ज्योतिषशास्त्रका प्रवर्तकहरूमध्ये एक स्थान प्राप्त भएको छ। तर भृगुसंहितानामक निकै प्रसिद्ध ग्रन्थ संहिताविषयक नभई जातक-सम्वन्धी मात्र हो, किनभने जन्मकालका ग्रहहरूको सापेक्षिक स्थितिअनुसार व्यक्तिको भविष्यसम्वन्धी फलादेश यो पुस्तकवाट गरिन्छ। व्राह्मभाव एवं नवग्रह विभिन्न किसिमवाट हुन आउने सापेक्षिक स्थितिमाथि ध्यान दिंदा यो पुस्तक ज्यादै विस्तृत

---

२०८. 'तत् कात्स्न्योपनयस्य नाम मुनिभिः सङ्कीर्त्यते संहिता'– वराहमिहिर।

हुनसक्ने देखिए तापनि प्रकाशित रूपमा आएका कुनै पनि संस्करण त्यति विस्तृत देखिँदैन। नेपालमा उक्त भृगुसंहितानामक ग्रन्थका हस्तलिखित प्रति निकै प्राप्त भएकाले विभिन्न प्रतिको सङ्कलन गरी तुलनात्मक अध्ययनका साथ प्रकाशित गर्न सकेमा धेरै महत्त्वपूर्ण कार्य हुने थियो।

पछि गएर संहिताको एक भाग 'मुहूर्त'ले नै संहिताको स्थान ओगट्न थालेको हुँदा संहितासम्वन्धी अन्य विषयमा विशेष अध्ययन चल्न सकेन तापनि वि.सं. १२२५ मा मिलताका राजा श्रीवल्लाल सेनद्वारा लेखिएको अद्भुतसागरनामक संहिता ग्रन्थमा लेखिएअनुसार 'शुक्र एवं वुध, पृथ्वी र सूर्यको वीचमा आइपुग्दा र कहिलेकाहीं यसै पनि सूर्यमा कालो दाग देखिन्छ' भन्ने कुरा उनलाई थाहा भएको देखिन्छ। विभिन्न संस्कार एवं अन्य कार्यका लागि आवश्यक समयको निर्धारण गर्न जरुरी भएको हुँदा मुहूर्त भाग विशेषरूपमा विकसित हुन गई त्यसैले नै पछि एक स्कन्धको रूप लियो। विवाह एवं यात्राविषयक दुईवटा मुहूर्तसम्वन्धी पुस्तक वराहमिहिरले छुट्टै लेखेका छन्। श्रीपतिविरचित **रत्नमाला** एउटा प्रसिद्ध मुहूर्त-ग्रन्थ हो।

शकुन-संहिताको एक अङ्ग हो। वि.सं. १२३२ मा बनेको नरपतिजयचर्यानामक ग्रन्थमा मुख्य रूपमा राजगुरुका लागि शुभाशुभ फल वताइएका छन्। कुनै पनि काम गर्दा काम सफल वा असफल हुने कुराको पूर्वसङ्केत प्राप्त हुन्छ भन्ने धारणाअनुसार यससम्वन्धी आंशिक चर्चा मुहूर्त ग्रन्थमा पनि भेटिन्छ। शकुनको आधारमा व्यक्तिविशेषसम्वन्धी शुभाशुभ फलको विचार पनि विकसित भएको भेटिन्छ।

ज्योतिषशास्त्रको अर्को मुख्य भाग 'होरा' वा 'जातक' स्कन्धमा जन्मकालको आकाशीय स्थितिका आधारमा मनुष्य जीवनमा पर्न आउने शुभशुभ फल एवं तिनको क्रम आदिमा विशेष विचार गरिएको हुन्छ। बृहज्जातक, लघुजातक वराहमिहिरका र कल्याण वर्माको *सारावली* इत्यादि जातकसम्वन्धी प्रमुख ग्रन्थ हुन्, जातकको क्षेत्रमा पनि यवनाचार्यहरूको निकै प्रसिद्धि र प्रभाव छ। जातकद्वारा मानिसको आकृतिको निर्धारण पनि गरिने हुनाले शरीरमा रहेका लक्षण आदिका आधारमा व्यक्तिका बारेमा वताउने सामुद्रिकशास्त्र र हस्तरेखा विज्ञान आदि पनि विकसित भए। व्यक्तिको सम्वन्धमा वार्षिक फल वताउने **ताजिक-ग्रन्थ** पनि वने।

कार्यवशेषका सफलता एवं असफलता आदिसँग सम्वद्ध प्रश्नका उत्तर दिनका लागि विभिन्न किसिमका प्रक्रिया भए जसमध्ये *पाशकावलि* पनि एक हो। अरवीद्वारा प्रभावित भएपछि उक्त पाशकविद्या *रमल*को नामले प्रसिद्ध हुनाका साथै *रमल चिन्तामणि* जस्ता विस्तृत पुस्तक पनि वने। जातक एवं प्रश्नका क्षेत्रमा केरल मतको आफ्नै वैशिष्टच देखा पर्न आउँछ। स्वप्न, अङ्गस्फुरण, पल्लीपतनजस्ता

विषयहरूमा निकै विवेचना गरिएको भेटिन्छ। यी विषयहरूलाई संहिताका साथसाथै होराको समेत अङ्ग भनेर मान्न सकिन्छ।

ज्योतिषको उपयोगिता

समयको ज्ञान दिलाउनु ज्योतिषशास्त्रको सवभन्दा मुख्य उपादेयता हो। दिन (अहोरात्र), महिना, वर्ष आदि समयका प्राकृतिक मापदण्ड हुन्। यी तीनवटालाई आधार मानेर नै आफ्नो सुविधानुसारका अन्य एकाइको कल्पना गरिन्छ। परमाणुको स्पन्दन एवं यान्त्रिक आधारमा वनेका घडीहरूले समयको सूक्ष्मता निर्धारण सम्भव गराएका छन्। तापनि उक्त प्राकृतिक एकाइसँग तिनको सम्वन्ध राम्ररी नजोडिएसम्म ती सूक्ष्म प्रक्रियालाई व्यावहारिकता प्राप्त हुन सक्दैन। यसै कारणले गर्दा पेरिसमा रहेको समयसम्वन्धी अन्तर्राष्ट्रिय कार्यालयले विभिन्न देशका वेधशालाहरूवाट प्राप्त सम्वन्धित तथ्यको यथार्थ लेखाजोखा राख्नाका साथै आवश्यक निर्देशन दिने कामसमेत गर्दछ।

भूमण्डलमा रहेका कुनै पनि ठाउँको स्थिति अक्षांश, देशान्तर आदिको निर्धारण गर्ने काम ज्योतिषको सहायताविना हुन सक्दैन। जल, थल वा आकाश मार्गद्वारा यात्रा गर्दा आफ्नो स्थिति र बाटोको निर्धारण गर्नका लागि पनि ज्योतिषकै सहायता लिनु आवश्यक हुन आउँछ। मध्यकालमा युरोपीय राष्ट्रहरूले समुद्रयात्रालाई विशेष रूपमा प्रोत्साहित नगरेका भए ज्योतिषको राम्रो विकास अवश्यमेव हुनसक्ने थिएन, साथै ज्योतिषमा गतिरोध आउनको फलस्वरूप विज्ञानका अन्य क्षेत्रलाई पनि निकै नराम्रो प्रभाव पर्न जाने थियो।

ज्योतिषको अर्को महत्त्वपूर्ण उपयोग व्यवहारका निमित्त समयका साथै आकाशीय घटनाको पूर्वनिर्धारण गर्नु हो। यस विषयअन्तर्गत मिति तालिका (Calendar–पञ्चाङ्ग (पात्रो) एवं ज्योतिष-वार्षिकी (Astronomical Year Book) अथवा (Astronomical Ephemeris) आदि हुन्। नभयान एवं जलयानंका मार्ग निर्देशिका एवं भूमापक ज्योतिषीहरूका लागि समेत छुट्टाछुट्टै रूपमा यस्ता वार्षिक विवरणहरू प्रकाशित गरिन्छन्। गणितद्वारा पूर्व निर्धारित विषयको वैज्ञानिक ढङ्गबाट अवलोकन गरी पूर्वनिर्धारित एवं देखिएवमोजिमका समयमा अन्तर भेटिएमा आवश्यक सुधार गर्दै लैजानुपर्दछ भन्ने शास्त्रीय आदेशको अवहेलना गर्ने परम्परा भारत एवं नेपालमा चल्न थालेको हुँदा यतातिर ज्योतिषको विकासको प्रक्रिया बन्द हुन पुग्यो। परम्परागत कुनै एक पुस्तकलाई आधार मानी कामचलाउ ढङ्गवाट पञ्चाङ्ग वनाउनु नै हाम्रो देशमा ज्योतिषको एक मात्र उपयोगिता रहन गयो।

अन्य देशमा प्रचलित मिति तालिका पद्धतिसँग तुलना गरी हेर्दा पञ्चाङ्गपद्धति ज्यादै वढी मात्रामा आकाशीय स्थितिसँग सम्बद्ध रहेको देखिन आउँछ। तिथि, वार,

नक्षत्र, योग र करण यी पाँच कुरामा मुख्यतया आधारित भएको हुनाले यसको नाम पञ्चाङ्ग रहन गएको हो ।

तिथि

सूर्यको सापेक्ष पृथ्वीको वरिपरि एक चक्कर पूरा गर्न चन्द्रमालाई लाग्ने समय चन्द्रमास कहलाउँछ। सामान्य रूपमा महिनामा ३० दिन मानिएजस्तै गरी चन्द्रमासमा ३० तिथि मानिएकाले एक तिथिमा सूर्य र चन्द्रमाका अन्तर १२ अंश वढ्दछ। अमान्त (New Moon) हुँदा अर्थात् औँसी सिद्धिँदा सूर्य र चन्द्रमा एकै ठाउँमा भएका मानिन्छन्। सूर्य र चन्द्रमाको अन्तर १२ नहोउन्जेल शुक्लपक्षको प्रतिपदा तिथि रहन्छ। १२ नाघेर २४ नभएसम्म द्वितीया रहन्छ। यस्तै किसिमले जाँदा उक्त अन्तर १८० भएपछि पूर्णिमान्त (Full Moon) हुन्छ अर्थात् पूर्णिमा पूरा हुन्छ। १८० नाघेपछि १९२ नभएसम्म कृष्णपक्षको प्रतिपदा रहन्छ। यसरी गई फेरि सूर्य र चन्द्रमा दुवै एकै ठाउँमा हुन आउँदा औँसी पूरा हुन्छ। सूर्य र चन्द्र दुवै कहिले अलि छिटो कहिले भने अलि ढिलो हिँड्ने हुँदा एउटा तिथि पूरा हुन कम्तीमा २० घन्टासम्म र बढीमा झन्डै २७ घन्टासम्म पनि लाग्न सक्छ। सूर्योदयका आधारमा दिन सुरु गर्ने धार्मिक चलनअनुसार व्यवहारका लागि तिथि, नक्षत्र एवं योगको निर्धारण सूर्योदयका आधारमा गरिन्छ। सूर्योदयकालमा भएका तिथि, नक्षत्र, योगहरू सङ्ख्या वा नामाक्षरद्वारा सूचित गरिनुका साथै प्रत्येक तिथ्यादिको समाप्तिकाल हाम्रा पञ्चाङ्ग सूर्योदय उप्रान्तका घडी-पलामा जनाइन्छ। दुई दिनको सूर्योदय भेट्ने तिथ्यादि दोहोऱ्याएर देखिन्छन् तर सूर्योदयपछि सुरु भई अर्को सूर्योदयभन्दा पहिले नै सिद्धिने तिथ्यादिहरू टुटेका भनी लेख्न छुटाइन्छन्।

वार

प्राचीन कल्पनाअनुसार पृथ्वीबाट घट्दो दूरीका क्रमले रहेका शनि, बृहस्पति, मङ्गल, सूर्य, शुक्र, वुध, चन्द्रमा यी ७ ग्रह एवं होरा (घन्टा) नामक दिनका विभागको आधारमा वारको क्रम निर्धारित हुन्छ। उदाहरणार्थ शनिवारको पहिलो घन्टाको मालिक शनैश्चर नै हुन्छ, त्यसपछि माथि लेखिएको क्रमले तीन पटक सबै ग्रहको पालो पूरा भएपछि बाइसौँ घन्टामा शनैश्चर, तेइसौँमा बृहस्पति, चौबीसौँमा मङ्गल एवं अर्को दिनको पहिलो घन्टामा सूर्यको पालो पर्न आउँछ, पहिलो घन्टाको मालिक सूर्य हुन आउने हुँदा सो दिन रविवार हुन्छ। चौबीस घन्टालाई सातले भाग गर्दा तीन शेष रहने हुँदा उपरोक्त क्रमअनुसारको चौथो ग्रह अर्को दिनको मालिक हुन आउँछ। यस किसिमले शनि, आइत, सोम, मङ्गल आदि वारको क्रम कायम हुन्छ।

नक्षत्र

पृथ्वीको वरिपरि एक चक्कर पूरा गर्न चन्द्रमालाई करिब २७ दिन लाग्ने हुनाले आकाशमा चन्द्रमाको वाटाको आसपासमा पर्न आउने २७ वटा तारापुञ्जलाई २७ नक्षत्रको नाम राख्ने काम वैदिककालमा नै सम्पन्न भयो। चन्द्रमाको वाटो अलिअलि फरक पर्दै रहने भए तापनि आकाशमा सूर्य जुन बाटो लिएर हिंडे जस्तो देखिन्छ, क्रान्तिवृत्त नामक त्यो वाटोवाट धेरै पर नगई करिव १८ वर्षपछि चन्द्रमा फेरि पहिलाकै बाटोवाट हिंड्ने हुँदा क्रान्तिवृत्तको २७ भागको एक भागलाई नै नक्षत्रको नाम दिइयो। चन्द्रमाद्वारा यस किसिमको विभागात्मक नक्षत्र पार गर्न लाग्ने समयलाई नक्षत्रभोग भन्न थालियो। राशिनामक क्रान्तिवृत्तिको १२ भाग प्रयोगमा आएपछि चन्द्रमाद्वारा राशि एवं नक्षत्र पूरा गर्ने समयका साथै अन्य ग्रहद्वारा राशि र नक्षत्रको पाउ (चौथाइ) पूरा गरिने समय पनि पात्रोमा दिने परिपाटी बस्यो। वार र नक्षत्रको संयोगबाट निश्चित हुने आनन्दादि २८ योगको निर्धारण एवं केही अन्य कामका लागि अभिजित्समेतका नक्षत्र भन्नाले मुख्यतया क्रान्तिवृत्तको २७ भागको एक भागलाई नै लिइन्छ। एक नक्षत्र पार गर्न चन्द्रमालाई सालाखालारूपमा एक दिनभन्दा बढी समय लाग्ने हुँदा यो प्रायः बढ्छ। महाभारतमा तिथि र वारको प्रयोग गरिएको भेटिंदैन तर दिन गन्ती गर्दा नक्षत्रका आधारमा नै गर्ने गरेको देखिन्छ।

योग

सूर्य र चन्द्रमाका अन्तरलाई तिथिका आधारमा मात्र स्वीकार गरिएझैं गरी सूर्य र चन्द्रमाको योग (जम्मा)का आधारमा विषकुम्भादि २७ योगको गणना गरिन्छ। तिथि र नक्षत्रले चन्द्रमाको स्थिति बोध गराउने हुँदा आकाशमा प्रत्यक्ष अवलोकन गर्न पनि सकिन्छ तर योगगणितसम्वन्धी परिकल्पना मात्र हुँदा त्यसरी यसको परीक्षण सोझै गर्न सकिंदैन। सालाखाला हिसावले एक योग करिव साढे वाइस घन्टामा नै पूरा हुने हुँदा यो प्रायः टुट्छ। योग बढ्ने स्थिति निकै कम मात्रामा मात्र पर्न आउँछ।

करण

तिथिको आधा भाग करण कहलाउँछ। महिनामा आठ पटक पर्न आउने ववःदेखि भद्रासम्मका ७ वटा करण चर अर्थात् घुम्ने कहलाउँछन्। शकुनि, चतुष्पाद, नाग, किंस्तुघ्नं यी चार करण कृष्णपक्षका चतुर्दशीको उत्तरार्धदेखि शुक्लपक्षका प्रतिपदाको पूर्वार्धसम्म क्रमशः महिनामा एक पटक मात्र हुने हुँदा स्थिर करण कहलाउँछन्। हाम्रा पञ्चाङ्गमा तिथिको मध्यमा सिद्धिने करणको अन्त्यका साथै भद्राको भने आरम्भ एवं अन्त्य दुवै जनाइन्छ। आधुनिक ज्योतिष तालिकामा सूर्य र

चन्द्रमाको अन्तर ०°, ९०°, १८०°, २७०° हुने समय मात्र जनाइन्छ तर हाम्रो पञ्चाङ्गबाट भने उक्त अन्तर ६।६ का दरले बढ्ने समय पत्ता लाग्न सक्दछ। परन्तु पञ्चाङ्गसम्बन्धी तथ्यको ज्ञान ज्यादै थोरै व्यक्तिलाई मात्र भएको हुँदा विषयको ज्ञान नभएका मानिसहरूद्वारा अनेकौं भ्रमात्मक धारणा र अनुचित कुराहरू प्रचारमा ल्याइएका छन्।

वैशाखादि हाम्रा महिनाका आरम्भ समय गणितद्वारा नै निर्णय गरिन्छन्। साथै महिनाका लम्बाइ पनि सूर्यको गति अर्थात् प्रकारान्तरले पृथ्वी र सूर्यको दूरीका बीचमा आधारित छ। सूर्य एउटा राशिबाट अर्को राशिमा सर्ने समयलाई मुख्य रूपमा सङ्क्रान्ति भनिन्छ। गत आधा रातदेखि आउँदो आधा रातसम्मको समयलाई आज भन्ने चल्ती हाम्रो परम्परा भएको हुँदा त्यसलाई निर्णायक मानी सङ्क्रान्तिको समयका आधारमा १ गते कुन दिन पर्छ भन्ने कुराको निर्धारण गरी १० वटा सङ्क्रान्तिको निर्णय गरिन्छ। सूर्योदयको समयलाई निर्णायक मानी कर्कट-सङ्क्रान्ति एवं सूर्यास्तकाललाई निर्णायक मानेर मकर सङ्क्रान्तिको निर्णय गरिन्छ। आषाढको तेस्रो हप्ताको अन्त्यतिर सूर्य र पृथ्वीको दूरी अधिकतम हुने हुँदा ज्येष्ठदेखि साउनसम्मका महिना ३१-३२ दिनका हुन जान्छन्। अर्कोतिर सूर्य नजिक हुने समयका महिनाहरू २९ दिनका हुन पुग्छन्। एक राशिबाट अर्को राशिमा सूर्य सर्ने समय थाहा नभई यो महिना यति नै दिनको हुन्छ भन्ने कुरा किटान गर्न सकिँदैन। यसरी महिनाको लम्बाइ वैज्ञानिक भए तापनि व्यवहारका लागि भने कठिनाइपूर्ण हुन गयो। पञ्चाङ्गका विषयमा गहिरो अध्ययन गर्दा यी विभिन्न समयदेखि प्रचारमा आएका हुन् भन्ने कुरा प्रकाशमा आउँछ। वर्तमान समयमा छापिएर प्रकाशित हुने हाम्रा पञ्चाङ्ग काठमाडौंका लागि तयार गरिएका हुन्छन् साथै तिनमा सूर्योदयको समय धूपघडी (Sundial) अनुसारका घन्टा मिनेटमा राखिका हुन्छन्। प्रामाणिक समय (Standard Time) र धूपघडीले बताउने समयको अन्तर बदलिइरहन्छ, सो अन्तर नदिइएको हुँदा काठमाडौंमा नै पात्रोको प्रयोग गर्दा पनि गल्ती हुन आउने सम्भावना रहन्छ। सूर्योदय एवं ग्रहणजस्ता घटनासँग सम्बन्ध राख्ने बाहेक अरू सबै दैनिक समय सूर्योदय उप्रान्तका घडी-पलामा दिइएको हुन्छ।

नेपाली ज्योतिषी एवं तिनका कृतिहरू

विक्रमको एघारौं शताब्दीको अन्त्यतिर ज्योतिषसम्बन्धी ग्रन्थहरूको रचना गर्ने प्रसिद्ध ज्योतिषी श्रीपति रोहिणीखण्ड हालको लुम्बिनी अञ्चलमा जन्मेका थिए। पुरानो इस्मा राज्यका अन्तिम राजा प्रभारका छोरा श्रीपति यिनैका वंशज मानिन्छन्। तिनै श्रीपतिका माइला छोरा नारायण अर्ज्यालले गोर्खामा द्रव्यशाहलाई राजा बनाई वर्तमान शाहवंशको राज्यारम्भ गरेका थिए। केही विद्वान्हरूले श्रीपतिलाई

कपिलवस्तुका...मानेको पाइन्छ भने केहीले देवदहका वासिन्दा बताउँछन्। श्रीपति (प्रथम) **सिद्धान्तशेखर**का रचनाकार हुन् भने श्रीपति (द्वितीय) **सुमरादित्य चरित्रम् र मुहूर्तकल्पद्रुम** आदि ग्रन्थका लेखक मानिन्छन्। नेपाली ज्योतिषी एवं तिनका रचनाहरूका सम्बन्धमा अध्ययन गर्नका लागि 'राष्ट्रिय अभिलेखालय' नै मुख्य आधार छ। 'वीर पुस्तकालय' आदिका हस्तलिखित ग्रन्थहरूको सङ्ग्रह त्यहीँ एकत्रित गरिएका हुँदा यसको महत्त्व र उपादेयतामा विशेष वृद्धि हुन पुगेको छ। तर त्यहाँको पुस्तकसूची समग्रमा आजसम्म प्रकाशित नभएको हुँदा अध्ययन गर्न चाहने व्यक्तिले विशेष उपयोगिता हासिल गर्न पाएका भने छैनन्। ५२९ वटा पुस्तकसम्बन्धी विवरण भएको 'वीर पुस्तकालय'द्वारा वि.सं. २०१७ मा प्रकाशित सूचीपत्र ज्योतिषसम्वन्धी पुस्तक एवं तिनका लेखकका बारेमा ज्ञान दिलाउने एक मात्र साधन सर्वसाधारणका लागि उपलब्ध छ। सामान्य रूपमा उक्त सूचीपत्रको अध्ययन गर्दा करिब ५० जना नेपाली लेखकका मौलक एवं टीकाहरू गरी करिब १०० वटा जति ग्रन्थ भएको कुरा थाहा हुन्छ। इशराम् जोशीका पुर्खौली सङ्ग्रहका रूपमा उपलब्ध अंश मात्र उक्त सूचीपत्रमा नपरेका पाँचवटा हस्तलिखित पुस्तकहरू सम्पूर्ण रूपमा भेटिएको देख्दा देशभरि छरिएका विद्वत्परिवारमा रहेका ज्योतिषसम्वन्धी ग्रन्थको तथ्याङ्क सङ्ग्रह गर्ने हो भने नेपाली ज्योतिषीद्वारा लेखिएका सयौँ पुस्तकका साथै हजारौँ अमूल्य ग्रन्थहरूका बारेमा पत्ता लाग्न सक्ने देखिन्छ। एउटै लेखकद्वारा लेखिएका दुईभन्दा बढी करण-ग्रन्थको उल्लेख कुनै पनि ज्योतिषको इतिहाससम्वन्धी पुस्तकमा भेटिँदैन तर हाम्रा गौरीश्वर जोशी अर्ज्यालद्वारा लेखिएका तीनवटा करण-ग्रन्थ नेपालमा उपलब्ध छन्। वीर पुस्तकालयमा भएको ताडपत्रमा अङ्कित ज्योतिष सुमतिको सुमतितन्त्रमा दिइएका चार खण्ड हेर्दा उक्त पुस्तक काठमाडौँ उपत्यकामै लेखिएको हो भन्न करै लाग्दछ। राष्ट्रिय सङ्ग्रहालय छाउनीमा रहेको श्री ५ रणवहादुर शाहका पालामा ज्योतिष लक्ष्मीपति पाण्डेद्वारा वनाइएको धूपघडी एवं छरिएर रहेका उनले सङ्ग्रह गरेका यन्त्रहरू देख्दा र 'जैशीकोठा'नामक पुरानो अड्डाको अस्तित्वमाथि समेत विचार गर्दा त्यस वेला नेपालमा ज्योतिषीहरूको विशेष मान-मर्यादा गरिने गरेको रहेछ भन्न करै लाग्छ। ज्योतिष गोपाल पाण्डेय, ज्योतिष माधवराम जोशी जस्ता सुयोग्य विद्वान् ज्योतिपीहरू नेपालमा हुँदाहुँदै पनि आफ्नो देशका विद्वान्हरूलाई प्रोत्साहन नदिने राणाकालीन परम्पराअन्तर्गत लन्डनमा बनेको धूपघडी 'त्रिचन्द्र कलेज'मा राखियो। त्यो परम्परा आजसम्म पनि केही मात्रामा बँचेको हुँदा नेपाली ज्योतिर्विद्हरूले आफ्नो योग्यताको सदुपयोग गरी देशविकासको काममा सक्दो सहयोग प्रदान गर्ने मौका प्राप्त नभई निराश भइरहेको वखत दिवङ्गत ज्योतिपीहरूका विद्वत्ता एवं उनका रचनाको मूल्याङ्कन गरी उनीहरूलाई समुचित श्रेय दिलाउने कुरा त झन् सपनालाई यथार्थमा वदल्नु जत्तिकै कठिनजस्तो देखिन थालेको छ।

ज्योतिषसम्बन्धी आवश्यक कार्य

१. पञ्चाङ्गमा एकरूपता र वैज्ञानिकता ल्याउनु

छापाखानामा हजारौं प्रतिका दरले छापिएका पञ्चाङ्गहरू जनसमक्ष आउन थालेपछि नेपाल अधिराज्यमा प्रयोग गरिने पञ्चाङ्गमा एकरूपता ल्याउनका साथै पर्वादिका सम्बन्धमा विवाद नहोस् भन्ने उद्देश्य लिई एउटै सारिणीबाट गणना गराउन विद्वान्हरूद्वारा विवेचनापूर्वक निर्णय गरिएका पर्व एवं उपनयनादिका लग्नहरू राख्न लगाई पात्रो छाप्न दिने परम्परा हाम्रो देशमा चल्यो। श्री ५ को सरकारद्वारा गठित पञ्चाङ्गनिर्णायकसमितिको बैठकमा विभिन्न विद्वान्हरू भेला भई निधो गरिएबमोजिमको पात्रो छपाउन लगाउँदा पञ्चाङ्गनिर्माणकर्ताहरूलाई केही मात्रामा आर्थिक सहायतासमेत उपलब्ध गराउने व्यवस्था हाल कायम गरिएको छ। वि.सं. १७३५ मा बनेको सिद्धान्तराज सारिणीबाट तिथ्यादि र वि.सं. १६४७ मा श्रीराम दैवज्ञले बनाएको रामविनोद सारिणीबाट ग्रह एवं वि.सं. १९४७ मा बनेको ज्योतिर्गणित नामक आधुनिक पुस्तकबाट ग्रहण र गुरुशुक्रको उदयास्तको गणना गर्ने व्यवस्था भए तापनि सारिणीहरूमा हुन गएका त्रुटिका साथै पञ्चाङ्गकर्ताहरूमा भएको सिद्धान्तज्योतिषसम्बन्धी ज्ञानको अभावले गर्दा पञ्चाङ्गमा एकरूपता ल्याउन ज्यादै कठिन मात्र नभई कैयौं आवश्यक कुराहरू पनि पात्रोमा नरहेका देखिन्छन्।

गणित ज्योतिषमा उत्पत्तियुक्त कुराहरूलाई नै प्रामाणिक मान्ने शास्त्रीय परम्परा हुनाले सर्वप्रथम उक्त सारिणीहरूको उत्पत्तिका आधारमा प्रामाणिक पाठको निर्धारण गरी अशुद्ध प्रतिहरूमा सुधार गर्न लगाएको खण्डमा एकरूपता ल्याउन सकिन्छ। ज्योतिषशास्त्र परम्परावादी नभई प्रत्यक्ष भएको हुँदा ज्योतिषसम्बन्धी विषयमा वैज्ञानिकता ल्याउनु सबभन्दा आवश्यक छ। ज्योतिषशास्त्र विज्ञान मात्र नभई विज्ञानको जनकसमेत भएको र वराहपुराणमा स्वयं ब्रह्माजीको मुखबाट 'जुन सिद्धान्तअनुसार गनिएका ग्रहण उदयास्त, सूर्यचन्द्र-ग्रहण एवं चन्द्रदर्शनहरू देखिएबमोजिका घटनासँग ठीकठीक मिल्दछन्, त्यो देशमा त्यस बखत त्यही सिद्धान्तानुसार तिथ्यादिको गणना गरी निर्णय गरिनुपर्दछ, मेल नखाने सिद्धान्तबाट गन्नु हुँदैन'। यस किसिमको आदेश भएको हुँदा उदयास्तादिको गणना आधुनिक सिद्धान्तमा आधारित पुस्तकबाट गरिएसरह तिथ्यादि गणना पनि आधुनिक सिद्धान्तबाटै हुनु आवश्यक छ। यही नै शास्त्रसम्मत एवं ज्योतिर्विज्ञानसम्मत ग्राह्य मार्ग हो।

माथि उल्लेख गरिएको आधुनिक ढङ्गको सारिणी ज्योतिर्गणित तयार भएको पनि झन्डै १० वर्ष हुन लागेको र विगत सय वर्षको अवधिमा ज्योतिषमा धेरै नयाँ

ुरा पत्ता लाग्नाका साथै निकै सुधारहरू पनि भएकाले उल्लेख गरिएबमोजिम ुत्पत्ति निकाल्दा पत्ता लाग्न पुगेका तथ्यका अलावा आवश्यक मूल्याङ्नसमेत सङ्ग्रह ारी देश, काल, परिस्थिति सुहाउँदा नयाँ सारिणीहरू क्रमशः तयार गर्दै लगी पुराना नयाँ सारिणीका अन्तर एवं नयाँ-नयाँ सारिणीका वैशिष्टच आदि कुराहरू वद्वत्समाजलाई पूरा तवरले बोध गराएपछि ती सारिणीहरू प्रकाशित गरी प्रयोगमा याउन लगाउनु समुचित हुन जान्छ।

यस किसिमबाट आधुनिक तथ्याङ्कहरूद्वारा सम्पन्न सारिणीहरू प्रकाशित ारिएमा नेपालका साथसाथै भारतका ज्योतिषी एवं पञ्चाङ्गकर्ताहरूका वीचमा समेत ा नवीन सारिणीहरूले निकै लोकप्रियता प्राप्त गर्न सक्ने थिए। यस किसिमका नयाँ ारिणीहरूद्वारा ज्योतिषजगत्ले निकै ठूलो आवश्यकताको परिपूर्ति गर्नाका साथै शको गौरव ‌ाभिवृद्धिमा पनि निकै सहायता प्राप्त हुन जाने थियो।

. ज्योतिषसम्बन्धी ज्ञानको प्रचार गर्नु

वि.सं. २०१४ साल आश्विनसम्म प्राकृतिक आकाशीय पिण्डको गतिस्थिति ादिको निर्धारण गर्नु मात्र ज्योतिषविज्ञानको लक्ष्य थियो तर त्यही महिनामा भएको हिलो कृत्रिम भू-उपग्रहको सफल प्रक्षेपणले गर्दा मानवनिर्मित पिण्डको मार्ग एवं ्थतिको निर्धारणसम्बन्धी विषय थपिई ज्योतिर्विज्ञानले पनि प्रयोगात्मक विज्ञानको ्प लियो। उक्त प्रक्षेपणले अन्तरिक्ष अभियानको वाटो खोलिदिएको हुँदा धमाधम ल्न थालेको अन्तरिक्षसम्वन्धी अनुसन्धान कार्य ज्योतिर्विज्ञानतर्फ जनसाधारणको भिरुचिविशेष रूपमा वढ्न थाल्यो। युनेस्कोसँग सम्बद्ध संस्था 'अन्तर्राष्ट्रिय योतिर्विद् परिषद्'को वि.सं. २०२७ सालमा लन्डन नजिकै भएको अधिवेशनले योतिषसम्बन्धी विद्यालयस्तरको पाठ्यक्रमलाई बढी व्यापक तुल्याउनु नै सबभन्दा रल र लाभदायक उपाय हो भन्ने ठहर गरी सदस्य राष्ट्रहरूलाई विशेष अनुरोध नि गऱ्यो।

हाम्रो देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुरूप तयार गरिएको सामान्य ज्ञानको पाठ्यक्रममा ज्योतिषसम्वन्धी विषय पनि आवश्यक मात्रामा समावेश रिएको छ। विस्तृत पाठ्यक्रममा उल्लेख भएवमोजिमका साधनहरू उपलव्ध गराई मुचित ढङ्गवाट अध्यापन गराउन सकिएको खण्डमा हाम्रा विद्यार्थीहरू पनि यस त्रमा अन्तर्राष्ट्रियस्तरका वन्न सक्दछन्। हामीसँग अध्ययन-अध्यापनका लागि ावश्यक भौतिक साधनको कमी त छँदैछ। त्यसमाथि हाम्रो देशमा ज्योतिष एक पेक्षित विषय भएको हुँदा यस विषयको प्रशिक्षणमा मात्र ध्यान नदिइएको होइन पितु प्रशिक्षण दिन सक्ने व्यक्तिसम्मको पनि सर्वथा अभाव छ। उक्त कमीहरूलाई ्यानमा राख्दा ज्योतिषसम्वन्धी प्रवचन, गोष्ठी एवं प्रदर्शनीहरूको आयोजना समय-

समयमा गर्दै रहनु अत्यावश्यक हुन आउँछ। अत्यधिक महत्त्वपूर्ण साधनहरू छिटै उपलब्ध गराई प्रशिक्षक दल यथाशीघ्र तयार गराउनाका साथै नक्षत्र-पट एवं आवश्यक तालिकाहरू पनि सकभर छिटो तयार गरी विद्यालयहरूमा वितरण गराउनु जरुरी छ। आजको युगमा आकाश-दर्शनकक्ष (Planetorium) द्वारा जति छिटो र प्रभावकारी ढङ्गबाट ज्योतिषसम्बन्धी प्रचार कार्य हुन सक्दछ त्यति अरू कुनै उपायबाट हुन नसक्ने हुँदा मझौला खालको १२-१५ मिटर व्यास भएको आकाशदर्शन-कक्षको स्थापना गराउनु निकै जरुरी छ। नाममात्रको शुल्क लिई प्रदर्शन गर्ने व्यवस्था भएमा पनि त्यसको सञ्चालन एवं विस्तारका लागि आवश्यक रकम उक्त शुल्कबाटै उठ्न सक्ने हुँदा प्रारम्भमा मात्र यसमा विशेष खर्च गर्नुपर्ने जरुरत पर्दछ।

३. व्यावहारिक ढङ्गको मितितालिका चलाउनु

हाम्रा वैशाखादि महिनामा दिनको सङ्ख्या सूर्यको गतिस्थितिद्वारा निर्धारित हुने भएकाले पञ्चाङ्गकर्ता ज्योतिषीहरूले गणना गरेर नदिएसम्म यो महिना यति दिनको हुन्छ भनी किटान गर्न नसकिने हुँदा अग्रिमरूपमा मितितालिकाको प्रकाशन गर्न चाहने व्यक्तिहरूलाई मर्का परी पाश्चात्य मितितालिकालाई ग्राह्यता दिन थालेको कुरा विचारकहरूको दृष्टिबाट छिपेको छैन। शिक्षित समाजको झुकाव पनि अन्तर्राष्ट्रिय प्रचलनको नाममा त्यतैतिर ढल्कँदै गइरहेको छ। रोमको अन्धविश्वासमा आधारित उक्त मितितालिका केही वर्षभित्रै हामी माथि लादिन पुगी हामीलाई आफ्नो सांस्कृतिक परम्पराबाट हटाई पाश्चात्य अन्धविश्वासको पिछलग्गु बन्न बाध्य गराइनु पनि असम्भव देखिँदैन। उक्त अभिशापबाट बच्नका लागि व्यावहारिकता एवं वैज्ञानिकताका साथै आफ्नो संस्कृतिलाई ध्यानमा राखी वर्तमान समयको अन्तर्राष्ट्रिय प्रचलनसँग पनि सकभर फरक नपर्ने किसिमको मितितालिका प्रचलनमा ल्याउनु ज्यादै उपयुक्त देखिन्छ।

४. नेपाली ज्योतिषीका कृतिहरूको मूल्याङ्कन एवं सम्पादन गर्नु

नेपाली ज्योतिषीहरूद्वारा लेखिएका पुस्तकहरूका बारेमा सामान्य चर्चा अगाडि नै भइसकेको छ। स्वदेशी विद्वान्हरूको योग्यता एवं उत्कृष्टताले देशको गौरवको मात्र अभिवृद्धि गर्ने होइन अपितु हाम्रो साथै भावी सन्तानलाई समेत प्रेरणा दिने काम गर्दछ। उनीहरूका कृतिहरूलाई त्यसै लोप हुन दिनाले हामीमाथि आत्महीनताजस्ता कमजोरीले अधिकार जमाई माथिल्लो स्तरको काम आफैं गर्न नसक्ने तुल्याउँछ एवं परमुखापेक्षी बन्न बाध्य गराउँछ। नेपाली ज्योतिषीका वैशिष्ट्य झल्काउनका लागि उदाहरणस्वरूप ज्योतिष गौरीश्वर जोशीको रचना लिऔं। *ग्रहदर्पण, लघुग्रहदर्पण* र

*ग्रहदीपिका*नामक तीन ग्रन्थमध्येको पहिलो ग्रन्थ माथि उल्लेख गरिएको परिभाषाबमोजिम तन्त्रको स्तरमा आउने भए तापनि लेखकले त्यसलाई पनि करण नाम दिएका छन्। यद्यपि कुनै कुरामा उक्त ग्रन्थ सिद्धान्तको टक्करमा देखिन्छ। सृष्टयादिदेखिको अहर्गणका आधारमा उक्त ग्रन्थ (ग्रहदर्पण) एवं आकरग्रन्थ (सूर्य सिद्धान्त)बाट मध्यमग्रह गन्दा कुनै अन्तर पर्दैन। ज्योतिष पं. हरिलाल उपाध्याय पोखरेलले त आफूले बनाएको सारिणी एवं सूर्यसिद्धान्तबाट गनिएका तिथ्यादिको नमुनासमेत जनसमक्ष राखेका हुन्। यस किसिमका ज्योतिष ग्रन्थको उपपत्ति निकाली राम्रो रूपमा प्रकाशित गर्न सकेको खण्डमा निकै महत्त्वपूर्ण ठहरिने थियो। छरिएर रहेका विभिन्न ज्योतिष ग्रन्थहरू नष्ट हुन नदिई राष्ट्रिय सम्पत्तिका रूपमा सञ्चित गरी तिनीहरूको सम्बन्धमा विस्तृत विवरण जनसक्ष ल्याइदिन सके स्वदेशीका साथसाथै विदेशी विद्वान्हरूलाई समेत उनीहरूको अध्ययनमा निकै सहायता मिल्न जाने थियो।

५. राष्ट्रिय विकाससम्बन्धी कार्यमा ज्योतिषबाट प्राप्त हुने उपयोगिता उपलब्ध तुल्याउनु।

वर्तमान समयमा हामी आफ्नो देशलाई द्रुतगतिले प्रगतिको बाटोमा अग्रसर तुल्याउन प्रयत्नशील भइरहेका छौँ। देशको भौगोलिक स्थितिसम्बन्धी यथार्थ ज्ञान गराउन सक्ने किसिमको विस्तृत मानचित्रको अभावले गर्दा हामीले कदम-कदममा निकै कठिनाइको सामना गर्नुपरिरहेको छ। सीमावर्ती इलाकाको कुरा त परै रहोस् राजधानीकै समेत भौगोलिक स्थितिद्योतक (अक्षांश, देशान्तर) आदि कुराहरू अनिश्चित छन्। जसको फलस्वरूप हवाईजहाजका उडानसमेत अड्कल र वैयक्तिक अनुभवमा भर पर्दछन्। कठिन समस्याका रूपमा सामना गर्नुपरेका यी कुराहरूको समाधान गर्न देशव्यापी रूपमा ज्योतिषसर्वेक्षण (Astronomical Surveying) द्वारा अक्षांश, देशान्तर आदि कुराहरूले राम्रो विस्तृत मानचित्र तयार गराइनु अत्यावश्यक छ। उक्त कार्यको शुभारम्भ ज्योतिषद्वारा मात्र हुन सक्दछ।

६. ज्योतिषको अध्ययन-अध्यापनमा वैज्ञानिकता ल्याउनु

क्रियात्मक ज्ञान दिलाउने परम्परा टुटेको हुँदा हाम्रो देशमा केही वर्षयता विशेषरूपमा प्रचलित *सिद्धान्त ज्योतिष*का आजसम्म बनेका एवं बनाइएका पाठ्यक्रममा एकै किसिमका पुस्तकहरू अनेकौं पटक दोहोऱ्याएर पढाइनुसिवाय सामान्य आकाशदर्शनसम्म पनि नगराइने परिपाटी कायमै रहेको हुँदा सिद्धान्तज्योतिष पनि केही पुस्तकमा मात्र आधारित एकोहोरो र सङ्कीर्णतापूर्ण विषय बन्न पुगेको छ। ज्योतिषको पाठ्यक्रममा आएको यस किसिमको पाठ्यक्रम बनाउन लगाई क्रियात्मक

ज्योतिष समेत दखल भएका ज्योतिषी तयार गर्नका लागि आवश्यक उपकरणहरू जुटाई निकट भविष्यमा नै नयाँ पाठ्यक्रम चालू गर्नु आवश्यक देखिन्छ। फलित ज्योतिषको पेसागत भ्रमबाट मुक्त ज्ञानका रूपमा सिद्धान्त ज्योतिषलाई विकास गर्नुपर्दछ।

७. देश सुहाउँदो किसिमको वेधशाला स्थापित गर्नु

विश्वको उच्चतम पर्वत 'हिमालयको' काखमा रहेको हाम्रो नेपाल अधिराज्य ज्योतिषसम्बन्धी महत्त्वपूर्ण अध्ययनका लागि विश्वकै एउटा महत्त्वपूर्ण केन्द्र बन्न सक्दछ। त्यो कुरालाई राम्ररी महसुस गर्ने उन्नत देशहरू वेधशाला खडा गर्नका लागि आवश्यक सहायता दिन तयार छन्। विश्वविद्यालयमा अध्ययन एवं अध्यापनका लागि खडा गरिने प्रारम्भिक वेधशालाका लागि त मस्कोस्थित रुसी राजकीय विश्वविद्यालयजस्ता शिक्षण संस्थाहरूबाट नै पनि विश्वविद्यालयस्तरको सहायता मिल्न सक्दछ। प्रारम्भमा विश्वविद्यालयस्तरमा र त्यसपछि सरकारीस्तरमा उन्नत देशहरूसँग सम्पर्क राखी वेधशाला खडा गर्न लगाउनु ज्यादै वाञ्छनीय छ। वेधशालाको माध्यमद्वारा गौतम वुद्धले दिएझैँ अमूल्य निधि विश्वलाई प्रदान गर्न देशलाई समर्थ वनाउनका निम्ति आवश्यक कदम उठाउनु अत्यन्त आवश्यक छ।

आजको युगमा कुनै पनि वैज्ञानिक विषयको उच्चस्तरीय अध्ययन एवं अनुसन्धान गर्न ज्योतिषशास्त्रसम्बन्धी ज्ञानको सहायता लिनु अत्यन्त आवश्यक हुन गएको छ। वेद हिन्दूहरूका लागि प्रामाणिक एवं पुण्यतम ग्रन्थ हो। ज्योतिषलाई वेदका अङ्गहरूमध्ये महत्त्वपूर्ण स्थान प्राप्त छ। ज्योतिषका आधारमा पर्वादि एवं मुहूर्तको निर्धारण नभई वैदिक र बौद्ध दुवैका पर्व एवं संस्कारादि चल्न सक्दैनन्। ज्योतिष प्रत्यक्ष शास्त्र भएको हुँदा विनाप्रत्यक्ष प्रमाणका आधारमा यसको स्थिति दृढ रहन कदापि सक्दैन। अतः ज्योतिषशास्त्रलाई जीवित राख्नका लागि शास्त्रकारहरूको आदेशानुसार प्रत्यक्ष अवलोकन व्यवस्थालाई व्यावहारिक तुल्याई ज्योतिषशास्त्रलाई दूषित हुन नदिनु एक हिन्दू अधिराज्यको सर्वाधिक महत्त्वपूर्ण कर्तव्य पनि हो।

□

प्रमुख सन्दर्भ-सामग्री

१. कपूर, गौरीशङ्कर : नक्षत्र फल दर्पण ।

२. खतिवडा, सोमप्रसाद र दाहाल, पेसल : नेपालको कला र वास्तुकला, काठमाडौं : एम्.के. प्रकाशक एवं वितरक, २०५८ ।

३. खत्री, प्रेम : नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू, काठमाडौं : एम्.के. प्रकाशक एवं वितरक, २०५१ ।

४. गाउँफर्क राष्ट्रिय अभियान : राष्ट्रनिर्माता श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह ।

५. गुप्ता, जगजीवन दासस : ज्योतिष रहस्य, वाराणसी : चौखम्वा प्रकाशन ।

६. गौचन, ओमकारप्रसाद : श्री ५ पृथ्वीनारायण शाहको उपदेश, काठमाडौं : नेपाल प्रौढ ।

७. गौतम, शेखर सिंह : भारत खण्ड और नेपाल, वहराइच (यू.पी.) : मानव जीवन संस्थान, १९६९ ।

८. घिमिरे, सोमनाथ : शास्त्री, हिन्दू राष्ट्र ।

९. घिमिरे, सोमनाथ शास्त्री : संस्कृमय नेपाल-देश, काठमाडौं : श्री राजा तारकवहादुर शाह (राजसभा), २०३५ ।

१०. जोशी, सत्यमोहन : नेपाली मूर्तिकलाको विकासक्रम, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२ ।

११. जोशी, सत्यमोहन : पुरातत्त्व (एक रोचक कथा), ललितपुर : जगदम्वा प्रकाशन, २०१९ ।

१२. जोशी, हरिराम : नेपाली संस्कृति, काठमाडौं : हेमराज शाक्य, २०२८ ।

१३. ठाकुर, मुरलीधर : वृहद् होडाचक्र विवरणम्, वाराणसी : चौखम्वा प्रकाशन, १९९४ ।

१४. थापा, रमेशजङ्ग, से. : प्राचीन नेपाल, काठमाडौं : पुरातत्त्व विभाग ।

१५. धर्मसम्राट श्री करपत्रीजी : जाति राष्ट्र और संस्कृति, वाराणसी : श्री सदानन्द सरस्वती, १९८७ ।

१६. नेपाल ललितकला संस्थाको वार्षिक मुखपत्र (२०२३), काठमाडौं : नेपाल ललितकला संस्था ।
१७. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान : नेपाली बाजाहरू, काठमाडौं : २०३४ ।
१८. पण्डित, विन्धेश्वरीप्रसाद : लग्न रत्नाकर, वाराणसी : चौखम्बा प्रकाशन ।
१९. पन्त, कालिभक्त : छुतभेद र कर्तव्य, काठमाडौं : कालिभक्त, २०३८ ।
२०. पन्त, नयराज : हिन्दू सिद्धान्त ज्योतिष र ग्रीक सिद्धान्त ज्योतिषको तुलना, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४६ ।
२१. पाण्डे, रामनिवास/रेग्मी, दिनेशचन्द्र : नेपालको पौराणिक इतिहास, काठमाडौं : त्रि.वि., नेपाल र एसियाली अध्ययन केन्द्र, २०५४ ।
२२. पाण्डेय, राजनाथ : नेपाल और नेपाल नरेश, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, १९६४ ।
२३. पाण्डेय, राजवली : हिन्दू संस्कार (सामाजिक तथा धार्मिक अध्ययन), वाराणसी : चौखम्बा विद्या भवन, २०२३ ।
२४. पौड्याल, रामराज : राष्ट्रियता र राजमुकुट, काठमाडौं : सूचना तथा सञ्चार मन्त्रालय, २०२७ ।
२५. पौड्याल, रामराज : हाम्रो जनजीवनका पक्षहरू, काठमाडौं : सूचना विभाग, १९६६ ।
२६. वज्राचार्य, धनवज्र : लिच्छविकालका अभिलेख, काठमाडौं : नेपाल र एसियाली अध्ययन केन्द्र, २०३० ।
२७. वज्राचार्य, मनवज्र : परम्परागत तथा आधुनिक चित्रकला, काठमाडौं : नेपाल ललितकला संस्था, २०३५ ।
२८. विष्ट, डोरवहादुर : सवै जातको फूलवारी, काठमाडौं : साझा प्रकाशन, २०५५ ।
२९. भट्टराई, कृष्णप्रसाद/जवरा, धनसंसेर, संस्कार पद्धति, काठमाडौं : प्रमुख संवाद सचिवालय, राजदरवार, २०५६
३०. भण्डारी, ढुंडिराज, नेपालको ऐतिहासिक विवेचना, वाराणसी : कृष्णकुमारी, २०२५
३१. भण्डारी, ढुंडिराज : नेपालको आलोचनात्मक इतिहास, काठमाडौं : प्रकाश प्रकाशन, २०२७ ।
३२. योगी, नरहरिनाथ : गोरख वोध, काठमाडौं : सिद्ध भगवतनाथ मठ, २०२१ ।
३३. योगी, नरहरिनाथ : संस्कृत सन्देश, काठमाडौं : बुद्धिसागर पराजुली ।
३४. योगी, नरहरिनाथ : देवमाला (वंशावली), काठमाडौं : शूरशमशेर जवरा, २०१३ ।

३५. सम, वालकृष्ण : नेपाली ललितकला, काठमाडौं : प्रचार तथा प्रसार विभाग, २०२२ ।

३६. सम, वालकृष्ण : श्री ५ महेन्द्र, कला र संस्कृतिका स्रोत, काठमाडौं : प्रचार तथा प्रसार विभाग, २०२० ।

३७. सिंह, देवकीनन्दन : ज्योतिष रत्नाकर, वाराणसी : चौखम्वा प्रकाशन ।

३८. शर्मा जनकलाल : हाम्रो समाज : एक अध्ययन, काठाडौं : साझा प्रकाशन, २०४९ ।

३९. शर्मा, वालचन्द्र : नेपालको ऐतिहासिक रूपरेखा ।

४०. श्रीवास्तव, शैलेन्द्र : लिच्छवीयोका उत्थान एवं पतन, नयाँ दिल्ली : प्रकाशन संस्थान, १९८५ ।

४१. त्रिभुवन विश्वविद्यालय सांस्कृतिक परिपद्, नेपाल, काठमाडौं, २०१९ ।

□



नेपाली वाजा– सारङ्गी

Bibliography

1. Dept. of Archaeology, HMG/N. Nepalese Arts, Dept. of Archaeology, HMG/N. 1966.
2. Dept. of Information, HMG/N. Facts about Nepal : Kathmandu, Dept. of Information, HMG/N. 1975.
3. Dept. of Tourism, HMG/N. Nepal Her many Faces, Kathmandu: Dept. of Tourism, HMG/N. 1974.
4. Graham, Anil, Eastern Culture: A UNESCO Courior Anthropology, Paris: Unesco, 1971.
5. Hodson, Briam H. Essays on the Languages, Literature and Religion of Nepal and Tibet, New Delhi: Manjushree Publishing House, 1874.
6. Korn, Worlfgang, The Traditional Architecture of the Kathmandu Valley, Kathmandu: Ratna Pustak Bhandar, 1979.
7. Ministry of Communication, HMG/N. Nepal in Nutshell, Kathmandu: Ministry of Communication, HMG/N. 1975.
8. Nepal Council of Applied Economic Research, Nepal: A Profile, Kathmandu: Nepal Council of Applied Economic Research, 1970.
9. Nguyet, Tuyet, Arts of Asia, Hongkong: Tuyet Nguyet, 1984.
10. Pandey, M.R. ed. Voice of History Vol 1, Tribhuvan University, 1974.
11. Patan Museum Development Committee/Patan Museum guide, Patan Museum Development Committee/Kathmandu, 2002.
12. Ratna Pustak Bhandar, Kailash: A Journal of Himalayan Studies, Kathmandu; Ratna Pustak Bhandar. 1976.

13. Regmi, D.R. Ancient Nepal, Calcutta: Firma K.L. Mukhopadhyay, 1969.

14. Regmi, D.R. Medival Nepal Vol. I-IV. Calcutta: Firma K.L. Mukhopadhyay, 1965, 1966.

15. Regmi, D.R. Modern Nepal, Calcutta: Firma K.L. Mukhopadhyay, 1966.

16. Regmi, Jagdish Chandra, Temples of Kathmandu, Culture Center, 1972.

17. Rogy, Hamid, The Cultural Role of India, New Delhi: National Publishing House, 1968.

18. Sayami, Dhooswan, The Lotus and the Flame, Kathmandu: HMG, 1972.

19. Shah, Rishikesh, Introduction to Nepal, Kathmandu: Ratna Pustak Bhandar.

20. Sharma, Balchandra, Nepal: An Introduction to Nepalese Culture, Kathmandu: Unesco, 1975.

21. Sharma, Prayag Raj. ed. Contribution to Nepalese Studies, Kathmandu: CNAS, Tribhuvan University, 1973.

22. Tandukar, Gopal Man, Kiratese at a Glance, Kathmandu: International Standard Books and Periodical Store, 1980.

23. Jhapa, D.P.; Thapa, N.B., Geography of Nepal, New Delhi: Orient Longman, 1969.

24. Thapa, Ramesh Jung, The Archives Movements and Nepal, Dept. of Archiology, HMG/N. 1967.

25. United Nations, Stone in Nepal, Kathmandu: United Nations, 1977.

□

सहायक ग्रन्थ-सूची

क. संस्कृत ग्रन्थहरू

१. अष्टाध्यायी
२. तैत्तिरीय ब्राह्मण संहिता
३. मनुस्मृति ब्राह्मण संहिता
४. याज्ञवल्क्य स्मृति
५. महाभारत
६. वीरमित्रोदयम् (संस्कार प्रकाश)
७. ऋग्वेदः/यजुर्वेदः/अथर्ववेदः/सामवेदः
८. पारस्कर गृह्यसूत्र
९. बृहदारण्यक उपनिषद
१०. पद्मपुराण (ब्रह्मखण्ड)
११. ईशावास्योपनिषद्
१२. शतपथ ब्राह्मणम्
१३. रघुवंश महाकाव्यम्
१४. छान्दोग्योपनिषद्
१५. आश्वलायन गृह्यसूत्रम्
१६. भारद्वाज गृह्यसूत्रम्
१७. सुश्रुत-संहिता
१८. वराहपुराण
१९. महावंश
२०. मुण्डकोपनिषद्
२१. कौटिलीय अर्थशास्त्रम्
२२. मूलसर्वास्तिवादविनयसङ्ग्रह
२३. बृहस्पति स्मृति

ख. नेपाली ग्रन्थहरू

१. प्रेम खत्री : उत्पत्ति : मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन, काठमाडौं : नेपाल र एसियाली अध्ययन केन्द्र, त्रि.वि., कीर्तिपुर, २०५५ ।

२. **पशुपति पुराण : नेपाल महात्म्य** (काठमाडौँ)
३. ज्ञानमणि नेपाल : **नेपाल निरुक्त**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४ ।
४. **अभिलेखसङ्ग्रह** (भाग १-९) ।
५. योगी नरहरिनाथ, **इतिहास प्रकाशमा** सन्धिपत्रसङ्ग्रह (भाग १), रोल्पा : वालाराम घर्तिमगर, (दोस्रो संस्करण), २०५५ ।
६. प्रेम खत्री : **नेपाली समाज र संस्कृति**, काठमाडौँ : एम्.के. पब्लिसर्स, २०४८ ।
७. जनकलाल शर्मा : **हाम्रो समाज एक अध्ययन**, ललितपुर : साझा प्रकाशन (दोस्रो संस्करण), २०४९ ।
८. लैनसिंह वाङ्देल : **प्राचीन मूर्तिकलाको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९ ।
९. कालीभक्त पन्त : **हाम्रो सांस्कृतिक इतिहास**, काठमाडौँ : कालिभक्त पन्त (दोस्रो संस्करण), २०४३ ।
१०. वाबुराम आचार्य : **नेपालको सांस्कृतिक परम्परा**, काठमाडौँ : श्रीकृष्ण आचार्य, २०४९ ।
११. जगदीशचन्द्र रेग्मी : **प्राचीन नेपाली संस्कृति**, काठमाडौँ : साझा प्रकाशन, २०५५

ग. अङ्ग्रेजी ग्रन्थहरू

१. कोशिरो किजाकी : एन आउटलाइन अफ द हिमालयन (जाइका, १९९४)
२. के.पी. जैसवाल : एन इम्पेरियल हिस्टोरी अफ इन्डिया
३. वैदिक इन्डेक्स (भोलुम दुई)
४. फोसवल : जातक (भोलुम तीन)
५. कर्क पेट्रिक : पिपुल अफ नेपाल
६. इटर्नल हिमाल (हिमवान्), मेजर एच.पी.एस. अट्टलुवालिया, (प्रकाशक– इन्टर प्रिन्ट, नयाँ दिल्ली : १९८२)
७. फ्रेन्च अर्थ साइन्स रिसर्च इन हिमालय रिजन, पेट्रिक ला फोर्ट (फ्रेन्च अन्वेषक) (प्रकाशक– फ्रान्सेली केन्द्र, काठमाडौँ नेपाल, १९९४)

घ. पत्रपत्रिकाहरू

१. पूर्णिमा
२. नोली
३. संस्कृत सन्देश
४. हिमवत् संस्कृति

□

कृष्णराज अर्याल

जन्म : वि.स. १९८१ पौष, गैहीधारा, काठमाडौं
माता/पिता : मीनकुमारी, द्विजराज अर्याल
शिक्षा : एम्.ए., एम्.एड्.

कृति

- रमाइलो कुरा (भाग १-३, वालसाहित्य)
- हाम्रो कितावं (भाग १-३, पाठ्यपुस्तक, सम्पादन)
- शिक्षा विज्ञान (पाठ्यपुस्तक, शिक्षाशास्त्र)
- एजुकेसन फर द डेभलपमेन्ट अफ नेपाल (अङ्ग्रेजी)
- मोनार्की इन् द मेकिङ् अफ् नेपाल (अङ्ग्रेजी)
- नेपाली संस्कृति : सङ्क्षिप्त झलक (तपाईंका हातमा)

मानपदवी

- पूर्वमन्त्री : शिक्षा, परराष्ट्, स्वास्थ्य, पर्यटन निर्माण तथा यातायात (पटक-पटक)
- पूर्वसहकुलपति, त्रिभुवन विश्वविद्यालय
- पूर्वराजदूत, फ्रान्स
- पूर्वसदस्य, विश्व हिन्दू परिषद्
- गोरखा दक्षिणवाहु प्रथम
- राइजिङ् सन (जापान)
- ग्रान्ड अफिसर अन्डर नेसनल ड्यु मेरिट (फ्रान्स)
- अल सिविल मेरिट, प्रथम (स्पेन)

ISBN 99933-0-491-3

Nepali Sanskriti
Sangkshipta Jhalak

Price: Rs. 175.00